# अध्याय – एक

# शोधप्रस्ताव

## १.१ शोध परिचय

प्रस्तुत शोधपत्रको शीर्षक शक्ति लम्सालको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको आंशिक परिपूर्तिको प्रयोजनका लागि तयार गरिएको हो ।

## १.३ विषय परिचय

नेपाली साहित्यका (कला, संस्कृति, राजनीति, दर्शन लगायतका) विविध विधामा कलम चलाएका शक्ति लम्सालको जन्म वि.सं. १९९२ चैत १४ गते चारुमतीटोल, चाबहिल काठमाडौंमा भएको हो । बाबा कृष्णप्रसाद र आमा राधादेवीको कोखबाट जन्मिएका लम्सालको परिचय कला, संस्कृति, राजनीति, दर्शन, सिर्जना, समालोचना, पत्रकारितालगायत धेरै क्षेत्रमा विभक्त छ । बाबा कृष्णप्रसाद मालपोतको जागिरे भएकाले शक्ति लम्साल काठमाडौंमा जन्मिएर पनि कखरा सिक्न नेपालगन्ज पुगे । उनले तीन कक्षासम्मको अध्ययन नेपालगन्जबाटै गरे । त्यसपछि कपिलवस्तुको तौलिहवा आइपुगेका लम्सालले तीनदेखि छ कक्षासम्म त्यहीं पढे । त्यसपछि उनको बसाइ काठमाडौं सऱ्यो । उनले दरबार हाइस्कुल पद्मोदय मा.वि. र लैनचौरस्थित शान्ति विद्यागृहमा दस कक्षासम्मको अध्ययन गरे ।

वर्गसङ्घर्ष, युद्ध, क्रान्ति र आमूल परिवर्तनको उद्देश्य बोकेर हिंडेका शक्ति लम्साल जीवनभर आन्दोलित भइरहन रुचाउँछन् । मुक्तिका लागि विद्रोह गर्ने सपना बोकेर अघि बढेका लम्सालले वि.सं. २०१४/०१५ सालदेखि नै लेखनकार्य आरम्भ गरेको भए तापनि केही समय पछाडि मात्र विभिन्न पत्रपत्रिकाहरू मार्फत आफ्ना लेखहरू पाठकमाझ ल्याए । चिन्तामणि ज्ञवालीबाट प्रेरित लम्साल भैरहवाबाट प्रकाशन हुने दैनिक निर्णय पत्रिकाको सम्पादक (२०२१), आर्थिक बुलेटिनका रूपमा प्रकाशित हुने योजना पत्रिकाको संवाददाता र सोही पत्रिका वि.सं. २०३० सालपछि समसामयिक सामग्री प्रकाशन गर्ने गरी दर्ता भएपछि त्यसको सम्पादक तथा

प्रकाशक, मुखपत्र मशालको सम्पादक, डेली डायरीको अध्यक्ष, जनादेश साप्ताहिकको संस्थापक एवम् क्रमशः सम्पादक हुदै विभिन्न पत्रपत्रिकामा राजनीतिक, साहित्यिक लेखरचना लेखेर लेखकका रूपमा परिचय बनाउँदै अघि बढेका व्यक्तित्व हुन् । उनका प्रकाशित पुस्तकाकार कृति **भियतनाम युद्धको ऐतिहासिक पृष्ठभूमि** (२०२९) **र मार्क्सवाद, समाज र साहित्य** (२०६१) हुन् ।

### १.४ समस्याकथन

प्रस्तुत शोधकार्य शक्ति लम्सालको जीवनी व्यक्तित्वका साथै उनका कृतिहरूको अध्ययन समेत रहेको हुनाले उनका प्राप्त कृतिहरूको अध्ययन विश्लेषण गरिएको छ । तिनै कृतिहरूको अध्ययन विश्लेषण तथा निम्नलिखित समस्यामा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

क) शक्ति लम्सालको जीवनी के कस्तो छ ?

ख)शक्ति लम्सालको व्यक्तित्व के कस्तो छ ?

ग) शक्ति लम्सालको जीवनी, व्यक्तित्व र कृतित्व बीचको अन्तर्सम्बन्ध के कस्तो छ ?

घ) शक्ति लम्सालको कृतित्व के कस्तो छ र उनी कस्ता कोटीका साहित्यकार हुन् ?

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्य समस्याकथनमा उठाइएका शोधसमस्यासँग सबन्धित समस्याहरूको सत्यतथ्य समाधान खोज्नु रहेको छ ।

क) शक्ति लम्सालको जीवनी बारे अध्ययन गर्नु ,

ख) शक्ति लम्सालको व्यक्तित्वका विभिन्न पक्षहरूको विश्लेषण गर्नु,

ग) शक्ति लम्सालको जीवनी, व्यक्तित्व र कृतित्वको बीचको अन्तर्सम्बन्धको निरूपण गर्नु ,

घ) शक्ति लम्सालको कृतित्वको निरूपण गरी उनको मूल्याङ्कन गर्नु ।

### १.६ पूर्वकार्यको समीक्षा

शक्ति लम्साल, लम्सालको समालोचना र उनको साहित्यिक लेख रचनाका सम्बन्धमा भएका अध्ययन र विश्लेषणका सामग्रीलाई कालक्रमिक रूपमा यसरी प्रस्तुत गरिएको छ :

क) तत्कालीन नेकपा माओवादीका अध्यक्ष प्रचण्डले मार्क्सवाद, समाज र साहित्य( २०६१) कृतिको भूमिकामा नेपाली कम्युनिस्ट आन्दोलनका एक वरिष्ठ र सुपरिचित व्यक्तित्व कमरेड शक्ति लम्साल प्रगतिशील साहित्य र पत्रकारिताका क्षेत्रमा समेत विशेष रूपले स्थापित

हुनुहुन्छ। अहिलेको वृद्दावस्था र स्वास्थ्यको समस्याको बाबजुद नेपाली क्रान्तिप्रति वहाँको निरन्तर चासो सबैका लागि प्रेरणास्पद रहेको छ भन्ने विचार व्यक्त गरेका छन्।

ख) जनदिशा प्रकाशनले मार्क्सवाद, समाज र साहित्य (२०६१) कृतिमा आफ्नै बाबु कृष्णप्रसाद लम्सालको सामन्तवादी र शोषणकारी चिन्तन र कार्यका विरुद्ध सानैमा सार्वजनिक मञ्चबाटै खुलेर विरोध गर्ने र आफ्नै औंलो काटेर त्यसैको रगतले ल्याप्चे लगाई कम्युनिस्ट पार्टीको सदस्यता लिएर त्यसको महत्वलाई कुनै पल पनि नभुल्ने एक विशिष्ट पात्र हो शक्ति लम्साल। लम्साल कम्युनिस्टहरूको पहिलो गुण- इमानदार, दोस्रो गुण- सीधासाधा, तेस्रो गुण- अनुशासित, चौथो गुण- कर्मठ, पाँचौ गुण- त्यागी, छैटौं गुण- निर्भिक, सातौं गुण-सहृदय, आठौं गुण-वैज्ञानिक र नवौं गुण- क्रान्तिकारी हुनु हो भन्ने कुरालाई दृढतापूर्वक आत्मसात गर्नुभएको र नेपाली मार्क्सवाद-लेनिनवाद-माओवादी क्रान्तिकारी कम्युनिस्ट आन्दोलनमा ने.क.पा.को प्रथम महाधिवेशनदेखि हालसम्म अविच्छिन्न र अविचल लडिरहेको अथक् योद्धाका रूपमा सर्वस्वीकार्य छन् भन्ने कुरा व्यक्त गरेको छ।

ग) नारायणप्रसाद शर्माले नयाँ युगबोध दैनिक, (२० साउन,२०६३)मा शक्ति लम्सलको बारेमा यस्तो भनाई व्यक्त गरेका छन् - २०१० सालदेखि अहिलेसम्म हामी दुवैजना नजिक छौं। शक्ति लम्साल लामो बिरामीका कारण केही स्मृति हराएको जस्तो बोल्न साह्रै गाह्रो पर्ने र लेख्न नसक्ने अवस्थामा देख्दा म साह्रै दुःखी र मग्नमनोरथमा थिएँ। यसपटक जेठको आखिरीमा उहाँकै घरमा र प्रगतिशील लेखक सङ्घको कार्यक्रममा वहाँसगँ साथै बस्न पाउँदा वहाँले नयाँ जीवन पाएको जस्तो अनुभूति भयो। व्यवहारमा अत्यन्त शालीन, भद्र एवम् भावुक देखिने लम्साल विचारमा निकै दरो र खुला पाइनुहुन्छ। युगौंसम्म सामन्ती सरंचनाले गाँजेर पुँजीवादी सरंचनाको लेपन लागेको व्यक्तिले लम्सालको विचार छिचोल्न गाह्रो पर्छ।

घ) ऋषिराज बरालले गोरखापत्र दैनिक, (माघ ११,२०६४)मा शक्ति लम्सालको विषयमा निम्न भनाइ व्यक्त गरेका छन्- हरेक राजनीतिक र साहित्यिक कार्यक्रमहरूमा,हरेक सभा, जुलुसको अग्रभागमा पुलिसको पेलापेलमा जोसिला मुट्ठी उचाल्दै र नारा लगाउँदै हिडेको विम्व पनि उभिन्छ मेरो सामु बिम्ब बनेर। शक्ति दाइ बालक होस् या वृद्ध सबैका शक्ति दाइ। उन्नाइसदिने आन्दोलनमा सांस्कृतिककर्मीहरूको अगुवाई गर्दै अघि बढ्दा प्रहरीसगँ घम्साघम्सी परेको पत्रिकामा प्रकाशित फोटोलाई मैले रुकुमको चुनवाङ्मा हेरेको थिएँ, पढेको थिएँ र त्यसलाई सुरक्षित राखेको थिएँ।त्यो बिम्ब पनि अहिले मसित छ।

ङ) अशोक सुवेदीले दृश्यावलोकन, वर्ष १०,(फागुन २०६६) मा युगले लम्सालहरूको जीवनीबाट उर्जा लिएर उहाँहरूलाई आदर्श बनाएर विजय प्राप्त नहुन्जेलसम्म अघिबढिरहन माग गरिरहेको छ । बधाई छ शक्ति दाइ, तपाईं जस्ता आदर्श व्यक्ति नेपालको आन्दोलनले जन्माइरहोस् । अर्को विद्रोहले देखाउनेछ अवश्य को क्रान्तिकारी हो र को धमिलो पानीमा माछा मार्ने झेली हो भन्ने कुरा, तर शक्ति लम्साल भने निरन्तर क्रान्तिमा, जनविद्रोहमा सम्झिनै पर्ने आदर्श व्यक्तित्व भएर रहेकाछन् भन्ने कुरा व्यक्त गरेका छन् ।

च) एकीकृत नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डले जनगणतन्त्र र राष्ट्रियताका लागि सिर्जना अभियान, २०६६ माघ ६ गते 'अथक् साधक शक्ति लम्साल अभिनन्दन कार्यक्रम' मा गतसाल गणतन्त्र नेपालको प्रथम प्रधानमन्त्रीका रूपमा लम्साललाई सम्मान गरेको कुरा उल्लेख गर्दै दोस्रोपटक पनि सम्मान गर्ने अवसर मिलेको कुरा व्यक्त गरेका छन् । उनले लम्सालमा नेपाली क्रान्तिको रणनीति, कार्यनीति र यसको गहिरो ज्ञान रहेको चर्चा गर्दै उनी निरन्तर क्रान्ति र परिवर्तनप्रतिको निष्ठालाई सूक्ष्म ज्ञानसमेतबाट उत्प्रेरित गर्ने व्यक्ति भएको कुरा व्यक्त गरेका छन् । क्रान्ति र बलिदानको भावलाई प्रभावकारी ढङ्गले सम्प्रेषण गर्नसक्ने कुरा उल्लेख गर्दै लम्साल‍ले दिएको प्रेरणदायी भूमिकालाई कहिल्यै बिर्षन नसकिने विचार व्यक्त गरेका छन् ।

छ) एकीकृत नेकपा (माओवादी)का वरिष्ठ उपाध्यक्ष मोहन वैद्य 'किरण'ले जनगणतन्त्र र राष्ट्रियताका लागि सिर्जना अभियान, २०६६ माघ ६ गते 'अथक् साधक शक्ति लम्साल अभिनन्दन कार्यक्रम' माशक्ति लम्साल नेपालको सिङ्गो सांस्कृतिक आन्दोलन, एउटा मार्क्सवादी वा जनवादी सांस्कृतिक आन्दोलनको इतिहास पुरुषको रूपमा मानिन्छ भन्दै वि.स. २००९ सालदेखि हालसम्म साहित्य, कला, चिन्तन र सिङ्गो कम्युनिस्ट आन्दोलनको क्षेत्रमा अडिग रहन सक्नु एउटा गौरवको विषय भएको कुरा व्यक्त गरेका छन् । लम्सालले कामको प्रक्रियामा त्यग, बलिदान र एक प्रकारको शौर्य प्रचुर मात्रामा पोखेको कुरा प्रस्ट पार्दै उनको समग्र जिन्दगी एउटा अभावको जिन्दगी भएको कुरा व्यक्त गरेका छन् । ओज, गरिमा र सौन्दर्यको समग्र व्यक्तित्व अथक् साधकका रूपमा अभिनन्दित शक्ति लम्सालको सुस्वास्थ्य र दीर्घायुको कामना गरेका छन् ।

ज) अशोक सुवेदीले सिर्जना अभियान (२०६६), 'वर्गसङ्घर्ष र मुक्ति बाहेक जसको कुनै सपना छैन' (अन्नपूर्ण पोष्ट,दैनिक,माघ २०६६ तथा दृश्यावलोकन मासिक,वर्ष १०, फागुन, २०६६) मा काठमाडौँको एउटा सामन्ती बाबुको छोराले आफ्नै बाबुबाट विद्रोह गरेर कम्युनिस्ट आन्दोलनमा आफूलाई अथक् साधकका रूपमा सामेल गराउन सकेकै कारण लम्साललाई

नेपाली क्रान्तिका नायकहरूबाट अभिनन्दन गराउन सकिएको कुरा व्यक्त गरेका छन् । नौलो विहानी मासिकका संस्थापक सल्लाहकार लम्साल जनयुद्धका भीषण आधीवेहरीपूर्ण र सत्ताको अत्याचारबाट उत्पन्न कहाली लाग्दा क्षणहरूमा पनि वर्गयुद्धको पक्षमा अडिग भएर पत्रिकामार्फत आफ्ना कुरा राखिरहे साथै रामेछाप साहित्य प्रतिष्ठान र मार्क्सवादी साहित्य प्रतिष्ठानले सञ्चालन गरेको जनगणतन्त्र र राष्ट्रियताका लागि सिर्जना अभियानमा अभिभावकत्व दिएर आन्दोलनमा थप उर्जा थपिएको कुरा सुवेदीले व्यक्त गरेका छन् ।

झ) अशोक सुवेदीले पिपुल्स रिभोलुसन, 'सङ्घर्ष जसको जीवनको पर्याय हो' मङ्सिर २८, २०६६ मा प्रस्ट विचार, प्रौढ अभिव्यक्ति, गर्विलो स्वभाव र क्रान्तिकारी दृढताका कारण शक्ति लम्साल पुरानो र नयाँ दुवै पुस्ताका लागि प्रेरणाको स्रोत भएको कुरा उल्लेख गर्दै प्रगतिवादी सांस्कृतिक चिन्तक, साहित्यकार समालोचक तथा वरिष्ठ पत्रकार लम्साल केही समय अघिसम्म मञ्चबाट साम्राज्यवाद, विस्तारवाद र घरेलु निरङ्कुशतालाई औंलो ठडयाएर चुनौती दिइरहेको कुरालाई सुवेदीले प्रस्टरूपमा व्यक्त गरेका छन् ।

ञ) अशोक सुवेदीले जनदिशा दैनिकमा 'शक्ति दाइ,निभाको कविता र कृष्णा भाउजूको आक्रोश' पुस ५, २०६९, मा मान्छेको शरीरमा घाउ चोट लाग्छ, उपचारपछि सञ्चो हुन्छ । तर मनमा लागेको घाउ प्रायः कुनै औषधीले पनि सञ्चो नहुने कुराको प्रमाणित शक्ति लम्साल र कृष्णा भाउजूको आक्रोशबाट भएको कुरा प्रस्ट पारेका छन् । शक्ति लम्साल स्वस्थ रहँदासम्म सबैका कर्णप्रिय, हरेकक्षेत्रमा अग्र पङ्क्तिमा उभिने व्यक्तित्वको रूपमा देखिन्थे, तर अहिले आफ्नै घर पनि जेल समान भोगेर वा थलिएर रहेका लम्साललाई सञ्चोविसञ्चो के छ र औषधी उपचारका लागि खर्चपर्च कसरी जुटेको छ भनेर सोध्न कोही नआउने हुनालेसाह्रै नराम्रो लागेको कृष्णाले व्यक्त गरेको कुरालाई सुवेदीले स्पष्ट रूपमा व्यक्त गरेका छन् ।

**१.७) शोधकार्यको औचित्य**

नेपाली साहित्यका विविध क्षेत्रमा कलम चलाउने शक्ति लम्सालको बहुमुखी, बहुप्रतिभाशाली व्यक्तित्व तथा उनको लेख रचनाहरूको आधारमा कृतित्वको खोजी, अध्ययन, अनुसन्धान, विश्लेषण तथा मूल्याङ्कन कार्यमा हालसम्म कुनै पनि शोधार्थीको ध्यान गएको देखिदैन । त्यसकारण प्रस्तुत शोधपत्रमा मुख्य गरेर लम्सालको जीवनी, प्रतिभाशाली व्यक्तित्व, साहित्य यात्राको अनुसन्धान, विश्लेषण तथा मूल्याङ्कन गर्नु तथा साहित्यकार, समालोचक,

पत्रकार, राजनीतिज्ञ आदि बहुप्रतिभाका धनी शक्ति लम्सालला‍ई पाठकमाझ चिनाउनु यस शोधकार्यको मूल औचित्य रहेको छ ।

## १.८) शोध विधि

प्रस्तुत शोधकार्यलाई समापन गर्नका लागि मुख्य गरेर पुस्तकालयीय विधिलाई नै सामग्री सङ्कलनको मूल आधार बनाइएको छ। शोधनायक जीवीतै भएपनि उनी अशक्त अवस्थामा रहेकाले उनीसँग प्रत्यक्ष भेटघाट गरी कुराकानी गर्न नसकिने हुँदा उनको जीवनको अनेक मोडसँग उपस्थित रहने जीवनसङ्गिनी, उनका सहयोगी, शुभचिन्तक तथा परिवारका सदस्यहरूसगँको कुराकानी, शोध निर्देशक, सम्बन्धित स्रष्टा, प्राध्यापकहरूसँग सम्पर्क राखी तथा अन्तर्वार्ता, प्रश्नावली, आदि विधिबाट सामग्रीहरू जम्मा गरेर त्यसको विश्लेषणका लागि व्याख्यात्मक, विश्लेषणात्मक तथा मूल्याङ्कनात्मक विधिको प्रयोग गरिएको छ ।

## १.९) सीमाङ्कन

प्रस्तुत शोधपत्रमा लम्सालले 'माक्सवाद, समाज र साहित्य'मा सङ्कलन गरेका विविध खण्डका लेख रचनाहरूको विस्तृत अध्ययन गर्नु यस शोधपत्रको क्षेत्र हो। उनको उक्त पुस्तकको विषयवस्तु, उद्देश्य, भाषाशैली आदिको अध्ययन नै यसको सीमा हो। यसका साथै उनका अन्य फुटकर लेख रचनाहरूको सामान्य अध्ययन गर्नु पनि यसको सीमा हो ।

## १.१०) शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई पाँच अध्यायमा विभाजन गरिएको छ। ती सबै अध्यायलाई दशमलव प्रणालीमा अङ्क मिलाई शीर्षक र उपशीर्षकमा विभाजन गरिएको। यस शोधपत्रको मुख्य रूपरेखा यसप्रकार रहेको छ :

क) अध्याय एक : शोध परिचय

ख) अध्याय दुई : लम्सालको जीवनी

ग) अध्याय तीन : लम्सालको व्यक्तित्व

ङ) अध्याय चार :विषयवस्तुका आधारमा लम्सालको लेख रचनाको अध्ययन

च) अध्याय पाँच : शक्ति लम्सालको साहित्यिक योगदान

छ) अध्याय छ : उपसंहार

परिशिष्ट

सन्दर्भ सामग्रीको सूची

यसरी प्रस्तुत शोधपत्रलाई छ अध्यायमा विभाजन गरिएको छ र आवश्यकता अनुसार यसका प्रत्येक अध्यायलाई विविध शीर्षक र उपशीर्षकमा विभाजन गरी विषयको व्यापकतालाई समेट्ने प्रयत्न गरिएको छ। त्यस्तै गरी परिशिस्टमा शोधनायकको तस्विर राखिएको छ भने सन्दर्भ सामग्रीको सूचीमा यो शोधपत्र तयार पार्दा प्रयोगमा आएका सामग्रीहरूलाई सूचीबद्ध रूपमा राखिएको छ ।

# अध्याय - दुई
# शक्ति लम्सालको जीवनी

## २.१ विषय प्रवेश

प्रस्तुत अध्यायमा शक्ति लम्सालको जीवनीलाई विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा केन्द्रित रही प्रस्तुत गरिएको छ। जसमा उनी जन्मेको जन्मस्थान, उनको बाल्यकाल, शिक्षादीक्षा, पारिवारिक आर्थिक स्थिति तथा कार्यक्षेत्र र आजीविकाको बारेमा वर्णन गरिएको छ। यसका साथै उनको रुचि तथा स्वभाव, साहित्यिक गतिविधि र उनलाई साहित्यमा लाग्नका लागि प्रेरणा दिने व्यक्ति तथा उनको साहित्यिक अवधारणा र जीवनदर्शनलाई पनि यसमा अभिव्यक्त गरिएको छ।

## २.२ जन्म र जन्मस्थान

शक्ति लम्सालको जन्म वि.सं. १९९२ साल चैत १४ गते देशको राजधानी काठमाडौँको चारुमतीटोल चाबहिलमा भएको हो।[1] लम्सालको जन्मको सम्बन्धमा विभिन्न लेख रचनामा फरक फरक मिति पाइए पनि उनको जन्म वि.सं. १९९२ मा नै भएको हो भन्ने कुरा लम्सालको साथी विष्णुप्रभात अर्ज्याललाई लम्साल आँफैले लेखेर दिएको पत्रबाट प्रस्ट भएको छ। शक्ति लम्साल चाबहिलमा जन्मिए पनि हाल कामनपा-४, विशालनगर, चण्डोल ( वंशीधरमार्ग)मा बसोबास गर्दै आएका छन्। हो। शक्ति लम्साल पिता स्व.कृष्णप्रसाद लम्साल र माता स्व. राधादेवी लम्सालको कोखबाट जन्मिएका हुन्।

## २.३ पारिवारिक पृष्ठभूमि

दरबारका सुब्बा हेमनारायण लम्सालका एकमात्र छोरा धनञ्जय लम्साल हुन्। धनञ्जय लम्साल पहिला वीरशमशेरको हजुरिया मिर सुब्बा र पछि ए.डी.सी. वैद्य खानाको हाकिम साथै मिल्ट्रीको कप्तान समेत बनेका थिए। उनका पाँचवटी श्रीमती थिए। पाँचवटी श्रीमती मध्ये माहिलीबाट सन्तान भएको थिएन भने चारवटीबाट एक-एकजना छोराको जन्म भएको थियो। त्यसमध्ये उनकी कान्छी श्रीमतीको कोखबाट दिनोदय लम्साल जन्मेका हुन्। दिनोदयका तीन

1 नेपाल प्रज्ञाप्रतिष्ठानमा शक्ति लम्सालको नजिकको साथी विष्णु प्रभात अर्ज्यालले देखाउनुभएको लम्सालले आफ्नै हातले लेखेर दिएको पत्रबाट प्राप्त जानकारीअनुसार।

भाइ छोरा कृष्णप्रसाद लम्साल, ठाकुरप्रसाद लम्साल र तीर्थप्रसाद लम्साल रहेका देखिन्छन् । दिनोदयका जेठा छोरा कृष्णप्रसादका दुईवटी श्रीमती राधादेवी लम्साल र श्यामादेवी लम्साल थिए । कृष्णप्रसादको जेठी श्रीमतीबाट पाँच सन्तानको जन्म भयो भने कान्छीबाट दुई छोराको जन्म भयो । जेठी श्रीमतीबाट जन्मिएका पाँच सन्तान मध्ये शक्ति लम्साल माहिला छोरा हुन् । शक्ति लम्सालका एक दाजु केशव लम्साल, एउटी दिदी अरुणा अधिकारी, एक भाइ स्व.भवानी लम्साल र एउटी बहिनी विद्या वाग्ले रहेका छन् ।[ङ] कृष्णप्रसाद लम्साल राणाकालमा मालपोतका सुब्बा थिए । शक्ति लम्साल तिनै सुब्बाका माहिला छोरा हुन् । शक्ति लम्साल सानै छँदा घरमा नोकर चाकरहरू थिए । बुबा हजुरबुबाहरू घोडामा चढेर हिँडडूल गर्दथे । घरभित्रको आर्थिक अवस्था जेजस्तो भएपनि बाहिर तडकभडक अत्यधिक देखिन्थ्यो र देखाउनु पर्ने अवस्था पनि थियो ।[घ]

### २.४ बाल्यकाल र व्रतबन्ध

देशको मुटु काठमाडौँमा जन्मिएका शक्ति लम्सालको केही सुखद एवम् केही दुःखद् क्षणहरूसँग बितेको पाइन्छ ।उनी सानैदेखि सरल स्वभावका थिए । उनले कसैलाई पनि पेच पर्ने गरी केही भन्दैनथे । सामन्तवादी संस्कारमा जन्मेका लम्साल आफू जान्नेबुझ्ने भएदेखि नै त्यसको विरुद्धमा उभिएको पाइन्छ । आफ्ना बुबा मालपोतका जागिरे भएका कारण आर्थिक रूपमा खासैदुःख परेको थिएन ।[ढ]

सानै उमेरदेखि अरूको दुःखमा दुःखी बन्ने लम्साल आफ्नै घरमा काम गर्न बसेका मानिसहरूलाई खूब माया गर्दथे साथै उनीहरूले पनि आफूले समान व्यवहार पाउनुपर्छ भन्ने गर्दथे । उनले सानै उमेरदेखि मैले समाज र देशमा नाम कमाउने र स्वर्णीम अक्षरमा नाम लेखाउने हो भन्ने गर्दथे ।[छ]उनलाई सानैदेखि राम्रो लगाउने मीठो खाने भन्ने कुरामा कुनै सोखथिएन । तर सानैदेखि देशमा केही गर्दछु भन्ने भावनाचाहिँ थियो । बच्चैदेखि उनले म ड्राइभर साहेब हुने हो भन्ने गर्दथे ।

उनले समय र परिस्थितिअनुसार उद्दण्ड र विद्रोही स्वभाव देखाउँथे । उनले अरूको केही पनि नखाने आफूसँग केही जम्मा भएमा अरूलाई बाँड्ने गर्दथे । उनी सानै छँदा आफ्ना बुबासँग

---

2 मिति २०६७/०९/२० गते बिहान ११:०० बजे शक्ति लम्सालको निवास चण्डोलमा लम्सालकी श्रीमती कृष्णा लम्साललले देखाउनुभएको टिपोटअनुसार ।

3 २०६७/०९/२२ गते दिउँसो १:३० बजे लम्सालकी दिदी अरुणा अधिकारीको निवास कमलपोखरीमा दिदीसँग लिइएको मौखिक जानकारीअनुसार ।

4 ऐजन ।

5 ऐजन ।

झगडा गर्दै तपाईंको मलाई केही चाहिँदैन भनेको बेला बुबाले तैंले लगाएको कमेज, भेस्ट, पाइन्ट पनि मेरै हो भनेको सुनेर ल तपाईंको हो भने लिनोस् मलाई चाहिँदैन भनेर आफूले लगाएको लुगा खोलेर बुबालाई दिएर नाङ्गै हिडेका थिए।[ट]लम्साललाई बाल्यावस्थामा हजुरबुबाले माया गरेर बोलाउने नाम 'भुलु' थियो भने लम्सालले आफ्नी आमालाई 'मा'र बुबालाई 'दाइदाइ' भनेर बोलाउने गर्दथे।[ठ]

लम्सालका घरमा पूजाआजा र अन्य धर्मकर्मका कुराहरू बढी हुने गर्दथे। भगवान्प्रति खासै चासोनदेखाउने लम्साल मीठोमीठो प्रसाद भएको बेला भने पूजारी बनेर पूजा गर्दथे। तर अरू बेला चासो देखाउँदैनथे। एक दिन पूजा गर्न भनेर पूजाकोठामा पसेका लम्सालले सालिक नै निकालेर फालिदिए।[ड]

नेपाली प्रचलनअनुसार हिन्दू धर्मावलम्बीहरूको संस्कारमा छोराको जन्म भएपछि उसको विवाह हुनुभन्दा अगाडि व्रतबन्ध भएको हुनुपर्छ। व्रतबन्ध नगरी विवाह गरिँदैन। त्यसैअनुरूप शक्ति लम्सालको व्रतबन्ध पनि ८/१० वर्षको उमेरमा भएको थियो। उनको व्रतबन्ध चाबहिलको आफ्नै घरमा धूमधामसँग गरेका थिए। आफ्ना इष्टमित्रहरू सबैलाई बोलाएका थिए। लम्साललाई आफ्नै संस्कार अनुसार मन्त्र सुनाउने काम उनकै हजुरबुबाले गरेका थिए। व्रतबन्धमा उनले मामा भन्ने गरेका पुष्करशमशेरको पनि उपस्थिति थियो।[ढ]

यसरी सानै उमेरदेखि अरूको दुःखमा साथ दिने कहिलेकहीँ विद्रोही स्वभाव देखाए पनि मिलनसार र सहयोगी लम्सालको बाल्यावस्थाको प्रभाव वयस्क अवस्थामा पनि पऱ्यो।जसले गर्दा उनी समाज सेवामा लागेको पाइन्छ। उनी सानै उमेरदेखि निडर र हक्की विचारका थिए। वास्तविक कुराहरू बोल्नलाई नडराउने लम्साल कसैमाथि अन्याय भएको देख्न सक्दैनथे।

## २.५ शिक्षादीक्षा

शक्ति लम्सालले दुई किसिमले शिक्षा हासिल गरेको पाइन्छ। उनले औपचारिक र अनौपचारिक गरी दुई तवरले शिक्षा हासिल गरेको पाइन्छ।जसलाई तल उल्लेख गरिएको छ :

### २.५.१ औपचारिक शिक्षा

6 ऐजन।

7 ऐजन।

8 ऐजन।

9२०६७/१२/०६ गते विहान १०:३० बजे लम्सालकी बहिनी विद्या वाग्लेको निवास हाँडीगाउँमा वाग्लेसँग लिइएको मौखिक जानकारीअनुसार।

शक्ति लम्सालका बुबा कृष्णप्रसाद मालपोतका जागिरे भएका कारण लम्साल काठमाडौँमा जन्मिएर पनि कखरा सिक्न नेपालगन्ज पुगे। उनले तीन कक्षासम्मको अध्ययन नेपालगन्जबाटै गरे। त्यसपछि कपिलवस्तुको तौलिहवा आइपुगेका लम्सालले तीनदेखि छकक्षासम्मको अध्ययन त्यहीँ गरे। त्यसपछि उनको बसाइँ काठमाडौँ सऱ्यो। उनले दरबार हाइस्कुल, पद्मोदय मावि र लैनचौरस्थित शान्ति विद्यागृहमा दस कक्षासम्मको अध्ययन गरे।[10] उनकोऔपचारिक शिक्षा यहीँ नै समाप्त भएको देखिन्छ। जागिरे बुबाको साथ लागेर हिँडेको हुनाले उनको बसाइ कहीँ पनि स्थिर हुन सकेन। बुबाको जागिर जहाँजहाँ सरुवा भयो, उनको बसाइ पनि त्यहाँ त्यहाँ हुन पुग्यो। ठाउँ ठाउँको बसाइका कारण उनले एउटै विद्यालयमा नियमित अध्ययन गर्ने पाएनन्।कहिले कुन ठाउँको विद्यालय भर्ना त कहिले कुन ठाउँको विद्यालयमा भर्ना। त्यस्तै गरीगरी दस कक्षासम्म त अध्ययन गरे। त्यसपछि भने पढाइलाई निरन्तरता दिन सकेनन्। स्कुले उमेरदेखि नै उनी राजनीतिमा पनि लागेकाले होला पढाइलाई भन्दा अन्य पक्षलाई प्राथमिकता दिएको हुनाले नै उनको औपचारिक शिक्षा दस कक्षासम्म मात्र हुन पुग्यो।

### २.५.२ अनौपचारिक शिक्षा र स्वाध्ययन

शक्ति लम्साल सानैदेखि साहित्यिक विषयमा रुचि राख्ने गर्दथे साथै मार्क्सवादी साहित्य दर्शन, हिन्दी साहित्यको अध्ययन, नेपाली साहित्य तथापत्रपत्रिकाको अध्ययन गर्न मन पराउँथे। बुबा कृष्णप्रसादले छोराछोरीको अध्ययनका लागि घरैमा पढाउने शिक्षक राखिदिएका थिए। शक्ति लम्सालले घरमा नै पटना कोर्ष पढेका थिए।[11] विद्यालय वा महाविद्यालय धाएर मात्र उच्च शिक्षा हासिल हुन्छ र ठूलो मान्छे भइन्छ भन्ने होइन भन्ने कुरा शक्ति लम्सालले प्रमाणित गरेर देखाएका छन्। मान्छे मेहनेती भयो भने उसले जसरी पनि आफ्नो बौद्धिकता बढाउन सफल हुन्छ। तर त्यसमा लगनशीलता हुनु अनिवार्य हुन्छ भन्ने कुरा लम्सालको व्यक्तित्वबाट झल्किन्छ। नेपाल र विश्वको आक्रान्त समाजलाई आफ्नो अध्ययन क्षेत्र वा विश्वविद्यालय ठानेका लम्साल एक दुईवटा लेख लेख्दालेख्दै एक साहित्यकारका रूपमा परिचय दिन पुगे।

---

10 अशोक सुवेदी, "अथक् साधक शक्ति लम्साल: वर्गसङ्घर्ष र मुक्तिबाहेक जसको कुनै सपना छैन", दृश्यावलोकन मासिक, (वर्ष १०, फागुन २०६६), पृ.३३।

11 २०६७/०९/२२ गते अ¿णा अधिकारीसँग, पूर्ववत्।

## २.६ विवाह र दाम्पत्य जीवन

पत्रकारितामा जल्दोबल्दो र नेतृत्व तहमारहेका, पार्टीगत  हिसाले सक्रिय व्यक्तित्वका रूपमा देखिएका, साहित्यिक फाँटमा पनि त्यत्तिकै सक्रिय रहेका हुनाले लम्साललाई महिला मित्रहरूले प्रेम प्रस्ताव राख्ने गरेको पाइन्छ। प्रेम प्रस्ताव राख्ने एकजना महिलासँग आत्मीय स्वभाव देखाए पनि पछि आफैंलाई ठीक नलागेर अस्वीकार गरेका थिए। लम्सालको जीवनमा विवाह सम्बन्धी जे जस्ता घटना घटेपनि उनले प्रगतिशील विचारधारा मिल्ने महिलासँग विवाह गर्ने भनेर वि.सं. २०३० सालमा मागी विवाह गरेका थिए। लम्सालको दाङ निवासी पिता ऋषिराम गौतम र माता लक्ष्मी गौतमकी माहिली छोरी कृष्णा गौतमसँग मागी विवाह भएको थियो।[ज्ञद] लम्सालको दाम्पत्य जीवन सुखमय भएको वा सुखी रहेको पाइन्छ। स्नातक पास गर्नुभएकी कृष्णा लम्साल मेहनती भएकीले आफूले पनि केही गर्नुपर्छ भन्ने भावना लिएर शक्ति लम्साललाई हरेक क्षण साथ दिंदै एक सहयोगी र मिलनसार जीवन सङ्गिनीको रूपमा अगाडि बढेको देखिन्छ। उनले कहिले स्कुलमा पढाउने त कहिले बैंकमा जागिरे भएर शक्ति लम्सालको आर्थिक सङ्कटलाई पनि निर्मूल पार्दै अघि बढेको पाइन्छ। दुःखमा नआत्तिने र सुखमा नमात्तिने जीवनसङ्गिनी पाएका शक्ति लम्सालको दाम्पत्य जीवन सफल र सुखी रहेको पाइन्छ।

## २.७ सन्तान तथा पारिवारिक स्थिति

शक्ति लम्सालका दुई सन्तान रहेका छन्। लम्सालको एक छोरा सन्तोष लम्साल र एउटी छोरी प्रज्ञा लम्साल रहेका छन्। सन्तान पक्षबाट हेर्दा लम्साल सुखी बाबुका रूपमा देखिन्छन्। शक्ति लम्सालको छोरा सन्तोष लम्सालको विवाह रीजुसँग भएको छ। उनीहरूको एउटा छोरा वा शक्ति लम्सालको नाति अङ्गत लम्सालको जन्म भएको छ।[ज्ञघ]शक्ति लम्सालको सन्तान पक्षबाट हेर्दा एक सुखी परिवारका रूपमा देखिन्छ।

## २.८ पारवारिक आर्थिक अवस्था

वाग्मती अञ्चलको काठमाडौँ जिल्लामा एक सामन्ती परिवारमा शक्ति लम्सालको जन्म भएको थियो। उनका बुबा मालपोतका जागिरे थिए। यिनको परिवारमा दरबारिया प्रभाव परेको

12 मिति २०६७/०९/२० गते कृष्णा लम्सालसँग, पूर्ववत्।

13 मिति २०६७/०८/१५ गते बिहान ११:३० बजे लम्सालको निवास चण्डोलमा श्रीमती कृष्णा लम्सालसँग लिइएको मौखिक जानकारीअनुसार।

देखिन्छ । आर्थिक स्थिति जेजस्तो भएपनि गाउँमा धाक रबाफ देखाउने प्रवृत्ति यिनको परवारमा थियो । पहिल्यै बुबाको जागिरबाट घर खर्च टर्ने गर्दथ्यो भने पछि आफ्नै पत्रकारिता पेसाबाट गुजारा चल्थ्यो । हाल लम्साल अशक्त र वृद्ध अवस्थामा भएको हुनाले उनले केही गर्न सक्दैनन् । अहिलेको अवस्थामा घर भाडा उठाएर र छोरी प्रज्ञा लम्सालको पत्रकारिता पेसाबाट घर खर्च टार्दै आएका छन् ।[ञढ]श्रीमती कृष्णा लम्सालको कहिले स्कुलको शिक्षिका त कहिले बैंकको जागिरे पेसाबाट पारिवारिक आर्थिक समस्या सहज भएको पाइन्छ । शक्ति लम्सालको सन्तान पक्षबाट हेर्दा एक सुखी परिवारका रूपमा देखिन्छ ।

### २.९ कर्मक्षेत्र र आजीवीका

शक्ति लम्साल सानै उमेरदेखि साहित्य, पत्रकारिता, समाज सेवा, र राजनीतितिर अभिरुचि राख्ने व्यक्ति थिए । साहित्य लेखन, राजनीति तथा पत्रकारिता क्षेत्रमा उनको कार्यक्षेत्र विभाजित छ ।

डेली डायरीको अध्यक्ष, जनादेश साप्ताहिकको सस्थापक सम्पादक साथै विभिन्न पत्रपत्रिकाको सल्लाहकार समेत बनेका लम्सालको जीवन चलाउने आधार पत्रकारिता नै बनेको थियो । पत्रकारितामा प्रखर भएपनि पछिल्लो समयमा भने उनी पत्रकारिताको साथसाथै राजनीतितिर सक्रिय रहेको पाइन्छ । राजनीतितिर उनी विभिन्न पदमा सङ्गठित हुँदै २०५२ सालमा अखिल नेपाल जनसांस्कृतिक सङ्घको अध्यक्ष बनेर सांस्कृतिक आन्दोलनको नेतृत्व दिएका उनी नेकपा माओवादीका केन्द्रीय सल्लाहकारसमेत बनेका छन् ।[ञछ]समग्रमालम्सालको कार्यक्षेत्र र आजीवीकाको माध्यम राजनीति, साहित्य र पत्रकारिता हुन् ।

माथिका तीनवटा पक्षहरूले लम्सालको जीवनमा कहिले कुनै पक्ष र कहिले कुनै पक्ष क्रियाशील हुँदै बितेको पाइन्छ । उनको जीवनको पूर्वाद्धको समयमा जीवीकोपार्जन गर्ने माध्यम पत्रकारिता बनेको थियो । यसको साथै जीवनको मध्य भागमा पत्रकारिता, लेखक साथै साहित्य र राजनीतितिर सक्रिय भई विभिन्न रोगको उपचार गर्ने गरेको पाइन्छ । वर्तमान समयमा उनी अशक्त भएकाले घर भाडा उठाएर घर खर्च टार्ने र उनको उपचारका लागि पार्टीले आंशिक रूपमा सहयोग गरेको पाइन्छ ।

---

14 ऐजन ।

15 अशोक सुवेदी, दृश्यावलोकन मासिक, पूर्ववत्, पृ.३४ ।

## २.१० रुचि तथा स्वभाव

शक्ति लम्सालको रुचि साहित्यिक अध्ययन लेखन राजनीति अध्ययन र सङ्गठन निर्माण तथा सामाजिक चेतना अभिवृद्धिका क्षेत्रमा फैलिएको पाइन्छ। विशेष गरी उनी प्रगतिशील विचार, मार्क्सवादी साहित्य दर्शन आदिको अध्ययन, सङ्गठनको अनुशासनमा रही वैचारिक उत्थानका निम्ति क्रियाशील भएको पाइन्छ।[ज्ञट]

स्थान, गच्छे र योग्यता अनुसार आङ ढाक्ने लुगा लगाउन पाए खुशी हुने लम्साल भोक लागेको बेलामा जस्तोसुकै खाना दिए पनि चूप लागेर खान्थे। आमासँग नम्र रूपमा प्रस्तुत हुने लम्साल बुबासँग बेला बेलामा विद्रोही स्वभाव देखाउँथे।[ज्ञठ] लम्साल सानै उमेरदेखि अरूको सेवा गर्न मन पराउने, समाजका लागि लड्ने, अन्याय अत्याचार सहन नसक्ने व्यक्ति थिए। कोमल स्वभाव तथा साथीभाइसँग नम्र व्यवहार गर्ने र ठूला व्यक्तिसँग कतिपय कुरामा झुक्ने लम्साल कुनै कुरा जायज लागेमा आफ्नो अडान नछोड्ने र उग्र रूपमा प्रस्तुत हुने गरेको पाइन्छ।[ज्ञड]

लम्साल आफ्नो विचार मिल्ने साथीहरूसँग बढी घुलमिल हुन खोज्ने व्यक्तित्व हुन्। उनको स्वभाव मानिसहरूसँग समूहमा बसेर छलफल गर्न रुचाउने खालको थियो। उनी अत्यन्तै सोझो र मिलनसार, नयाँ कुराप्रति अत्यन्त रुचि राख्ने र त्यस्ता कुराबाट बढी प्रभावित हुने व्यक्तित्व हुन्।[ज्ञढ]लम्सालसँग सँगै काम गरेको लामो समयको अन्तरालमा मैले उनलाई असाध्यै सहयोगी, राम्रो कामको लागि अरूलाई प्रोत्साहित गर्ने, आफू भन्दा तल्ला वा नयाँ साथीहरूलाई पनि सहयोग गरी सही बाटोमा अगाडि बढ्न प्रोत्साहित गर्ने व्यक्तित्वका रूपमा पाएँ। लम्साल मिलनसार, मृदुभाषीशिष्ट स्वभावका छन्।[द्दण] ब्राह्मण परिवारमा जन्मिएका लम्साल साना र तल्ला जातका मानिने मानिससँग पनि हात मिलाउने, सबैसँग समान व्यवहार गर्ने, सबैलाई समान दृष्टिकोणले हेर्ने गर्दछन्। लम्साल राजपरिवार र जनसामान्य बीचको दूरी, सामन्ती चिन्तन, व्यवहार, संस्कार, विकृति तथा जातिहरूमा छुवाछुत र धाक रबाफको अन्त्य गर्न चाहन्छन्।[द्दज्ञ]शक्ति लम्साल आफूलाई जिम्मा दिइएको काम समयमै पूरा गर्ने र आफूले

---

16 मिति २०६७/०९/०७ गते ए .बी. सी.टेलिभिजनको कार्यलय सुन्धारामा लम्साललाई नजिकबाटनियाल्ने व्यक्तित्व अशोक सुवेदीसँग भएको मौखिक जानकारीअनुसार।

17 मिति २०६७/०९/२५ गते लम्सालकी दिदी अरूणा अधिकारीको निवास कमलपोखरीमा दिदी र भाञ्जा देवेन्द्र अधिकारीसँगको मौखिक जानकारीअनुसार।

18 ऐजन।

19 मिति २०६८/०२/१८ गते दिउसो १:३० बजे विद्युत्त प्राधिकरण रत्नपार्कमा मातृका पोखरेलसँग भएको मौखिक कुराकानीअनुसार।

20 मिति २०६८/०२/१८ गते दिउसो इच्छुक सांस्कृतिक प्रतिष्ठान अनामनगरमा प्रतिष्ठानका उपाध्यक्ष समेत रहेका बरिष्ठ मार्क्सवादी सौन्दर्यचिन्तकऋषीराज बरालसँग गरिएको कुराकानीअनुसार।

21 मिति २०६७/०८/१५ गते विहान ११:३० बजे लम्सालको निवास चण्डोलमा परिवारका सदस्यहरूसँग भएको मौखिक कुराकानीअनुसार।

लिएको काम पनि समयमै पूरा गर्ने साथै अरूलाई पनि त्यस्तै सल्लाह दिन्छन् । जिज्ञासु र शान्त स्वभाव भएका लम्साल 'सादा जीवन र उच्च विचार' मा रुचि राख्ने व्यक्ति हुन् ।[22] जीवनको हरेक क्षण व्यस्त रहन चाहने लम्साल खाना खाँदा र साथीभाइ, परिवारजनसँग कुराकानी गर्दाको समय बाहेक हरेक क्षण अध्ययनमा नै समय बिताउँथे ।पत्रपत्रिकाका साथै अन्य जे भेटिन्छ सो को अध्ययन गरिहाल्ने उनकोबानी थियो ।बच्चाहरू साना छँदा राती उठ्नु परेमा जितसुकै बजे पनि उनलाई मतलब नहुने उठ्यो कि पत्र पत्रिकाको अध्ययन गरिहाल्ने गर्थे । खाली बसेर उनले समय खेर फाल्दैनथे ।[23]

## २.११ साहित्यिक गतिविधि

शक्ति लम्सालको साहित्य लेखनको अवधि कहिलेबाट सुरु भयो, लेखनका लागि प्रेरणाको स्रोत के र प्रभाव पार्ने व्यक्तित्व को हो, लेखनको प्रारम्भ र प्रकाशनको थालनी कहिलेबाट भयो आदि पक्षहरूलाई यहाँ विस्तृत रूपमा प्रस्तुत गरिएको छ :

### २.११.१ लेखनका लागि प्रेरणा र प्रभाव

शक्ति लम्सालको साहित्यिक जीवन निर्माणको प्रारम्भ तौलिहवाबाट भएको पाइन्छ । उनको साहित्यिक जीवन निर्माणको प्रारम्भमा आफ्नै घरका सदस्यको खासै प्रभाव परेको देखिदैन । तर उनको परिवारको सामन्तवादी सोँचको विरुद्धमा उनी सानैदेखि लागेको देखिन्छ । लम्सालको मनमा सानैदेखि समाजमा विद्यमान शोषण दमन, जातिगत तथा पुँजीगतविभेद, थिचोमिचो, आफैमाथि ठालु र प्रशासनबाट भएको अन्याय अत्याचारप्रति आकर्षित भई उनको मन जनपक्षीय साहित्य लेखनतिरसमाजमा विद्यमान शोषण दमन, जातिगत तथा पुँजीगत विभेद, थिचोमिचो, आफैँमाथि ठालु र प्रशासनबाट भएको अन्याय अत्याचारप्रति आकर्षित भई उनको मन जनपक्षीय साहित्य लेखनतिर आकर्षित र उत्प्रेरित भएको पाइन्छ ।[24]तौलिहवामा रहेका बेला लम्सालको घनिष्ठ सम्बन्ध चिन्तामणि ज्ञवालीसँग थियो । चिन्तामणि ज्ञवालीको प्रेरणाले नै लम्साल लेखनतिर लागेको पाइन्छ ।[25]

वर्गसङ्घर्ष, युद्ध, क्रान्ति र आमूल परिवर्तनको उद्देश्य बोकेर हिँडेका लम्साल वि.सं. २००७ सालबाट नेपालको प्रगतिशील जनवादी पत्रकारिता, सामाजिक रूपान्तरण र सांस्कृतिक

---

22 ऐजन ।
23 ऐजन ।
24 ऐजन ।
25 ऐजन ।

आन्दोलनको अगुवाका रूपमा निरन्तर लागिरहेको देखिन्छ । आफूले कहिल्यै पनि कुनै व्यवस्था र शासकका अघिल्तिर शीर नझुकाएको बताउने लम्साल 'लेखकहरू र तिनका रचनाहरूले जहिले पनि जनताका समस्या बोल्नुपर्छ र जनसङ्घर्षसँग प्रत्यक्ष रूपमा जोडिनुपर्छ' भन्दछन् ।[26]

### २.११.२ लेखनको प्रारम्भ र प्रकाशनको थालनी

शक्ति लम्सालले वि.सं. २०१४/२०१५ सालतिर बाट नै लेखनको प्रारम्भ गरेका हुन् । सुरुमा उनले कविता लेखेका थिए, तर त्यो कविता अप्रकाशित नै रह्यो । लम्साल अहिले अशक्त अवस्थामा रहेका कारण उनले पहिल्यै लेखेको कविता कुन हो र त्यो कहाँ छ भन्ने कुरा अन्योलमा नै रहेको छ ।। उनीसँग प्रश्न गर्दा वि.सं. २०१४ बाट लेखनकार्य सुरु भएको बताउँछन् साथै कविता लेखेर आफू साहित्य सिर्जनामा लागेको कुरा व्यक्त गर्छन् । तर कुन कविता लेखेको भन्ने थाहा छैन भनेका छन् र अहिले उपलब्ध पनि छैन ।[27]

कवितापछि उनले विभिन्न पत्रपत्रिकामा थुप्रै साहित्यिक, समसामयिक र राजनैतिक लेखरचना, समाचार आदि छपाए । बनारसबाट प्रकाशित हुने **'दीपक'** पत्रिकामा उनको **'स्पुतनिक नानी जुन'** (२०१४ ?) नामक निबन्ध वि.सं. २०१४ सालमा छापियो । यो नै उनको पहिलो प्रकाशित रचना मानिन्छ ।[28]लम्सालको पहिलो कविता उपलब्ध नभए पनि उनले लेखेको एउटा कविता हाम्रासामु उपलब्ध छ । उनको **'म - समयले नै भन्नेछ'** नामक फुटकर कविता वि.सं. २०६२ मा प्रकाशित भएको छ ।[29] त्यसपछि पुस्तकाकार कृतिका रूपमा उनका दुईवटा पुस्तक मात्र प्रकाशित छन् : पहिलो **भियतनाम युद्धको ऐतिहासिक पृष्ठभूमि (२०२९)** र **मार्क्सवाद, समाज र साहित्य (२०६१)** । लम्साल भैरहवाबाट प्रकाशन हुने दैनिक निर्णयको सम्पादक (२०२१), आर्थिक बुलेटिनका रूपमा प्रकाशित हुने योजना पत्रिकाको सवांददाता र २०३० सालपछि सम्पादक तथा प्रकाशक हुँदै विभिन्न पत्रपत्रिकामा राजनीतिक, साहित्यिक लेखरचना, समालोचना प्रकाशित गरी लेखकका रूपमा परिचय बनाउँदै अघि बढेको व्यक्तित्व हो ।[30]

---

26 अशोक सुवेदी, "'शक्ति दाइ' भनेर बोलाउन पनि कोही आउँदैन हिजोआज", जनप्रवाह साप्ताहिक, (असार, २०६६), पृ.४ ।

27 मिति २०६७/११/१० गते बिहान ११:०० बजे लम्सालको निवास चण्डोलमा परिवारका सदस्यहरूसँग लिइएको मौखिक जानकारीअनुसार ।

28 साहित्यकार कलाकार परिचय कोश, (सम्पा.विष्णुप्रभात अर्ज्याल), (२०६३) ।

29 शक्ति लम्साल, "म - समयले नै भन्नेछ", वेदना, (साहित्यिक त्रैमासिक), पूर्णाङ्क७१ ,वर्ष ३२, अङ्क १,पृ. १४।

30 अशोक सुवेदी, दृश्यावलोकन मासिक, पूर्ववत्, पृ.३४ ।

निरङ्कुश, तानाशाही पञ्चायती व्यवस्थाको अन्याय अत्याचार भित्र प्रगतिशील साहित्को रचना गर्नु त्यस समयमा यातनाको सिकार बन्नु थियो। राजनीतिक पार्टीहरू प्रगतिशील चिन्तन र मानवका हक अधिकारमाथि नै प्रतिबन्ध लगाइएको बेला पनि गाउँबस्ती र ओझेल परेका झुप्रा छाप्राहरूबाट बत्तीको प्रकाशका रूपमा प्रगतिशील रचनाहरू प्रकाशित भएका थिए। अत्याचार शासन विरोधी, मुक्ति उत्प्रेरित आवाजहरू उठिरहेका थिए र साहित्य सिर्जना भइरहेका थिए। अनि स्वतन्त्रता र समानताका पक्षमा तानाशाही व्यवस्थाको अन्त्यपछिको सुनौलो आगमनको प्रतिक्षामा बसी अत्याचारको विरुद्ध विरोधको स्वर उराल्ने, कलम चलाउने, गिदी खियाउनेहरू मध्ये लम्साल पनि थिए भन्ने कुरा उनको **'मार्क्सवाद, समाज र साहित्य'** (२०६१) कृतिमा सङ्कलित रचनाहरूबाट प्रस्ट हुन्छ।

### २.११.३ कृति र रचनाहरू

नेपाली साहित्यका क्षेत्रमा शक्ति लम्सालको प्रवेश सानै छँदादेखि भएको भएतापनि साहित्यमा महŒवराख्ने खालका रचनाहरू भने किशोरावस्था सुरु भएपछि मात्रै मौलाएको पाइन्छ। लम्सालका सिर्जनामा दुईवटा कृतिले पुस्तकाकार रूप पाएका छन् भने अरू जित पनि सिर्जना सिर्जित भए सबै फुटकर रचनाका रूपमा मात्र भेटिन्छन्। उनका प्रकाशित पुस्तकाकार कृतिहरूमा **भियतनाम युद्धको ऐतिहासिक पृष्ठभूमि** (२०२९) र **मार्क्सवाद, समाज र साहित्य** ( **२०६१**) रहेका छन्। त्यस्तै उनका विभिन्न विषयका लेखहरूमा बुइँगलको कसिङ्गरबाट, मेरो चिन्तनमा आजको रुस, होचिमिन्ह एक दृष्टिमा, भुट्टोको सम्झनामा आदि रहेका छन्।

### २.१२ राजनीतिक तथा सामाजिक सङ्घसंस्थामा संलग्नता

जीवनभर आन्दोलित भइरहन रुचाउने लम्साल वि.सं. २००७ सालदेखि राजनीतिमा प्रवेश गरेको पाइन्छ। सानैदेखि वर्गसङ्घर्ष ,युद्ध, क्रान्ति र आमूल परिवर्तनको उद्देश्य लिएर हिडेका लम्सालको सपना भनेकै मुक्तिका लागि विद्रोह हो। विद्यार्थी सगंठनबाट सक्रिय राजनीतिक जीवन आरम्भ गरेका शक्ति लम्साल क्रमशः युवक सङ्गठन, कम्युनिस्ट पार्टीको रूपन्देही जिल्ला समितिको सचिवालय सदस्य (२०१२) बनेका थिए। उनले जनयुद्ध हाँकिरहेको पार्टी नेकपा माओवादीको सांस्कृतिक मोर्चा अखिल नेपाल जनसांस्कृतिकसङ्घको अध्यक्ष भएर सांस्कृतिक आन्दोलन पनि सञ्चालन गरेका थिए।[३१]पार्टीमा खरो लाइनका भनेर चिनिएका

---

31 ऐजन।

सबैका प्रिय शक्ति लम्साल संशोधनवादको उछितो काढ्ने व्यक्तिका रूपमा स्थापित छन् ।[घद्द]कुनै समय लम्साल काठमाडौँका हरेक आन्दोलन र जुलुसबाट गिरफ्तार पर्ने मानिसको पहिलो सूचीमा आउने नाम थियो ।

सामन्ती प्रवृत्तिका आफ्नै बुबासित विद्रोह गरी मार्क्सवादी आन्दोलनमा लामबद्ध बनेका शक्ति लम्सालको राजनीतिक - साङ्गठनिक संलग्नतालाई निम्नानुसार प्रस्तुत गरिएकोछ : लम्साल सं २०१३ सालमा पश्चिम नेपाल युवक सङ्घको प्रचारमन्त्रि बनेका थिए । त्यसै गरी सं २०४१ सालमा सम्पन्न भएको पाँचौं महाधिवेशनमा प्रतिनिधिका रूपमा सहभागी भएका थिए । त्यसरी नै सं २०३५ सालदेखि २०४६ सालसम्म नागरिक अधिकार मञ्चका संयोजक बनेका थिए । अनि सर्वजातीय अधिकार मञ्च, जनअधिकार सुरक्षा समिति, संयुक्त जनमोर्चा, नेपाल २०४७, नेपाल पत्रकार महासङ्घ, संयुक्त जनआन्दोलन संयोजन समिति (२०५३) का केन्द्रीय सदस्य समेत बनेका थिए । त्यसै गरी लम्साल प्रगतिशील लेखक सङ्घ (प्रलेस) का केन्द्रीय उपाध्यक्ष साथै पारिजात स्मृति केन्द्रका संस्थापक सदस्य बनेका थिए । त्यसरी नै सं २०५४ सालमा जनपक्षीय पत्रकार सङ्घका केन्द्रीय संयोजक समेत बनेका थिए ।शक्ति लम्साल माओवादी पार्टीका केन्द्रीय सल्लाहकार पनि हुन्,[घघ] आदि ।

## २.१३ मातृपितृ वियोग

ससांरमा जन्म लिएपछि मृत्यु त अनिवार्य हुन्छ नै । परिवारको सदस्यको मृत्यु हुँदा जसको परिवारमा पनि वियोग हुनु पनि स्वभाविकै मनिन्छ र त्यो अवस्था जो कोहीलाई पनि पर्न सक्छ । मृत्यु र वियोगलाई कसैले रोक्न सक्दैन । त्यस्तै मातृपितृ वियोग लम्साललाई पनि परेको छ । लम्सालको बुबाको मृत्यु सं २०४५ साल असारमा भएको थियो भने आमाको मृत्यु सं २०५८ सालको असोजमा भएको थियो । आमा बुबा दुवै जनाको मृत्यु तनहुँको देवघाटमा भएको थियो । दुवै जनाको मृत्यु हुँदा लम्सालको उपस्थिति थिएन । सस्कार विरोधी लम्साललले बुबाको बरखी बारे तर अमाको बरखी बारेनन् । उनले आमाको मृत्यु हुँदा बरखी मात्र होइन जुठो पनि बारेनन् ।[घद्ध] लम्सालका दुईवटी आमा मध्ये आँफैलाई जन्म दिने आमाको मृत्यु देवघाटमा भयो । उनकी कान्छी आमाले ज्यादै माया गर्दथिन् र शक्ति लम्साललले पनि उनलाई खूब माया गर्दथे । कान्छी आमालाई अस्पतालमा उपचारका लागि भर्ना गरेका बेला लम्साल

32 ऐजन, पृ. ३७ ।

33 शक्ति लम्साल, “मार्क्सवाद, समाज र साहित्य”(२०६१), आवरण पृष्ठमा उल्लेख भएअनुसार ।

34 मिति २०६७/०९/२५ गते अरुणा अधिकारीसँग, पूर्ववत् ।

पनि साथमा नै थिए । कान्छी आमाको उपचारको क्रममा अस्पतालमा नै मृत्यु भयो । यसरी लम्साललाई बुबा र दुईवटी आमाको मृत्युले वियोगमा पाऱ्यो ।

## २.१४ भ्रमण

राजनीति साथै पत्रकारितामा संलग्न भएका कारण देशका विविध ठाँउमा पुगेका थिए ।देशका कुना कुनामा पुगेका लम्साल भारतका पनि विभिन्न ठाउँमा पुगेको पाइन्छ । अन्य देशहरूमा भने खासै घुमेको पाइँदैन ।

## २.१५ सम्मान तथा पुरस्कारहरू

शक्ति लम्साल राजनीति, साहित्य तथा पत्रकारिता जुनसुकै क्षेत्रबाट पनि सम्मानित बनेका छन् । उनले विविध क्षेत्रबाट प्राप्त गरेका सम्मान तथा पुरस्कारहरूलाई निम्नानुसार प्रस्तुत गरिन्छ : लम्साललाई वि.सं. २०५७ सालमा नेपाल पत्रकार महासङ्घरूपन्देही शाखाद्वारा दोसल्ला ओढाई सम्मानपत्र प्रदान गरिएको थियो । वि. सं. २०५९ सालमा रिपोर्टर्स क्लबद्वारा दोसल्ला ओढाई सम्मानपत्र प्रदान गरिएको थियो । त्यसै गरी सं २०६२ सालमा **साहित्य सन्ध्याद्वारा सम्मानपत्र र नगद पुरस्कार** प्रदान गरिएको थियो भने वि.सं. २०६३ मा प्रगतिशील लेखक सङ्घद्वारा दोसल्ला ओढाई सम्मानपत्र प्रदान गरिएको थियो । त्यसरी नै २०६५ सालमा प्रेस काउन्सिल नेपालद्वारा प्रेस काउन्सिल **गोपालदास पत्रकारिता पुरस्कार** प्रदान गरिएको थियो भने वि.सं. २०६५ सालमा **कृष्ण सेन 'इच्छुक' साहसिक पत्रकारिता पुरस्कार** प्रदान गरिएको थियो । अनि वि.सं. २०६६ सालमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज बेलायत च्याप्टर यूके लन्डनद्वारा दोसल्ला ओढाई सम्मानपत्र प्रदान गरिएको थियो । त्यसै गरी वि.सं. २०६६ सालमा मार्क्सवादी साहित्य प्रतिष्ठान तथा **नौलो बिहानी** मासिकद्वारा 'अथक् साधक' को उपाधिसहित अभिनन्दन र सम्मानपत्र प्रदान गरिएको थियो भने सं २०६६ सालमा महाकवि देवकोटा शताब्दी महोत्सव पुरस्कार प्रदान गरिएको थियो । त्यसै गरी सं २०६६ सालमा एकीकृत अखिल नेपाल जनसांस्कृतिक महासङ्घद्वारा सम्मानपत्र प्रदान गरिएको थियो ।[घछ]यसरी लम्साललले विभिन्न सङ्घसंस्था र अन्य व्यक्तित्वहरूबाट सम्मानपत्र साथै नगद पुरस्कार प्राप्त गरेका छन् ।

## २.१६ साहित्यिक मान्यता र जीवनदर्शन

35 मिति २०६७/११/१० गते बिहान ११:०० बजे लम्सालको निवास चण्डोलमा भएका सम्मानपत्रहरूको अध्ययनका आधारमा ।

शक्ति लम्साल मुख्य रूपमा मार्क्सवादमा आधारित प्रगतिशील जीवनदर्शनलाई अँगालेका साहित्यकार हुन् । यसै अनुरूप उनको अवधारणा उनका रचनामा अभिव्यक्त भएको पाइन्छ । त्यसैले उनी विसङ्गत, जटिल वर्तमानलाई चिर्दै नयाँ संसारको सिर्जना गर्न तम्सने स्रष्टाहरू मध्येका एक हुन् । लम्सालका विचारमा स्रष्टाले विगत र वर्तमानबाट पाठ सिक्दै भविष्यको नयाँ समाजसम्मको बाटो बनाउनु पर्छ । उनी भन्छन्, ‘लेखकको विचार भावनामा, बोली र व्यवहारमा समानता हुनुपर्छ । उनीहरूका रचनाले लोकतन्त्रका लागि प्रवल योगदान दिनुपर्छ । लोकतन्त्र विरोधी, स्वेच्छाचारीहरूको उछित्तो काढ्नुपर्छ ।’[घट] वर्गीय समाजमा साहित्य पनि वर्गीय हुने भएकाले स्रष्टा वर्गीय चिन्तनप्रति स्पष्ट हुन आवश्यक हुन्छ । प्रगतिशील स्रष्टा भएकाले लम्साल शोषक र शोषित वर्गलाई प्रस्ट चिन्थे । उनी मार्क्सवाद-लेनिनवाद-माओवाद तथा सर्वहारा सांस्कृतिक क्रान्तिप्रति अगाध विश्वाश राख्थे ।

अविरल रूपमा लेख्दै जाँदा लम्साल प्रगतिवादी साहित्य लेखनतिरै उन्मुख भएको देखिन्छ । वर्गीय शोषण उत्पीडनको विरोध गर्दै श्रमिक वर्गको, शोषित वर्गको स्वतन्त्रता समानतामूलक समाज निर्माणका लागि उनका रचना अग्रसर र समर्पित भएको भेटिन्छ । साहित्य सर्वहारा वर्गको मुक्ति र शोषक वर्गको अन्त्यका लागि लेखिनु पर्छ भन्ने मान्यता लम्सालको छ ।

## २.१७ निष्कर्ष

देशकै मुटु मानिने काठमडौंमा जन्मिएका शक्ति लम्सालको जीवनी सुख तथा दुःख दुवैलाई आत्मसाथ गरी बितेको पाइन्छ । औपचारिक रूपमा दस कक्षासम्म मात्र अध्ययन गरेका लम्साल २०/२२ वर्षको उमेरदेखि साहित्यमा प्रवेश गरेका थिए । खास गरी मार्क्सवादी साहित्य पठन तथा लेखनमा रुचि राख्ने लम्सालको साहित्य लेखनमा लाग्नको लागि घर परिवारको नभई बाह्य व्यक्तित्व चिन्तामणि ज्ञवालीको प्रभाव परेको देखिन्छ । लम्सालले विविध विधामा कलम चलाए पनि उनका उपलब्ध सामाग्रीका आधारमा विशेषतः उनी समालोचकका रूपमा नेपाली साहित्यमा चिरपरिचित छन् ।

36 अशोक सुवेदी, जनप्रवाह साप्ताहिक, पूर्ववत्, पृ.४।

# अध्याय- तीन

# शक्ति लम्सालको व्यक्तित्व

## ३.१ विषय प्रवेश

शक्ति लम्सालले आफ्नो जीवनमा व्यक्तित्वका विभिन्न पाटा निर्माण गरेका छन् । उनको व्यक्तित्व बारे चर्चा गर्नु अगाडि व्यक्तित्व आँफैमा के हो भन्ने स्पष्ट हुनु उपयुक्त हुनेछ । मान्छेको व्यक्तित्व उसका जीवनमा आइपर्ने विभिन्न आरोह-अवरोह, पीर, वेदना, हर्ष-खुशी, घटना, द्वन्द्व-प्रतिद्वन्द्व, क्रियाप्रतिक्रियाबाट निर्धारित भएको हुन्छ साथै व्यक्तित्व निर्माणमा पारिवारिक, सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक तथा वातावरणीय प्रभावले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसरी निर्माण भएको व्यक्तित्व समस्त जन्मजात तथा आर्जित विन्यास एवम् प्रवृत्तिहरूको समूह हो ।[घठ] परिस्थितिअनुरूप चल्न सक्ने र प्रत्येक क्षण नवीन दृष्टिकोण प्रस्तुत गर्न सक्ने व्यक्ति भित्र निहित प्रतिभा नै व्यक्तित्व हो ।[घड]

व्यक्तिको जीवनमा विभिन्न पक्षहरूले नै व्यक्तित्वको निर्माण गर्दछन् । व्यक्तिलाई अर्थ्याउने क्रममा शाब्दिक अर्थमा नेपाली वृहत शब्दकोषले व्यक्तित्वको अर्थ कुनै व्यक्तिका वैयक्तिक विशेषतालाई देखाउने गुण व्यक्ति विशेषको निजीपन, व्यक्तिले अरूलाई प्रभावित पार्ने व्यक्ति विशेषका निहित विशेषता भनेको छ ।[घढ]

सामान्यरूपमा व्यक्तित्वको अर्थ मानसिक प्रक्रियामा एकरूपता वा अनुरूपताको निर्माण हो । एकरूपताको अर्थ मानिस हरेक समय एउटै चिन्तन वा भावनामा अडिग रहोस् वा सधैं एकै किसिमको काम गरिरहोस् भन्ने होइन वास्तवमा व्यक्तित्वको अभिप्राय व्यक्तिले आफ्नो आन्तरिक क्षमतालाई दृढ गराउनु /पहिचान कायम राख्नु हो । प्रत्येक अवस्थामा,प्रत्येक परिवर्तित स्थितिमा मानिसले आफ्नो प्रतिभाको एक स्पष्ट र निश्चित छाप छोड्न सक्नु पर्दछ । व्यक्तित्वकोअर्थ परिवर्तनशीलता होइन, प्रतिकुल स्थितिको अनुकुल चल्न सक्ने त्यो शक्ति संज्ञा हो, जसले मानिसलाई प्रत्येक क्षणमा आफ्नो दृष्टिकोण देखाउन सक्षम रूपमा प्रस्तुत गर्दछ । शक्ति भित्र निहित परिस्थितिअनुकूल चल्न सक्ने शक्तिले हरेक क्षणमा नवीन दृष्टिकोण प्रस्तुत

---

37केशवप्रसाद उपाध्याय, 'मोतीरामको व्यक्तित्व र योगदान', **मोतीस्मृतिग्रन्थ**, रमा शर्मा (सम्पा.), (काठमाडौं : नेपाली शिक्षा परिषद्, २०३९) पृ.१३ ।

38दशरथ ओझा, **समीक्षाशास्त्र,** (दिल्ली : राजपाल एण्ड सन् , इ. १९७५) पृ. १३ ।

39बालकृष्ण पोखरेल र अन्य, नेपाली बृहत् शब्दकोश,(काठमाण्डौ नेपाल राजकीय  प्रज्ञा प्रतिष्ठान), पृ.१२४५ ।

गर्दछ । व्यक्तिभित्र निहित प्रतिभा नै व्यक्तित्व हो ।[40]व्यक्तित्व सम्बन्धीउपर्युक्त भनाइहरूलाई ध्यान दिँदै शक्ति लम्सालको व्यक्तित्वका विषयमा यहाँ विवेचना गरिएको छ । व्यक्तित्व सम्बन्धी उपर्युक्त भनाइहरूलाई ध्यान दिँदै शक्ति लम्सालको व्यक्तित्वका विषयमा यहाँ विवेचना गरिएको छ ।

## ३.२ व्यक्तित्वका विभिन्न पाटाहरू

कुनै पनि मानिसकाजीवन भोगाइमा आउने विविध खाले घटनाहरू, जीवनका चाप-प्रतिचाप, आरोह-अवरोह, घात-प्रतिघात क्रिया-प्रतिक्रिया, सरसङ्गत, चिन्तन व्यवहार आदिले महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् ।

व्यक्तित्व निर्माणका लागि ऊ बाँचेको परिवेश, पारिवारिक पृष्ठभूमि, सामाजिक संस्कार, राजनीतिक, आर्थिक र सांस्कृतिक अवस्था, रुचि, पेसा, शिक्षा-दीक्षा, बानी-व्यवहार तथा जीवनदर्शनले पनि उत्तिकै उल्लेखनीय र महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् ।[41] यी परिवेशबाट निर्माण भएको व्यक्तिको व्यक्तित्वलाई निजी र सार्वजनिक गरी दुई भागमा विभक्त गरेर हेर्न सकिन्छ । व्यक्तिका निजी व्यवहारसँग सम्वद्ध कुरालाई निजी व्यक्तित्व भनिन्छ र यसलाई पनि अझ बाह्य र आन्तरिक गरी दुई भागमा बाँडेर व्यक्तिको शारीरिक बनोट आकार-प्रकार र त्यसभित्र निहित शील स्वभाव, आनीबानी र आचरणलाई अध्ययन गर्न सकिन्छ । त्यसै गरी सार्वजनिक व्यक्तित्व भन्नाले समाजमा रहेर समाजको परिवर्तन -विकासका लागि विभिन्न खाले कार्य गर्नु हो । साहित्यकारका सम्बन्धमा सार्वजनिक व्यक्तित्वलाई साहित्यिक र साहित्येतर गरी दुई भागमा बाँडेर अध्ययन गर्न सकिन्छ । राजनीतिक व्यक्तित्वलाईचाहिँ अलग्गै बुँदामा अध्ययन गर्नुपर्ने हुन्छ ।

साहित्यका कविता, कथा, उपन्यास, गीत, समालोचना, समीक्षा आदि विधामा जुन भूमिका वा योगदान रहन्छ त्यो साहित्यिक व्यक्तित्व हो । साहित्यिक कार्य वा साहित्यसँग सिधै सम्बद्ध नरहेर समाजमा जुन सामाजिक कार्य गरिन्छ, त्यसलाई साहित्येतर व्यक्तित्वतिर राखेर हेरिन्छ । शक्ति लम्साल नेपाली साहित्य, राजनीति साथै नेपाली समाजका एक सिर्जनशील व्यक्तित्व हुन् । उनले आफ्नो जीवनलाई सार्थक बनाउन सामाजिक, राजनीतिक क्षेत्रका साथै

---

40 ऐजन ।
41 ऐजन ।

पत्रकारिता आदिमा क्रियाशील रहेर आफ्नो व्यक्तित्वको निर्माण गरेको पाइन्छ शक्ति लम्सालका विभिन्न व्यक्तित्वलाई उर्पयुक्त प्रक्रियाका आधारमा निजी र सार्वजनिक गरी मूलतः दुई भागमा बाँडेर तिनलाई शीर्षक-उपशीर्षक गरी छुट्टाछुट्टै अध्ययन गरिन्छ ।

### ३.२.१ निजी व्यक्तित्व

व्यक्तिका निजी आनीबानी र व्यवहार सँग सम्बन्धित व्यक्तित्व नै निजी व्यक्तित्व हो । व्यक्तिको सामूहिक सार्वजनिक व्यक्तित्वको निर्माणका लागि पनि उसका निजी व्यक्तित्वकोमहत्वपूर्ण भूमिका र निजी व्यक्तित्वको चिनारी आवश्यक हुन्छ किनभने व्यक्तित्व हो। व्यक्तिको सामूहिक सार्वजनिक व्यक्तित्वको निर्माणका लागि पनि व्यक्तिको नितान्त आफ्नो निजी व्यक्तित्वको छवि सार्वजनिक व्यक्तित्वको नसा नसामा सलबलाइरहेको हुन्छ । निजी व्यक्तित्वमा अन्तर्निहित हुने आन्तरिक तथा बाह्य पक्षको यथार्थ रूपमा सही ज्ञानका लागि व्यक्तिको बाह्य आकार प्रकार र उसको शील स्वभाव, आचरण र प्रवृत्तिका सापेक्षतामा अवलोकन गर्नु उपर्युक्त हुने हुनाले यहाँ सोही अनुरूप हेर्ने प्रयास गरिएको छ ।

#### ३.२.१.१ बाह्य व्यक्तित्व (शारीरिकआकार प्रकारका सन्दर्भमा )

शक्ति लम्साल महिना पुगी जन्मेको हुनाले उनको शरीर सानैदेखि हृष्टपुष्ट खालको थियो । सानै उमेरदेखि टाइफाइड, निमोनिया, कालाज्वरको आक्रमणबाट ग्रस्त भएका लम्साल अहिले पनि नसाको रोगबाट पीडित छन् ।[42] सानै उमेरदेखि विभिन्न रोगले ग्रस्त भएपनि उनी बाल्यकालमा मझौला खालको र किशोर अवस्था पार गरिसकेपछि आकर्षक देखिन्थे । मुखाकृति गोलो गोरो रङ्ग, चौडा निधार, चौडा पुष्ट छाती, ठूला ठूला आँखा फुकेको नाक, कालो कपाल, सुगठित बनोट परेको शरीर, सधैँ दाह्री जुँगा काटेर अनुहार सफा राख्ने गर्दथे । काम गरेर कहिल्यै नथाक्ने र फुर्सद भयो कि अध्ययन गर्ने उनको बानी थियो ।[43]उज्यालो अनुहार, जुनसुकै समयजिज्ञासु स्वभाव, विद्रोही मनस्थिति भएका लम्सालको समय अध्ययन र लेखनमा केन्द्रित भएको पाइन्छ ।

---

42 रमेश लम्साल, "जनताको मुक्तिको पक्षमा अविश्राम कलम चलाउने व्यक्तिः शक्ति लम्साल",महिमा साप्ताहिक, (फागुन,२०६४), पृ. ५ ।

43 २०६७/११/१० माश्रीमती कृष्णा लम्सालको मौखिक जानकारीअनुसार ।

### ३.२.१.२ आन्तरिक व्यक्तित्व (शील, स्वभाव, आचरण)

शक्ति लम्सालको आन्तरिक व्यक्तित्व खोज्दै -केलाउँदै जाँदा उनी सानै उमेरदेखि जिज्ञासु, मेहेनती,जुझारु, आफू र आफूजस्ता शोषितपीडित व्यक्तिमाथि भएको अन्यायको विरोध गर्ने प्रवृत्तिका थिए भन्ने बुझिन्छ। केटाकेटी उमेरदेखि नै उनी केही लेखिरहने, पढिरहने, सहपाठीहरूलाई सहयोग गर्ने, लेख्ने, सिकाउने, छिमेकीहरूसँग सहयोगको भावना राख्ने व्यक्ति थिए। विद्रोही स्वभाव भएपनि कसैलाई क्षुद्र वचन नबोल्ने, शान्त शिष्ट, मृदुभाषी लम्सालको मनभित्र सधैँ उठिरहने धनी-गरिब, जातजाती, छुवाछुत आदिले उब्जाएको असमानताको विरोध र त्यसको जरो पत्ता लगाउन अन्तरमनले बारम्बार घच्घच्याइरहन्थ्यो।[44]कुनै पनि विषयलाई सामान्य रूपमा नभएर गहिरिएर लिने र त्यसको कारण तथा निष्कर्ष निकाल्नतिर दत्तचित्त रहने लम्सालमा भित्रभित्रै कुनै अतृप्त इच्छाको परिपूर्तिका लागि प्रयत्नशील रहेको आभास हुन्थ्यो।सरल र मिलनसार व्यवहारभित्र महत्वाकाङ्क्षी भावनालाई सगांलेर आडम्बर धाक रबाफरहित बोलीव्यवहार तथा मान्छेको स्वभाव र प्रवृत्ति अनुरूप व्यवहार गर्न सक्ने क्षमता भएकै कारण विरोधीहरू पनि मिलनसार व्यक्तिको नाउँ लिनुपर्दा लम्साललाई नै सम्झने गर्दथे।

मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ विचारधारा र माओवाद तथा सर्वहारा सांस्कृतिक क्रान्तिप्रति खुलेरै लागेका लम्सालले द्वन्द्वात्मक भौतिकवादलाई आफ्नो जीवनदर्शनका रूपमा अगाँलेको पाइन्छ। स्वाभिमानी र स्वावलम्बी प्रवृत्तिले गर्दा उनी विद्यार्थी जीवनदेखि नै परिआउने आर्थिक सामाजिक तथा राजनीतिक समस्यामा दृढ रही सङ्घर्ष गर्दै आएको बुझिन्छ। विभिन्न प्रकारका देशी-विदेशी शोषण, अन्याय, अत्याचार, व्यभिचारका विरुद्ध बैचारिक सङ्घर्ष गर्दै आएका लम्साल महिलामाथिको दासताको कट्टर विरोधी भएको पाइन्छ।[45]सामन्त, पुँजीपतिले श्रमजीवी वर्गमाथि गर्दै आएको शोषण तथा थिचोमिचोको विरोधगर्दै आएका लम्साल वर्गीय चिन्तनमा स्पष्ट देखिन्छन्। शिर ठाडो गर्दै रूढिग्रस्त अन्धविश्वासी संस्कारका विरुद्ध निरन्तर सङ्घर्ष गर्दै आएका लम्साल नेपालमा नौलो जनवादी क्रान्ति भई किसान-मजदुरको राज्य स्थापना गर्नुपर्छ भन्ने मान्यता राख्दै आएका व्यक्ति हुन् भन्ने पुष्टि हुन्छ।[46]

44०६७/११/२० मा श्रीमती कृष्णा लम्सालको मौखिक जानकारीअनुसार।
45ऐजन।
46ऐजन।

## ३.३ सार्वजनिक व्यक्तित्व

मानिस सामाजिक प्राणी हो ।त्यसैले ऊ समाजबाट अलग्गिएर बस्न सक्दैन । एउटा सामाजिक प्राणीका हरेक क्रियाकलाप समाजभित्रै हुन्छन् र समाजकै लागि हुन्छन् समाजमा रहेर नितान्त व्यक्तिगत स्वार्थभन्दा माथि उठी व्यापक समाज हितका लागि नौलो समाजको निर्माणार्थ जे जित घोषित अघोषित, प्रत्यक्ष अप्रत्यक्ष कामहरू गरिन्छन् । व्यक्तिगतभन्दा फराकिलो उद्देश्य राखी गरिएका त्यस्ता असाधारण क्रियाकलाप नै व्यक्तिको सार्वजनिक व्यक्तित्व हो । व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सारा मानिसका सामु देश र जनताका लागि गरिने व्यवहार नै सार्वजनिक व्यक्तित्व हो । त्यसबाट समाजव्यक्ति दुवैले अग्रगतिका पाठहरू सिकिरहेका हुन्छन् ।

लम्सालको समय समाजका विभिन्न क्षेत्रहरू सङ्घ सङगठन, सस्ंथा, कार्यलय एवम् समाजको प्रगति र समुन्नतिमा खर्चेको पाइन्छ । साहित्य, पत्रकारिता र राजनीतिक गतिविधिमा अति व्यस्त रहेर पनि लम्सालले वर्गीय चेतना प्रवल भएका कारण शोषितउत्पीडित वर्गको मुक्तिको खातिर निरन्तर साहित्यप्रति साधनाारत रही धारावाहिक रूपमा कलम चलाएका छन् ।[ढठ] अर्धसामन्ती–अर्धऔपनिवेशिक गरिब देश पूरातन, रूढिगत सस्ंकारग्रस्त समाज, असचेत जातीमातृभाषा र त्यसैको माध्यमबाट सहित्यलााई साधन बनाउँदै उत्पीडित वर्गको मुक्तिका लागि प्रतिवद्ध लम्सालले आर्जन गरेका सार्वजनिक व्यक्तित्वका महत्वपूर्ण पक्षलाई साहित्यिक र साहित्येतर गरी दुई भागमा विभाजन गर्न सकिन्छ ।

शक्ति लम्सालको साहित्यिक व्यक्तित्वभित्र लेखक व्यक्तित्व, कवि व्यक्तित्व, समीक्षक/टिप्पणीकार व्यक्तित्व, भूमिका लेखक व्यक्तित्व, आदिलाई लिन सकिन्छ । त्यस्तै साहित्येतर व्यक्तित्वभित्र पत्रकार व्यक्तित्व, समाजसेवी व्यक्तित्व,राजनीतिक व्यक्तित्व, बहुभाषी कुशल वक्ता,चिन्तक आदि व्यक्तित्वभित्र समेट्न सकिन्छ । लम्सालका साहित्यिक र साहित्येतर व्यक्तित्वका विविध पक्षलाई स्पष्टपार्न बेग्लाबेग्लै शीर्षकमा निम्नानुसार चर्चा गरिएको छ ।

## ३.४ साहित्यिक व्यक्तित्व

शक्ति लम्सालको लेखनारम्भ कविता विधाबाट भएपनि पहिल्यै प्रकाशित हुने मौका विभिन्न सिर्जनात्मकलेखहरूले नै पाए । मूलतः चिन्तनमूलक लेख समालोचनाका क्षेत्रमा कलम

47शक्ति लम्सालका रचनाहरूको अध्ययनबाट प्राप्त ।

चलाउने लम्साल थोरै तर गुणस्तरीय साहित्य तथा समालोचना लेखेर नेपाली साहित्य-समालोचनाका फाँटमा परिचित छन्। मार्क्सवादी दर्शन र सौन्दर्यशास्त्रसम्बन्धी लेखहरूमा पाश्चात्य जगत्का चिन्तक एवम् समीक्षकहरूको मात्र उद्धरण गरेर त्यहींका मिथक कलाकृति घटनाक्रम आदिको उल्लेख गर्दा बौद्धिकताका दृष्टिले सूचनात्मक गठन भएपनि पाठकका लागि भने जटिल लाग्ने गर्दछ। मूलतः मार्क्सवादी दृष्टिकोण राख्ने चिन्तक विचारक एवम् सैद्धान्तिक व्याख्याकार लम्साल प्रगतिवादी समालोचक, लेखक र कवि हुन्। उनको **भियतनाम युद्धको ऐतिहासिक पृष्ठभूमि** (२०३९) र **मार्क्सवाद, समाज र साहित्य** (२०६१) भित्रका विभिन्न लेखहरू मार्फत उनी विशिष्ट प्रगतिवादी समालोचकका रूपमा परिचित छन्। उनको स्रष्टा व्यक्तित्वभन्दा द्रष्टा व्यक्तित्व सशक्त र प्रभावकारी रहेको पाइन्छ। शक्ति लम्सालकोसाहित्यिक व्यक्तित्वभित्र लेखक, कवि, समालोचक, सस्थापक व्यक्तित्व, वैचारिक एवम् चिन्तनशील व्यक्तित्व, भूमिका लेखक व्यक्तित्व आदि पर्दछन्। यिनीहरूको चर्चा निम्नानुसार गरिएको छ।

## ३.५स्रष्टा व्यक्तित्व (कवि व्यक्तित्व)

शक्ति लम्सालले आफ्नो साहित्यिक लेखनको प्रारम्भमा कविता लेखेको भनिएता पनि उपलब्ध हुन नसकेका कारण यति सालमा नै कविता लेखे भन्न सकिने स्थिति छैन। उनको एउटा **'म–समयले नै भन्नेछ'**नामक कविता मात्र उपलब्ध छ। त्यसपछि उनले कविता विधामा कलम नचलाएको हुनाले उनको कवि व्यक्तित्व फष्टाउन सकेको पाइँदैन।

## ३.६ द्रष्टा व्यक्तित्व (समालोचक व्यक्तित्व)

शक्ति लम्सालले राजधानीबाट प्रकाशित हुने साथै भैरहवा र भारतबाट प्रकाशित हुने विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका पत्रपत्रिकाहरूमा कहीँ स्तम्भकारका रूपमा, कहीँ सम्पादकका रूपमा, कहीँ विषयगत लेखकका रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयहरूमा निबन्धात्मक शैलीका लेख लेखेका छन्।

२०२० सालको दशकमा अमेरिकी साम्राज्यवादद्वारा लादिएको भियतनामयुद्धका बारेमा **'भियतनाम युद्धको ऐतिहासिक पृष्ठभूमि'** शीर्षक पुस्तक लेखेर चर्चाको शिखरमा पुगेका शक्ति लम्सालले मार्क्सवादी राजनीति दर्शन र समालोचनाको ऐतिहासिक पुस्तक **'मार्क्सवाद, समाज र साहित्य'** मा समालोचक विचारक एवम् सौन्दर्य चिन्तकका रूपमा स्थापित रहेका छन्। साहित्यिक क्षेत्रमा एक प्रखर व्यक्तित्वको रूपमा देखा परेका लम्सालका थुप्रै साहित्यिक

समालोचना सम्बन्धी लेखहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ। उनको साहित्यिक समालोचनामा सं २०६१ मा छापिएको मार्क्सवाद, समाज र साहित्यामा प्रकाशित लेखहरूले नेपाली साहित्य विधामा एक नयाँ उचाइ थप्ने काम गरेका छन्। उनका लेख र टिप्पणीहरूमा आफ्ना भोगाइका कटु अनुभवहरू, अनुसन्धानात्मक तथा आत्मानुभूतिका वस्तुपरक टिप्पणीयुक्त विश्लेषण, व्याख्या र विवेचना गरेका छन्।लक्षित पक्षलाई राम्रो पाठ सिकाएका छन्।

उनका रचनामा कतै वैचारिक द्वन्द्व प्रवल हुँदै पीडित पक्षको समर्थन गरिएको छ भने कतै विषयवस्तुको चिरफार गरी आलोचनात्मक टिप्पणी गरिएको छ। अत्यन्त सरल सहज र सरस शैली अभिव्यक्त भएका उनका लेख रचना सहज संवेद्य, सुवोध र सुललित पाइन्छन्। लम्साल विचारका हिसावले प्रगतिवादी कित्ताको भएकाले उनले विशेष रूपमा साहित्यिक इतिहासको पक्षमा योगदान दिएको कुरा उनका लेखरचनाबाट पुष्टि हुन्छ।

यसरी शक्ति लम्सालले स्रष्टा, द्रष्टा र भोक्ता सर्जकका रूपमा वर्तमान विसङ्गतिप्रति तीतो पोख्दै समाजलाई प्रगतितर्फ उन्मुख गराउन हर प्रयत्न गरेका थिए।

## ३.७ सम्पादक एवम् पत्रकार व्यक्तित्व

शक्ति लम्सालको व्यक्तित्वको विभिन्न पाटाहरूमध्ये सम्पादक तथा पत्रकार व्यक्तित्व पनि एक हो। पत्रकारिताको क्षेत्रमा शक्ति लम्साललाई एउटा कुशल र विशिष्ट पत्रकारको रूपमा चिनिन्छ। पत्रकारितको माध्यमबाट विभिन्न ठाउँमा यात्रा गरेकालम्साल जनपक्षीय पत्रकार सङ्घका केन्द्रीय संयोजक समेत बनेका थिए। आफ्नो जीवन चलाउने माध्यम नै पत्रकारिता भएकाले उनको साहित्य, राजनीतिअन्य व्यक्तित्व भन्दा पत्रकार व्यक्तित्व बढी प्रखर छ।

साहित्य, दर्शन र चिन्तनप्रतिको अगाध रुचिका कारण शक्ति लम्सालको साहित्यिक पत्रकारिता जगतमा त्यत्तिकै सचेतता र सक्रियता रहेको पाइन्छ।लम्साल भैरहवाबाट प्रकाशित हुने **निर्णय दैनिकको** सम्पादक (२०२१),आर्थिक बुलेटिनका रूपमा प्रकाशित हुने **योजना** पत्रिकाको सवांददाता र सोही पत्रिका २०३० सालपछि समसामयिक सामग्री प्रकाशन गर्ने गरी दर्ता भएपछि त्यसको सम्पादक तथा प्रकाशक, पार्टीको **मुखपत्र** मसालको सम्पादक, **डेली डायरीको** सम्पादक, जनादेश साप्ताहिकको सस्थापक र सम्पादक हुदै र विभिन्न पत्रपत्रिकामा

राजनीतिक, साहित्यक लेखरचना, कविता,समालोचना लेखेर कवि र लेखकका रूपमापरिचय दिएका व्यक्तित्व हुन् ।

पत्रकारिताको क्षेत्रमा उनले विभिन्न पत्रपत्रिकामा लेखरचनाहरू प्रकाशित गरेका छन् । यसरी लेख रचनाहरू प्रकाशित गर्नुकासाथै केही पत्रपत्रिकाहरूको सम्पादन पनि गरेका छन् ।

## ३.८ भूमिका लेखक व्यक्तित्व

हरेक क्षेत्रमा सशक्त रूपमा सक्रिय देखिएका लम्सालको भूमिका लेखनको पाटोलाई पनि एक महत्वपूर्ण पाटोको रूपमा हेर्न सकिन्छ। भूमिका लेखक व्यक्तित्व पनि लम्सालको व्यक्तित्वको एउटा प्रमुख पक्ष हो। उनले दर्जनौ पुस्तकहरूको भूमिका लेखेका छन् ।कृतिलाई गहन अध्ययन गरी मार्क्सवादी चिन्तनका साथ हेर्ने प्रवृत्ति उनको भूमिका लेखनमा पनि देखिन्छ। उनले अशोक सुवेदीको **दुश्मनका किल्लाहरू कब्जा गर्दा (छापामारहरूको डायरी)**, उनकै **आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक'** स्मृति ग्रन्थ,**नयाँ समयका नयाँ मान्छेहरू** आदि पुस्तकको भूमिका लेखेका छन्। अशोक सुवेदीकै अरू छापामारहरूको डायरीहरू ( तीनवटा) मा पनि लम्सालले भूमिका लेखेका थिए, तर प्रकाशनकै क्रममा प्रेसबाट नै सेनाले जफत गरेर लगेका थिए। मार्क्सवादी चिन्तकका कसीमा कृतिलाई हेरी त्यही सिद्दान्तको व्यवहारिक निष्कर्षमा पुग्नु लम्सालको मूल उद्देश्य भूमिका लेखनमा पाइन्छ ।

## ३.९ राजनीतिक एवम् साङ्गठनिक व्यक्तित्व

शक्ति लम्सालको व्यक्तित्वका विभिन्न पाटाहरूको अध्ययन गर्दा राजनीतिक व्यक्तित्व अत्यन्त सशक्त रूपमा प्रकटित भएको पाइन्छ। लम्सालका लागि सं. २००९ को असोजमा साहित्यकार रमेश विकलले नेपाल कम्युनिस्ट पार्टीकोसदस्यताको फाराम भरिदिए ।कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलालले सदस्यता दिनु अघि हातको बूढी औँलाकाटेर रगत निकाली ल्याप्चे लगाउँदै सपथ ख्वाएको क्षण लम्सालका लागि ज्यादै खुशीको क्षण हो ।

विद्यार्थी सङ्गठनबाट सक्रिय राजनीतिक जीवन आरम्भ गरेका लम्साल क्रमशः युवा सङ्गठन, कम्युनिस्ट पार्टीको रूपन्देही जिल्ला समितिको सचिवालय सदस्य (२०१२) बनेका थिए। उनले जनयुद्ध हाँकिरहेको पार्टी नेकपा माओवादीको सांस्कृतिक मोर्चा अखिल नेपाल

जनसांस्कृतिक सङ्घको अध्यक्ष भएर सांस्कृतिक आन्दोलन पनि सञ्चालन गरेका थिए ।[ढड]पार्टीमा खरो लाइनका भनेर चिनिएका सबैका प्रिय शक्ति लम्साल संशोधनवादको उछितो काढ्ने व्यक्तिका रूपमा स्थापित छन् । लम्साल सं २०1३ सालमा पश्चिम नेपाल युवक सङ्घको प्रचारमन्त्रि बनेका थिए। त्यसैगरी सं. २०४१ सालमा सम्पन्न भएको पाँचौ महाधिवेशनमा प्रतिनिधिका रूपमा सहभागी भएका थिए।त्यसरी नै २०३५ सालदेखि २०४६ सालसम्म नागरिक अधिकार मञ्चका संयोजक बनेका थिए।अनि सर्वजातीय अधिकार मञ्च, जनअधिकार सुरक्षा समिति, संयुक्त जनमोर्चा, नेपाल २०४७, नेपाल पत्रकार महासङ्घ, सयुंक्त जनआन्दोलन संयोजन समिति (२०५३) का केन्द्रीय सदस्यसमेत बनेका थिए । त्यसैगरी लम्साल प्रगतिशील लेखक सङ्घ (प्रलेस) का केन्द्रीय उपाध्यक्ष साथै पारिजात स्मृति केन्द्रका सस्थापक सदस्य बनेका थिए । त्यसरी नै सं. २०५४ सालमा जनपक्षीय पत्रकार सङ्घका केन्द्रीय संयोजक समेत बनेका थिए । शक्ति लम्सालने.क.पा. (माओवादी) का केन्द्रीय सल्लाहकार पनि हुन् ।[४९]

## ३.१० शक्ति लम्सालले भोगेका यातना र जेलजीवन

काठमाडौँ जिल्लाको चारुमति टोल चाबहिलमा जन्मिएका शक्ति लम्सालले वि.स. २०१८ सालमा मोहनविक्रम सिंहसँगै तौलिहवा जेलमा १८ महिना विताएका थिए भने सं. २०२२ सालमा परासी किसान विद्रोहमा भैरहवा जेलमा विताएका थिए । वि.सं. २०४२ सालको रामराजाप्रसाद सिंहको चर्चित बमकाण्डताका श्रमजीवी पत्रकार सङ्घका तर्फबाट ज्ञापन पत्र बुझाउन जाँदा राजदरबारको बम विष्फोटमा परी बाँच्न सफल भएका थिए। सं. २०४५ सालमा देशव्यापी राजतन्त्र विरोधी पर्चा वितरणका क्रममा पक्राउ भई हनुमानढोका हिरासतमा रहे भने सं. २०४६ सालको जनआन्दोलनमा केही समय भद्रगोल जेलमा विताउनु परेको थियो । भारतको मेघालयबाट नेपालीहरू लखेटिएको विरोधमा भाग लिंदा पक्राउ भई केही समय सेन्ट्रल जेलमा विताएका लम्सालले सं. २०५२ को चर्चित रत्नपार्क भित्ते काण्डमा गिरफ्तार भई भद्रगोल जेलमा बस्नुपऱ्यो । त्यस्तै गरी सं. २०५३ को स्थानीय निर्वाचन बहिष्कार आन्दोलनमा पक्राउ भई भद्रगोल जेलमा बसेका लम्साल सं. २०५६ सालमा दुई महिना कथित सुरक्षा कानुन अर्न्तगत डिल्लीबजार खोरमा बिताएका थिए। लम्सालले राजनीतिक आन्दोलन, वैदेशिक हस्तक्षेपविरुद्धका आन्दोलन, महँगीविरोधी आन्दोलन, पत्रकारहरूको हकहितसम्बन्धी क्रियाकलाप आदिका सन्दर्भमा पञ्चायती तथा बहुदलीय शासकहरूद्वारा बारम्बार गिरफ्तारी र चरम

48 अशोक सुवेदी, दृश्यावलोकन मासिक, पूर्ववत्, पृ.३४ ।

शारीरिक-मानसिक यातना खेप्दै आएका थिए।[49] विविध सन्दर्भमा विविधखाले यातना र जेलजीवन भोग्दै आएका लम्साल हाल 'डिप्रेसन' रोगका कारण हाल आफ्नै घरमा पनि 'जेल' सरह जीवन भोगिरहेका छन् । हिँडडुल गर्न नसक्ने अनि बोल्न पनि नसक्ने लम्साल बाँचेर पनि अर्थहीन जीवन भोगिरहेका छन् ।

### ३.११ बहुभाषिक व्यक्तित्व

शक्ति लम्सालको मातृभाषा नेपाली हो। यो उनको साहित्यिक अभिव्यक्तिको प्रमुख माध्यम पनि हो। नेपाली साहित्यमा थुप्रै लेख रचनाहरू लिएर उपस्थित भएको लम्साललले प्रगतिशील साहित्यकोधरातलमा आफ्नो छुट्टै स्थान सुरक्षित गरेका छन। नेपाली भाषा उनको अभिव्यक्तिको सर्वाधिक सशक्त माध्यम हो भने स्वाध्ययनबाट अरू विभिन्न भाषामा पनि उनको अधिकार त्यत्तिकै रहको छ। उनी अङ्ग्रेजी र हिन्दी भाषामा समेत अध्ययन एवम् सिर्जना गर्न सक्षम छन्। यसरी अङ्ग्रेजी, नेपाली, हिन्दी जस्ता भाषिक ज्ञान भएको लम्सालको भाषामा बहुआयामिकता सुगठित रहेको छ भन्न सकिन्छ।

### ३.१२ अभिभावक व्यक्तित्व

शक्ति लम्साल एक सकुशल अभिभावकका रूपमा परिचित छन। दुई सन्तानका पिता लम्साललले आफ्ना सन्तानका लागि उचित व्यवस्था मिलाउन चाहेपनि आफू अशक्त भएको कारणले  प्रगतिको क्षेत्रमा खासै केही गर्न सकेको देखिदैंन। लम्सालको दाम्पत्य जीवन अत्यन्त सफल रहेको पाइन्छ। पति-पत्नीमा हुनुपर्ने समझदारी र स्नेहभाव उनीहरूमा पनि पाइन्छ।

### ३.१३ निष्कर्ष

साहित्यका विभिन्न विधामा कलम चलाएका लम्साललले निर्माण गरेका व्यक्तित्वका विभिन्न पाटाहरूलाई साहित्यिक र साहित्येत्तर गरी दुई भागमा विभाजन गरिएको छ।साहित्यिक व्यक्तित्व मध्ये समालोचकका रूपमा बढी परिचित छन्। त्यस्तै गरेर साहित्येत्तर व्यक्तित्वमा पत्रकार र राजनीतिक व्यक्तित्वलाई माथि पुऱ्याएका लम्साललाई कुशल पत्रकार तथा राजनीति विश्लेषकका रूपमा चिन्न सकिन्छ। लम्साल सानै उमेरदेखि चलाख हुनुका साथै

49 शक्ति लम्साल, "मार्क्सवाद, समाज र साहित्य"(२०६१), आवरण पृष्ठमा उल्लेख भएअनुसार।

केही पढिरहने, लेखिरहने खालका व्यक्तित्व थिए । सानै उमेरदेखि रोगले ग्रसित बनेका लम्साल हरक्षण देश र जनताका निम्तिलडिरहे । तर जित उमेर ढल्किँदै गयो त्यति रोगले पीडित बनेर आफ्नै घरको ओछ्यानमा सुतिरहेका छन् । अनेकौं पत्रिकाको सम्पादक बनेका लम्साललले दुईवटा पुस्तकाकार कृति र अनेकौं फुटकर रचना प्रकाशित गरेका छन् । लम्साललले केही पुस्तकहरुका भूमिका पनि लेखेका छन् । राजनीतिमा सकृय भूमिका खेलेका लम्साललले विभिन्न पदमा रहेर पार्टीले दिएको जिम्मेवारीलाई पालना गरेको देखिन्छ ।

# अध्याय- चार

# शक्ति लम्सालको साहित्यिक कृतित्वको अध्ययन

## ४.१ शक्ति लम्सालको साहित्यिकयात्रा

वि.सं. १९९२ सालमा काठमाडौँ जिल्लाको चारुमतीटोल चाबहिलमा जन्मिएका लम्सालले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । सं. २०१४/२०१५ सालतिरबाट लेखन कार्य प्रारम्भ गरेका लम्सालले आरम्भमा कविता, कथा रचना गरेको भनिएपनि ती रचनाहरू प्रकाशित नभई त्यसै लोप भएकाले ती विधालाई एउटा साहित्य यात्राको जीव मात्र मानिन्छ । वनारसबाट प्रकाशित हुने **'दीपक'** मासिक पत्रिकामा **'स्पुतनिक नानी जुन'** (२०१४) नामक लेख छापियो । यो नै उनको पहिलो उपलब्ध रचना मानिन्छ । त्यसपछि उनका लेख रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा छापिन थाले । कविता, संस्मरण विभिन्न किसिमका सिर्जनात्मक लेख रचनाहरू सिर्जना गरेका लम्साल मूलतः समालोचकका रूपमा नै पाठकसामु परिचित हुनपुगेका छन् ।

शक्ति लम्सालको मनमा बालककालदेखि नै सम्पन्न र विपन्न, उच्च जात र अछूत जात, हातमा कानुन लिएर त्यसको दुरूपयोग गर्दै तानाशाही लाद्ने निरङ्कुश प्रशासकहरूको जनसामान्यमाथिको अत्याचाार आदि सामाजिक विषमताले उनी भित्रको विद्रोही-न्यायप्रेमी भावना जागृत हुदै गएको पाइन्छ । साथै उनको बालमस्तिष्कमा आफ्ना अग्रज साहित्यकार, विद्यालयीय गुरु र पाठ्यवस्तु, विविध रचना, आफ्नै घरमा भएका सामन्ती सोंचका बाबु र घरमा काम गर्न बसेका मानिसहरू साथै समाजमा विद्यमान मान्छे - मान्छेबीचको भेदभावमूलक असमान व्यवहारले छाप पार्छ र त्यसलाई उन्नत चेतनशील र समानतामूलक राजनीतिक सिद्धान्तले डोऱ्याउँदै जान्छ । लम्साल भित्रको स्रष्टा व्यक्तित्व पत्थरिलो जमिन छेडेर बाह्य प्रकृतिसगँ संसर्ग गर्न हतारिएको आँकुरा झैं मुस्कुराउँछ । त्यसैले उनका प्रारम्भिक रचनाहरू वर्तमान प्रतिको असन्तोष, विरोध र विद्रोहको स्वर उराल्छन् र सुनौलो भविष्यको कामना गर्दछन् । निरङ्कुश शासनमा राजनीति, सिद्धान्त, र पार्टीहरूमाथि प्रतिबन्ध लागेझै प्रगतिशील, प्रगति उन्मुख साहित्यिक सिर्जनाहरूमाथि प्रतिबन्ध लगाइएका कारण पञ्चायती तानाशाही व्यवस्थामा व्यक्ति उन्मुख स्वर उराल्दै गरिएका रचनाहरूको प्रकाशन गर्नु दुर्लभ कुरा थियो । प्रतीकात्मक रूपमा शासकले नबुझ्ने भाषामा हिम्मतका साथ खतरा मोलेर मात्र सिर्जित लेख रचनाहरूको प्रकाशन गरिन्थ्यो । त्यसैले लम्सालको प्रारम्भिक मुक्ति उन्मुख रचनाहरू प्रायः

अप्रकाशित असुरक्षित रहे र वर्तमानको विसङ्गति प्रति गरिएका व्यङ्ग्यहरू र सामान्य प्रतिकात्मक लेख रचनाहरू मात्र प्रकाशित र सुरक्षित भएका पाइन्छन्। स्वयंमा सत्ताको खुलेर विरोध गर्न नसक्ने, नगर्ने प्रकाशकहरूले क्रान्तिचेत युक्त रचना प्रकाशित गरि आफ्नै खुट्टामा बन्चरो हान्ने तथा खतरा मोल्ने कुरा पनि आएन।त्यसैले उनीहरूले लम्सालका सामान्य स्तरका रचनाहरूमात्र प्रकाशित गरिदिए।

नेपाली साहित्यको क्षेत्रमा लगभग चार दशक लामो अवधिको साधनामा साहित्यिक यात्राको थालनी समााचार लेखरचना हुँदै समालोचना, समीक्षा, कविता आदि भएर अगाडि बढेको पाइन्छ भने विभिन्न पत्रपत्रिकाहरूमा टिप्पणी साथै अन्तर्वार्ताहरूले यस क्रमलाई अझ गति प्रदान गरेका छन्। पुस्तकाकार रूपमा हालसम्म दुईवटा कृति प्रकाशित तथा दर्जनौको सङ्ख्यामा समसामयिक समीक्षामूलक विविध क्षेत्रसँग सम्बन्धित लेख रचनाहरू छरिएर रहेका छन्। अन्याय, अत्याचार, शोषण, दमनको विरोध तथा समतामूलक समाजको स्थापनाको चाहना, राष्ट्रियता, मानवतावाद, जातिपाती छुवाछुत आदि अन्धविश्वासले उत्पन्न गरेको वितण्डाको विरोध, प्रकृति चित्रण र आफू जन्मी खेलेहुर्केको ठाउँको सम्झना र चित्रण, क्रान्तिकारी चेतना र नैतिकताको सन्देश, मार्क्सवादी दर्शनको चिन्तन जस्ता विषयहरू अत्यन्त सहज, सरल, सुवोध भाषाशैलीमा चित्रात्मक रूपले ग्रहणीय सुकोमल पाराले पाठक सामु पस्कन सक्ने यथार्थवादी, प्रगतिवादी स्रष्टाका रूपमा लम्सालला‍ाई लिन सकिन्छ। विद्यार्थी जीवनदेखि नै पाठचपुस्तकका अतिरिक्त विभिन्न पत्रपत्रिका तथा विभिन्न साहित्यकारहरूकारचना र कृतिहरूको अध्ययन मनन गर्ने गर्दथे। लम्साललाई मन पर्ने विदेशी साहित्यकारहरूमा गोर्की र लु सुन पर्छन् भने स्वदेशी साहित्यकारहरूमा चैतन्य रमेश विकल, पारिजात, इच्छुक र पर्दछन्।

वि.सं. २००९ सालदेखि नै राजनैतिक क्रियाशीलता बढेकाले साहित्य तथा चिन्तनका क्षेत्रमा सङ्क्रमणको अवस्था रह्यो जसका कारण यो समयावधि लेखनका दृष्टिले अनुर्वर रहेको पाइन्छ।२०२०सालदेखि नै उनी मार्क्सवादी चिन्तनका क्षेत्रमा प्रतिष्ठित हुन पुगेका छन्। मार्क्सवादी दर्शनका आधारमा समाज, साहत्यि, कला, सस्कृति, सङ्गतिलाई हेर्ने दृष्टिकोणको निर्माण भएकाले उनी साहित्यिक रचना भन्दा वैचारिक लेखन र चिन्तनका दृष्टिले महŒवपूर्ण भएका देखिन्छन। लगभग चार दशकदेखि साहित्य सिर्जना र समालोचनाका क्षेत्रमा क्रियाशील रहेका लम्सालबाट थुप्रै, समालोचना, निबन्धात्मक लेख, वैचारिक लेख, भूमिका, अन्तर्वार्ता प्राप्त छन्।

## ४.२ प्रकाशित कृति र रचनाहरूको सूची

शक्ति लम्सालको लगभग चार दशकको लामो लेखन यात्रामा प्रकाशित पुस्तकाकार कृतिका साथै फुटकर लेख-रचनाहरू यस प्रकार छन् :

अ. प्रकाशित कृति

आ.फुटकर कविता

इ. विभिन्न पत्र -पत्रिकामा प्रकाशित लेख रचनाहरू

ई. भूमिका लेखन

### अ.प्रकाशित कृति

| क.स. | शीर्षक | प्रकाशक | प्रकाशन मिति |
|---|---|---|---|
| १ | भियतनाम युद्धको ऐतिहासिक पृष्ठभूमि | – | सं. २०२९ |
| २ | मार्क्सवाद, समाज र साहित्य | जनदिशा | सं. २०६१ |

### आ. फुटकर कविता

| क.स. | शीर्षक | पत्रिका | वर्ष | अङ्क | पूर्णाङ्क | प्रकाशन साल |
|---|---|---|---|---|---|---|
| १ | म- समयले नै भन्नेछ | वेदना | ३२ | १ | ७१ | २०६२ असोज |

### इ. विभिन्न पत्र-पत्रिकामा प्रकाशित लेखरचनाहरू

| क.स. | रचनाको शीर्षक | पत्रिका | वर्ष | अङ्क | प्रकाशन साल |
|---|---|---|---|---|---|
| १ | स्पुतनिक नानी जुन | दीपक | | | २०१४ (?) |
| २ | बहिनीलाई चिठ्ठी | आमा | ३ | ९ | २०२१ भदौ |
| ३ | बुइँगलको कसिङ्गरबाट | गुराँस | २ | २ | २०२३ कात्तिक-पुस |
| ४ | मेरो चिन्तनमा आजको रुस | नौलो राँको | - | - | २०२७ कात्तिक |
| ५ | होचीमिन्ह एक दृष्टिमा | नौलो बिहान | १ | १ | २०२९ असोज |
| ६ | सार्थकता-वादी -प्रतिवादी | त्रिवेणी | १ | १ | २०३५कात्तिक - मङ्सिर |
| ७ | भुट्टोको सम्झनामा | नयाँ सिर्जना | २ | ३ | २०३५/२०३६ चैत वैशाख |
| ८ | कम्पुचियाली जनताको भियतनामविरोधी सङ्घर्ष सफल छ | लहर | २ | २ | २०३६ वैशाख - असार |
| ९ | अफगानिस्तान : एक तथ्य र वास्तविकता | वेदना | ७ | २० | २०३७ |
| १० | अन्तर्वार्ता परिशिष्ट | जनमानस | ५ | ५ | २०३८ मङ्सिर |
| ११ | वामपन्थी एकताको समस्या | जनमत पाक्षिक | १ | २ | २०३९फागुन २३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | सम्बन्धमा | | | | |
| १२ | दायित्वको निर्वाह जसरी तपाईंहरूले पूरा गर्नुभयो त्यो कसैका लागि पनि ईर्ष्याको वस्तु बन्न सक्छ | अखिल भारत नेपाली विद्यार्थी सङ्घ स्मारिका दसौं वार्षिकोत्सव | - | - | २०४३/२०४४ |
| १३ | खवरदारक.रामवृक्ष यादवको हत्याको बदला क्रान्तिकारीले लिनेछन् | जनादेश | ३ | ४० | २०५१ भदौ २१ |
| १४ | वर्तमान परिस्थिति र वुद्धिजिविहरूको दायित्व | जनादेश | ३ | ४१ | २०५१ भदौ २८ |
| १५ | संजमोद्वारा मध्यावधी चुनावको सल्यक्रिया | ” | ३ | ४२ | २०५१ असोज ४ |
| १६ | संजमोको प्रथम ऐतिहासिक राष्ट्रिय सम्मेलन एक मूल्याङ्कन | ” | ३ | ४३ | २०५१ असोज ८ |
| १७ | रोल्पाको घटनाले जाँच अयोगको माग गर्दछ | ” | ४ | ३ | २०५१ मङ्सिर २० |
| १८ | एमालेको सरकारलाई कसको सरकार भन्ने ? | ” | ४ | ४ | २०५१ मङ्सिर २७ |
| १९ | मैले क माओत्सेतुङ र माओवादलाई कसरी बुझें | ” | ४ | ५ | २०५१ पौष ५ |
| २० | नेपाली राजनीतिमा एमालेको औचित्य ? | ” | ३ | २३ | २०५१ वैशाख २७ |
| २१ | अग्रज पुस्ता र विवादको बजार | ” | ३ | ३८ | २०५१ भाद्र ७ |
| २२ | एकता केन्द्रको राष्ट्रिय सम्मेलन र म | ” | ३ | २८ | २०५१ जेठ ३१ |
| २३ | एमाले सार्वजनिक सम्पतिको विवरण र अर्ध करोडपतिको रूप | ” | ४ | ६ | २०५१ पौष १२ |
| २४ | दास-ढुङ्गा दुर्घटना प्रतिवेदन : हात्तीको खाने र देखाउने दाह्रो सावित | ” | ४ | ७ | २०५१ पौष १९ |
| २५ | संजमोद्धाराप्रस्तुत मागपत्रहरू के एमालेको सरकारले पुरा गर्ला ? | ” | ४ | ८ | २०५१ पौष २६ |
| २६ | नेपालको ग्रामिण कृषि क्रान्ति र त्यसको वर्गीय स्वरूप | ” | ४ | ९ | २०५१ माघ ३ |
| २७ | एमाले आफ्नो ओजन,कद आफै घटाउँदैछ | ” | ४ | १० | २०५१ माघ१० |
| २८ | नेपालको ग्रामिण कृषि क्रान्ति र त्यसको वर्गीय स्वरूप | ” | ४ | १० | २०५१ माघ १० |
| २९ | उप प्रमको भारत यात्रा : | ” | ४ | १२ | २०५१ माघ२४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | सीमा विवादको समाधान | | | | |
| ३० | नेकपा (माओवादी) को तेश्रो विस्तारितवैठकको दिशा र उपलब्धी | ” | ४ | १६ | २०५१ फागुन २३ |
| ३१ | मनमोहन अधिकारीको कोपन हेगनअन्तर्राष्ट्रिय सम्मेलन | ” | ४ | १७ | २०५१फागुन ३० |
| ३२ | साहित्य र सङ्गीतको क्षेत्रमा नौलो जनवादी धारको अन्तर्क्रिया | ” | ४ | १८ | २०५१ चैत ७ |
| ३३ | नेकपा (माओवादी) को दायित्व | ” | ४ | १९ | २०५१ चैत १४ |
| ३४ | शानेवानिको सम्भझौता रद्ध :उपलब्धी के? | ” | ४ | २० | २०५१ चैत २१ |
| ३५ | प्रम अधिकारीको भारत यात्रा कति फलदायी | ” | ४ | २१ | २०५१ चैत २८ |
| ३६ | जनभावनाको कदर र अभिव्यक्तिको दृष्टान्त (चैत २४ का तीनवटा ऐतिहासिक नेपाल बन्द) | ” | ७ | २१ | २०५४ चैत २५ |
| ३७ | द्वन्द्ववादको प्रतीक र बिम्ब कृष्ण सेन 'इच्छुक' | आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक' | - | - | २०६४ साउन |
| ३८ | महान् सांस्कृतिक योद्धा कृष्ण सेन 'इच्छुक' | नौलो बिहानी | ११ | १ | २०६५ असार - साउन |
| ३९ | क. यादव अर्थात् माष्टर साहेब भन्ने गर्नुहुन्थ्यो ... | जनयुद्धका संस्मरण | - | - | २०६७ असार |

## इ. भूमिका लेखन सूची

| क.स. | भूमिकाको शीर्षक | पुस्तकको नाम | विधा | लेखक | प्रकाशन वर्ष |
|---|---|---|---|---|---|
| १ | जनयुद्धको आलोकमा नवीनतम उपलब्धी | दुश्मनका किल्लाहरू कब्जा गर्दा | आत्म-कथा | अशोक सुवेदी | २०६० जेठ |
| २ | नेपाली साहित्यमा नयाँ आयाम | नयाँ समयका नयाँ मान्छेहरू | कविता सङ्ग्रह | अशोक सुवेदी | २०६२ |
| ३ | अमर व्यक्तित्वमाथिको अमर कृति | आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक' | स्मृति - ग्रन्थ | अशोक सुवेदी | २०६४ |
| ४ | - | प्रतिक्रियावादी अखडाहरूमा भीषण हमला | डायरीहरूको सङ्कलन -२ | अशोक सुवेदी | २०६० |
| ५ | - | रातो युद्धले जन्माएका राता सहिदहरू | डायरीहरूको सङ्कलन -३ | अशोक सुवेदी | २०६० |

**निष्कर्ष**

समग्रमा भन्दा शक्ति लम्साल दुईवटा पुस्तक पुस्तकाकार कृतिका रूपमा प्रकट भएका छन् भने फुटकर कविता, लेख समीक्षा तथा सस्मरण जस्ता विधामा पनि परिचित भएका छन् । उनको कविता क्रान्तिकारी हुनुको साथै राष्ट्रिय भावना मुखरित भएको छ। सरल र सहज भाषाका माध्यमबाट लेखिएका उनका रचनाहरू पठनपाठनका लागि सम्प्रेष्य छन्। उनको सम्पूर्ण रचनाकालमा नै साहित्यिक रचनामा भन्दा पनिअन्य लेखनमा (ऐतिहासिक,सांस्कृतिक र राजनीतिक) लम्सालले कलम चलाएका छन् । लामो समयमा थोरै रचना लेखेका भएपनि उनका लेखले प्रसिद्धि भने कमाएका छन् ।

**४.३ समालोचनात्मक कृतिको अध्ययन र विश्लेषण**

शक्ति लम्सालको कृतित्वको प्रमुख पक्ष समालोचना हो । यसबाहेक लम्सालले कविता, भूमिकाका साथै सम्पादन र वैचारिक क्षेत्रमा पनि कलम चलाएका छन् ।

**परिचय**

समालोचना भनेको रचनाका राम्रा नराम्रा पक्षको मूल्याङ्कन, त्यसका विशेषता वा गुण दोषको सम्यक् विवेचना हो ।[50] समालोचना रचनामानिहित गुण दोषको निरूपण गरी निष्कर्ष दिने विधा हो । यस विधामा समालोचकको चिन्तन र आलोचनात्मक पद्धति पनि जोडिएर आउछ। आलोचनाको शाब्दिक अर्थ आँखा पूरै खोलेर अर्थात नियालेर हेर्नु हो। यसको वास्तविक अर्थ चाहिँ दृश्यलाई बोधगम्य बनाउनु हो । साहित्य स्वयंलााई नै पनि हामी जीवनको आलोचना भन्ने गर्दछौं। किनभने सामाजिक जीवनलाई बुझ्ने, बोधगम्यबनाउने र त्यसलाई रूपान्तरण गर्ने प्रयासको यो विशिष्ट क्षेत्र हो।साहित्यको यो आधारभूत स्वभाव अन्य विधामा भन्दा बढी समलोचनामा व्यक्त हुन्छ। रचनाहरूलाई बुझ्ने, तिनको व्याख्या विश्लेषण गर्ने बोधगम्य बनाउने र त्यसमा रहेका त्रुटिहरूलाई हटाउने विधि अवलम्बन गरेर समालोचनाले आफ्नो यस स्वभावलाई पूरा गर्दछ। रचनाकारलाई प्रशंसाभाव र पर्याप्तउत्साहका साथ हेर्ने र जुनसुकै अवस्थामा पनि रचनाकारप्रति सदाशयता राखेर उसको मूल्याङ्कन गर्ने समालोचक नै असल समालोचक हो । रचनाकार दुर्बल पक्षलाई औंल्याउने र कतिपय सुझाव र सल्लाह दिने

---

50 निनु चापागाईं, 'मार्क्सवादी समालोचना, विधि र मानदण्ड', **मार्क्सवादी साहित्य र जनजयुद्धको सौन्दर्य,** अखिल नेपाल लेखक सङ्घ केन्द्रीय समिति, काठमाडौं, (साउन, २०६७), पृ. ५९

सन्दर्भमा रचनाकार भन्दा आफूलाई उच्च दर्जाको नठानी रचनाकारका सकारात्मक र असल पक्षबाट थुप्रै कुरा सिक्ने समालोचक नै वास्तवमा कुशल र सक्षम समालोचक हो। यस परम्परामा शक्ति लम्सालको नाम पनि जोडिएको छ। नेपाली समालोचनाको क्षेत्रमा प्रगतिवादी विवेचनाको अभावलाई पूरा गर्ने आकाङ्क्षा र सैद्धान्तिक एवम् वैचारिक कार्यप्रतिको अभिरुचिका कारण लम्साल प्रगतिवादी समालोचनामा प्रवृत्त भएका देखिन्छन् ।वि.सं. २०२० सालतिरबाट आलोचनात्मक टिप्पणीहरू लेखी समालोचनाको क्षेत्रमा प्रवेश गरेकोभएपनि वि.सं. २०४० सालतिरबाट उनि यसै क्षेत्रमा बढी क्रियाशील भएका हुन्। लम्साल सिद्धान्त निष्ठ समालोचकका साथै मार्क्सवादी सौन्दर्य शास्त्रका गम्भीर अध्येता पनि हुन्। विशेष गरी भन्नुपर्दा उनी मार्क्सवादी समालोचक नै हुन्। उनले प्राय : मार्क्सवादी चिन्तनको सैद्धान्तिक पृष्ठभूमिमा रहेर प्रगतिवादी समालोचनाको सिर्जना गरेका छन्। उनले प्रगतिवादी साहित्यका क्षेत्रमा देखिएका विभिन्न विवादहरूको सैद्धान्तिक विवेचना, मार्क्सवादी सौन्दय शास्त्रको आधारभूत प्रस्थापनाहरूको विशद् एवम् सूक्ष्म व्याख्या गर्दै द्वन्द्वात्मक भौतिकवादी सौन्दर्यशास्त्रको ज्ञानलाई गहन र परिष्कृत तुल्याउने काम गरेका छन्।

शक्ति लम्सालको समालोचनात्मक एक मात्र कृति **मार्क्सवाद, समाज र साहित्य** (**२०६१**) माप्रकाशित भएको छ। यहाँ पुस्तकाकार कृतिभित्रका सङ्कलित लेखहरूको विवेचनात्मक अध्ययन प्रस्तुत गरिएको छ :

### ४.३.१ "मार्क्सवाद, समाज र साहित्य" कृतिको अध्ययन

मार्क्सवाद, समाज र साहित्य (२०६१) सालमा प्रकाशित भएको दोस्रो पुस्तक दर्शन, राजनीति,सौन्दर्यशास्त्र र समालोचनासँग सम्बन्धित छ। यस पुस्तकाकार कृतिमा लम्साालका वि.स.२०२०सालदेखि सं. २०५० को दशकसम्मको अवधिमा विभिन्न पत्र-पत्रिका र पुस्तकमा प्रकाशित अप्रकाशित, दार्शनिक, राजनीतिक, सार्स्ँकृतिक, साहित्यिक, सामाजिक लगायतका गहन लेख र समालोचना समावेश छन्।[छज्ञ]

क,ख,ग,घ,ङ र परिशिष्ट समेत गरी छ खण्डमा विभक्त यस पुस्तकको पहिलोखण्डमा मार्क्सवादी दर्शन, विचार र राजनीतिसँग सम्बन्धित १० वटा लेख समावेशछन्। त्यस्तै, दोस्रो खण्डमा समालोचना सम्बन्धी चारवटा लेख समावेश छन्। तेस्रो खण्डमा साहित्य कला र संस्कृतिसँग सम्बन्धित १७ वटा लेख समावेश छन्। त्यसै गरी चौथोखण्डको शीर्षक 'व्यक्ति,

---

51 अशोक सुवेदी, दृश्यावलोकन मासिक, पूर्ववत्, पृ.३४।

कृति र स्मृति' राखिएको छ। यस खण्डमा विभिन्न राष्ट्रिय अर्न्तराष्ट्रिय १७ जना साहित्यिक व्यक्तित्व सम्बन्धी लेखहरू समावेश छन्। पाँचौ खण्डमा विविध विषयका चारवटा लेख समावेश छन् भने अन्तिम वा छैटौं परिशिष्ट खण्डमा लम्सालले जनवादी साहित्यका विषयमा विभिन्न पत्रिका र पुस्तकमा दिएका चारवटा अन्तर्वार्ता समेटिएको छ। यसभित्र जम्मा ४८ वटा लेखकहरू साथै परिशिष्टमा चारवटा अन्तर्वार्ताहरूसमेटिएका छन्।यस पुस्तकका लेखहरू २४५ पृष्ठको आयाममा विस्तारित भएका छन्। वि.सं. २०६३ मा भएको दोस्रो सस्करणमा खण्ड घ मा -एक लेख थप गरेर १४ वटा लेख समावेश भएका छन्। दोस्रो सस्करणपछि यसपुस्तकमा जम्मा ४९ वटा लेखहरू र चारवटा अन्तर्वार्ता समेटिएका छन्। यहाँ उक्त कृतिभित्रका लेखहरूको सङ्क्षिप्त अध्ययन गरिएको छ।

## १ मार्क्सवादका विशेषताहरू केलाउँदा

'मार्क्सवादका विशेषताहरू केलाउँदा' **मार्क्सवाद, समाज र साहित्य** नामक कृतिमा सङ्कलित विचार खण्डको पहिलो लेख हो। यस लेखमा शक्ति लम्सालले मार्क्सवादीहरू कस्ता खालका हुनुपर्छ भन्ने कुराको चर्चा गरेका छन्। लामा-छोटा दश अनुच्छेद र तीन पृष्ठमा संरचित यस लेखमा लम्सालले मार्क्सवादीहरू घमण्डी बन्न नहुने, सदाचार र नैतिकवान हुनुपर्ने, वर्गसङ्घर्षमा विश्वास राख्नुपर्ने, आलोचना सहेर आफूलाई रूपान्तरित गर्न सक्नुपर्ने लगायतका विषयमा सरल भाषामा मार्क्सवादीहरूको नैतिकताबारे प्रस्ट पारेका छन्।

यस लेखमा एउटा सच्चा मार्क्सवादीले आफ्नो कार्य सिद्धिका लागि भी.आई. लेनिनले भनेजस्तैगरी 'तालुदेखि लिएर घुँडासम्म एकनासको पसिना बगाउन सक्नुपर्दछ' भन्ने धारणा लम्सालको रहेको छ। सर्वहारा वर्गको बीचमा गएर काम गर्ने कुनै पनि चेतनशील मार्क्सवादी कार्यकर्ताले उत्तेजित अवस्थामा आएर कुरा गर्दछ भने यसमा पुँजीवादको विषालु कीटाणुले प्रवेश पाएछ भनेर मान्नुपर्ने हुन्छ। कुनै पनि क्रान्तिकारी लक्ष्यको प्राप्ति, निरन्तर रूपबाट सङ्घर्ष गरिराख्नका लागि प्रोत्साहन र सर्वहारा वर्गलाई गतिशील तुल्याइराख्ने प्रेरणाको स्रोत मार्क्सवाद-लेनिनवाद र माओत्सेतुङ विचारधारा नै हुनसक्छ साथै मार्क्सवादी आदर्शहरूको प्राप्तिका लागि चाहिने मुख्य कुरा -'शुद्धता' नै हो भन्ने दृष्टिकोण लम्सालको रहेको छ।[५२] १९१७ को नोभेम्वर क्रान्तिको सफलताको लागि होस् या अन्य जुनसुकै सफलता वा असफलता होस् कम्युनिस्ट पार्टी र तमाम मार्क्सवादी कार्यकर्ताको अगाडि लेनिनले 'शुद्धता, शुद्धता र

52 शक्ति लम्साल, मार्क्सवाद, समाज र साहित्य, २०६१, पृ.१।

अभ्कैपनि अत्यधिक शुद्धता' भन्ने वैज्ञानिक नारालाई सर्वोपरी महŒव दिएकाले नै प्रतिक्रियावादी, साम्राज्यवादी, पुँजीवादी र संशोधनवादी शक्तिहरूले घुँडा टेक्नु परेको हो भन्ने धारणा लम्सालको रहेको छ। एक सक्षम मार्क्सवादी कार्यकर्ता बन्नको लागि मार्क्सवादका जन्मदातादेखि हालसम्मका राष्ट्रिय अन्तर्राष्ट्रिय शीर्षस्थ नेता तथा इमानदार कार्यकर्ताहरूद्वारा सिर्जना गरेका ज्ञानका भण्डारहरूलाई आफ्नो मस्तिष्कमा भर्न सक्नु नै आजको सबैभन्दा ठूलो अनिवार्य कार्य हो भन्ने विचार लम्सालको छ।

लम्साल एउटा सच्चा मार्क्सवादी र माओवादी हुनका लागि कुनैपनि व्यक्तिमा विविध किसिमका गुणहरू हुनुपर्ने धारणा राख्छन्। उनका अनुसार एउटा मार्क्सवादी कार्यकर्तामा घमण्डी पन कहिल्यै देखिनु हुदैन। उसले हर बखत अफूलाई आलोचनात्मक रूपले परीक्षण गरेकै हुनुपर्दछ। एउटा इमानदार कर्मठ मार्क्सवादीले कुनैपनि कार्यका लागि कुनै कुरा थोरै सिकेको छ भने धेरै सिक्ने प्रयत्न गर्दछ, कम जानेको छ भने धेरै कुरा जान्ने कोसिस गर्दछ , कुनै कुराको ज्ञान अधुरो छ भने त्यस कुराको पूरै ज्ञान लिन प्रयत्नशील रहन्छ। यसको विपरीत कसैले मार्क्सवादी भएको नाताले आफ्नो घमण्डीपना देखाएर म सर्वज्ञानले सम्पन्न छु ,मलाई सबैकुराको ज्ञान छ केही सिक्नुपर्ने आवश्यकता छैन भन्छ भने त्यो व्यक्ति जित नै वौद्धिक र प्रतिभाशाली भएपनि सच्चा मार्क्सवादी कदापी हुन सक्दैनभन्ने दृष्टिकोण लम्सालको रहेको छ।[छघ] मार्क्सवादीमा सदाचार र नैतिकता जस्ता गुण हुनु अनिवार्य छ। तर ईश्वरवादीवा भाववादी हुनुहुँदैन भन्ने मान्यता लम्सालको रहेको छ। त्यस्तै गरी मार्क्सवादीले जहिले पनि वर्गसङ्घर्षमा विश्वास गर्नुपर्दछ साथै त्यसैलाई आफ्नो कर्तव्य ठान्नुपर्दछ भन्ने कुरालाई यस लेखमा समेटेको पाइन्छ। आलोचना विहिन व्यक्ति कहिल्यै पनि सच्चा मार्क्सवादी हुन सक्दैन रसच्चा मार्क्सवादीले आफ्ना कमीकमजोरीहरूलाई कहिल्यै लुकाउने कोसिस पनि गर्दैन साथै आलोचना र आत्मालोचनालाई एउटा मार्क्सवादीले ठूलो अस्त्र मान्दछ भन्ने धारणा लम्सालको रहेको छ।

मार्क्सवाद भनाइभन्दा गराइमा विश्वास राख्दछ।तसर्थ यसलाई समय परिस्थिति र ठाउँअनुसार मूल्याङ्कन गरी व्यवहारमा आवश्यकता अनुसार लागू गर्न सक्यौं भने मात्र हामी मार्क्सवाद, लेनिनवाद तथा माओत्सेतुङ विचारधाराको रक्षा र विकास गर्न समर्थ हुन्छौं भन्ने मान्यता लेखकको रहेको छ।[छद्ध]हामीले हरबखत लेनिनको कुनैपनि नीति चाहे त्यो जितसुकै

---

53पूर्ववत् पृ. २।
54पूर्ववत्, पृ. ३।

अप्रत्याशित किन नहोस्, वास्तवमा मार्क्सवादबाट अलग हुन सक्दैन भन्ने भनाइलाई मनन गर्नैपर्ने हुन्छ भन्ने धारणा लम्सालको रहेको छ ।

## २ मार्क्सवादको विकृतिकरणको विरुद्ध

लामा - छोटा चौध अनुच्छेदमा संरचित 'मार्क्सवादको विकृतिकरणको विरुद्ध' **मार्क्सवाद, समाज र साहित्य** कृति भित्रको पहिलो खण्डको दोस्रो लेख हो । यो लेख चार पृष्ठमा संरचित छ । यस लेखमा संसारमा मार्क्सवादको विकासका सन्दर्भहरू उल्लेख गर्दै मार्क्सवाद कसरी मार्क्सवाद-लेनिनवाद-माओवाद बन्यो भन्ने विषयको चर्चा गरिएको छ । यस लेखमा संसारका अवसरवाद तथा सशोधनवादीहरूले मार्क्सवादमा गरेको भ्रष्टीकरणका विषयमा पनि विस्तृत रूपमा व्याख्या गरिएको छ । रुस, पूर्वी युरोप हुँदै चीनसम्म संशोधनवादीहरूले कसरी मार्क्सवादका विकासका नाममा मार्क्सवादको भ्रष्टीकरण गरे भन्ने उल्लेख गर्दै लम्सालले यस लेखमा मार्क्सवाद-लेनिनवाद-माओवादले मात्र मार्क्सवादको वैज्ञानिक विकास र सही प्रयोग गर्न सक्ने कुरा औँल्याएका छन् । नेपालमा भएको जनयुद्ध मार्क्सवादको सही विकास र प्रयोग रहेको चिन्तक लम्सालको मत छ ।[छछ]

कुनै पनि घट्नाको तारतम्यलाई हेर्न र यसको विश्लेषण गर्नइतिहासको वोध हुन आवश्यक हुन्छसाथै हेगेलले भने झैंइतिहासले आफूलाई दोहोऱ्याउँछ भन्ने मान्यता लेखकको छ ।[छट]हामीले मार्क्सवादी र गैरमार्क्सवादीहरू बीचको द्वन्द्व र सङ्घर्षलाई लिएर विश्लेषण र चिन्तन गर्छौं भने आजको रुसी कठमुल्लापन र रुसी उपनिवेशवादी चरित्रमाथि पनि गम्भीरतापूर्वक विचार गर्नुपर्ने हुन्छ । आज हामीले गैरमार्क्सवादी चिन्तन, सिद्धान्त र बौद्धिक विचारहरूको विरुद्ध मात्र लडेर पुग्दैन, बरु मार्क्सवाद भित्रै गैरमार्क्सवाद, दर्शन र सिद्धान्त बोकेर आएको आधुनिक रुसी सामाजिक साम्राज्यवादी, संशोधनवादी प्रवृत्ति विरुद्ध पनि साहस र आत्मविश्वासका साथ नेपालमा पनि सङ्घर्ष र क्रान्ति गर्नुपरेको छ भन्ने मान्यता लेखकको छ । यथार्थमा पुँजीवाद र साम्राज्यवादको कठोर निरङ्कुश सत्तालाई अभूतपूर्व त्याग र बलिदानद्वारा उब्जिएका महान अक्टुबर क्रान्तिद्वारा फाल्न सफल भएका सच्चा मार्क्सवादीहरू लेनिन र स्टालिनको कर्मभूमिमा पहिलो पटक तथाकथित मार्क्सवादीहरूकै झेलखानाभित्र निर्वासित जीवन बिताउन बाध्य हुनुपरेको स्थिति छ साथै आफ्ना पूर्खाले अस्वीकार गरेको घृणित सत्ता पून :

55अशोक सुवेदी, दृश्यावलोकन मासिक, पूर्ववत्, पृ.३५ ।

56शक्ति लम्साल, पूर्ववत्, पृ. ४ ।

स्वीकार गर्न लगाइँदै छ । आज जुनसुकै पार्टीहरूले पनि, कुनै पनि देशका बुद्धिजीवी, युवक विद्यार्थी, मजदुर किसान र महिलाहरूले सुरु गरेका प्रगतिशील आन्दोलन र सङ्घर्षमा साथ दिएका छैनन बरु असहमति व्यक्त गर्दै दमन गर्न अग्रसर हुन्छन् भन्ने धारणा लम्सालको रहेको छ । आजको रुस मार्क्स र लेनिनबाट विदा लिएको नित्से, पास्तरनाक र दोस्तोयबस्सकीको रुस हो, जहाँ रोग, महामारी, प्रतिक्रान्ति, अशान्ति, शोषण, युद्ध, अनास्था, यौनकुण्ठा, छटपटी, अभाव, अन्धकार र मृत्यु छ, जहाँ समाजवादी व्यवस्थालाई आज पचास वर्षपछि पश्चिमी सध्भयता र पुँजीवादी व्यवस्थाको जर्बजस्ती खडा गरिँदैछ । तर समाजवादको स्थापना हुनासाथ पुँजीवादी र समाजवादी व्यवस्थाबीचको सङ्घर्ष स्वतः खत्तम भएर जाँदैन बरु यो दीर्घकालसम्म नै रहिरहन्छ भन्ने धारणा लम्सालको रहेको छ । यदि चीनमा पनि बेलैमा सांस्कृतिक क्रान्ति नगरेको भए आज चीनको स्थिति पनि सोभियत रुसको जस्तै हुने थियो भन्ने दृष्टिकोण लम्सालको रहेको छ ।[छठ] क्रान्ति र सङ्घर्षमा आस्था राख्नेमार्क्स र एङ्गेल्सको सिद्धान्तप्रति आस्था र विश्वासका साथ अघि बढ्दै जाँदा अवश्य एकदिन लेनिनको सपना सार्थक हुन्छ भन्ने धारणा लेखकको रहेको छ ।

मार्क्सवादभित्रै गैरमार्क्सवादी विचार र सिद्धान्तले जसरी काम गरिराखेको छ , त्यसको बिरुद्ध निरन्तर सङ्घर्ष गर्नु , आन्दोलन चलाउनु विश्वका सच्चा मार्क्सवादीहरूको आजको काम भएको छ, होइन भने भविष्यमा सबैको स्थिति सोभियत रुस झैँ हुनेछ भन्ने मान्यता लम्सालको रहेको छ ।[छड]

### ३ मार्क्सवाद : नेपालको सन्दर्भमा

'मार्क्सवाद : नेपालको सन्दर्भमा' मार्क्सवाद, समाज र साहित्य पुस्तकमा सङ्गृहीत विचार खण्डको तेस्रो लेख होलामा -छोटा सात अनुच्छेद र तीन पृष्ठमा यो लेख संरचित छ । सं २०३८ सालमा लेखिएको यस लेखमा पनि मार्क्सवाद-लेनिनवाद-माओवादको खुलेर समर्थन गरिएको छ । वर्तमान नेपाली समाजको सर्वाङ्गीण विकास र सुःखी जीवनको एक मात्र सही बाटो मार्क्सवाद नै हो, यसको विकल्पमा अरू केही हुन सक्दैन भन्ने मान्यता लेखकको रहेको छ ।[छढ] शोषक वर्गहरूबाट हुने मानसिक तथा शारीरिक शोषण-उत्पीडनबाट मुक्त हुने चाहना हरेक शोषित वर्गहरूको हुन्छ, तर नेपालका शोषक एवम् सामन्ती वर्गहरूले मार्क्सवादको

57पूर्ववत् , पृ.६ ।
58पूर्ववत् , पृ.७ ।
59पूर्ववत् , पृ.८ ।

अस्तित्वलाई इन्कार गरिरहेको हुन्छ, त्यसैले नेपाली समाजले शोषणरहित समाजको कल्पना वर्तमान परिस्थितिमा गर्न सक्दैन भन्ने मान्यता लम्सालको रहेको छ । विभिन्न शोषणबाट मुक्ति पाउनु नै मार्क्सवादको मूल अर्थ हो । यसले मार्क्सवाद र वर्गसङ्घर्षमाथि विश्वास राख्दछ तर सङ्घर्षबाट टाढै बसेर मार्क्सवाद-लेनिनवाद तथा अन्तर्राष्ट्रिय भाइचारा र सर्वहारावादको कोरा नारा दिएर मात्र जनसमूहलाई आफूप्रति आकर्षित गर्न सम्भव छैन भन्ने मान्यता लेखकको रहेको छ ।

कुनैपनि देशमा हुने परिवर्तनक्रान्ति कसैको स्वेच्छाानुसार हुने कुरा होइन बरु देशको परिस्थितिको आवश्यक माग र परिणाम अनुसार हुने हो भन्ने धारणा लम्सालको रहेको छ ।जहाँ दमन हुन्छ , त्यहाँ विरोध सुरु हुन्छ र जहाँ प्रतिरोध सङ्घर्ष हुन्छ, त्यहाँ जनसमर्थन हुन्छ र जहाँ जनसमर्थनत्यहाँ विष्फोट र विद्रोह हुन्छ जुन मार्क्सवादको निर्देशितमार्ग हो भन्ने मन्यता लम्सालको रहेको छ ।माार्क्सवाद एउटा दर्शन र सिद्धान्त हो र यसको आफ्नै निर्धारित बाटो हुन्छ साथै यसको प्रवाह समय, ठाउँ र परिस्थिति अनुसार सञ्चालित भएको हुन्छ भन्ने मान्यता लम्सालको रहेको छ । वर्तमानमा देशको मार्क्सवादी दल निर्णायक शक्ति बन्न सकेको छैन, तर भविष्यमा यो एउटाठूलो निर्णायक र प्रभावशाली शक्ति बन्नेछ भन्ने मान्यता लम्सालको छ ।

देशमा सामन्तवादी र शोषक वर्गहरूको थिचोमिचो कम हुन नसकेको अवस्थामाऔधोगिकविकास पनि हुन सकेको छैन र सर्वहारा वर्गको विकास जुन रूपमा हुनु पर्ने थियो त्यस गतिमाहुन नसक्नुदुःखको कारण बनेको छ ।किसानहरू हालसम्म पनि पिछडिएकै छन्, समय समयमा हुने क्रान्ति र सङ्घर्षमा भाग लिन पुग्छन्, विभिन्न चाहना इच्छा आकाक्षा राख्छन् तर कुनैपनि निर्णायक शक्तिले जवसम्म संस्थागत रूपमा विकास गर्न सक्दैन, तबसम्म हाम्रो सर्वाङ्गीण विकास सम्भव छैन भन्ने मान्यता लम्सालको रहेको छ । हाम्रो सर्वाङ्गीण विकास र सुखी जीवन वर्गसङ्घर्षमा नै आधारित र निर्धारित रहेको हुनाले पश्चिमा जीवनको सम्पन्नता, विलासिता र मोजमज्जामा आधारित जीवनपद्धतिसँग यसको कुनै सार्थकता र सरोकार छैन भन्ने मान्यता लम्सालको रहेको छ ।[60]

60पूर्ववत् , पृ. १० ।

**४ फुटभन्दा सङ्गठनभित्रै विवाद चलाउनु राम्रो हुन्छ**

'फुटभन्दा सङ्गठनभित्रै विवाद चलाउनु राम्रो हुन्छ' मार्क्सवाद, समाज र साहित्य पुस्तकमा सङ्गृहीत विचार खण्डकोचौथो लेख हो। यसमा राजनीति, समाज, संस्कृति र साहित्यको जनपक्षीय उपयोगको चर्चा गर्दै प्रगतिशील लेखक सङ्घको पहिलो सम्मेलन समेतको उल्लेख गरेका छन्। लम्सालले यस लेखमा राजनीति र साहित्य तथा संस्कृतिको अन्तर्सम्बन्धका बारेमा जोड दिँदै मार्क्सवाद रप्रगतिवाद साहित्य-कलाका बीचमा रहेको वैचारिक एकताको बारेमा प्रस्टयाएका छन्।[टज्ञ]

अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थाबाट जनतालाई मुक्ति दिलाउन समाजमा रहेका रूढिवादी, अन्धविश्वास र सामाजिक कुरीतिहरूको तीव्र भण्डाफोर गर्दै वैज्ञानिक विचारद्वारा पिछडिएका, अशिक्षित, गरिब, भोका-नाङ्गा र अभावग्रस्त शोषित-पीडित जनतालाई आफ्नो हकअधिकारको ज्ञान गराउनु प्रगतिशील लेखक-कलाकारहरूको कर्तव्य हो भन्ने मान्यता लम्सालको रहेको छ। समाजमा दमन अत्याचार, हिंसा, हत्या,आतङ्कले दिनप्रतिदिन मौलाउँदै गएको अवस्थामा यसको विरुद्धमा कोही अगाडि बढ्न सकेको छैन, कसैले कुरा उठाए पनि त्यो कहिल्यै सफल हुन सक्तैन किनकि समाजका राजनैतिक क्रियाकलापले दोषीलाई सजाय दिनुको सट्टा संरक्षण गरेर राख्ने प्रवृत्ति हाम्रो समाजमा हावीछ।

जनपक्षीय राजनीतिको शून्यता र अभावमा जनवादी साहित्य र संस्कृतिको सङ्गठनात्मक स्थिति अघिबढ्न सक्दैन भन्ने धारणा लम्सालको रहेको छ। जनवादी हक अधिकार बिना कुनै कार्य सम्पन्न हुन सक्दैन भन्ने कुरा जनता सामु पुऱ्याएर समर्थक वा विरोधी सबैका बीच साझा सयुंक्त मोर्चा र कार्यगत एकताको खाँचो छ।सङ्गठित रूपमा सङ्घर्षलाईसही र दृढताका साथ अगाडि बढाउन प्रगतिशील लेखक सङ्गठन ( प्र.ले.स.) लाई एकताबद्ध रूपमा अघि बढाउन सबै प्रगतिशील लेखकहरूले देशव्यापी रूपमा यसैको घोषणापत्र विधान र कार्यक्रमलाई युद्धस्तरमा लग्नु पर्ने धारणा लम्सालको रहेको छ। जबसम्म प्रलेसको प्रथम राष्ट्रिय सम्मेलनले पारित गरेको विधानका साथै बहुराष्ट्रिय मुलुकमा एक धर्मनिरपेक्ष राज्यको पक्षमा आवाज उठाउने र सबै भाषाहरूको समान अधिकारका निम्ति सङ्घर्षशील रहने गर्नुपर्दछ भन्ने मान्यता लम्सालको रहेको छ।

61अशोक सुवेदी, 'सङ्घर्ष जसको जीवनको पर्याय हो' पिपुल्स रिभोलुसन, (मङ्सिर २८, २०६६), पृ. ६।

प्रलेस एउटा साझा सङ्गठन हो, यसको प्रथम राष्ट्रिय सम्मेलन २०४४ द्वारा पारित जुन संविधान र प्रतिवेदन छ, यसका आफ्नै नीति कार्यक्रम, उद्देश्य अनुशासन आदि हुन्छन् । त्यसको पालना वा कार्यन्वयन गरेर त्यसमा गोलबन्द भएर अगाडि बढ्नु सबै सदस्यहरूको प्रमुख दायित्व हो भन्ने कुरा व्यक्त भएको छ ।सङ्गठनलाई सही ढङ्गले अगाडि बढाउन सैद्धान्तिक स्पष्टता, वैचारिक दृढता, सङ्गठनात्मक अनुशासन आदिको आवश्यक पर्दछ । अतः हामीले जनवादी केन्द्रीयता र समझदारी सहिष्णुता आदिलाई मनन गर्दै अघि बढ्न सके मात्र प्रलेस आफ्ना विरोधी शक्तिहरूसँग भिड्न सक्छ, नयाँनयाँ बुद्धिजीवीहरू, सांस्कृतिककर्मीहरू, लेखक/चिन्तकहरूलाईआफ्नो सङ्गठनभित्र आकर्षित र समावेश गर्न सक्दछ भन्ने धारणा लम्सालको रहेको छ ।[62]

## ५प्रगतिवाद र हाम्रो जिम्मेवारी

लामा-छोटा चौध अनुच्छेद र छ पृष्ठमा संरचित 'प्रगतिवाद र हाम्रो जिम्मेवारी' शक्ति लम्सालको मार्क्सवाद, समाज र साहित्य कृतिभित्र सङ्कलित विचार खण्डको पाँचौं लेख हो । यस लेखमा शक्ति लम्सालले नेपालमाप्रगतिवादी साहित्यका समस्या र त्यसमा हाम्रा जिम्मेवारीहरूको विश्लेषण गरेका छन् । यस लेखमा साहित्यको क्षेत्र व्यापक र विस्तृत छ । यसलाई कुनै एउटा घेराभित्र सीमित राखेर हेर्न सम्भव छैन र साहित्यकारको चेतना समाजसापेक्ष हुन्छ भन्ने मान्यता लम्सालको रहेको छ ।[63]मार्क्सवादी प्रगतिशील साहित्यकारहरूले शोषित र शोषक वर्गबीचको सङ्घर्षलाई चित्रण गरेकै हुनुपर्छ साथै साहित्यको इतिहास नै वर्गसङ्घर्षको इतिहास हो भन्ने मत लेखकको रहेको छ । प्रगतिवादी साहित्यका विरुद्धमा टाउको उठाउने प्रवृत्तिप्रति असहमति जाहेर गर्दै साहित्यका क्षेत्रमा छलफल र बहस बौद्धिक स्तरमा हुनुपर्ने र प्रगतिवादी साहित्यका क्षेत्रमा उदीयमान प्रतिभाहरू उत्सुक र जागृत हुनुपर्ने आग्रह पनि यस लेखमा प्रस्तुत गरिएको छ ।

नेपाली साहित्यमा देखा पर्न थालेको दुरुहता, क्लिष्टता, यौनवादी प्रवृत्ति तथा बुर्जुवा साहित्यप्रति असहमति जनाउँदै हामीले आफ्ना विचार, शैली र वर्णनको आधारलाई यथार्थवादी ढङ्गमा ढालेर शक्तिशाली रूपले अगाडि बढ्नुपर्ने धारणा लम्सालको छ ।[64]एउटा मार्क्सवादी

62 पूर्ववत् , पृ. १३ ।
63 पूर्ववत् , पृ. १४ ।
64 पूर्ववत् , पृ. १६ ।

लेखकले विचारक वाचिन्तक भएर, लेखेर वा बोलेर मात्र त्यसको कुनै अर्थ रहदैन ।जबसम्म ऊ सङ्घर्ष र युद्ध क्षेत्रको भूमिमा उभिएरकार्य गरेको हुँदैन । शान्ति-सुरक्षा तथा राजनीतिका नाममा हुने गरेकाजन विरोधी कार्यहरूलाई यथार्थ साहित्यमा वर्णन गर्न सक्नु साहित्यकारको दायित्व हो भन्ने धारणा लेखकको रहेको छ ।

भी. आई. लेनिन, माओत्सेतुङ, कार्ल मार्क्स, एङ्गेल्स, क्रिस्टोफर कडवेल, राल्फ फक्स आदि मार्क्सवादी लेखकहरूले आआफ्नो मुलुकको राजनीति र साहित्यलाई सँगसँगै लिएर सङ्घर्षका साथ अगाडि बढेको यथार्थ हाम्रा सामु छर्लङ्ग छन् । उनीहरूले जनविरोधी कार्यको भण्डाफोर गर्दै जनतन्त्र र प्रजातन्त्र रक्षाका लागि लडेर कति त सहिद पनि भए । आजको नेपालीमार्क्सवादी लेखकहरूले तिनीहरूबाट धेरै कुरा ग्रहण गर्न र प्रेरणा लिन आवश्यक देखिन्छ । भियतनाम, लाओस र कम्बोडियाका जनताले अमेरिकी साम्राज्यवादी शक्ति र सत्ताको विरुद्ध स्वतन्त्रता सार्वभौमिकता र अखण्डताको रक्षाका साथै विकास, प्रगतिविश्वशान्तिका लागि दिएको त्याग, त्यसैगरी प्यालेस्टाइनी-अरब गोरिल्लाहरूले इजरायलको विरुद्ध गरेको सङ्घर्ष र साम्राज्यवादविरोधी युद्धमा विजय प्राप्त गरी अघि बढ्न सफल भएका छन्, ती सबैलाई प्रगतिशील नेपाली साहित्यमा यथार्थ रूपले उतार्नु पर्छ भन्ने मान्यता लम्सालको रहेको छ ।[टछ]

देशको स्वतन्त्रता र मुक्तिका लागि विभिन्न राष्ट्रहरूले धेरै दुःखकष्टका साथ लामो समयदेखि लड्दैभिड्दै विजयमाथि विजय प्राप्त गर्दै आइराखेका छन् । यिनै कुरालाई नेपाली साहित्यका सबै विधाहरूमा स्थान दिनुपर्छ भन्ने मान्यता लम्सालको रहेको छ । आजको हाम्रो जिम्मेवारी भनेको विभिन्न क्षेत्रमा व्याप्त सामाजिक साम्राज्यवादी प्रभाव, विस्तार, नीति र निर्देशनहरू आदिबाट बचाएर राख्नुको साथैआइपर्ने चुनौतीलाई साहसका साथ उत्तर दिनु हो भन्ने धारणा लेखकको रहेको छ ।

## ६ प्रगतिशीलता : एक चिन्तन

'प्रगतिशीलता : एक चिन्तन' शक्ति लम्सालको मार्क्सवाद, समाज र साहित्य कृतिभित्र समेटिएको विचार खण्डको छैटौं लेख हो । यो लामा-छोटा पाँच अनुच्छेद र तीन पृष्ठमा संरचित छ । यस लेखमा लम्सालले सर्वहारावर्गीय युद्ध प्रगतिशीलताकै माध्यमबाट अघि बढ्ने कुरा औँल्याएका छन् । उनले अन्तर्राष्ट्रियतावादी नेतृत्वको जीवन व्यवहारलाई आत्मसात गरेर नै नेपालमा पनि जनयुद्ध सुरु हुन सक्ने कुरा सं. २०४३ सालको 'भानु' पत्रिकामा लेखेका थिए ।

65 पूर्ववत् , पृ. १८ ।

वर्तमान अवस्थामा नेपाली साहित्यलाई बुझ्न मार्क्सवादको सबैभन्दा धारिलो र तिखारिएको हतियार वर्गसङ्घर्षको दृष्टि र भावनाको अनिवार्यता र वर्गसङ्घर्षमा संलग्नतामा विशेष जोड दिनुपर्ने दृष्टिकोण लेखकको रहेको छ ।[टट]प्रगतिशीलता र प्रगतिवादी साहित्य सिद्धान्तको चर्चा गर्दै प्रगतिशीलतासमाज विकासका तात्कालिक ऐतिहासिक यथार्थको सीमामा देखा परेका नयाँ सामाजिक मूल्यको स्थापना गर्ने मानवतावादको धारणा भएको र प्रगतिवाद यथार्थवादी सृजन विधिको समुन्नत प्रारूप हो र यो समाजवादी यथार्थवादको अर्थमा प्रयोग हुन्छ भन्ने धारणा लम्सालको पाइन्छ ।

नेपाली प्रगतिशील साहित्यको विकास गर्न तथा यस स्तरीयतालाई परिमार्जन गर्दै लैजान जुन वर्गको बारेमा लेख्न लागेको हो त्यस वर्गसँग भावनात्मक रूपले नजिक भएर उसको उखान टुक्का, लोकोक्ति, कला - सस्कृति, धर्म आदि कुराको राम्रोसँग ज्ञान लिनुपर्दछ । समाजमा रहेका लेखककलाकारहरू सम्पूर्ण कुरालाई हेर्ने दृष्टिकोण व्यक्तिपिच्छे फरक हुन्छ साथै सामान्य गल्ती र कमजोरी सबैका हुन्छन्,तर व्यक्तिमा हुने निरन्तरता र समर्पित भावनाले उसको जीवीतता र भावी विकासको सम्भावनाको लक्षण हो ।

### ७ जनसांस्कृतिक आन्दोलनको बाधक : फायरबाखीय चिन्तन

लामा- छोटा चौध अनुच्छेद र छ पृष्ठमा संरचित ‘जनसांस्कृतिक आन्दोलनको बाधक :फायरबाखीय चिन्तन’ लेख शक्ति लम्सालको मार्क्सवाद, समाज र साहित्य कृतिभित्रविचार खण्डको सातौं लेख हो । यो लेख समालोचक लम्सालको नौलो विहानी मासिकले सं. २०५४ सालमा एकीकृत सांस्कृतिक आन्दोलनका लागि चलाएको बहस र त्यसमा खगेन्द्र संग्रौलाको विचारको प्रत्युत्तरका रूपमा आएको हो । क्रान्तिकारी मोर्चा बनाउँदा त्यसको आवश्यकता, औचित्य र सम्भावनालाई ध्यान दिनुपर्ने र त्यो क्रान्तिकारी विचारलाई केन्द्र बनाएर गरिनुपर्ने विचार राख्दै लम्सालले यस लेखमा माओवादीबाट सं. २०५२ साल फागुन १ गते बाट सञ्चालित जनयुद्धलाई केन्द्र बनाएर मात्र एकीकृत सांस्कृतिक आन्दोलन अघि बढ्न सक्ने ठोकुवा गरेका छन् ।[टठ]

66 पूर्ववत् , पृ. २० ।

67 अशोक सुवेदी, शान्त समुद्रभित्र लुकेको ज्वारभाटा, शक्ति लम्साल, अन्नपूर्ण पोष्ट, (१० मङ्सिर २०६६), पृ. ४ ।

वर्तमान समयमा प्रगतिशीलताको नाममा जे - जस्तो लेखनकार्य र प्रकाशन भइराखेका छन्, तिनीहरूमध्ये कतिपय लेखनमा विरोधाभास देखिखएको छ,जसका कारणप्रगतिशील लेखकहरू पनि दुई खेमामा देखिएका छन् । एक पक्षले अर्को पक्षलाई दोषारोपण गर्ने काम राजनीतिमा जस्तै प्रगतिशील लेखकहरूमा पनि बढ्दै गएको पाइन्छ । देशमासं. २०५२ सालमा आमूल परिवर्तनका लागि नौलो जनवादी क्रान्ति सुरुवात भयो । नेपाली समाजमा भएको उथल-पुथल, दमन, शोषण, महंगी, भष्टाचार, कालोबजार, मौलिक धकारमाथिको बन्देज, गिरफ्तारी आदि क्रियाकलापलाई जनविरोधी भन्दै अग्रसर भएको बखत त्यसकको तीव्र रूपमा विरोध गरी सर्वहारा र उत्पीडित वर्गप्रति विशेष संवेदनशील रहदै आएको केही लेखकहरूका पनि केही सकारात्मक पक्ष हुँदै पनि उनीहरूले क्रान्तिकारी व्यवहारबाट आफूलाईनखारीकन पाठक, जनता, सर्वसाधरण माझ गएर सही दिशा प्रदान गर्न असम्भव नै हुन्छभन्ने मान्यताा लम्सालको रहेको छ ।[टङ]

कतिपय लेखकहरूले जनतालाई ‘झोलीको देउता’ ठानेर आफूलाई जनताभन्दा माथि सम्झिरहेका हुन्छन्, साथै विभिन्न आन्दोलनसँग घुलमिल भएर एकताबद्ध भइ अघि बढ्ने कुरा गर्दछन्, तर यो कुरामा मात्र सीमित रहन पुगेको हुन्छ, यस्तै प्रवृत्तिले समस्या हुन्छसमाधान हुदैन भन्ने धारणा लम्सालको रहेको छ। विगत र अहिलेका जे जित वरिष्ठ लेखक, चिन्तकहरूछन्, ती सबै पतन हुनुको मूल कारण फायरबाखीय चिन्तनकै दुष्परिणाम हो । जबसम्म भ्रम र अस्पष्टतालाई बुझ्न र छुटचाउन सकिन्न तबसम्म नेपालको प्रगतिशील साहित्यभित्रको मानदण्डलाई छुटचाउन सकिदैन भन्ने धारणा लेखकको छ। उदारतावादी र अवसरवादी दृष्टिकोणले गर्दा विभिन्न मुलुकमा समय समयमा आन्दोलनहरू चर्किरहन्छन् । विभिन्न समयमा प्रगतिशील साहित्यकारका नाममा जित पनि लेखकहरू जन्मिए वा देखिए साथै कस्ता प्रवृत्ति लिएर देखिए तिनीहरू सही वा गलत कुन धारमा छन्, छुटचाउने काम पाठकको हो ।सही धारका व्यक्तित्व अगाडि आउँछन् भने गलत धारका लेखक पतन भएर जान्छन् ।

नेपालमा सर्वहारा वर्गको नेतृत्वमा हुने कुनैपनि क्रान्तिले अब अतितको गर्भबाट होइन भविष्यबाट नै आफ्नो अर्न्तवस्तु प्राप्त गर्दछ भन्ने धारणा लम्सालको रहेको छ ।[टढ] लम्साल ‘साहित्यले क्रान्तिकारी मेसिनको दाँती र पेचकिला बन्नुपर्दछ’ भन्ने लेनिनको भनाइलाई गम्भीरतापूर्वक स्मरण गर्नु आवश्यक रहेको कुरा व्यक्त गर्दछन् ।

---

68 शक्ति लम्साल, पूर्ववत्, पृ. २४ ।
69 पूर्ववत्, पृ.२७ ।

## ८ विचारको सही चित्र

'विचारको सही चित्र' लेख शक्ति लम्सालको मार्क्सवाद, समाज र साहित्य कृतिभित्र विचार खण्डको आठौँ लेख हो । यो लेख लामा - छोटा छ अनुच्छेद र चार पृष्ठमा संरचित छ । यस लेखमा लम्सालले मार्क्सवादी लेखकले श्रमजीवी जनताका मुक्तिका पक्षमानिर्भिक भएर कलम चलाउनुपर्ने विषय उठाएका छन् । उनले यसका लागि गोर्की , लु स्युन र चेखबहरूको लेखनीको उदाहरण दिदैंसमकालीन समाजको यथार्थ चित्रण गगरे समाजलाई दिशा निर्देश गर्न सकेकाले नै ती लेखकहरू स्थापित बन्न सकेको कुरा उल्लेख गरेका छन् ।

कुनै पनि लेखकको रचनाययथार्थसँग गाँसिएको हुने हुनाले उसको विचार सही ढगंले व्यक्त भएको हुनुपर्छ अन्यथा उसको रचनाले पाठक माझ गलत धरणा सम्प्रेषण हुन सक्छ । लेखकले कुनै व्यक्ति विशेषलाई मात्र नभइ समाजलाई साथ दिनुपर्दछ साथै केन्द्रबिन्दु बनाउनु पर्दछ भन्ने मान्यता लम्सालको रहेको छ । कुनै पनि लेखक वा साहित्यकारले कसैलाई सिकाउने होइन बरु पाठकहरूले नै कुनै रचनाको अध्ययनपछि प्रेरणा लिने स्थिति सिर्जना गराउनु पर्दछ । लेखकहरूले आफ्ना रचनाहरूमा प्रभावशालीशैलीद्वारा समाजमा दखिएका समाजिक असमानता र आर्थिक असमानतालाई मनन गरी विभिन्न समस्याभित्र प्रवेश गर्नसक्नुपर्दछ । अन्यथा वास्तविक र मौलिक समस्याहरूको समाधान हुन सक्दैन । विदेशी लेखकहरूको तुलनामा नेपाली लेखकहरू हरेक दृष्टिकोणबाट निकै कमजोर देखिन्छन् । लेखकहरूले आफ्नो परिवेश र वातावरण चित्रण नगर्नुका साथै शोषण दमन अत्याचारलाई वास्तविक रूप दिन नसक्नाले जीवनमा अनेकौं क्षेत्रलाई लिएर गरिएका चित्रणहरूमा अपूर्णता पाइन्छ भन्ने धारणा लेखकले व्यक्त गरेका छन् ।[७०] कुनै पनि साहित्यकारले जुनसुकै विधामा कलम चलाए पनि ऊ एउटा खोजकर्ता हो, उसले आफ्नाा रचनामा आफ्नो व्यक्तित्वलाई टाढै राखेर सही विचार र सही शैलीमा रचनाको सिर्जना गर्न सक्नुपर्दछभन्ने मान्यता लम्सालको रहेको छ ।

## ९ वैचारिक अध्ययनप्रति एकदृष्टि

'वैचारिक अध्ययनप्रति एकदृष्टि' शीर्षक लेखमा लम्सालले जनपक्षीय स्रष्टा र सांस्कृतिक कर्मीहरूले आफ्नो प्रगतिवादी लेखकीय धर्म निर्वाह गरेर कलम चलाउनुपर्ने उल्लेख गरेका छन् । यस लेखमा लम्सालको जनपक्षीय राजनीतिक दृष्टिकोण पाइन्छ । कुनै पनि लेखक सङ्घर्षमा

---

70 पूर्ववत्, पृ.३२ ।

समेल नभइ सम्पूर्ण सामाजिक अर्न्तविरोध र वर्गसङ्घर्षबाट टाढै रहन खोज्छ, तर नेतृत्व लिन चाहन्छ भने त्यो कहिल्यै पनि न्यायोचित र सम्भव हुन सक्दैन। मार्क्सवादी दृष्टिकोणले हेर्दा कुनै विचार काल र परिस्थितिबाट निरपेक्ष एवम् अलौकिक वस्तु बन्न सक्दैन भन्ने धारणा लेखकको रहेको छ।[ठ१]

मार्क्सवादी -लेनिनवादी विचारधाराको सही र वस्तुपरक स्थितिलाई बुझ्न वैचारिक अध्ययन मात्र पर्याप्त नहुनाले नै हाल जनसङ्घर्ष, वर्गसङ्घर्ष र सगंठनात्मक क्रियाकलापहरूको खाँचो महशुस हुन्छ भन्ने विचार लम्सालको छ। मार्क्सदेखि माओसम्म, होचिमिन्हदेखि कास्ट्रोसम्मले नेतृत्व गरेका जित पनि आन्दोलनहरू वर्गसङ्घर्षहरू चर्किंदै गए अनि सत्ता परिवर्तन भए, ती सबै सङ्घर्षको बीचबाट विकसित र विस्तृत हुदै गएको मार्क्सवाद-लेनिनवाद-माओवादी विचारधारा हो। यो विश्वविद्यालय र पुस्तकालयको शोधबाट निस्केको विचारधारा हाोइन भन्ने मान्यता लम्सालको छ। प्रगतिवादी र प्रगतिशील फाँटमा काम गर्ने रगर्दै आएका लेखकहरूले आफ्नो लेखकीय प्रतिबद्धतालाई त्यो बेलाससम्म स्थीर बनाइराख्न सम्भव छैन, तबसम्म तिनका तमाम भौतिक आधार पनि सङ्घर्षबीच नै मौजुद रहिरहेका हुन्छन् भन्ने विचार लम्सालको रहेको छ। वैचारिक दृष्टि र रचनात्मक दृष्टिको बीच सामान्जस्यर तालमेल भएर आएको लेखनक्रिया जहिले पनि जीवीतर प्रभावशाली रहिरहन सक्दछ भन्ने मान्यता लम्सालको रहेको छ।

### १० देवासुर सङ्ग्राम : ऐतिहासिक भौतिकवादी दृष्टिकोण

लामा-छोटा बाइस अनुच्छेद र छ पृष्ठमा मोदनाथ प्रश्रित संरचित 'देवासुर सङ्ग्राम : ऐतिहासिक भौतिकवादी दृष्टिकोण' लेख शक्ति लम्सालको मार्क्सवाद, समाज र साहित्य कृतिभित्र विचार खण्डको दसौं वा अन्तिम लेख हो। लम्सालले यस लेखमा शास्त्रहरूमा वर्णित देवता र असुरहरूबीचको लडाइँलाई इतिहास, इतिहास र द्वन्द्ववादको कसीमा घोट्ने प्रयास गरेका छन्। इतिहास र कथाका बीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ। इतिहासको द्वन्द्वात्मक रूपलाई जब विर्षदै जाने प्रयत्न गरिन्छ तब त्यो कथाको रूपमा देखा पर्न थाल्छ भन्ने मान्यता लेखकको रहेको छ।

पुराणहरूमा जम्मा बाह्रवटा देवासुर सङ्ग्रामको वर्णन भएको पाइन्छ। कतिपय सङ्ग्राममा कुनै इतिहास र कहानी गाँसिएको देखिँदैन यस्ता सङ्ग्रामहरू खाली ठाउँ पूर्तिका

---

71 पूर्ववत्, पृ. ३३।

लागि मात्र आएजस्तो देखिने भनाइ लम्सालको रहेको छ । हालसम्म जित पनि देवासुर सङ्ग्राम भएका छन् , बाह्रभन्दा धेरै छन् । ती सबैमा पात्र र चरित्रको नाम फेरिए पनि सबै कथाकाप्रवाह र घट्नाहरूको सिलसिला समान किसिमको नै पाइन्छ । यी कथाहरू पढ्दा र सुन्दा यी घटितघट्नाहरू होइनन् जस्तो लागे पनि देव र असुरहरूका बीच सत्ता राजनीति तथा सांस्कृतिक प्रचार प्रसारका लागि प्रबल सङ्घर्षहरू भएको हुनुपर्छ भन्ने दृष्टिकोण लम्सालको रहेको छ ।

आफ्ना विविध दुर्गुणहरूको कारणले देवताहरू दिन प्रतितदिन स्वर्गबाट खेदिए र एकपछि अर्को गर्दै घिन लाग्दो हार खेप्न बाध्य भए भने असुरहरूमा रहेका अनेकौं श्रेष्ठता र उच्चताको कारण मात्र जितमाथि जित हासिल गर्दै गए भन्ने भनाइ लम्सालको रहेको छ । कुनै बखत देवताहरूले जितिहालेका छन् भने विष्णु, शिव र शक्तिका कारण मात्र जितेका छन्, तर असुरहरूको कारणवस हुन पुगेको हारलाई अन्यायको पराजय र देवताहरूको अरूको शक्तिका कारण हुन पुगेको विजयलाई न्यायको विजय भन्ने गरिएको र मानिएको छ । यस मान्यताको विरुद्धमा लेखक देखिन्छन् । पौराणिक इतिहास र त्यसमा उपलब्ध सामग्रीहरू आधुनिक भौतिकवादको इतिहास लेख्नका लागि एउटा मार्गदर्शन हुन सक्ने मान्यता लम्सालको रहेको छ । शोषक र शोषित वर्गबीचको ऐतिहासिक द्वन्द्वको अध्ययन गर्न देवासुर सङ्ग्रामले एउटा भरपर्दो आधारशिला प्रस्तुत गरेको मान्यता लम्सालको रहेको छ ।[72]

### ११ छेपेटार खण्डकाव्यको चिरफार

'छेपेटार खण्डकाव्यको चिरफार' लेख शक्ति लम्सालको मार्क्सवाद, समाज र साहित्य कृतिमा खण्ड 'ख' को समालोचना खण्डमा संग्रहित पहिलो लेख हो । यो लेख लामा - छोटा आठ अनुच्छेद र चार पृष्ठमा संरचित छ । यस लेखमा लम्सालले कवि रविकिरण निर्जीवको खण्डकाव्यको चिरफार गरेका छन् । यसमा उनले प्रगतिवादसम्बन्धी सैद्धान्तिक धारणा व्यक्त गर्दै आफ्नो समालोचकीय व्यक्तित्वको उजागर गरेको पाइन्छ ।

प्रस्तुत लेखमा लम्सालले क्रान्तिकारी वर्गसङ्घर्षबाट अलगथलग भएको कोरा सैद्धान्तिक सङ्घर्षले सङ्घर्षको कुनै आयामको स्थापना गर्न सक्दैन भन्ने कुरालाई रविकिरणले इमानदारीपूर्वक स्वीकारेकाले नै आज उनी र उनको खण्डकाव्य छेपेटारले सामान्य जनमानस र

---

72 पूर्ववत्, पृ. ४२ ।

बुद्धिजीवीहरूका बीच चर्चा परिचर्चाको विषय बनी महŒवपूर्ण स्थान ओगट्न सफल भएको धारणा व्यक्त गरका छन् । काव्यगत योग्यता, भाषगत वैशिष्टच, शैलीगत विशेषता र शिल्पगत निपूर्णताका कारण कवि रविकिरणलाई हरेक पक्षबाट सफलता प्राप्त भएको हो भन्ने मान्यता लम्सालको रहेको छ ।[ठघ]

वर्गीय समाजमा मानव मुक्तिको सङ्घर्षमा सरिक जनता विभिन्न तहका हुने भएकाले प्रगतिवादी कविले कुनै एक वर्ग विशेष निम्ति रचना नलेखेर मानव मुक्तिको सङ्घर्षालाई सघाउ पुऱ्याउने, अर्न्तविरोधलाई चर्काउने टेवा दिने र शोषण विरुद्ध सङ्घर्षशील पक्षलाई हौसला बढाउने हुनुपर्ने धारणा लम्सालले उल्लेख गरेका छन् ।

वर्तमानमा देखिएको देशको समस्यालाई सम्पूर्ण घट्नाको परिवेशसँग जोडेर राजनैतिक र सैद्धान्तिक रूपले आर्थिक र सामाजिक परिवेशमा राखेर समग्र रूपमा जसरी हेर्नुपर्दथ्यो, त्यसरी हेर्न रविकिरणले सकेका छैनन साथै पाठकको तृष्णालाई पनि मेटाउन सकेको देखिदैन । तर सहजता, सरलपना, शुद्धता र इमानदारी जस्ता विशेषताका कारण यस खण्डकाव्यमा कतैपनि कुण्ठा, निराश, पलायन, व्यक्तिगत उच्छृङ्खलता आदि कुनै प्रवृत्ति भेटिँदैन भन्ने धारणा लम्सालले व्यक्त गरेकाछन् । लम्सालले कलात्मकताको अभाव हुँदा हुँदै पनि यदि सही आधारलाई समातेर रचनाा गरिएको छ भने एकदिन त्यसले क्रमिक रूपमा आफ्नो उच्च तहलाई ओगट्न सक्छ भन्ने कुराको परिचय छेपेटार खण्डकाव्यले दिएको छ भन्ने धारणा राखेका छन् ।[ठद्ध]

प्रगतिवादी साहित्यकारले मानव मुक्तिका बाहक सर्वहारा जनसमुदायको स्वाार्थ भन्दा भिन्न रहने सबै किसिमका सोचाइँबाट मुक्त हुँदै जनताको पक्षधर रचनाको सृर्जना गर्नुपर्ने विचार लम्सालको रहेको छ ।कविता भनेको बौद्धिकतालाई भावमा ढालेर रचना गर्नुपर्ने विधा भएकाले यो विधा तरल नभइ सम्प्रेषणशील हुनुपर्दछ । उनमा कविताले पाठकलाई प्रभावित पार्न, कल्पनाको उडानलाई संयमित पार्न उचित - अनुचित बिम्बहरूको चयन गर्न सक्नुपर्दछ भन्ने दृष्टिकोण पाइन्छ । बुद्धितत्वलाई भाषातत्वको आधारमा मात्र कवितामा प्रष्फुटन गराउनु पर्ने हुँदा कवि कर्म निकै जटिल हुने कुरालाई उनी स्वीकार्दछन् । तर कविता सामान्य जनताको

73 पूर्ववत्, पृ. ४४ ।

74 पूर्ववत्, पृ. ४६ ।

जीवन र जीवनानुभूतिको विशद् भण्डार नै स्रोत भएका कारण जनसमुदाय समक्ष उनीहरूका सीप, परिपाटी र भाषा अनुरूप साहित्य सिर्जना हुन्छ भन्ने निष्कर्ष लम्सालको रहेको छ ।

## १२ चिन्तन र कलाको धरातलमा उभिएका कवि भण्डारी

प्रस्तुत 'चिन्तन र कलाको धरातलमा उभिएका कवि भण्डारी' लेख शक्ति लम्सालको मार्क्सवाद, समाज र साहित्य कृतिभित्र दोस्रो खण्डको दोस्रो लेख हो । यो लेख लामा-छोटा छ अनुच्छेद र तीन पृष्ठमा संरचित छ। यो समालोचना कवि जगदीशचन्द्र भण्डारीको **मुक्ति क्षेत्रको यात्रामा** कविता सङ्ग्रहमाथि छ। लम्सालले यस लेखमा भण्डारीलाई विद्रोही चेतना भएको प्रगतिवादी कविकाा रूपमा मूल्याङ्कन गर्दै मुक्ति क्षेत्रको यात्रामा शीर्षक कविता सङ्ग्रहले नेपाली प्रगतिवादी साहित्यमा नयाँ उचाइ थपेको विश्लेषण गरेका छन् ।

यस लेखमा लम्सालले जगदीशचन्द्र भण्डारी यथार्थताको पक्षमा, प्रगतिशीलता र जनवादको पक्षमा सधैँ बोलिराख्ने, दौडिराख्ने, जुलुस नारा र सभमा सहभागी भएर जनताको पक्षमा आफ्नो कलमलाई तिखारीराख्ने वैज्ञानिक चिन्तनका धरातलमा उभिएका व्यक्ति हुन् भन्ने विचार व्यक्त गर्दछन् ।[ठछ] अत्यधिक बौद्धिकताको चिन्तनले थिचेकोले होला उनको कविता आंशिक रूपमा क्लिष्ट, जटिल र दुर्बोधपूर्ण देखिन्छन् र त सामान्य जनता वा पाठक माझ भन्दा बढी चर्चित र प्रतिष्ठाप्राप्त बौद्धिकहरूमाझ बढी चर्चित हुन पुगे । भण्डारी कोरा कवि मात्र नभइ प्राध्यापक, निबन्धकार, समालोचक, प्रबुद्ध पत्रकारका साथै र्चचित वामपन्थी व्यक्तित्व भएका कारण उनको कविताको चर्चा, आलोचना, टीका - टिप्पणी भएको होला भन्ने दृष्टिकोण लम्सालको रहेको छ ।

आजको तथाकथित परिवर्तनको विरुद्ध एवम् पूर्ण राजनीतिक स्वतन्त्रताका लागि मानिसहरूको मनोभावनामा परिवर्तन ल्याउनका लागि क्रान्तिकारी स्वरूपको सिर्जना जबसम्म दैनिक चहल - पहल घटना र जनआन्दोलनसँग समाविष्ट हुन्न, तबसम्म त्यो कविताले जनउभार ल्याउन सक्दैन भन्ने मान्यता लम्सालको रहेको छ। एक कुशल, सक्षम र बहुप्रतिभाका धनी भण्डारकि कवितामा दुस्मनप्रति घृणाका साथै क्रातिन्कारी र इमानदारीहरूप्रति सम्मान, श्रद्धा र प्रेम भाव पाइने धारणा लेखकको रहेको छ । लेखकले जटिल मूल्यवान सामाजिक विचारलाई कलात्मक सरलताका साथ अभिव्यक्त गर्नुपर्दछ भन्दै प्रगतिवादी

---

75 पूर्ववत्, पृ. ४७ ।

साहित्यकारले लिने दृष्टिकोण द्वन्द्वात्मक भौतिकवादी हुने विचार व्यक्त गरेका छन् । मानव सभ्यता, संस्कृति र इतिहासको निर्माण तथा माज विकासका क्रममा सबैभन्दा क्रान्तिकारी तत्व सर्वहारा वर्ग भएकाले उनीहरूको अनुभव आकांक्षा र विचार आदिकोसंचयन गर्न सक्नुपर्दछ भन्ने मान्यता लम्सालको रहेकोछ ।

**१३ उपन्यास लेखन र पारिजात**

लामा-छोटा एघार अनुच्छेद र तीन पृष्ठमा संरचित 'उपन्यास लेखन र पारिजात'मार्क्सवाद, समाज र साहित्य कृतिभित्र दोस्रो वा समालोचना खण्डको तेस्रो लेख हो । लम्साललेयस लेखमा उपन्यासकार पारिजात र उनको शिरीषको फूल उपन्यासले बोकेको निस्सारतावादको भण्डाफोर गरेका छन् ।

प्रगतिवादी साहित्यका विरुद्धमा टाउको उठाउने प्रवृत्तिप्रति असहमति जाहेर गर्दै साहित्यका क्षेत्रमा छलफल र बहस बौद्धिक स्तरमा हुनुपर्ने र प्रगतिवादी साहित्यका क्षेत्रमा उदीयमान प्रतिभाहरू उत्सुक र जागृत हुनुपर्ने आग्रह यस लेखमा गरिएको छ । परिस्थितिलाई सम्झने र त्यसलाई विश्लेषण गर्ने क्रममा जसरी अगाडि बढ्नु पर्दथ्यो त्यसरी अगाडि बढ्न नसकेको हुनाले विजय बहादुर मल्लको अनुराधा उपन्यास उनकै विरुद्धमा देखा पर्‍यो र त्यसले आफ्नै हितलाई पनि निषेध गर्‍यो भन्ने धारणा लम्सालको रहेको छ । त्यसपछि पारिजातद्वारा रचित शिरीषको फूल निस्सारतावादलाई प्रतिनिधित्व गर्दै हाम्रो सामु देखा पर्‍यो, जसलाईएउटा निश्चित परिस्थिति र त्यसै भित्र हुर्केर आएको परम्पराको उत्पत्तिको नै देन मान्नुपर्दछ भन्ने मान्यता लेखकको रहेको छ ।[ठट]

अनुराधा जस्तो उपन्यासशहरीया शिक्षित मध्यम वर्गीय युवकहरूको यौन विकृतिलाई उदाङ्ग पार्नमा नै सीमित रह्यो, त्यस्तै शिरीषको फूलले पनि नेपाली साहित्य जगतमा आश्चर्यजनक रूपमा सबल हुन नसकेतापनि नेपाली साहित्यको उपन्यास जगत्मा एउटा चमत्कार चाँहि पक्कै पनि गरेको छ भन्ने दृष्टिकोण लम्सालको रहेको छ ।

76 पूर्ववत्, पृ. ५० ।

### १४ समुद्रको आगो : समीक्षात्मक प्रयास

प्रस्तुत 'समुद्रको आगो : समीक्षात्मक प्रयास' शीर्षकको लेख मार्क्सवाद, समाज र साहित्य कृतिमा विषयाक्रमानुसार दोस्रो खण्ड वा समालोचनाखण्डको चौथो वा अन्तिम स्थानमा सङ्कलित छ। लम्सालले यस समालोचना सिन्धुलीका कवि एकलाल श्रेष्ठको **समुद्रको आगो** शीर्षक कविता सङ्ग्रहमाथि गरेका छन्। कवि एकलालको कवितामा सामाजिक, राजनीतिक चेतनाले प्राथमिकता पाएको उल्लेख गर्दै उनका गीत र कविताले नेपाल भरीका मुक्तिकामी जनताले प्रेरणा र उत्साह पाएको तथ्यलाई लम्सालले अगाडि सारेका छन्। ययस्ता जनवादी कविताका स्रष्टा श्रेष्ठ जनताको वैचारिक एवम् सांस्कृतिक उन्नतिका निम्ति व्यक्तिगत सिर्जनाका अतिरिक्त अन्य क्षेत्रमा पनि संलग्न भई मार्क्सवाद र लेनिनवादको क्षेत्रमा दिएको योगदानको समेत चर्चा यस लेखमा गरिएको छ। उनको योकविता सङ्ग्रह क्रान्तिकारी चेतना र कलात्मकताको अति सुन्दर नमुना भएको विचार व्यक्त गर्दै निम्न वर्गीय जनताका निम्ति उनको सिर्जनाले महŒवपूर्ण भूमीका खेलेको तथ्यलाई अगाडि सारिएको छ।

साहित्यमा मार्क्सवादको आधारभूत नियम हो, वर्गीय आधारलाई स्वीकार्नु यसको अर्न्तसङ्घर्ष र द्वन्द्वात्मतालाई स्वीर्कानु पर्छ भन्ने मान्यता लम्सालको रहेको छ।[ठठ] देशको राजनैतिक, आर्थिक, सामाजिक आदि मूल समस्याहरूबाट तटस्थ रहेर स्वतन्त्र साहित्यको निर्माण गरियो भने यसले आफूले जनताका पंक्तिबाट टाढा पुऱ्याउँछ भन्ने दृष्टिकोण लेखकको रहेकोछ। लम्सालको विचारमा कविता सङ्कलनको विश्लेषण र मूल्याङ्कन गर्दा समग्रमा भाव पक्ष राम्रो रहे पनि केही कवितामा वैचारक अस्पष्टता सशक्तताको कमी देखा पर्दछ। समग्रमा केही कमजोर पक्ष रहे पनि कवितामा प्रवाह, जीवन र सरलता पाइन्छभन्ने समीक्षा लम्सालले गरेका छन्।

### १५ साहित्यमा हाम्रो धारणाको स्वरूप

'साहित्यमा हाम्रो धारणाको स्वरूप' मार्क्सवाद, समाज र साहित्य कृतिको तेस्रो खण्ड वा साहित्य - कला - संस्कृति खण्डको पहिलो लेख हो। लामा-छोटा पाँच अनुच्छेद र चार पृष्ठमा संरचित यस लेखमा साहित्य, समाज र जीवनको यथार्थ प्रतिबिम्बन भएकाले यथार्थको चरित्र समाज व्यवस्थाको चरित्रले निर्माण गर्दछ भन्दै रचनाकारले यथार्थलाई बोध

77 पूर्ववत्, पृ. ५४।

गर्ने, हेर्ने, महत्व दिने र प्रतिबिम्बन गर्ने आधारमा साहित्यिक प्रवृत्तिहरूो निर्धारण हुने कुरा औँल्याइएको छ ।

मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन, माओ आदि लेखकहरूले जस्तै जनताको लेखकले जनताको समस्याहरूको र तिनीहरूको यथार्थलाई सही ढङ्गले बुझेर आफ्ना रचनामा व्यक्त गर्न सक्नु पर्दछ भन्ने मान्यता लम्सालको रहेको छ ।[ठड] सबै जनताको भावना बुझ्नको निम्ति नेपाली भाषामा प्रकाशित कृतिहरू मात्र पढेर बुझेर पुग्दैन भन्दै उनी पिछडिएको समाजको लागि ककसले कुनकुन समयमा केके कार्य गरे, अन्याय-अत्याचार र शोषण-दमनको विरुद्ध के कति प्रगतिशील र समय सापेक्ष भूमिकाहरू खेले त्यसको खोज, अनुसन्धान र लेखाजोखा गरी जनता माझ ल्याउन सके मात्र नेपाली साहित्यको विकास र समृद्धि हुन सक्ने धारणा लम्सालले व्यक्त गरेका छन् । जनताहरूको बीच उनीहरूका भाषा, लिपि, व्याकरण आदिको खोज गर्न सकेका बौद्धिक चेतनशील र आफ्ना समयका परिवर्तनकारी प्रगतिशील भूमिका खेल्ने र खेल्न सक्ने व्यक्तिहरूलाई देखाउन सकेमा सार्थकता प्राप्त हुन सक्ने धारणा लेखकको रहेको छ ।

वर्तमान परिस्थितिमा हामीले असल - खराब दुवै खालका वस्तुलाई नकरात्मक रूपबाट मात्र नभइ सकरात्मक रूपबाट पनि घटना र वस्तुहरूको सही विश्लेषण गरी आन्तरिक रूपमा मानिसमापरिवर्तन ल्याई उसका हरेक क्रियाकलाप, आहार - विहार र दृष्टिकोणमा परिवर्तन ल्याउनु आवश्यक देखिएको धारणा लम्सालको रहेको छ ।[ठढ]आफ्नो अस्तित्व र यसको रक्षाको निम्ति सबै लेखकहरूगुटबन्दीको आधारमा नभइ वास्तविकता र विश्वव्यापी सिद्धान्तका आधारमा एकजुट भइ आफ्ना साहित्यको विकास र सम्बृद्धि हुन सक्ने धारणा लम्सालले व्यक्त गरेका छन् । जनताहरूको बीच समस्याहरूको बारेमा छलफल गरी समाधान निकालेर एउटा निश्चित उद्देश्यर लक्ष्यमा पुग्न सक्नु नै आजको आवश्यकता देखिन्छ । यसको प्राप्तिका लागि स्थिरता, निरन्तरता, इमानदारिता र लगनशीलताको अत्यधिक आवश्यकता र अनिवार्यता छ भन्ने दृष्टिकोण लम्सालको रहेको छ ।

---

78 पूर्ववत्, पृ. ५६ ।

79 पूर्ववत्, पृ. ५७ ।

## १६ मार्क्सवाद, समाज र साहित्य

'मार्क्सवाद, समाज र साहित्य' शीर्षककै आधारमा पुस्तकको नामकरण गरिएको छ। क्रम सूचीका आधारमा तेस्रो खण्ड वा साहित्य-कला-संस्कृति खण्डको दोस्रो लेख हो। विश्वमा विकास भएको मार्क्सवादमा देखिएको विचलन र वुर्जुवा चिन्तनको प्रभावले नेपालको मार्क्सवादी आन्दोलनलाई कमजोर बनाएको र यसले नेपाली प्रगतिवादी साहित्यिक र सांस्कृतिक आन्दोलनलाई गम्भीर क्षति पुऱ्याएको छ भन्ने धारणा लम्सालको रहेको छ।

प्रस्तुत लेखमा मार्क्सको द्वन्द्वात्मक भौतिकवाददेखि लिएर माओत्सेतुङको 'नौलो जनवाद' सम्मको अध्ययन गर्दा यो संसारको निर्माणको कारण दैवी शक्ति नभइ भौतिक जगत हो भन्ने विचार व्यक्त छ। वर्गसङ्घर्ष नै समाजको प्रगतिको स्रोत हो, सामाजिक मूल्य र आदर्श वर्ग विशेषकै हुन्छ र वर्गहीन समाजमा नै वास्तविक मूल्यको स्थापना हुन सक्छ भन्ने धारणा लम्सालको रहेको छ।[ङण] यस लेखमा नेपाली साहित्यमा वर्गसङ्घर्षलाई क्षति पुऱ्याउने अवसरवादी र दक्षिण पन्थी प्रवृत्तिको हावी भएको चर्चा गर्दै साहित्यमा वर्गीय क्रान्तिका निश्चित अवस्थाहरूलाई ध्यान उग्रपन्थी र दक्षिणपन्थी विचारप्रति तीव्र आक्रोशसमेत व्यक्त गरिएको छ। साहित्यमा वर्गसङ्घर्ष र सामाजिक क्रान्तिका पक्षमा उपयुक्त भूमिका निर्वाह गर्न अपरिहार्य हुने कुरा उल्लेख गर्दै प्रगतिवादी साहित्यले समाजका यथार्थलाई अङ्कित गरी सर्वपक्षीय रूपमा परिवर्तनका दिशातिर अग्रसर गराउनु पर्छ। साहित्यलाई वर्गसङ्घर्षबाट टाढा राख्न सकिन्न भन्ने कुरा यस लेखमा व्यक्त गरिएको छ।

समाज वर्गीय हुन्छ र साहित्य यही वर्गीय समाजमा टिकेको हुन्छ भन्ने विचार व्यक्त प्रगतिवादी साहित्यले समाजलाई आमूल परिवर्तन गर्ने सन्देश दिन्छ भने सामन्तहरू रेडियो, टी. भी. द्वारा आध्यात्मिक दर्शन, धार्मिक अन्धविश्वास, जड मायावाद, अवतारवाद, रूढिवाद जस्ता सामग्रीको प्रसारण गरेर आफ्नो वर्गको रक्षा गर्न चाहन्छन् भन्ने धारणा लम्सालको रहेको छ। साहित्यको उपयोग समाजमा जनवादी परम्पराहरू स्थापित गर्नका लागि वर्तमान समयमा मार्क्सवादी नेपाली कवि, कथाकार, निबन्धकार, नाटककार, उपन्यासकार, आलोचक आदिले भविष्यको चिन्तामा लेखनको दुरुपयोग नगरी समयलाई बर्बाद नगरी शोषण दमन र थिचोमिचोमा परी पिल्सिन बाध्य भएको स्थितिका विरुद्ध लगातार गर्दै आएको सङ्घर्ष, त्याग, बलिदान आदिलाई स्पष्ट रूपमा पेस गर्नुपर्ने आवश्यकता परेको धारणा लम्सालको छ।[ङञ]

---

80 पूर्ववत्, पृ. ५९।

81 पूर्ववत्, पृ. ६१।

## १७ कला साहित्यप्रतिको मार्क्सेली सौन्दर्यशास्त्रीय दृष्टिकोण

'कला साहित्यप्रतिको मार्क्सेली सौन्दर्यशास्त्रीय दृष्टिकोण' मार्क्सवाद, समाज र साहित्य कृतिको तेस्रो खण्ड वा साहित्य-कला-संस्कृति खण्डको तेस्रो लेख हो । यो लेख लामा-छोटा चौबीस अनुच्छेद र दसपृष्ठमा संरचित छ । यस लेखमा शक्ति लम्सालले कलाले जीवन र यथार्थलाई बोध गर्न रचनाकारको वर्गसहानुभूतिको अभिव्यक्ति दिन व्यक्तित्व, विश्व दृष्टिकोण र नैतिक आचरणको निर्माण गर्न पाठकका सिर्जनात्मक क्षमतालाई जागरुक बनाउनका साथै मानव विचारका सम्पूर्ण क्षेत्रलाई आफूमा समाहित गर्न सौन्दर्यात्मक कार्यको मेलबाट मात्र समपन्न हुने धारणा व्यक्त गरेका छन् । यस लेखमा लम्सालले साहित्य तथा कलामा अन्तर्निहित सौन्दर्यको व्याख्या गर्दै सौन्दर्यशाास्त्रको इतिहास, कला सिद्धान्त र सौन्दर्यशास्त्रमा अन्तर, सौन्दर्यशास्त्र र साहित्य समीक्षामा भिन्नता र मार्क्सवादी सौन्दर्यशास्त्रको अस्तितत्व जस्ता विषयका बारेमा स्पष्ट पार्ने काम गरेका छन् ।

वैज्ञानिक युगको उदयपछि ग्यालिलियो, कर्पनिकस, केप्लर, हार्वे, न्युटन, प्यास्कल आदि वैज्ञानिकहरूले प्रकृति सम्बन्धी पुरानो दृष्टिकोण बदलिदिए, समाज गठन बदलियो । फलस्वरूप पुरानो दर्शनको ठाउँमा भौतिकवादी दर्शन देखा पर्‍यो । क्रमशः विभिन्न वैज्ञानिकहरूको उदयसगँ विभिन्न वाद र सिद्धान्तहरू देखा पर्दै गए साथै विविध क्षेत्रमा परिवर्तन आयो । साहित्यमा पुनर्जागरण काल साहित्यमा शास्त्रीय बन्धन विरुद्धको विद्रोह, आभिजात्य जीवनका गतिविधि,चालचलन आदिको आलोचना, काल्पनिक जीवनको साटो यथार्थ मानव जीवनका विविध चित्रण, प्रवृत्ति, सूक्ष्म रहस्यात्मक अनुभूति, अभिव्यक्तिका नयाँ–नयाँ माध्यम र शैली, शिल्प विधान आदिमा प्रयोग गर्ने रूपमा व्यक्त भयो । कला र विज्ञान दुवै यथार्थलाई बुझ्ने साधन हुन् र यिनले जीवनलाई सम्पूर्णता र प्रगतितिर लग्दछन्, भित्री र बाहिरी यथार्थको ज्ञान दिन्छन् भन्ने दृष्टिकोण लम्सालको रहेको छ ।[८२] जितबढी मात्रामा कुनै कृतिमा चित्रहरूको प्रयोग गरिन्छ उति कलात्मक हुन्छ र जित बढी जटिल निराकार धारणाको प्रयोग गरिन्छ, उति बढीवैज्ञानिक हुन्छ भन्ने मान्यता लम्सालको रहेको छ । कला र विज्ञान सम्बन्धी विभिन्न विद्धानहरूका विचारहरूलाई समेटिएको यस लेखमा विचारलाई वास्तविक परिस्थिति, यथार्थ घटना, सही चरित्र र जीवित व्यक्तित्वको रूपमा सामाञ्जस्यता मिलाएर देखाउनु, पात्रहरूलाई स्वाभाविक रूपमा प्रस्तुत गर्नु जस्ता गुणहरूलाई साथै सौन्दर्यात्मक नियमहरूलाई पालना गरेर

---

82 पूर्ववत्, पृ. ६६ ।

कुनै पनि रचनाको सिंजना गरिन्छ भने त्यो सफल बन्न सक्छ भन्ने दृष्टिकोण लेखकको रहेको छ। नेपाल लगायत विभिन्न मुलुकका कवि लेखकहरूले औपनिवेशिक पुँजीवादी साम्राज्यवाद विरोधी सङ्घर्षमा आ - आफ्नो क्षेत्रबाट अहम र ठोस भूमिका खेलेको कुरा मार्क्सवादी वर्गीय दृष्टिकोणबाट यथार्थताको चिरफार गरेर हेर्दा नै स्पष्ट हुन्छ भन्ने धारणा लम्सालको रहेको छ। सौन्दर्य तत्व कलाको विशेष र महत्वपूर्ण वस्तु हो, जबसम्म कलालाई सामाजिकीकरण गरिन्न, तबसम्म कलाको सिर्जना हुन नसक्ने कुरा लेखकले व्यक्त गरेका छन्। यदि हामीले मार्क्सवादी सौन्दर्यशास्त्र अर्न्तगत वर्गसङ्घर्ष र सर्वहारा वर्गको नेतृत्वलाई विर्षने कोशिष गर्‍यौं भने दर्शन, साहित्य, कला कुनैपनि फाँट फस्टाउन सक्दैन भन्ने मान्यता लेखकको रहेको छ।[83]

**१८ साहित्य र राजनीतिको सम्बन्धबारे जीवित सवालहरू**

'साहित्य र राजनीतिको सम्बन्धबारे जीवीत सवालहरू' मार्क्सवाद, समाज र साहित्य नामक कृतिमा सङ्गृहीत तेस्रो खण्ड वा साहित्य-कला-संस्कृति खण्डको चौथो लेख हो। यस लेखमा शक्ति लम्सालले साहित्य र राजनीतिको सम्बन्ध के कस्तो छ ?,द्वन्द्ववाद भनेको के हो ?, साहित्यमा राजनीति कसरी व्यक्त हुन्छ ?जस्ता कुराहरूलाई स्पष्ट रूपमा औँल्याएका छन्।

प्रस्तुत लेखमा कला र साहित्यलाई राजनीतिको मध्यविन्दुमा राखिएको छ। कला र साहित्यमा राजनीतिको प्रवेशलाई मार्क्सवादी सौन्दर्यशास्त्रले कहिल्यै विरोध गर्दैन। राजनीति र साहित्य एक अर्काका भिन्न विषय हुन् तर यी दुवै सामाजिक धरातलमा उभिने हुनाले यी दुवै बीच सम्बन्ध भने निश्चित हुन्छ तर कला र साहित्यलाई राजनीतिको मुखपत्र बनाउन नहुने विचार लम्सालको रहेको छ। राजनीति, कानुन, धर्म, नैतिकता, दर्शन र कला जस्ता चेतनाका सम्पूर्ण रूपहरू एकअर्कामा घनिष्टतम सम्बन्धित भएकाले साहित्यमा राजनीतिको प्रवेश अमान्य भने हुँदैन तर यसलाई अति रूपमा राजनीतीकरण भने गरिनु हुँदैन भन्ने उनको आग्रह यस लेखमा रहेको पाइन्छ।

लेनिन, म्याक्सिम गोर्की, लु सुनलगायतका लेखकहरूका रचनाहरूमा आआफ्ना देशका जनताले राजनैतिक आर्थिक रूपमा पाएको ऐतिहासिक सफलताका साथै नैराश्यता पलायन र आलस्यबाट मुक्त भएका कुराहरू अभिव्यक्त छन् भने नेपालमा पनि सं.२००७ साल ताकाको राजनैतिक परिवेशबाट नेपाली साहित्य अछुतो रहन सकेन।[84] कुनै पनि जागरुक, चेतनशील

83 पूर्ववत्, पृ. ७०।

84 पूर्ववत्, पृ. ७३।

लेखकहरूले राजनीति र साहित्यबीचको दोहोरो घनिष्ठ सम्बन्ध र त्यसले निरन्तर रूपमा पार्ने प्रभावलाई बिर्सन सकिँदैन भन्ने मान्यता लम्सालको रहेको छ। द्वन्द्वात्मक भौतिकवादमाथि विश्वास राख्ने लेखकले जनताका यावत् समस्याहरूलाई विभिन्न कोणबाट हेर्ने, केलाउने र त्यसप्रति आफ्नो दृष्टिकोण व्यक्त गर्ने पूर्ण अधिकार रहेको हुन्छ भन्ने मान्यता लम्सालको रहेको छ। लेखकले हालसम्म बुर्जुवा लेखकहरू मात्र प्रज्ञाप्रतिष्ठानबाट पुरस्कृत, सम्मानित र प्रोत्साहित हुन पुगेको कुरा व्यक्त गर्दै प्रगतिशील लेखकहरूलाई प्रज्ञाप्रतिष्ठानले अलग धारमा राखेर हेरेको कुरा व्यक्त गर्दछन्। अमूर्त तथा दुर्बोध्य साहित्यको रचना गर्नु पुँजीवादी लेखकहरूको सफलता मानिन्छ। कला शिल्पका दृष्टिले हेर्दा प्रगतिवादी साहित्य भन्दा पुँजीवादी साहित्य अगाडि छ भन्ने मान्यता लेखकको रहेको छ।[डछ]

लेनिनका भनाइहरूलाई समीक्षा गर्दै लम्सालले यस लेखमा पुरानो जमानामा जे जित साहित्य रचियो, त्यो आज पनि त्यत्तिकै उपयोग हुन सक्दैन, तर आजको साहित्य सिर्जनाको आधार भने अवश्य हुन सक्छ भन्ने विचार व्यक्त गरेका छन्। जबसम्म हामीले वर्गीय अर्न्तविरोधका विशिष्टताहरू र सार्वभौमिकता विपरीतका तत्वहरूबीचको एकता र तानातानलाई बुझ्न र केलाउन सक्दैनौँ, तबसम्म साहित्य र राजनीतिबीचको सम्बन्धलाई बुझ्न सकिँदैन भन्ने विचार व्यक्त गरेका छन्।

### १९ साहित्य कस्तो हुनुपर्दछ ?

लामा-छोटा छ अनुच्छेदमा लेखिएको 'साहित्य कस्तो हुनुपर्दछ ?' शीर्षक लेख मार्क्सवाद, समाज र साहित्य कृतिको तेश्रो खण्डको पाँचौं लेख हो। यस लेखमा लम्सालले नेपाली साहित्यमा जित धेरै लेखकहरू देखा परे पनि अझै गोर्की र लु सुन देखा पर्न नसकेकाले हामीलाई अभावहरूको अनुभव भएको कुरा व्यक्त गरेका छन्।

नेपाली साहित्यका जुनसुकै विधालाई नियाले पनि कुनै न कुनै कुरा खट्किरहेको हुन्छ। नेपाली प्रतिभामा असन्तोष छ, तर असन्तोषले अझै क्रान्तिको बाटोलाई समात्न पाएको छैन। हाम्रो असन्तोष क्रान्तिककारी चरित्रको वर्गीय दृष्टिकोण र वर्गीय सङ्घर्षमा आधारित रहेको हुनुपर्छ अनि मात्र यसको अस्तित्व र सार भन्ने मान्यता लम्सालको रहेको छ।[डट]कुनै पनि

85 पूर्ववत्, पृ.७८।

86 पूर्ववत्, पृ.८०।

साहित्यकार आफ्नो बाटो र उद्देश्यप्रति समर्पित हुन सक्नु पर्दछ । जबसम्म सामाजिक अत्याचार विरुद्ध चेतनाको विकास हुँदैन, तबसम्म जीव शोषणको जाँतोमा पिसिइराखेको हुन्छ । त्यसैले सडेगलेको समाजको विरुद्ध सङ्घर्ष गर्न वर्गीय दृष्टिकोणको साथै अन्तर्राष्ट्रिय सर्वहारावादी चिन्तन पनि हुनुपर्दछ, यसो भएमा मात्र साहित्यलाई सार्थक मान्न सकिन्छ भन्ने मान्यता लेखकको रहेको छ ।

## २० प्रगतिशील नेपाली साहित्यको दायित्व

प्रस्तुत 'प्रगतिशील नेपाली साहित्यको दायित्व' शीर्षकको लेख मार्क्सवाद, समाज र साहित्य नामक कृतिमा विषयाक्रमानुसार तेस्रो खण्डको छैटौँ स्थानमा सङ्कलित छ। यस लेखभित्र स्वैरकल्पनाको माध्यमबाट मात्र नेपाली साहित्यको विकास सम्भव छैन, र प्रगतिशील आन्दोलनभित्रका ज्वलन्त समस्याहरू दुई उपशीर्षक राखेर विश्लेषण गरिएको छ। यसमा प्रगतिशील साहित्यले वर्तमान नेपालको गतिशील यथार्थलाई कलात्मक उच्चताका साथ सक्रिय रूपबाट प्रतिबिम्बनन गर्नुपर्दछ भन्दै प्रगतिशीलताले जीवन जगतकको विकासशीलतामा आस्था राख्ने यथास्थितिले गतिशीलताको विरोध गर्ने हुँदा प्रगतिशीलताको चाहना यथास्थितिको विरुद्ध क्रियाशील नभई प्राप्त हुन नसक्ने लम्सालले उल्लेख गरेका छन् ।

हाम्रो देश अर्धसामन्ती एवम् अर्धऔपनिवेशिक अवस्थामा भएकाले यहाँ सामान्य जनमानसलाईसम्प्रेषणीय गर्ने थुप्रै सामन्ती, साम्राज्यवादी, आदर्शवादी, समन्वयवादी, पलायनवादी, छाडा, अश्लील र यौन उत्तेजक विचारहरू, कथावस्तुहरू, अभिनय आदि सञ्चारका विभिन्न माध्यमाट प्रस्तुत गर्दा कयौं शिक्षित व्यक्तित्वहरू पनि अझै रूढिवाद, अन्धविश्वास र धर्मबाट मुक्त हुन सकेका छैनन्भन्ने मान्यता लम्सालको रहेको छ ।[८७] वर्गीय चेतनाको विकास, वर्गीय सङ्गठनहरूको निर्माण, वर्गसङ्घर्षले व्यापक जनस्तरमा आधार क्षेत्रहरू कायम गर्न सकेमा र शोषित पीडित र त्रसित जनताले सबैखाले शोषण र शोषकहरूको विरुद्ध ससक्त आन्दोलन गर्न सके भने मात्र प्रगतिशील साहित्यको विकास हुन सक्छ भन्ने धारणा लेखकको रहेको छ ।

यस लेखमासाम्राज्यवादी पुँजीवादी, सामाजिक साम्राज्यवादी र संशोधनवादी शोषण हैकमबाट जनतालाई मुक्त तुल्याउनका निम्ति स्वैरकल्पनाको माध्यमबाट मात्र सम्भव छैन साथै शिल्प विधानको विकास पनि स्वैरकल्पनाबाट सम्भव देखिदैन भन्ने विचार लम्सालको रहेको

87 पूर्ववत्, पृ. ८२ ।

छ। आज सामाजिक-आर्थिक जटिलता र मार्क्सवादी वर्गीय स्वरूपमाथि जसरी चौतर्फी आक्रमण गरिँदैछ र यसको अस्तित्व र स्वरूपलाई लिएर अविश्वास र भ्रम सिर्जनागराउने काम पश्चिमी सञ्चारमाध्यम र सत्तातन्त्रबाट जित तीव्र रूपले भएको छ, त्यसको विरुद्धमा लागेर सर्वाधिक विकसित रूपमा साहित्यमा नयाँ प्रयोगलाई प्रचलनमा ल्याउनुभन्दा प्रचलित जुन प्रयोग छ, त्यस मध्ये प्रगतिशील प्रयोगलाई विकसित गर्दै लगी त्यसको विचर र कला पक्षलाई समाजवादी यथार्थवादमा विकसित तुल्यएर अघि बढ्नु उचित हुन्छ भन्ने मान्यता लम्सालको रहेको छ। नेपाली साहित्यिक आन्दोलनमा विवाद र एकताको प्रश्न आजको राजनीतिक स्थितिको त्यो असली मुद्दा हो, जससँग लेखकहरू एकतामा पुग्न सकेका छैनन्, उनीहरू आ-आफ्नै पार्टी र समुदायको वकालत गर्दै प्रत्येक पार्टीसित रहेका छन्। हामीले चाहेको प्रगतिशील साहित्यको चरित्र, स्वभाव र कार्य द्वन्द्वात्मकभौतिकवादी विचार रदर्शन तथा नौलो जनवादी आन्दोलन एवम् वर्गसङ्घर्षसँग आबद्ध रहँदै आएको छ, साथै यसलाई टुक्रचाएर वा अलग पारेर हेर्न सकिदैन भन्ने विचार लम्सालको रहेको छ। नेपाली प्रगतिशीलसाहित्य मार्क्सवादी विचार र दर्शन, वर्गसङ्घर्ष र जनआन्दोलनसँग गाँसिएर आएको हुन्छ साथै यसभन्दा अलग, तटस्थ र स्वतन्त्र रूपको हुनै सक्दैन भन्ने मान्यता लेखकको रहेको छ। हाम्रो सामु समस्याहरू देखा पर्दै गइराखेका छन्, तर समाधान हुन सकेका छैनन्। आज धेरै प्रगतिशील, प्रगतिवादी रमार्क्सवादी जनवादी लेखक, चिन्तकहरूबीच साङ्गठनिक, वैचारिक र सैद्धान्तिक मतभेदहरू व्याप्त छन्। जबसम्म हामीले वर्गीय रूपमै आफ्ना संस्कार, व्यवहार, चरित्र र क्रियाकलापलाई फेर्दैनौं, तबसम्म चाहेर पनि केही गर्न सक्दैनौं। लेखन क्षेत्र अति नै संवेदनशील, बौद्धिक र भावनात्मक क्षेत्र भएकाले यसलाई मनोवैज्ञानिक व्यवहार र सिद्धान्तको कसौटीमा राखेर सञ्चालन गर्दा नै यसले सही बाटो समात्न सक्छ। नेपाली प्रगतिशील साहित्यलाई यही सही दिशा दिनु नै आजको मुख्य दायित्व हो भन्ने धारणा लम्सालका रहेको छ।[डड]

**२१ नेपाली साहित्यमा आजको आवश्यकता**

प्रस्तुत लेख मार्क्सवाद, समाज र साहित्य कृतिको तेस्रो खण्डको सातौं लेख हो। यस लेखमा शक्ति लम्सालले नेपाली साहित्यलाई देशका विभिन्न भागमा कसरी पुऱ्याउन सकिन्छ भनेर राजधानीमा विभिन्न गोष्ठीहरूहुने गरेका छन्। यो कार्यले सकरात्मक रूपमा अगाडि बढ्न सक्षम हुन्छ कि हुदैन भन्ने कुरालाई व्यक्त गरेका छन्।

---

88 पूर्ववत्, पृ. ८६।

जनतादेखि जनतासम्म जानका निम्ति सङ्गठित शक्ति, कार्यक्रम र योजना एवम् सामूहिक प्रयत्न र इमानदारीको ठूलो आवश्यक पर्न सक्छ। नेपाली प्रगतिशील, जनवादी साहित्य र संस्कृतिको विकाश र उन्नतीमा दिलचस्पी राख्ने प्रत्येक सहृदयी व्यक्तित्वहरूले एकजुट भएर यसलाई अखिल नेपाल जनसांस्कृतिक सङ्घको रूपमा बिकसित तुल्याएर अघि बढ्नु आजको आवश्ययकता हो भन्ने धारणालम्सालको रहेको छ। साहित्यका विभिन्न विधाहरूलाई जनउपयोगी र सार्थक तुल्याएर विकसित अवस्थामा पुऱ्याई ग्राह्य बनाउन सांस्कृतिक जीवनका विभिन्न क्षेत्रबाट योगदान पुऱ्याउन रचनात्मक सुझाव सल्लाहरू उपलब्ध गराउनुका साथै त्यसलाई कार्यान्वयन गराउनेतर्फ पनि ठूलो प्रयास र सक्रियताको निकै आवश्यकता पर्न जाने धारणा लेखकको छ।

**२२ नेपाली प्रगतिवादी साहित्य र प्रभुत्ववाद**

'नेपाली प्रगतिवादी साहित्य र प्रभुत्ववाद' मार्क्सवाद, समाज र साहित्य कृतिको तेस्रो खण्डको आठौं लेख हो। यस कृतिमा सङ्गृहीत हुनुभन्दा अगाडि यो लेख सेरोफेरो त्रैमासिक पत्रिकामा २०४४ सालमा प्रकाशित भइसकेको थियो। यस लेखमा शक्ति लम्सालले प्रगतिवादी साहित्यका क्षेत्रमा कलम चलाउने चेतनशील लेखक र वुद्धिजीवीहरूका सामु राष्ट्रिय र जनवादी लेखन र संस्कृतिको निर्माणमा सामाजिक प्रगतिसँग प्रतिबद्ध सर्म्पूण लेखक संस्कृतिकर्मीहरूलाई समेटेर राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमै दुई महाशक्तिको विरुद्धको सैद्धान्तिक र वैचारिक सङ्घर्षको धारलाई दृढताको साथ अगाडि बढाउनु पर्ने जिम्मेवारी आएको दृष्टिकोण व्यक्त गरेका छन्।[८९]

विश्व प्रभुत्ववाद र प्रभुत्ववादको विरोध साहित्य र संस्कृतिका क्षेत्रमा हिजो अनिवार्य थियो, तर आज छैन भन्ने मान्यताको विरोध गर्दै यसलाई हल्काफुल्का रूपमा लिन नमिल्ने विचार लमसालले व्यक्त गरेका छन्। समाजप्रतिको आफ्नो दायित्वलाई ख्याल राख्नेहरूले मार्क्सवादको मूल हतियार वर्गसङ्घर्ष हो भन्ने कुरालाई कहिल्यै विर्सन हुदैन भन्ने मान्यत लेखकको रहेको छ। कुनै पनि देशभक्त, जनवादी क्रान्तिकारी, प्रगतिवादी लेखक, कवि र साहित्यकर्मी, जो सामाजिक प्रगतिप्रति प्रतिबद्ध छ, उसले समाजमा देखापरेका अन्याय, अत्याचार, दमन, असमानता र भेदभाव निराकरणका निम्ति दुई महाशक्ति राष्ट्रको जनस्तरमा विरोध गर्नु आजको आवश्यकता र अनिवार्यता दुवै हो भन्ने मान्यता लम्सालले राखेका छन्।

89 पूर्ववत्, पृ. ८९।

**२३ हाम्रो साहित्य प्रतिक्रियावादविरुद्ध लक्षित छ**

प्रस्तुत लेख मार्क्सवाद, समाज र साहित्य नामक कृतिमा सङ्गृहीत तेस्रोखण्डको नवौं लेख हो । यस लेखमा लम्सालले लेनिनका विभिन्न विचारहरूको समीक्षात्मक अध्ययन गरी आफ्नो विचार व्यक्त गरेका छन् । कला जनताको सम्पत्ति हो भन्ने लेनिनको भनाइप्रति सहमति जनाउँदै लम्सालले साहित्य भन्ने कुरा जनताको सम्पत्ति हो र यसका निर्माता पनि सङ्घर्षशील महान् जनता नै हुन् भन्दै बुर्जुवा लेखकहरूको कला जनताबाट भिन्न, निरपेक्ष, विशुद्ध तटस्थ हुन्छ र हुनुपर्छ भन्ने धारणा अति नै हास्यास्पद कुरा हो भन्ने विचार व्यक्त गरेका छन् ।[ढण]

जनआन्दोलनको सफलतापछि पनि आज आएर बुर्जुवा साहित्यकारहरू सरकारी सञ्चारहरूद्वारा विभिन्न वर्ग र विचारधाराका बीच पुनः वर्ग समन्वयको प्रचार गर्दै हिँड्ने निर्दलीय पञ्चायती व्यवस्थाको सरकार होस् या हालको बहुदलीय प्रजातान्त्रिक सरकार दुवै प्रतिक्रियावादी नै हुन्, यी दुवैको भण्डाफोर गर्नु आजको आवश्यकता हो भन्ने धारणा लम्सालको रहेको छ ।

**२४ आजको प्रगतिशील नेपाली लेखनको दिशा**

लामा-छोटा आठ अनुच्छेदमा संरचित'आजको प्रगतिशील नेपाली लेखनको दिशा' शीर्षक लेखमा शक्ति लम्सालले प्रत्येक प्रगतिशील यथार्थवादी लेखक, कवि, चिन्तक, कलाकर्मी आदिको अस्तित्व उसको उदारता र समन्वयमा नभइ उसले लिएको मिथ्या चेतनाको विरुद्ध लिएको अडान र गरेको सङ्घर्षले प्रस्टचाएको हुन्छ भन्ने धारणा व्यक्त गरेका छन् ।जबसम्म देशमा घट्ने राजनीतिक, सामाजिक, आर्थिक किसिमका घट्ना र उतारचढावसँग आफ्नो सामप्यि सम्बद्धता जनाएको हुँदैन, तबसम्म कुनै पनि लेखक लोकप्रिय र प्रतिष्ठित हुन सक्दैन भन्ने मान्यता लम्सालको रहेको छ ।

समयको अग्रगामी प्रगतिशील धारलाई चिनेर युगको प्रवाहलाई आफ्ना रचनामा प्रवेश गराउन सकेका कारण राहुल सांकृत्यायनको **भागो नही दुनियाँको बदलो**, मेक्सिम गोर्कीको **आमा** लु सुनको **बहुलाको डायरी** जस्ता विश्वविख्यात लेखकहरूका रचनाहरूले आआफ्ना देशका जनतालाई मात्र नभई विश्वभरिका जनता, जो सामन्तवाद, साम्राज्यवाद, जातिभेद र रङ्गभेद विरुद्ध सङ्घर्षरत छन्, क्रान्ति र परिवर्तनको दिशामा अग्रसर र समर्पित छन्, सबैलाई अपूर्व शक्ति प्रदानगरेका छन् भन्ने मत लेखकको रहेको छ । प्रगतिवादी दृष्टिकोण राख्ने नेपाली

---

90 पूर्वपत्, पृ. ९३ ।

वामपन्थी लेखकहरूले दुष्टचाइँ र दुष्चरित्रको विरुद्ध अन्य वामपन्थी र देशभक्त स्वतन्त्र लेखक, कलाकर्मीहरूलाई पनि लिएर आफ्ना समस्त विधाहरूमा परिवर्तन ल्याई यसलाई अनिवार्य रूपले यथास्थितिवादीहरूको साथै संशोधनवादी लेखन र लेखककोविरुद्ध सङ्घर्ष तीव्र पार्नु नै आजको अहम् विषय बन्न गएको धारणा लम्सालको रहेको छ । यदि लेखकको दृष्टिकोण र व्यवहारलाई इमानदारिताका साथ प्रयोग गर्नु छ भने प्रगतिशील फाँटको साहित्यिक प्रवृत्ति र धारणालाई स्पष्ट रूपमा जनसमक्ष राख्नु नितान्त आवश्यक छ । लम्साललको विचारमा परिवर्तनको चेतना दिने, शोषण, अन्याय र अत्याचारको उद्घाटन गर्ने साथै संशोधनवादी बहुरङ्गी समन्वयवादी दृष्टिको विरुद्ध सचेत र सर्तक राख्ने साहित्य सांस्कृतिक क्रान्तिको पक्षमा खडा भएको साहित्य हो ।

### २५ समाज विकासमा कला, साहित्य एवम् संस्कृतिको भूमिका

'समाज विकासमा कला, साहित्य एवम् संस्कृतिको भूमिका' शक्ति लम्सालको मार्क्सवाद, समाज र साहित्य नामक कृतिमा सङ्कलित तेस्रो खण्डको एघारौं लेख हो । यो लेख यस कृतिमा सङ्कलित हुनुपूर्व नै **जनमानस** (अ.भा.ने.वि.सङ्घको वार्षिक मुख-पत्र) वर्ष - ७, अङ्क - ७, २०४१ मा प्रकाशित भइसकेको देखिन्छ । यस लेखमा लम्सालले क) मार्क्सवादी दृष्टिकोणमा समाज विकासमा कला, साहित्य र संस्कृतिको के भूमिका, ख) नेपालको वर्तमान् सन्दर्भमा कला, साहित्य र संस्कृतिको समाज विकासका निम्ति कस्तो भूमिका जस्ता विषयका बारेमा चर्चा गरेका छन् ।

प्रगतिवादी दृष्टिकोणमा कला, साहित्य र संस्कृतिले क्रान्तिकारी भूमिका खेल्छ भन्दै लम्सालले कला साहित्य र संस्कृति युगसापेक्ष हुन्छ, त्यसका लागि समाजको मूल प्रवृत्तिलाई ठम्याउनु पर्छ भन्ने मान्यता व्यक्त गरेका छन् । संशोधनवाद र सङ्कीर्णतावाद दुवै प्रवृत्तिहरूको विरोध गर्दै कला, साहित्य र संस देखा परेका यी दुई गलत विचारहरूको सही छिनोफानो गर्दै र त्यसका विरुद्ध सम्झौताहीन वैचारिक सङ्घर्ष चलाउँदै आजको प्रगतिवादी कला, साहित्य र संस्कृतिको विकासमा क्रान्तिकारी भूमिका निभाउनु आवश्यक रहेको कुरा लेखकले व्यक्त गरेका छन् ।[ढञ] सामन्ती र बुर्जुवा संस्कृतिबाट निर्मित, मिश्रित सस्कृति विरुद्ध तीव्र प्रहार गरेर भावी परिर्वतनका निम्ति, वैचारिक पृष्ठभूमिको निर्माण गर्न सकेमा प्रगतिवादी नेपाली कला, साहित्य र संस्कृतिले सामाजिक क्रान्तिका निम्ति व्यापक पृष्ठभूमि तयार पार्न सम्भव छ अन्यथा लेखक, कलाकारको महान दायित्वलाई पूरा गर्न सम्भव छैन भन्ने मान्यता लम्सालको रहेको छ । आज

---

91 पूर्ववत्, पृ. ९९ ।

समाजमा अन्याय, अत्याचार, शोषण, उत्पीडन, दमन निरन्तर बढ्दै गइरहेको अवस्थामा प्रतिक्रियावादी रूपहरूका विरुद्ध नजुधी प्रगतिवादी कला, साहित्य र संस्कृतिले आफ्नो भूमिका खेल्न सक्दैन भन्ने धारणा लेखकको रहेको छ ।

### २६ प्रलेक र आजको हाम्रो दायित्व

प्रस्तुत लेख शक्ति लम्सालको मार्क्सवाद, समाज र साहित्य नामक कृतिमा सङ्गृहीत तेस्रो खण्डको बाह्रौं लेख हो । यस लेखमा लम्सालले चावेल लेखकीय भेलाको महत्वपूर्ण ऐतिहासिक निर्णयहरू पेस गर्दै अभिव्यक्तिका स्वतन्त्रता र एकता साथै सङ्गठन निर्माण सम्बन्धमा सामन्तवाद र साम्राज्यवाद विरोधी धारलाई निर्विघ्नता साथ अगाडि बढाउन परेको कुरालाई व्यक्त गरेका छन् ।

२०३६ सालमा गठन भएको प्रलेक राष्ट्रिय सम्मेलन तयारी समितिका १९ सदस्यहरू मध्ये धेरैले विभिन्न कारणहरू देखाइ समिति छाड्न बाध्य भए, यस सकंट अवस्थामा जसरी भएपनि सबैलाई गोलबन्द गर्न सक्ने र मिल्दो किसिमको तात्कालिक निचोड निकाल्न पर्ने धारणा व्यक्त भयो र निर्णय पेस भए प्रलेक सङ्घ सात वर्षसम्म निष्क्रिय रहन पुग्नुको कारण यसभित्रको गुटबन्दी र सङ्कीर्णता नै हो भन्ने भनाइ लेखको रहेको छ । प्रगतिशील लेखक, कलाकारहरू गोलबन्द भइ अगाडि बढ्नको लागि नीतिगत र व्यावहारिक पक्षहरूप्रति चनाखो, गतिशील र इमानदार रहन अति नै आवश्यक छ । यसका लागि आफूलाई चित्त बुझेका-नबुझेका कुरामाथि आ-आफ्ना धारणाहरू प्रस्तुत गरी त्यसमाथि छलफलका लागि विवाद चलाउने र सुन्ने पूर्ण स्वतन्त्रता हुनुपर्दछ साथै सबै वामपन्थी समूहगत बौद्धिक पक्षको प्रतिनिधित्वको निरूपणसम्बन्धी प्रश्नमा स्वच्छता, इमानदारी, त्याग र बलिदानको प्राथमिकता र प्रमुखता रहनु पर्दछ भन्ने मन्यता लम्सालको रहेको छ ।[92]

### २७ प्रलेस र यसको दायित्व

'प्रलेस र यसको दायित्व' शक्ति लम्सालको मार्क्सवाद, समाज र साहित्य नामक कृतिमा सङ्गृहीत तेस्रो खण्डको तेह्रौं लेख हो । यस लेखमा लम्सालले प्रलेस भनेको के हो ? यसको दायित्व के साथै यसका नीति कार्यक्रमहरू के कस्ता छन् भन्ने विषयमा आफ्ना विचारहरू व्यक्त गरेका छन् ।

---

92 पूर्ववत्, पृ. १०२ ।

प्रस्तुत लेखमा प्रगतिशीललेखक सङ्घको गठन पछि विभिन्न समयमा विभिन्न विषयहरूलाई लिएर गोष्ठी र अन्तर्क्रियाका विभिन्न कार्यक्रमहरू भए र त्यसमा यसलाई कसरी अगाडि बढाउने भन्ने विषयमा ठोस व्यावहारिक एवम् समसामयिक निर्णयहरू भए। कार्यक्रमहरूलाई व्यवस्थित रूप दिने उद्देश्यले प्रलेस नेपालले २०४५ सालको वार्षिक कार्यक्रम पारित गऱ्यो। जसमध्ये पहिलो वार्षिक कार्यक्रमले देशभरि छरिएर रहेका प्रगतिशील देशभक्त र जनपक्षीय विचारक र लेखकहरूलाई गोलबन्द गरी सङ्गठनभित्र प्रवेश गराउने र दोस्रो कार्यक्रमले सामन्तवाद-साम्राज्यवाद तथा सबैखाले प्रतिक्रियावाद र दुई महाशक्तिविरुद्धको वैचारिक आन्दोलनलाई पनि सशक्त रूपमा अगाडि बढाउनुका साथै सैद्धान्तिक र वैचारिक आधार तयार पार्न ठूलो सघाउ पुऱ्याउने छ। तेस्रो कार्यक्रमले राजधानीमुखी सङ्कुचित र साँघुरो घेराबाट मुक्त भई प्रलेस बहुभाषीय र बहुजातीय समाज खडा हुने साथै चौथो कार्यक्रमले एक- अर्काको बीचमा घनिष्ठता, विचारको- आदन प्रदान एवम् विश्वास बढ्न गई भ्रमको अन्त्य भई जनता सामु आफूलाई परिचित गराउन सक्षम हुनेछ। पाँचौ कार्यक्रमले प्रलेस भनेको वर्गीय दृष्टिकोण भएका, जनआन्दोलन र जनसाहित्यको सम्बन्ध जोड्नमा जोड दिने लेखकहरूको एउटा सैद्धान्तिक र वैचारिक सचेत सङ्गठन हो। यसले देशमा भएको अन्याय, अत्याचार, भ्रष्टाचार, रूढिवाद विरुद्ध सशक्त भूमिका खेली सामूहिक विचार र साझा समझदारीको विकास गराउन सघाउ पुऱ्याउनेछ साथै छैठौ कार्यक्रमले लेखकहरूका प्रत्येक गतिविधि र क्रियाकलापबाट जनमानसलाई हरेक कुराको अवगत गराई अगाडि बढ्नुनै प्रलेसको दायित्व हो भन्ने मान्यता लम्सालको रहेको छ।

प्रलेसको जीवन्तता र अतित्व भन्नु नै यसको निरन्तरताको क्रियाशीलता र व्यापक द्वन्द्व वा सङ्घर्षको निचोड हो भन्ने धारणा लेखकको रहेको छ।[ढघ]शोषित -पीडित नेपाली जनताको सपनालाई साकार तुल्याउने बाटोलाई अँगालेको हुनाले प्रलेसको औचित्वलाई कसैले पनि चुनौती दिने र औंला ठडयाउन सक्दैन भन्ने दृष्टिकोण लम्सालको रहेको छ।

### २८ वर्तमान सांस्कृतिक अवस्था : एक चर्चा

प्रस्तुत 'वर्तमान सांस्कृतिक अवस्था : एक चर्चा' शीर्षकको लेख मार्क्सवाद, समाज र साहित्य नामक कृतिमा विषयक्रमअनुसार तेस्रो खण्डको चौधौं स्थानमा सङ्कलित छ। यो लेख यस कृतिमा सङ्कलित हुनुपूर्व **कलम** (अङ्क - ९, पूर्णाङ्क - ३, २०५२) मा प्रकाशित भइसकेको

93 पूर्ववत्, पृ. १०४।

देखिन्छ । यस लेखमा लम्सालले वर्तमान सांस्कृतिक अवस्थाका बारेमा प्रस्ट पार्दै नेपालको जनसांस्कृतिक आन्दोलनको इतिहासलाई प्रस्टयाएका छन् ।

प्रतिक्रियावादी संस्कृति र नयाँ संस्कृतिका बीच सङ्घर्ष चलिरहेको अवस्थामा देशभित्र देखा परेका सबैखाले प्रतिक्रियावादी शासकवर्गको विरुद्ध संस्कृतिककर्मीहरूलाई सशक्त तुल्याउँदै सङ्घर्षलाई निरन्तरता दिनु आजको आवश्यकता भएको धारणा लेखकले व्यक्त गरेका छन् । आज प्रजातन्त्र र गतिशीलताको नाममा प्रतिक्रियावादीहरूले राम्रा कुराहरूको तिरस्कार गरेका छन् भने नराम्रा कुराहरूलाई टेवा दिँदै आइरहेका छन्, जसको विरुद्धमा देशका बौद्धिक र चेतनशील व्यक्तित्वहरू सङ्घर्षशील भई गइराखेका छन् ।

साहित्य, कला र संस्कृतिको मूल आधार भनेका जनता नै हुन् । समाजमा हुने गरेका वर्ग विभाजनले कला, संस्कृतिले पनि वर्गीय रूप धारण गर्न पुग्छ । प्रगतिशीलताको नाममा पुँजीवादी र संशोधनवादी धार बोकेर कला - साहित्यको क्षेत्रमा मध्ययुगीन सामन्ती संस्कृतिका धार्मिक र रहस्यवादी तत्वहरूलाई समावेश गरी प्रगतिशील जनंस्कृतिलाई निमिटयान्न पार्ने जुन अभियान सुरु भएको छ, त्यसको विरुद्ध सशक्त आक्रमण गर्नु आजको आवश्यकता भएको धारणा लम्सालको रहेको छ।[ढ्ढ] नेपालमा सन् १९५० देखि हालसम्म जुनसुकै बेला संस्कृतिकर्मीहरूमाथि भएको हत्या, हिंसा,आतङ्क, धम्किका विरुद्ध आफ्नो लेखनमा लेखकहरूले वर्गीय चेतनाको धारलाई विकसित तुल्याउदै लगी जनताको नौलो जनवादी व्यवस्थाको राजनैतिक र सांस्कृतिक चेतना भर्ने सामन्तवाद, साम्राज्यवाद, विस्तारवाद र संशोधनवाद विरोधी लेखन र सांस्कृतिक आन्दोलनको उठान आजको आवश्यकता हो भन्ने मान्यतालम्सालकोरहेको छ ।

## २९ साहित्य - कलाका क्षेत्रमा माओको मार्गनिर्देशन

लामा - छोटा सात अनुच्छेद र चार पेजमा संरचित 'साहित्य - कलाको क्षेत्रमा माओको मार्गनिर्देशन' शीर्षक लेख मार्क्सवाद, समाज र साहित्य नामक कृतिमा तेस्रो खण्डको पन्ध्रौं स्थानमा सङ्गृहीत लेख हो । यस लेखमा लम्सालले सर्वहारा वर्गको सामाजिक चेतनाको विकास सँगै विकसित भएर आएको कला-साहित्यमा यर्थाथ प्रतिबिम्बको आवश्यकता रहेकाले समाजवादी- यथार्थवादी विधिलाई रचनाकारले आत्मसात गर्नुपर्ने धारणा राख्दै यस्तो रचनाकारले मात्र सामाजिक विकासको प्रक्रिया, समाजमा मानिसको स्थान र भूमिका,

94 पूर्ववत्, पृ. १०७ ।

मानवजातिको प्रगतिशीलताको इतिहासमा मानवको भूमिकाजस्ता वैज्ञानिक द्वन्द्ववादी धारणालाई आफ्नो स्थान बिन्दु बनाउनसक्ने विचार लम्सालको रहेको पाइन्छ ।

पुँजीपति र सामन्ती वर्गबीचको सङ्घर्षले गर्दा चीनमा नौलो जनवादी सर्वहारावर्गीय सांस्कृतिक आन्दोलनले जन्मने मौका पायो जसको मार्गनिर्देशक माओ हुन् भन्ने विचार लम्सालको रहेको छ । वाङ्मिङ चावयाङ दुवै आत्मसमर्पणवादी, नोकरशाही सांस्कृतिक प्रवृत्तिका थिए र उनीहरूको उद्देश्य क्रान्तिकारी नेतृत्वलाई गिराउनु नै थियो तरमार्क्सवादी दार्शनिक, सिद्धान्तवेत्ता, गोरिल्ला माओजस्ता भावुक, कठोर र अनुशासित व्यक्तित्वले उनीहरूको सपनालाई पुरा हुन दिएनन् भन्ने दृष्टिकोण लम्सालको रहेको छ ।

प्रगतिशील नेपाली सांस्कृतिक आन्दोलनभित्र हाल दुई लाइनबीचको वैचारिक सङ्घर्षको सुरुवात भएको छ । यसलाई नियन्त्रण गर्नका निम्ति संयम साथ आफ्ना विपक्षीको विचार र तर्कलाई सुनेर त्यसको ठोस् उत्तर दिने प्रक्रिया हामीले लेनिन, माओ, गोर्की, लु सुन आदिबाट सिक्नुपर्दछ भन्ने मान्यता लम्सालको रहेको छ । वि.सं. २०५२ फागुन १ गतेदेखि देशमा जुन जनयुद्ध भयो, त्यसले कला-साहित्यलाई पनि उत्कर्षमा पुऱ्यायो साथै संशोधनवाद, सामन्तवाद पुँजीवाद, भारतीय विस्तारवाद आदिको विरुद्धको सङ्घर्षमा नेपालमा थुप्रै कलाकार, साहित्यकारहरूले जीवनको आहुती दिए त्यस अवस्थाको मनन गर्दै हामी पनि सही र व्यावहारिक रूपमा अगाडि बढ्न सक्नुपर्दछ भन्ने धारणा लेखकको रहेको छ ।[ढछ]

### ३० उपभोक्तावादी नेपाली साहित्यले उब्जाएका विकृतिहरू

प्रस्तुत 'उपभोक्तावादी नेपाली साहित्यले उब्जाएका विकृतिहरू' शीर्षकको लेख मार्क्सवाद, समाज र साहित्य नामक कृतिमा विषयाक्रमानुसारतेस्रोखण्डको चौधौं स्थानमा सङ्कलित छ । यस लेखमा शक्ति लम्सालले नेपाली साहित्यको वर्तमान र भावी स्वरूप के कस्तो हुने ? उपभोक्ता समाजले नेपाली समाजमा कसरी मान्यता पायो भन्ने बारेमा आफ्नो विचार व्यक्त गरेका छन् ।

नेपाल जस्तो पछौटे र अत्यन्त गरिब अल्पविकसित मुलुकमा उपभोक्ता समाजले पार्ने अल्पकालीन र दीर्घकालीन प्रभावलाई बुझ्न अत्यन्त आवश्यक छ भन्दै लम्सालले समाजका दलाल पुँजीपति वर्ग र कमिसनतन्त्रसँग मिलोमतो भएको अल्पसँख्यक उपभोक्तावादी वर्ग विरुद्धमा भएको सङ्घर्षले भोलिको निम्ति बाटो खोल्ने, विज्ञानको ऐतिहासिक भौतिकवादी र

95 पूर्ववत्,, पृ.. ११२

द्वन्द्वात्मक दिशा देखाउने धारणा व्यक्त गरेका छन् । उपभोक्ता समाजबाट नेपाली समाजलाई आधुनिकतामा रूपान्तरण गर्ने भन्ने कुरा त्यसको वर्गीय स्वरूप, आधार, चरित्र एवम् द्वन्द्वले निर्धारण गर्छ, आध्यात्मिक र बौद्धिक चिन्तनले मात्र समाजमा स्थायी परिवर्तन ल्याउन सक्दैन भन्ने धारणा लम्सालको छ ।

उपभोत्ता समाज भनेको मूल्यलाई क्षत- विक्षत पार्ने समाज हो, जसले मानवीय व्यक्तित्वलाई खण्डित तुल्याउछ । नेपाली साहित्यमा सन् ८० को दशकदेखि तीव्र रूपमा हावी हुदै आएको उपभोक्तावादी साहित्यले सामाजिक उदासीनतालाई पलायनता, व्यक्तिवाद, अहमवादलाई प्रमुख कारक ठान्छ साथै समाजको अभाव, अज्ञानता, अशिक्षालाई भाग्यको खेल सम्भन्छ भने प्रगतिशील साहित्यले त्यसकोविरोध गर्दै परिवर्तनकारी साहित्य कला, संस्कृति आदिको सिर्जना गर्छ भन्ने दृष्टिकोण लम्सालको रहेको छ। आजका सञ्चार - माध्यम र साहित्यकारहरूले परिश्रम, साधना, निरन्तरता, आत्मविश्वासजस्ता साहित्यकर्मीहरूका गुणहरूलाई निषेध गर्दै सीमित सुविधाभोगी वर्गको बौद्धिक सन्तुष्टिका लागि आफूलाई प्रयोग गर्ने, गराउने कार्य गरिराखेका छन् । त्यसले समाजमा अराजकता, अनास्था, पलायन र व्यक्तिवादीतालाई नै प्रश्रय दिएको छ । विभिन्न प्रकारका अवसर र सुविधा भोगको लालच दिएर, अवसर प्रदान गरेर सैद्धान्तिक र वैचारिक धार रधारणामा बाँच्दै आएको कवि लेखकहरूलाई पथभ्रष्ट पार्ने नियोजित ढङ्गको जुन योजनाबद्ध कार्यक्रम देखापर्दै गइराखेको छ, त्यसबाट आफूलाई जोगाएर राख्न सक्नु नै आजको उपभोक्तावादी समाजबाट लिनुपर्ने सबभन्दा ठूलो शिक्षा हो भन्ने मान्यता लम्सालको रहेको छ ।

### ३१ विकृत चिन्तनको नमुना आयामिक चिन्तन

'विकृत चिन्तनको नमुना आयमिक चिन्तन' लेख शक्ति लम्सालको मार्क्सवाद, समाज र साहित्य कृतिको तेस्रो खण्डको सत्रौं वा अन्तिम लेख हो । यस कृतिमा स्थान पाउनु भन्दा अगाडि यो लेख नौलो नेपाली(वर्ष - ३, अङ्क - १, २०२८ माघ -फागुन) मा प्रकाशित भएको देखिन्छ । यस लेखमा लम्सालले युगवाोध, परिवर्तन र कुनैपनि क्रान्तिकारी विचार गाँजा, भाङ, धतुरोका नशाबाट व्युत्पत्ति हुन सक्दैन भन्ने धारणा व्यक्त गरेका छन् ।

तेस्रो आयामका प्रणेताहरूबाट क्यानभासमा जुन शब्द र चित्रहरू उत्रन्छन्, त्यो उम्लँदो र छड्किँदो मस्तिष्कले गर्दा केही पनि बन्न र व्यक्त हुन नसक्ने धारणा व्यक्त गर्दै लम्सालले इन्द्रबहाद्रुर राई र ईश्वर वल्लभका विभिन्न विधाका पात्रहरू जीवितै अवस्थामा पनि मृतप्रायः

देखिने दृष्टिकोण राख्छन् । यथार्थको विकास मानवीय जीवनको वर्गीय सापेक्षतामा सम्भव हुने भएकाले आयामका प्रणेताहरूले यसलाई बुझ्न आवश्यक हुने कुरा लेखकले व्यक्त गरेका छन् ।[ढट] सामाजिक चेतनाको अभावका कारण आयामका प्रणेताहरूले सिर्जनाको क्षेत्रमा कुनै सार्थक तत्व दिन सक्ने क्षमता भएरपनि दिन सकेका छैनन्, साथै यिनीहरूसँग भौतिकवादी यथार्थ दृष्टिकोण नभएर नै यिनीहरूका दुराग्रहहरू सबैलाई खट्किन पुगेको धारणा लेखकको रहेको छ। जबसम्म यिनीहरूले आत्मकेन्द्रितताको लक्ष्मण रेखा पार गर्ने छैनन्, तबसम्म आयमेलीहरूले जीवनवोध सम्म पनि पुग्न नसक्ने धारणा व्यक्त गर्दै लम्सालले आयामेलीहरूको अन्तिम भविष्य मरेर सडकमा लडिराखेको बेवारिसे कुकुरको झैं हुनेछ, जसको कुनै प्रयोजन नहुने कुरा व्यक्त गर्दछन् ।

### ३२ मेक्सिम गोर्की र आाजको हाम्रो दायित्व

'मेक्सिम गोर्की र आाजको हाम्रो दायित्व' शीर्षक लेख मार्क्सवाद, समाज र साहित्य नामक कृतिमा चौथो वा व्यक्ति, कृति र स्मृति खण्डको पहिलो स्थानमा रहेको लेख हो । यस लेखमा लम्सालले रुसी क्रान्तिका महान् साहित्यकार मेक्सिम गोर्कीको रुसको राजनैतिक परिवर्तमा ठूलो र महत्वपूर्ण योगदान भएको कुराको चर्चा गरेका छन्। गोर्कीका जुनसुकै साहित्यिक रचनाहरूले जनजीवनलाई प्रभावित, आन्दोलित, सङ्घर्षतिर प्रेरित गर्दै निराशा, हतोत्साह र पलायनलाई निस्तेज पारेका हुन्छन् भन्दै गोर्की आफ्नो जीवनमा जितसुकै कठीन परिस्थितिसँग सामना गर्न परे पनि पछि नहटी मानिसको सामर्थ्यमाथि अटुट आस्था राख्ने गर्दथे भन्ने कुरालाई यस लेखमा अगाडि सारिएको छ ।[ढठ]

लेनिन, चेखब, टल्सटाय आदि साहित्यकारहरूको धारणालाई प्रस्तुत गर्दै लम्सालले गोर्कीको निजी व्यक्तित्व र कृतित्वको सामान्य समीक्षात्मक टिप्पणीहरू पेस गरेका छन्। लम्सालका विचारमा गोर्कीका कथा र कविताहरू रोमाञ्चकारी छन्, जुन लेखन यथार्थताबाट प्रेरित छन् र आजको वास्तविकता र यथार्थलाई छेकेर भोलिको यथार्थतालाई हेर्न र कोटचाउन पुग्छन् । फिलिस्टिन्स नाटकमा गोर्कीलाई निलको चित्रण गर्नमा अभूतपूर्व सफलता प्राप्त भएको कुरा प्रस्ट पार्दै लेखकले मानव विकृतिहरूका लागि गोर्कीले सधैं भ्रष्ट सामाजिक परिवेशलाई नै उत्तरदायी ठहऱ्याउँदै कुनैपनि परिवर्तनलाई असम्भव घोषित गरेर निष्क्रिय मानतावादको दर्शक प्रस्तुत गर्नेको विरुद्ध गोर्की सक्रिय मानवतावादका अगुवा भएको धारणा व्यक्त गर्दछन्।

96 पूर्ववत्, पृ. ११९ ।
97 पूर्ववत्, पृ. १२३ ।

चिन्तनशून्य वस्तुवाद र निरङ्कुश आत्मवादको घोर घृणा गर्ने गोर्कीले फोमा गोर्दयेव, ती तीन, आमा, बाजको गीत, तुफानी पन्छीको गीत, फिलिस्टिन्स, तलछट, नुनको दलदल, शत्रु, मेरो साथी, हुरीको पन्छीको गीत, एक्लो पन्छी के गरोस्, त्यो केटी, मकरछुदा, बूढी इजरगील आदि विभिन्न विधाका कृतिहरूको रचना गरे ।

गोर्कीले आफ्ना कथा, नाटक र उपन्यासद्वारा समाजका वस्तुगत परिस्थितिहरू र आडम्बरले भरिएका खोक्रा जीवनहरूको मात्र चित्रण गरेनन्, परिवर्तनद्वारा त्यसको ठाउँमा मानवीय परिवेशको बाटोमा लागेका पात्रहरूको पनि सिर्जना गरेका छन् भन्ने धारणा लम्सालको रहेको छ ।[९८] गोर्कीका रचनाहरूमा समाजवादी यथार्थवादी विशेषताहरूलाई भित्रैदेखि आत्मसात् गरेको पाइन्छ भन्दै समाजका तल्लो वर्गलाई आफ्ना रचनाका पात्रहरूको रूपमा चयन गर्नु, सङ्घर्षको अग्र पङ्क्तिमा रहेका पात्रहरूको बिम्ब निर्माण गर्नुका साथै वर्गविरोधको स्रोत जीवनको भौतिक परिस्थितिमा रहेको हुन्छ र सामाजिक विकासको चालक शक्ति जनता हो भन्ने विचारलाई गोर्कीका रचनामा प्रस्तुतगरिएको छ भन्ने कुरालाई यस लेखमा उल्लेख गरिएको छ ।

नेपाली प्रगतिवादी साहित्यका फाँटमा हाल देखिएका प्रतिक्रियावाद, व्यक्तिवाद, सङ्कीर्णतावाद र विकृतिबाट लेखक - पाठकलाई मुक्त गर्न क्रान्तिकारी लेखक कलाकार सङ्घले मात्र सक्छ भन्ने मान्यता लेखकको रहेको छ । आफ्नो परिवेश र जिम्मेवारीलाई हरेक प्रगतिशील लेखकहरूले सम्झदै देशमा भइराखेको र हुने जनआन्दोलप्रति आफ्नो प्रतिबद्धता देखाउनुपर्ने धारणा लम्सालको रहेको छ ।

### ३३ लुसुन र उनको सार्वभौम महत्व

'लु सुन र उनको सार्वभौम महत्व' शीर्षक लेख मार्क्सवाद, समाज र साहित्य नामक कृतिको चौथो खण्डको दोस्रो लेख हो । यो लेख यस कृतिमा सङ्गृहीत हुनुभन्दा अगाडि विहानी(वर्ष ३,अङ्क - ५, २०३७ कात्तिक - चैत) मा प्रकाशित भएको पाइन्छ । यो लेख यस कृतिमा लामा - छोटा गरेर चौबीस अनुच्छेद र एघार पृष्ठमा संरचित छ । यस मूल शीर्षक भित्र 'लु सुनको जन्म, बाल्यकाल र शिक्षादीक्षा', ' १९१७ को क्रान्ति र लु सुन', '४ मईको आन्दोलन र सांस्कृतिक क्रान्ति,' 'मार्क्सवादप्रति आकषर्ण र विकासवादको विरोध,' 'सन् १९२० देखि १९३५ सम्मका लु सुन,' 'पुराना र नयाँ मान्यताप्रति लु सुन', 'लु सुनको दृष्टिमा माओ', लु

98 पूर्ववत्, पृ. १३१ ।

सुनको मृत्यु,' 'चीनमा लु सुनको सम्मान,' 'लु सुनका कृतिहरू', 'लु सुन र हाम्रो सन्दर्भ' जस्ता उपशीर्षकहरूमा विषयको विश्लेषण गरिएको छ ।

लु सुनको साहित्य सिर्जनाले चीनको लागि मात्र नभएर विश्व साहित्यकै मार्गमा एउटा समाजवादी आयाम थप्ने काम गऱ्यो भन्ने विचार लेखकको रहेको छ । १५ सेप्टेम्वर सन् १८८१ मागोर्कीका रचनाहरूमा समाजवादी यथार्थवादी विशेषताहरूलाई भित्रैदेखि आत्मसात् गरेको पाइन्छ भन्दै समाजका तल्लो वर्गलाई आफ्ना रचनाका पात्रहरूको रूपमा चयन गर्नु, सङ्घर्षको अग्रपङ्क्तिमा रहेका पात्रहरूको बिम्ब निर्माण गर्नुका साथै वर्गविरोधको स्रोत जीवनको भौतिक परिस्थितिमा रहेको हुन्छ र सामाजिक विकासको चालक शक्ति जनता हो भन्ने विचारलाई गोर्कीका रचनामा प्रस्तुतगरिएको छ भन्ने कुरालाई यस लेखमा उल्लेख गरिएको छ । चीनमा जन्मिएका लु सुनको बाल्यकाल मावलीमा नै बित्यो । बाइरन, शेली, पुस्किन जस्ता कविहरूको कृतिहरूको गहिरो अध्ययन गर्ने लु सुनमा आफ्नो विद्यार्थी जीवन देखि नै देश भक्तिको भावना झल्किन्थ्यो भन्ने विचार लम्सालको रहेको छ ।[ढढ]४ मई १९१९ को युवा आन्दोलनले सामन्तवादको विरुद्धको सफलता हासिल गरी एउटा साहित्यिक र सांस्कृतिक क्रान्तिको प्रारम्भ गर्ने काम गऱ्यो, जसले जनताको आस्था र विश्वास लिन सफल भयो । विकासवादको सिद्धान्त र मान्छेको मुक्तिमा विश्वास राख्ने लु सुन पछि गएर मार्क्सवादी नेतासँगको सम्पर्क र गहिरो सैद्धान्तिक अध्ययनले साथै उदारवादी र बुर्जुवा विचारधारको आन्दोलनहरूको विफलता, कमजोरी आदिले लु सुनको विचारमा फरकपन ल्याएको मान्यता लेखकको रहेको छ ।लु सुनले आधा जीवन राजतन्त्र विरुद्धको सङ्घर्षमा नै विताए ।सं. १९३० मा चिनीयाँ वामपन्थी लेखक सङ्घको स्थापना गरे । यस मोर्चाको माध्यमबाट देशभरिका किसान र श्रमिक वर्गहरूको बीचमा मार्क्सवादी एवम् नौलो जनवादी साहित्यलाई फैलाउने काम भयो । पुरानो साहित्य र संस्कृतिमा रहेका क्रान्तिकारी र हितकारी कुरालाई अगाँलेर सामन्ती, पछौटे कुराको विरोध गर्नुपर्छ भन्ने मान्यता भएका लु सुनका जित पनि कृति र साहित्यहरू छन्, ती सबै पुराना र नयाँ संस्कृतिको परस्परको मन्थनबाट नौलो रूपमा विकसित भई निस्केको संस्कृति थियो भन्ने दृष्टिकोण लम्सालको रहेको छ ।[ज्ञण्ण]

चिनियाँ जनताको आशाको केन्द्र नै माओलाई मानेका लु सुनले माओको प्रत्येक कार्य, लेख, व्यवहार र चिन्तनलाई जीवनभर द्वन्द्वात्मक रूपमै हेर्ने र लिने गरेको पाइन्छ । क्षय रोगले

99 पूर्ववत्, पृ. १३५ ।
100 पूर्ववत्, पृ. १३९ ।

ग्रसित भएर पनि दृढता र उत्साहमा कहिल्यै कमि नदेखाउने लु सुनको अक्टोबर १९, १९३६ मा मृत्यु भयो ।लु सुनको मृत्यु भएको कयौँ वर्ष बितिसके तर उनका कृति र भावनाहरू अझै जीवीतै छन् भन्दै उनको नाममा सन् १९५६ मा पेकिङ्गमा कला सङ्ग्रहालयको स्थापना, चीनका महत्वपूर्ण शहर उनको नाममा बगैंचाहरू, सडकहरूको नामाकरण भए साथै उनको स्मृतिलाई ताजा तुल्याइराख्न उनको नाउँमा पुस्तकालय, अध्ययनकक्ष, स्कुल, कलेज, अस्पताल आदि नामाकरण गरिएका छन् भन्ने भनाइ लेखकको रहेको छ। लु सुनको **बहुलाहाको डायरी**, **आह क्युको साँचो कथा, जङ्गली घाँस** आदि विभिन्न विधाका कृतिहरू विश्व सामु प्रस्तुत गरे भने कयौँ राष्ट्रका कयौँ पुस्तकहको चिनियाँ भाषमा अनुवादसमेत गरेका थिए साथै उनले १० वटा चिनियाँ शास्त्रीय ग्रन्थहरूको सम्पादन पनि गरेका थिए। नेपालमा जनपक्षीय साहित्यकारहरूले आजको बदलिँदो परिस्थितिमा लु सुनको चारित्रिक व्यक्तित्व र प्रगतिमूलक कार्यशैलीबाट प्रेरित भई समाजमा देखा परेका दलित, पीडित, अशिक्षित जनतारुलाई जनविरोधी शोषक वर्गको निरङ्कुशताको विरुद्ध सङ्घर्षशील बनाउँदै अगाडि बढ्नको लागि आन्दोलित बनाउन आवश्यक भएको विचार लम्सालको छ।[ज्ञण्ज्ञ]

## ३४ भारतीय साहित्यका शिखर व्यक्तित्व : प्रेमचन्द

लामा-छोटा गरेर चौध अनुच्छेद र छ पृष्ठमा संरचित' भारतीय साहित्यका शिखर व्यक्तित्व : प्रेमचन्द' शीर्षक लेखमा शक्ति लम्सालले प्रेमचन्दको साहित्यिक व्यक्तित्वको साथै राजनीतिक र सांस्कृतिक क्षेत्रमा पुऱ्याएको योगदानको मूल्याङ्कन गर्ने काम गरेका छन्। प्रेमचन्दका साहित्यिक रचनाले भारतीय जनताको मात्र होइन नेपालका मुक्तिकामी जनताले समेत प्रेरणा र उत्साह पाएको तथ्यलाई लम्सालले अगाडि सारेका छन्।

अत्यधिक मात्रामा भारतीय साहित्यकार र कविहरूको अध्ययन गरेका लम्सालको विचारमा कथाकार एवम् उपन्यासकार प्रेमचन्दलाई सामान्य भारतीय जनताको प्रतीकको रूपमा उभ्याउन सकिन्छ। काल्पनिक दुनियाँबाट यथार्थवादी दुनियालाई बुझ्न र जनतका लागि आफ्नो आधार बनेको कुरा व्यक्त गर्दै लम्सालले आफ्नो चिन्तन र कर्ममा प्रेमचन्दमा एकरूपता रहन गएको धारणा व्यक्त गरेका छन्। गान्धीवाद र लेनिनको नेतृत्वको समाजवादी क्रान्तिबाट प्रभावित प्रेमचन्दको मौलिक प्रतिभा र प्रखरताको जसरी विकास भयो त्यो कुनै संयोग नभइ जनताले गरेको वर्गसङ्घर्षबाट प्राप्त भएको धारणा लम्सालको रहेको। आफ्नो युगमा प्रेमचन्दले

101 पूर्ववत्, पृ. १४२।

तात्कालीन भारतीय बौद्धिक समाजमा रहेको भ्रान्ति र शङ्का-उपशङ्काको निवारण गर्नमा जुन योगदान पुऱ्याए, त्यो अति नै महत्वपूर्ण योगदान थियो भन्ने विचार लेखकको रहेको छ।[102] उनका साहित्यिक रचना क्रान्तिकारी चेतना र कलात्मकताको अति सुन्दर नमुना भएको विचार व्यक्त गर्दै निम्नवर्गीय जनताका निम्ति उनका सिर्जनाले महत्वपूर्ण भूमिका खेलेको तथ्यलाई अगाडि सारिएको छ। पण्डित जवाहरलाल नेहरूको नेतृत्वको काङ्ग्रेस पार्टीको राजनीतिक क्रियाकलाप र आर्थिक योजनाको भण्डाफोर गर्दै सन् १९३३ को 'जागरण' पत्रिकामा धाराबाहिक रूपमा टिप्पणी, आलोचना गरी थुप्रै लेखहरू लेखे जसले कुनैपनि लेखक कविहरू अन्याय, शोषण, दमन, उत्पीडन, हत्या र थिचोमिचोको विरुद्ध गोलबन्द हुनुपर्छ भन्ने सन्देश छर्दै अगाडि देखा पऱ्यो। प्रेमचन्द सुरुमा गान्धीको आदर्शवादलाई पछ्याएपनि पछि त्यसको विरुद्धमा लागेर भौतिकवादी चिन्तनमा संलग्न हुन पुगे भन्ने धारणा लेखकको रहेको छ।

**३५ जाँपाल सार्त्र र नेपाली बुद्धिजीवी**

'जाँ पाल सार्त्र र नेपाली बुद्धिजीवी' शीर्षक लेख मार्क्सवाद, समाज र साहित्य नामक कृतिमा सङ्गृहीत छ। यो लेख यस कृतिमा सङ्गृहीत हुनुभन्दा अगाडि **मूल धारा** (वर्ष- १, अङ्क- १, २०३८) मा प्रकाशित भइसकेको पाइन्छ। यस लेखमा लम्सालले एउटा वामपन्थी बौद्धिक क्षेत्रले आफ्नो बाटो निर्धारण गरेर या सर्वहारावर्गका लागि लेखेर मात्र नपुग्ने धारणा व्यक्त गर्दै उनीहरूको अधिकारलाई शब्दमा र व्यवहारमा पनि अभिव्यक्त दिनुपर्छ भन्ने धारणा व्यक्त गरेका छन्।

सोभियत सङ्घको विस्तारवादी र आक्रमणकारी नीतिलाई सँधै 'कुकृत्यकारी' भन्दै युद्धको विरोध गर्ने सार्त्रले भियतनाम युद्धकोविरोध हंगेरी र चेकोस्लोभाकिया माथिको रुसी आक्रमण र हस्तक्षेपको विरोध, चिनियाँ सांस्कृतिक क्रान्तिको सकारात्मक पक्षको समर्थन र सहयोग गर्नमासदैव फ्रेन्च कम्युनिस्ट पार्टीको साथमा रहेका थिए भन्ने धारणा लम्सालको रहेको छ। अराजकतावादी हिंसाको सधै घोर निन्दा गर्ने सार्त्रको बुद्धिजीवीले आफ्नै विषयमा लेख्ने र सोच्ने गऱ्यो भने त्यो क्रान्तिविरोधी सङ्घर्ष र जनआन्दोलनलाई कुण्ठित पार्ने खालको हुने भएकाले हाम्रो समर्पण, आस्था र विश्वास जसप्रति लागेर काम गर्छौं, त्यसैप्रति हुनुपर्ने विचारको लेखकले समर्थन गरेको पाइन्छ। कुनै पनि मार्क्सवादी चिन्तन प्रवाह र कार्यले मुलुकमा व्यापक परिवर्तन ल्याउन मार्क्सवादको जीवित रूप र वैज्ञानिक आधार, गतिशीलता र प्रभावकारिता,

102 पूर्ववत्, पृ. १४६।

वर्गीय दृष्टिकोण र वर्गसङ्घर्षमा नै सम्पूर्ण रूपले समावेश हुनुपर्ने धारणा लम्सालको रहेको छ ।[ज्ञण्घ]

नेपाली बुद्धिजीवीहरू व्यवहारमा सक्रिय हुन र सर्मपित हुन नसकेका कारण जाँ पाल सार्त्र र नेपाली मार्क्सवादी बुद्धिजीवीहरूमा मौलिक भिन्नता देखिने धारणा लेखकको रहेको छ । देशको वर्तमान जनआन्दोलन र राजनीतिक स्थितिका सन्दर्भमा सार्त्रका विभिन्न विचारहरू सार्न्दभिक र प्रासंगिक छन् भने हाल देशमा भएका राजनैतिक, सामाजिक, आर्थिक रूपमा देखिएका समस्याहरूबाट नेपाली बुद्धिजीवीहरू पनि पन्छिएर वा यसबाट अलग रहन सक्दैनन् भन्ने मान्यता लम्सालको रहेको छ । जबसम्म नेपाली वामपन्थी बुद्धिजीवीहरूले देशमा हुने कुनै पनि सङ्घर्ष र जनआन्दोलनसँग क्रियाशील रूपमा सक्रिय भएर लाग्न सक्दैनन्, तबसम्म नेपाली बुद्धिजीवीहरूको कुनै सक्रिय अर्थ गाँसिएको देखिँदैन साथै बुद्धिजीवी न कुनै परिवर्तन, क्रान्ति र उथुलपुथुलको अग्रिम शक्ति होइन बरु जनवादी आन्दोलन संचालन गर्ने शक्ति र सङ्गठनको सक्रिय भाग हो भन्ने मान्यता लेखकको रहेको छ ।[ज्ञण्द्ध]

## ३६ मार्क्सवादी सौन्दर्यचिन्तक चैतन्य : एक अवलोकन

'मार्क्सवादी सौन्दर्य चिन्तक चैतन्य : एक अवलोकन' शीर्षक लेख मार्क्सवाद, समाज र साहित्य नामक कृतिको चौथो खण्डको पाँचौं लेख हो । यस लेखमा लम्सालले मार्क्सवादी समीक्षा र सौन्दर्य चिन्तनका क्षेत्रमा चैतन्यले पुऱ्याएको योगदानको चर्चा गरेका छन् । सौन्दर्य चिन्तनका क्षेत्रमा वस्तुवादी ढङ्गले चिन्तन र विश्लेषण गर्ने चैतन्यले साहित्यिक होस् या राजनीतिक क्षेत्रमा होस् ठूलो योगदान दिएको कुरा लेखकले व्यक्त गरेका छन् । चैतन्यको **मार्क्सवादी कला, दृष्टि र समीक्षा**कृतिलाई नेपाली समाजको आवश्यकताको उपज नै मान्नुपर्दछ भन्ने दृष्टिकोण लम्सालको रहेको छ । लेखकले हालसम्म बौद्धिक समालोचकहरूका जेजति साहित्यिक लेख-निबन्ध आदिको अध्ययन गरे, तिनीहरूमध्ये चिन्तनको प्रखरता, अध्ययनको गहिराइ र दृष्टिकोणको उच्चता चैतन्यमा जित अरूमा पाउन नसकेको धारणा व्यक्त गर्दछन् । मार्क्सवादी सौन्दर्य चिन्तनका क्षेत्रमा उनको गह्रुँगो एवम् अर्थपूर्ण योगदान रहेको कुरालाई उनका विपक्षी र कट्टर विरोधीले पनि नर्कान नसक्ने कुरा लेखकले व्यक्त गरेका छन् ।

103 पूर्ववत्, पृ. १५४ ।

104 पूर्ववत्, पृ. १५५ ।

प्रस्तुत लेखमा मार्क्सवाद भौतिकवादी दर्शन भएकाले मार्क्सवादी सौन्दर्यले सामाजिक चेतनालाई ध्रुवसत्य मान्ने कुराको उल्लेख गर्दै डा. ऋषिराज बरालले चैतन्यको समालोचनातर्फ कृतिलाई धारिलो हतियारका रूपमा मानेका छन् भने निनु चापागाँइले जडसूत्रवादी प्रवृत्ति हावी भएको कुरा व्यक्त गरेको सन्दर्भमा लम्सालले मनोगतवादी रूपमा चैतन्यलाई हेर्नु र व्याख्या गर्नुले कलासाहित्यका क्षेत्रमा चैतन्यले पुऱ्याएको योगदानको उपेक्षा गर्नु मात्र हुने विचार व्यक्त गरेका छन्। आज मार्क्सवादी सौन्दर्य चिन्तनलाई विकृत गर्ने यस क्षेत्रमा मार्क्सदेखि माओसम्मका योगदानलाई अस्वीकार गर्ने विसर्जनवादी प्रवृत्ति देखापरेको कुरालाई

स्वीकार गर्दै लम्सालले मार्क्सवादी साहित्यको विरुद्ध अराजकतावाद र अनुशासनहीनताको पक्षपोषण गर्ने प्रवृत्तिबाट आफूलाई जोगाउन कडा पहल गर्नुपर्ने कुरालाई व्यक्त गरेका छन्। मार्क्सवादको वैज्ञानिक र नैतिक मूल्यलाई कायम राख्नको निम्ति चैतन्यले आफ्ना रचनाहरूमा आफ्नो अध्ययन, अनुभव, चिन्तन, दृष्टिकोण र विश्लेषणको जुन संश्लेषित रूप प्रस्तुत गरेका छन्, त्यो विचार र पद्धति दुवै दृष्टिकोणले अनुकरणीय भएको मान्यता लम्सालको रहेको छ।[105]

### ३७ क. यादव अर्थात् मास्टर साहेब भन्ने गर्नुहुन्थ्यो

'क. यादव अर्थात् मास्टर साहेब भन्ने गर्नुहुन्थ्यो' शीर्षकको लेख मार्क्सवाद, समाज र साहित्य नामक कृतिको चौथो खण्डको छैटौं लेख हो। यस लेखमा लम्सालले क. रामवृक्ष यादवसँगको सहकार्य र उनका भनाइहरूलाई स्मरणका रूपमा व्यक्त गरेका छन्। यादवलाई आफ्नो जीवनको अत्यधिक माया थियो र नै उनले क्रान्तिको मैदान वर्ग युद्धमा जाने बेला आफ्नो घर परिवारका सम्पूर्ण सदस्य साथै भौतिक सम्पत्ति आदिलाई गौंण रूपमा सम्झने गर्दथे तर मृत्युसगँ डराउने व्यक्ति भने होइनन् भन्ने धारणा लेखकको रहेको छ।

यादव कुशल राजनीतिज्ञ मात्र नभइ कुशल गायक तथा सङ्गीतकार भएकले राजनीतिमा सङ्गठनात्मक क्रियाकलापको निर्माण र उठानमा जुन प्रभावशाली भूमिका पूरा गर्न सफल भए त्यत्तिकै मात्रामा गीत र सङ्गीतद्वारा पनि आफ्नो प्रभाव जनमानस समक्ष छोड्न सफल भए भन्ने धारणा लम्सालको रहेको छ। मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन, माओ, होचिमिन्ह, भगतसिंह, सुभाषचन्द्र बोस, गङ्गालाल, भीमदत्त पन्त आदिका साहसपूर्ण कार्यहरू त्याग तथा बलिदानको लोभलाग्दो जीवनी पढेर त्यसबाट प्रभावित भएका यादव वर्तमान आर्थिक र राजनीतिक

105 पूर्ववत्, पृ. १६०।

परिपाटीको जुन राज्यसत्ता छ त्यसले हाम्रो पछौटे स्थितिमा रहेका युवाहरूका लागि सबै ढोकाहरू बन्द भएको कहाली लाग्दो अवस्थाले गर्दा मेरो लगन, स्वभाव अनि आफ्नो क्षेत्र र इलाकाका ग्रामीण जनताप्रतिको उत्तरदायित्वले नै यादवलाई कम्युनिस्ट क्रान्तिकारी राजनीतितर्फ आकर्षण गरेको कुरा व्यक्त भएको छ।[106] क्रान्तिप्रति अगाध आस्था र विश्वास राखी त्यसमा निरन्तर रूपबाट आफूलाई परिचालन गरिराख्नु उनको महत्वपूर्ण पक्ष भएकाले आफूले प्रेरणा पाएको र सबैले त्यसको अनुकरण गर्न सक्नुपर्ने मान्यता लेखकको रहेको छ।

**३८ पारिजात : आफ्नै व्यक्तित्व र परिभाषाभित्र**

लामा - छोटा चौध अनुच्छेद र एघार पृष्ठमा संरचित "पारिजात : आफ्नै व्यक्तित्व र परिभाषा भित्र" लेख शक्ति लम्सालको मार्क्सवाद, समाज र साहित्य कृतिमा चौथो खण्डको सातौं स्थानमा संग्रहित लेख हो। यस लेखमा लम्सालले पारिजातको जीवनका विभिन्न मोडहरू, आचरणगतव्यवहार, साहत्यिक रचना धर्मिता तथा उनको चिन्तन दृष्टिका बारेमा चर्चा गरेका छन्।

वि.सं. २०२२ सालमा पारिजातको 'शिरीषको फूल' उपन्यास प्रकाशित भएपछि साहित्यिक समाजभित्र मात्र नभई बौद्धिक र राजनैतिक, शैक्षिक तथा प्रशासनिक क्षेत्रभित्र पनि त्यत्तिकै चर्चित रहन पुगेको कुरा उल्लेख गर्दै लम्सालले कम्युनिस्ट र मार्क्सवादको विरुद्ध जन्मेको अद्वैतवाद, शून्यवादहरू र व्यक्तिवादको रूप राल्फाली आन्दोलनमा पारिजात आबद्ध रहेकीले उनलाई चर्चाको शिखरमा पुऱ्याएर बसी बसी ब्याजदर खाने काम राल्फाली समूहले गऱ्यो भन्ने भनाइ लम्सालले व्यक्त गरेका छन्। आफ्ना अघिल्ला चरणका अनुभवहरूलाई आधार बनाएर पारिजातले आफ्नो साहित्यिक यात्रामा प्रगतिवादलाई नै सही बाटो बनाएको विचार व्यक्त गर्दै साल्गीको बलात्कृत आँसु, बैंसको मान्छे, पर्खालभित्र र पर्खालबाहिर, अनिँदो पहाडसँगै, परिभाषित आँखाहरू आदि कृतिले नै पारिजातको जीवनको सही मूल्यलाई स्थापित गर्न सकेकी छन् भन्ने तर्क लम्सालको रहेको छ। पारिजात आफ्नो जीवनको पूर्वार्द्ध र उत्तरार्द्धमा गएर प्रगतिशील खेमाभित्र आलोचना र टिप्पणीको पात्र भएको उल्लेख गर्दै लम्सालले मार्क्सवादी साहित्यभित्र प्रवेश गरेपछि त्यसको मर्मलाई समात्नमा उनी पछि परेको अनुभूत भएको कुरा उल्लेख गरेका छन्। पारिजात भावुकताको शिकार बनी आफूलाई द्विविधाको स्थितिमा राख्नु उनको सबैभन्दा ठूलो कमजोरी हो भन्दै लम्सालले उनको सभापतित्वमा भएको साहित्यिक गोष्ठि, कविगोष्ठिमा कसैले वर्गसङ्घर्षको कुरा उठान गर्दा, सर्वहारावर्गको नेतृत्वको

106 पूर्ववत्, पृ. १६४।

अनिवार्यता दर्शाउँदा, चीनको महान सर्वहारा सांस्कृतिक क्रान्तिको कुरा गर्दा उनी तर्सन्थिन् । बढी राजनीतिकरण भयो भनेर गुनासो गर्दथिन् । पारिजातको अठोट र दृढताले पारिजात आफ्नो भनाइ र अडानमा दृढ रहने कुराको अनुभूत सबैलाई पार्न सफल देखिन्छिन् । उनको वामपंथी, सामाजिक, सांस्कृतिक, साहित्यिक आन्दोलन र सङ्घर्षप्रति प्रतिबद्धता र सहभागिता रहन्थ्यो भन्ने मान्यता लम्सालको रहेको छ ।[107]

## ३९. कवि युद्धप्रसाद मिश्र : साँच्चिकैका युद्ध नै थिए

"कवि युद्धप्रसाद मिश्र : साँच्चिकैका युद्ध नै थिए" (वेदना, ऐ) चौथो खण्डको आठौं लेख हो । यो लेख यस कृतिमा सङ्गृहीत हुनुभन्दा अगाडि **वेदना** साहित्यिक त्रैमासिक पत्रिकामा प्रकाशित भएको देखिन्छ । यस लेखमा लम्सालले कवि युद्ध प्रसाद मिश्रसँगको सम्बन्ध साथै सँगै रहदाको क्षणको स्मरणलाई विषय बनाएर लेखेका छन् ।

सामन्त वर्ग र पुँजीपति वर्गको प्रतिनिधित्व रहेको कुनै पनि संस्था र सङ्गठन प्रति कहिल्यै आस्था र विश्वास नराख्ने कवि मिश्र शारीरिक रूपमा जितसुकै अशक्त र कमजोर भएपनि आफूले रोजेको बाटो, राजनीतिक विचार र सिद्धान्तप्रति त्यत्तिकै रूपमा आस्था र विश्वास राख्ने गर्दथे भन्ने धारणा लम्सालले यस लेखमा व्यक्त गरेका छन् ।[108] गोविन्दप्रसाद लोहनी र युद्ध प्रसाद मिश्रका बीच भएको विचारको द्वन्द्वलाई प्रस्तुत गर्दै सङ्घर्षशील व्यक्तिले नै आफ्नो भाग्यको निर्माण गर्नुको साथै आफू हिँड्ने र अरूलाई हिँडाउने बाटोको निर्माण गर्दछन् । जसको प्रमाण युद्धप्रसाद मिश्रलाई मान्न सकिन्छ भन्ने विचार लम्सालले व्यक्त गरेका छन् । कुनै पनि पुरस्कार वा उच्च सम्मान प्राप्त गर्दा पनि मिश्रमा खासै प्रभाव नदेख्ने लम्सालले उनले कृष्णमणि पुरस्कार ग्रहण गरिसके पछि दिएको भाषणलाई एउटा साहित्यिक दस्तावेज मान्नु पर्ने धारणा व्यक्त गरेका छन् । कुनै पनि लेखकले आफ्नो लेखकीय दायित्व पूरा गर्नका लागि वर्ग सङ्घर्षलाई आत्मसात गर्दै निरङ्कुशताविरुद्ध नौलो जनवादी क्रान्तिका पक्षमा मार्क्सवादको सौन्दर्यशास्त्रीय वैचारिक, कलात्मक र सैद्धान्तिक विचारलाई उच्च तहमा लिएर जान सक्नु पर्दछ भन्ने मान्यता राख्ने मिश्रले आफू र आफू जस्ता सबै लेखकलाई प्रेरित गरेको साथै उर्जा भएको कुरालाई लम्सालले व्यक्त गरेका छन् । जस्तो सुकै अवस्थामा पनि अत्यन्तै दृढ ढङ्गले क्रियाशील भइरहने मिश्रसङ्घर्षबाट भाग्ने, तटस्थ बस्ने, पलायन हुने काम कहिल्यै गरेनन् ।

107 पूर्ववत्, पृ.१७६ ।

108 पूर्ववत्, पृ.१७९ ।

उनी भित्र जे थिए बाहिरी यथार्थ पनि त्यही थियो, त्यही नै उनको विशेषता वा व्यवहार थियो भन्ने धारणा लम्सालको रहेको छ ।

युद्धप्रसाद मिश्रले जे जति कविता, खण्डकाव्य, कथा, निबन्ध, गीत लेखे सबैमा शिल्प, कला एवम् शब्द चयन र शैली अत्यन्तै प्रभावशाली, सरल र ओजपूर्ण छन् भन्ने धारणा लम्सालको रहेको छ । उनले केवलपुरे किसानका 'बाघ आयो', 'समातेर पछार' जस्ता रचनाबाट समेत प्रेरणा प्राप्त गरेको पाइन्छ । उनले एक युगको पुस्तालाई मात्र सन्देश दिएनन्, बरु प्रतिक्रियावादी, साम्राज्यवादी र संशोधनवादी कामहरूको विरुद्ध अन्तिम घडीसम्म जुधिराखेका युद्धप्रसाद मिश्र साँच्चिकै 'युद्ध' का प्रतीक थिए भन्ने मान्यता लम्सालको रहेको छ ।[ज्ञण्ढ]

## ४०. प्रौढता र केटौलेपनमा जनकवि गोकुल जोशी

'प्रौढता र केटौलेपनमा जनकवि गोकुल जोशी' नामक लेख व्यक्ति कृति स्मृति खण्डको नवौं लेख हो । यो लेख छ पृष्ठ र लामा छोटा गरी दस अनुच्छेदमा संरचित छ । यस लेखमा लम्सालले कवि गोकुल जोशीको आन्तरिक र बाह्य व्यक्तित्वको वकालत गर्दै उनीसँग बिताएका क्षणहरूको प्रस्तुती गरेका छन् ।

यस लेखमा शक्ति लम्सालले भैरहवा बसाइदेखि भारत सम्मको बसाइलाई स्मरण गर्दै दुःखका क्षणहरूलाई प्रस्तुत गरेका छन् । थोरै कमाइका कारण मानसिक बोझ, अभाव र चिन्ता बढ्दै गएको र त्यसलाई मेट्न गाजा, रक्सि र चुरोट तान्न थालेर दिन वित्दै जाँदा 'तीन टिकट महा विकट' भन्ने नेपाली टुक्का प्रयोग हुन थालेको कुरा व्यक्त गरेका छन् । अति हठी, जिद्धी र क्रोधी स्वभावका कवि गोकुल जोशी आफ्नो इच्छाबेगर कुनै काम कुरा भएमा उग्र रूपमा प्रस्तुत हुन्थे । व्यक्तिगत रूपबाट कसैलाई पनि खुसी पारेर राख्ने कला उनमा थिएन, सकेसम्म सबैलाई चिढाएरै राख्ने कौशल उनमा थियो । जोशी जनताका कवि भएका कारण थिचोमिचो, शोषण, उत्पीडन अन्याय अत्याचारको विरुद्ध उनी लड्थे । उनले समाजलाई कविताका माध्यमबाट फेर्न चाहन्थे ।[ज्ञज्ञण]

समयमै उपचार नपाउँदा स्वास्थ्य स्थिति बिग्रँदै गएका जोशीले आफ्नो जीवनमा धेरै वेदना, अभाव र दुःख झेले ।उनी कसैको पनि सहानुभूतिको पात्र बन्न सकेनन् । उनी असल र खराब दुवै प्रवृत्ति भएका व्यक्ति थिए । उनी परिपक्व कवि थिए तर व्यक्तिका रूपमा अपरिपक्व मान्छे थिए भन्ने कुरा लम्सालले यस लेखमा प्रस्तुत गरेका छन् ।

---

109 पूर्ववत्, पृ.१८३ ।
110 पूर्ववत्, पृ.१८७ ।

## ४१.मस्तबहादुर विष्ट असल मान्छे एवम् अनुकरणीय सांस्कृतिककर्मी

लामा छोटा एघार अनुच्छेद र चार पृष्ठमा संरचित यो लेख लम्सालको मार्क्सवाद, समाज रसाहित्य कृतिको चौथो खण्डको दसौं लेख हो । यस लेखमा लम्सालले मस्त बहादुर विष्टको जन्मथलो रुकुमका साथै रोल्पा सल्यानका गाउँहरू र गाउँका जनताहरूको परिवर्तनशीलताको वर्णन गर्दै मस्त बहादुरको बलिदानीपूर्ण जीवनीलाई प्रस्तुत गरेका छन् ।

यस लेखमा लम्सालले मस्त बहादुर एक होनहार, जाँगरिलो, फुर्तिलो साथै कला र गला, शिल्प, शब्द, ध्वनि र लयको राम्रो संयोजन गर्न सक्ने सांस्कृतिक कर्मी भएको कुरा व्यक्त गरेका छन् ।दुःख र सास्तीबाट कहिल्यै नआत्तिने, पलायन नहुने, नरुने, नछटपटाउने, कुण्ठा र अराजकता बोकेर नहिड्ने, आफूले रोजेको बाटोमा कहिल्यै हीनताबोध र पश्चाताप नगर्ने क्रान्तिकारी चरित्र र व्यवहार भएको पुरुषका रूपमा विष्टलाई पाएको कुरा लेखकले प्रस्तुत गरेका छन् ।[ञञञ]विष्ट यस संसारबाट टाढा रहेका भएपनि लम्सालको मन-मस्तिष्कमा हरहमेसा देखा परिरहेका छन् ।

## ४२. हृदयचन्द्रसिंह प्रधान : जस्तो मैले पाएँ

'हृदयचन्द्रसिंह प्रधान : जस्तो मैले पाएँ' शीर्षकको लेख मार्क्सवाद, समाज र साहित्य नामक कृतिको चौथो खण्डको एघारौं लेख हो । यस लेखमा लम्सालले रचनाकारको रूपमा हृदयचन्द्रसिंहको आफ्नो समाज र वर्गलाई हेर्ने वैज्ञानिक भौतिकवादी दृष्टिकोण नै समकालीनहरू भन्दा महान रहेको कुरा व्यक्त गरेका छन् ।

मध्यम वर्गीय परिवारमा जन्मिएर पनि निम्न वर्ग प्रतिको अनुभव सँगाल्ने पर्याप्त दृष्टिकोणको विकास हुनपुगेका प्रधानले औपचारिक शिक्षा हासिल गर्न नपाए पनि जीवनको पाठशालाबाट धेरै कुरा सिक्न सक्षम भएको कुरा लम्सालले व्यक्त गरेका छन् । प्रधानमा वैचारिक एकरूपता कहिल्यै नपाएका लम्सालले प्रधानका भानुभक्त सम्बन्धी समालोचना, देवकोटा सम्बन्धी आलोचनात्मक फुटकर लेखहरूर 'उद्योग' 'जागृति' 'प्रगति' आदि पत्रिकाहरूमा प्रकाशित विभिन्न विषयहरूमा लेखिएका सामयिक फुटकर लेखहरू बढी चर्चित र मूल्यपरक मानिएका छन् साथै स्वास्नी मान्छे नामक उपन्यास बढी चर्चित र मूल्यवान् रहेको कुरा व्यक्त गरेका छन् । उनले कलमको भर र मुखद्वारा जित सङ्घर्ष गर्न सके र विघटनकारी

111 पूर्ववत्, पृ.१९३ ।

प्रवृत्तिको लागि मान्छेलाई जित चेतनशील र सचेत तुल्याए, त्यत्तिकै आफू रणभूमिमा चांहि कहिल्यै पस्न नसकेता पनि प्रकाश जस्तै चारैतिर फैलिन चाहने प्रधान चिन्तन, अध्ययन र विश्लेषण गर्ने प्रवृत्तिले गर्दा उनी नेपाली साहित्यमा आजसम्मकै उत्कृष्ट र सफल निबन्धकार, नाट्यकार र समालोचक बन्न सकेको कुरा लेखकले यस लेखमा व्यक्त गरेका छन् । मान्छे प्रतिको असङ्ख्य स्नेह, जिज्ञासा, सिक्ने प्रवृत्ति, अध्ययनशील मस्तिष्क र क्रियाशीलता आदिले गर्दा प्रगतिशील नेपाली साहित्यको एउटा महत्वपूर्ण अङ्ग हृदयचन्द्रसिंह प्रधानलाई मान्नुपर्दछ भन्ने मान्यता लम्सालको रहेको छ ।[ञञद]

## ४३. भैरव अर्याल : सम्झौता गर्दै बाँच्नुका विरुद्ध.......

लामाछोटा चार अनुच्छेद र दुई पृष्ठमा संरचित 'भैरव अर्याल : सम्झौता गर्दै बाँच्नुका विरुद्ध....' शक्ति लम्सालको मार्क्सवाद, समाज र साहित्य कृतिको चौथो खण्डको बाह्रौं स्थानमा सङ्गृहीत लेख हो । यो लेख यस पुस्तकमा सङ्गृहीत हुनुभन्दा अगाडि रचना -दुई महिने साहित्यिक प्रकाशन) वर्ष-१६, अंक-२, पुस-माघ २०३८ मा प्रकाशित भएको थियो । यस लेखमा लम्सालले भैरव अर्याल सँग भएको आफ्नो सम्बन्ध र उनको जीवन देखि मृत्यु सम्मको घटनाको स्मरण गरेका छन् ।

प्रारम्भिक कृतिहरूदेखि नै भैरव अभिजात वर्ग, भ्रष्ट शासक र सामन्तहरूको विरोधीका रूपमा देखा परे ।अर्यालले आफ्ना प्रत्येक पात्र र घटनासँग आत्मीयता राख्दथे साथै सफल हास्य व्यङ्ग्यकार र कवि भएकाले उनी मनुष्य र उनका जीवनको यथार्थलाई त्यसको सामाजिक पृष्ठ भूमिमा राखेर हेर्न र छानबिन गर्न सधैं आग्रह गर्थे । उनका काउकुती, जयभुँडी, गलबन्दी, इतिश्री आदिमा वैचारिकता पाइनुका साथै उनमा इमानदार र सशक्तपन देखिन्छ भन्ने कुरा लम्सालले यस लेखमा व्यक्त गरेका छन् । भैरव अर्यालले आफ्नो जीवनको निराशामा आफ्नो अस्तित्वलाई बिर्सेर गोकर्णको बागमतीमा फाल हालेर टुङ्गचयाउनुको मूल कारण वर्तमानको लङ्गडो परिवेशमा निराश र कुण्ठित भएर सम्झौता गर्दै बाँच्नुको विरुद्ध भएको भन्ने निष्कर्ष लेखकको रहेको छ ।[ञञघ] अर्यालमा प्रतिभा, ज्ञान, अनुभव र विवेकको ठूलो ढुकुटी हुँदाहुँदै पनि उनी आफ्नो मानसिक विकृतिका निम्ति कसुरदारहरूका विरुद्ध पनि सधैं विनयशील नै रहे ।

112 पूर्ववत्, पृ.१९७ ।
113 पूर्ववत्, पृ.१९९ ।

## ४४. नेपाली साहित्यका कर्मयोगी पुष्करशमशेर

'नेपाली साहित्यका कर्मयोगी पुष्कर शमशेर' शीर्षकको लेख मार्क्सवाद, समाज र साहित्य नामक कृतिको चौथो खण्डको तेह्रौं लेख हो । यो लेख लामा-छोटा गरेर एक्काइस अनुच्छेद र छ पृष्ठमा संरचित रहेको छ । यो मार्क्सवाद, समाज र साहित्य पुस्तकमा सङ्गृहीत हुनुभन्दा अगाडि **उषा** : १, फागुन २०२५ मा प्रकाशित भएको पाइन्छ । यस लेखमा लेखमा लम्सालले आफ्नो परिवार र पुष्कर शमशेर सँगको सम्बन्धको चर्चा गर्दै एक सम्भ्रान्त परिवारको व्यक्तित्व भएर पनि व्यावहारिक, सरल र सन्त स्वभावका, प्रतिभा सर्वतोमुखी पाएको कुरा व्यक्त गरेका छन् ।

लम्सालले यस लेखमा हामिले सरल र पवित्र भएर बाँच्ने कोसिस गर्नुपर्दछ, अन्यथा हाम्रो योग्यता खानदान र इज्जतको कुनै महत्व छैन भन्ने पुष्कर शमशेरको भनाइलाई लम्सालले सधैं मनन गरेका हुन्छन् ।पुष्कर शमशेरका कथाहरू आफ्नो युगको पीडा, शोषण, अन्याय, अत्याचार, थिचोमिचो, घुषखोरी, चाकरी प्रथा व्यभिचार र दुष्कर्मको बिरुद्धमा निस्केका आगोका फिलिङ्गाहरू हुन् । वास्तवमा शमशेरका जति पनि प्रतिनिधिमूलक कथाहरू छन् । ती सबै कथाहरूले त्यस बेलाका बुद्धिजीवीहरूको बौद्धिक र मानसिक र दृष्टिकोणलाई झक्झकाइदिएका थिए साथै उत्साह र प्रेरणा दिएका थिए भन्ने कुरालाई लम्सालले यस लेखमा प्रस्टरूपमा व्यक्त गरेका छन् ।[114] पुष्कर शमशेर नेपाली माटो, नेपाली भाषा र नेपाली जीवनका सच्चा र चोखा प्रतिभा थिए र आफ्नो समयको एक मात्र यस्ता व्यक्ति थिए, जो सहजै महाकवि पछिका आफ्ना मौलिक प्रतिभा, आत्मसंयम, समयको वैज्ञानिक विभाजन र सदुपयोग गर्न सक्ने व्यक्तिको रूपमा चिनिने कुरालाई लम्सालले यस लेखमा व्यक्त गरेका छन् ।

## ४५. कृष्ण सेन 'इच्छुक' : मेरो स्मृतिमा

मार्क्सवाद, समाज र साहित्य पुस्तकको पहिलो संस्करण जनदिशा प्रकाशनले प्रकाशित गरेको हो । पहिलो संस्करणमा जम्मा ५२ वटा समेटिएका छन् भने दोस्रो संस्करण वि.सं. २०६३ मा हुँदा यस पुस्तकको चौथो खण्डमा एउटा लेख कृष्ण सेन 'इच्छुक' : मेरो स्मृतिमा थप भयो र यस पुस्तकमा जम्मा ५३ वटा लेख समेट्दै बङ्गलामुखी अफसेट प्रेसले प्रकाशित गऱ्यो ।

कृष्ण सेन 'इच्छुक' : मेरो स्मृतिमा लेख मार्क्सवाद, समाज र साहित्य पुस्तकको चौथो खण्डको एघारौं स्थानमा रहेको छ । यस लेखमा जम्मा चार पृष्ठ र छ अनुच्छेद रहेका छन् ।

---

114 पूर्ववत्, पृ.२०५ ।

यस लेखमा लम्सालले कृष्ण सेन 'इच्छुक' सँगको पहिलो परिचयदेखि उनीसँगको अन्तिम घडिसम्मको सहयात्रालाई प्रस्टरूपमा दर्शाएका छन् । हामी दुई जनाबीचको दूरी समयको अन्तरालसँगै झन झन गाढा हुदै गएको साथै व्यक्ति व्यक्ति बीचको मात्र नभई पारिवारिक सम्बन्ध पनि त्यत्तिकै गाढा हुन गएको कुरालाई लम्सालले स्मरण गरेका छन् । सङ्गठनात्मक संरचनाभित्र सँगसँगै परेपछि मार्क्सवादी पार्टीभित्र हुने साधारण अन्तर्सङ्घर्ष पनि दुवै जनाबीच चलि नै रहयो ।[ज्ञज्ञछ] लम्सालले कृष्ण सेनसँगको पहिलो भेटमा नै उनलाई सोभियत रुसको महान अक्टोवर क्रान्तिताकाका महान बोल्सेभिक कवि क. मायाकोवस्कीको नेपाली अवतरणको रूपमा पाएको कुरा प्रस्तुत गरेका छन् । सेन पत्रकारिता र साहित्यिक–सांस्कृतिक फाँटको नेतृत्वदायी जिम्मेवारी पनि सम्हाल्न र नेतृत्व पनि प्रदान गर्न सफल रहेको धारणा लम्सालले व्यक्त गरेका छन् । गरिवी र अभावका बीचमा रहेका सेन साहित्य, संस्कृति, राजनीति, दर्शन र सिद्धान्तमा अविचल व्यक्तित्वका रूपमा आफ्ना लेख, रचना, कविता, गद्य र पत्रकारीतामा प्रतिष्पर्धीकै रूपमा अगाडि बढीरहे । लम्सालका विचारमा सेनका कृति र रचनाहरूमा विचार र भावनाको संगम हुनुका साथै ती रचनाहरूले क्रान्ति, विद्रोह र बलिदानका लागि आह्वान गरेको पाइन्छ ।कृष्ण सेन 'इच्छुक' आफूले पूरा गर्ने जिम्मेवारी र आफ्नो विचारबाट कहिल्यै पनि विचलित नभईमहान मृत्युवरण गर्न पुगे यो नै उनको महानता र विशेषता थियो भन्ने भनाई लम्सालले व्यक्त गरेका छन् ।

### ४६. महिला उत्पीडन र महिला मुक्तिको प्रश्न

'महिला उत्पीडन र महिला मुक्तिको प्रश्न' शीर्षकको लेख मार्क्सवाद, समाज र साहित्य नामक पुस्तकको पाँचौं खण्डको पहिलो लेख हो । यो लेख यस पुस्तकभित्र सङ्गृहीत हुनुभन्दा अगाडि युवा सन्देश, वर्ष – १, अङ्क –१, २०४२ भाद्रमा प्रकाशित भइसकेको देखिन्छ । यो लेख लामा– छोटा गरेर तेह्र अनुच्छेद र पाँच पृष्ठमा संरचित रहेको छ । यस लेखमा लम्सालले मान्छेको जन्म भएदेखि मृत्यु पर्यन्त सम्म नै हाम्रो देशका महिलाहरूले भोग्नु परेको नाङ्गो हिटलरी र फासिष्टपनाका साथै अन्याय अत्याचारको विभत्स रूपकाबारेमा चर्चा गर्दै महिलाहरूले कहिले मुक्ति पाउँछन् भन्दै प्रश्न गरेका छन् ।

लम्सालले यस लेखमा आफू छ –सात वर्षको बच्चा हुदादेखि नै देख्दै र सुन्दै आएको नारी माथिको शोषणको विभत्स रूपको स्मरण गर्दै शोषक र भ्रष्ट लोग्ने मान्छेहरूको

115 पूर्ववत्, पृ.१९५ ।

निर्दयीपना, लोग्नेको स्वास्नीमाथिको नाङ्गो हिटलरी र फासिस्टपनालाई जित सरापे, धिक्कारे र घृणा गरेपनि थोरै नै हुने कुरा व्यक्त गरेका छन् । पितृसत्तात्मक देशहरूमा महिलाहरूले घर घरमा मानसिक र शारीरिक यातना, दु : ख, पीडा, बर्बर अत्याचार हिजोका दिनमा र आज पनि सहेर बसेका छन् । कसैले सङ्घर्ष गरेर बाहिर ल्याउँछन् त कसैले भित्र भित्र दविन र दवाउन पुगेका घटनाहरू प्रशस्त मात्रामा देख्न सुन्नमा आउँछन् । यौनिक र आर्थिक शोषणको उग्र र दमनकारी रूप पनि प्रायः सधैजसो देख्न र सुन्न सकिन्छ । जुनसुकै ठाउँ वा क्षेत्रमा शिक्षित–अशिक्षित, धनी –गरीब जस्तासुकै महिलाहरूले पनि हत्या, हिंसा, आतङ्क,बलत्कारको सामना गर्नुपरेको छ, जसको कारण वर्गीय चेतना र वर्गीय दृष्टिकोणको अभावले गर्दा नै हो भन्ने दृष्टिकोण लम्सालको रहेको छ । कुनै पनि व्यक्ति एक्लैले केही पनि गर्न नसक्ने हुनाले महिला आमा –दिदी, बहिनी, भाउजू, छोरी, बुहारी समाजका सम्पूर्ण महिलाहरूलाई एकजुट गराई आत्मबल बढाइ साहस गरेर सङ्घर्षमा होमिन सक्नुपर्दछ र आफू र आफ्ना समाजका कुरीति कुसंस्कार, हत्या, हिंसा, आतङ्क, शोषण दमनको अन्त्य गराउन महिलाहरूले नै सक्रिय भूमिका खेल्नुपर्दछ भन्ने मान्यता लम्सालको रहेको छ । महिलाहरूले नै महिलाहरूमाथि शोषण गरेका घटनाहरू पनि थुप्रै सुनिन्छन्, यसको पनि अन्त्य हुनुपर्दछ । जातीय, धार्मिक र राजनीतिक उत्पीडनको विरुद्धमा पुरुष जातिसँग पनि एक भई सङ्घर्षमा अघि बढ्ने र पितृसत्तालाई ध्वस्त पारेर सच्चा मानव समुदायको समानताको युग ल्याउने बाटो नै मुक्तिको बाटो हो भन्ने मान्यता लम्सालको रहेको छ ।[ञञट]

## ४७. वर्गसङ्घर्ष र बुद्धिजीवीहरूको भूमिका

'वर्गसङ्घर्ष र बुद्धिजीवीहरूको भूमिका' लेख शक्ति लम्सालको मार्क्सवाद, समाज र साहित्य नामक कृतिको विविध खण्डको दोस्रो लेख हो । यस लेखमा लम्सालले वामपंथी लेखकहरूले आफ्नो भूमिका निर्वाह नगरेको र उनीहरूले म वामपंथी लेखक हुँ भनेर जुन घमण्ड गर्दछन् त्यो कदापी हुन सक्दैन । उनीहरूभित्र जुन चरित्र हुनुपर्दछ, पूर्ण विकसित रूप लिन नसकेको कुरा व्यक्त गरेका छन् ।

लम्सालले यस लेखमा वामपंथी बुद्धिजीवी हुनको लागि हत्या र दमन, शोषण र अत्याचारका विरुद्धमा त्यस्ता संस्थाहरूको विरुद्ध संगठित भएर तन र मन दिएर, जोतिएर कार्य गर्नुपर्दछ भन्ने मान्यता लम्सालको रहेको छ । एउटा वामपंथी बुद्धिजीवी जनताका कार्य र समस्याहरूबाट

116 पूर्ववत्, पृ.२१० ।

मुक्त हुन सक्दैन। हामीले आज जे जित ज्ञानहरू आर्जित गरेका छौं, ती सबै सर्वहारा वर्ग र वर्गसङ्घर्षबाट नै प्राप्त भएका छन् र ती सबै सर्वहारा वर्ग र वर्गसङ्घर्षकै लागि समर्पित हुपर्दछ भन्ने दृष्टिकोण लेखकको रहेको छ।[ज्ञज्ञठ]हामी जुन बाटोमा हिँडेका छौं त्यो बाटोमा निरन्तर रूपबाट हिँडिराख्नु तर त्यसलाई शिथिल हुन नदिनु नै सच्चा मार्क्सवादी–लेनिनवादी र अन्तर्राष्ट्रिय सर्वहारावादी बाटो हो। नेपाली वामपन्थी बुद्धिजीवीहरूले आफूलाई त्रिशंकुको सिथितिमा नराखी स्पष्ट र ठोस् निर्णय लिई कुनै सङ्घर्षबाट नभागी शोषण दमन तथा अमानवीय कार्यहरूको विरोध गर्दै संसारका जुनसुकै भागबाट पनि जनताको पक्षमा उभिई नैतिक रूपले, बौद्धिक रूपले, शारीरिक रूपले हिस्सेदार बन्नु आजको आवश्यकता भएको विचार लम्सालले व्यक्त गरेका छन्।

### ४८. समकालीन परिस्थितिका बारेमा

लामा – छोटा नौ अनुच्छेद र पाँच पृष्ठमा संरचित 'समकालीन परिस्थितिका बारेमा' लेख लम्सालको मार्क्सवाद, समाज र साहित्य पुस्तकको विविध खण्डको तेस्रो लेख हो। यो लेख यस कृतिमा सङ्कलित हुनुभन्दा अगाडि युग ज्योति, (मासिक) वर्ष-१,अङ्क-२, श्रावण/भाद्र २०३९ मा प्रकाशित भइसकेको थियो। यस लेखमा लम्सालले जुनकुनै पनि अनुसार चल्न सक्नुपर्दछ, अनि मात्र त्यो सक्षम र सबैको लोकप्रिय व्यक्तिव बन्न सक्छ भन्ने भाव व्यक्त गरेका छन्।

वर्गसङ्घर्षको चरम विकास नभई गाउँले र शहरी राजनीतिमा कुनै सामञ्जस्य हुन सक्दैन भन्दै लम्सालले सत्य र न्यायपूर्ण सङ्घर्ष गरेमा मात्र सङ्घर्षको अर्थ रहन्छ भन्ने कुरा व्यक्त गरेका छन्। संसारका धेरै देशहरूमा सङ्घर्ष भए र भइरहेका छन्, तर जसले सत्य र न्यायपूर्ण सङ्घर्ष गऱ्यो र गर्छ,त्यसले विजय प्राप्त गऱ्यो र गर्छ। पुँजीवादी देशभित्र मात्र होइन, समाजवादी देशभित्र पनि धेरै विकृतिहरू देखा परेका छन्। आज जो पनि मार्क्सवाद क्रान्ति र वर्गसङ्घर्षको कुरा गर्छन्। ल्याटिन अमेरिकादेखि लिएर नेपालसम्म मुक्ति आन्दोलनका कुरा गरिराखेका छन्। तर आन्दोलन र सङ्घर्षको कुरा गर्न जित सजिलो छ, त्यसलाई कार्यन्वयन गर्न त्यत्तिकै गाह्रो पनि छ भन्ने मान्यता लेखकको रहेको छ।[ज्ञज्ञड] सबै सच्चा क्रान्तिकारी र वामपंथी शक्तिहरूले एकपटक एक ठाउँमा भेला भएर व्यक्ति वा सगंठनका तर्फबाट भएका गम्भीर कार्यहरूको सिंहावलोकन र आत्मालोचना गर्नै पर्ने देखिन्छ। जनताका बीचमा काम

117 पूर्ववत्, पृ.२१२।
118 पूर्ववत्, पृ.२१६।

गर्दा भूल हुन्छ, त्यसलाई सच्याउदै लैजान सक्नुपर्दछ । आज देशका विभिन्न पेसामा कार्यरत समूहहरूलाई आजको सङ्घर्ष, भाग र आन्दोलनसँग सम्मिलित गराउने, गोलबन्द तुल्यउने काम चारैतिरबाट हुन आवश्यक भएको कुरा लेखकले व्यक्त गरेका छन् ।[119] मार्क्सदेखि लेनिनसम्म र स्टालिनदेखि माओसम्मको नाम रटेर मात्र क्रान्तिकारी र कम्युनिस्ट हुन सक्दैन, यसको अध्ययन र सङ्घर्षसम्बन्धी ज्ञान हुनुपर्छ । लम्सालको बुझाइमा मार्क्सवाद-लेनिनवाद र माओत्सेतुङ विचारधारा क्रियाशील, द्वन्द्वात्मक र वैज्ञानिक चरित्र भएको परिवर्तनमुखी एवम् वर्गसङ्घर्षमा आधारित छ ।

### ४९ इतिहासको मूल्याङ्कनका सम्बन्धमा

'इतिहासको मूल्याङ्कनका सम्बन्धमा' लेख लम्सालको मार्क्सवाद, समाज र साहित्य पुस्तकको विविध खण्डको अन्तिम वा चौथो लेख हो । यो लेख यस कृतिमा सङ्कलित हुनुभन्दा अगाडि **मधुमास** (त्रैमासिक) वर्ष-४, अङ्क -६/७, मार्ग- २०४२ मा प्रकाशित भइसकेको थियो । यस लेखमा लम्सालले साना ठूला गरेर चौध अनुच्छेद र चार पृष्ठ बनाएका छन् ।यस लेखमा लम्सालले कुनै पनि लेखकको लागि विगतको इतिहास एउटा मूल र प्रमुख आधार भएको कुरा उल्लेख गर्दै संसारका कुनै पनि प्राचीन अप्राचीन साहित्यको पृष्ठभूमि खडा गर्नमा इतिहासले ठूलो र महत्वपूर्ण भूमिका खेलेको कुरा व्यक्त गरेका छन् ।

वर्गसङ्घर्ष नै जनताको सही इतिहास हो भन्दै लम्सालले वर्गसङ्घर्षले सामाजिक र राजनीतिक स्वरूप ग्रहण नगरी सही इतिहासको निर्माण नहुने कुरा व्यक्त गरेका छन् । इतिहासलाई विकसित तुल्याउन र त्यसै अनुरूप इतिहासलाई अगाडि घचेट्नका लागि पनि समाजमा अर्न्तनिहित द्वन्द्वले ठूलासघाउ पुऱ्याएको हुन्छ । जसले यो द्वन्द्व बुझ्दछन्, त्यस्ता व्यक्तिहरूले नै इतिहासको निर्माणमा निर्णायक भूमिका खेलेका हुन्छन् ।[120] इतिहासले व्यक्ति र समाजलाई आफ्नो परिवेश र वर्तमानसँग जोड्दछ, त्यसको सङ्कलन गर्ने, खोजबिन गर्ने,सिङ्गार्ने,सजाउने र भविष्यको निर्माणको लागि एउटा प्रेरणा शक्तिको सिर्जना गराउने, अनुभव दिने काम, दिलाउने काम आदि हाम्रा इतिहासकारहरूबाट हुन नसकेको कुरा लेखकले व्यक्त गरेका छन् । हाम्रो इहिासको विकास प्रक्रिया द्वन्द्वात्मक र अर्थतन्त्रमा सङ्घर्षको माध्यमबाट विकास समान

119 पूर्ववत्, पृ.२१७ ।
120 पूर्ववत्, पृ.२२४ ।

तत्वहरूमाथि आधारित रहन पुगेको इतिहासको वर्तमान नेपाली समाजको सन्दर्भमा मूल्याङ्कन हुनुपर्ने कुरा लम्सालले व्यक्त गरेका छन् ।

# परिशिष्ट

(अन्तर्वार्ताहरू)

## १. जनवादी साहित्य भनेको सर्वहारावर्गीय साहित्य हो

परिशिष्टमा समेटिएका चारवटा अन्तर्वाहरूमध्ये 'जनवादी साहित्य भनेको सर्वहारावर्गीय साहित्य हो' नामक शीर्षकको अन्तर्वाता हो । यो कालिको छाल सामयिक प्रकाशनले लिएको विशेष अन्तर्वाता हो । यसमा पत्रकारले सोधेका प्रश्नहरूको उत्तर लम्सालले स्पष्ट रूपमा दिएका छन् । जनवादी साहित्य के हो ? अनि जनवादी साहित्य र जनवादी राजनीतिलाई सँगसँगै लग्नुपर्दछ वा छुट्टाछुट्टै लगिन्छ ? भन्ने प्रश्नको उत्तरमा लम्सालले सर्वहारा वर्गीय साहित्यको सब साइटेड रूप नैजनवादी साहित्य हो भन्दछन् साथै उनले सच्चा र इमानदार मार्क्सवादीहरूको लागि राजनीतिदेखि 'तटस्थ' र 'स्वतन्त्र' भन्ने साहित्यको कुनै अर्थ नरहने कुरा व्यक्त गर्दछन् ।[121] प्रगतिशील नेपाली साहित्यिक आन्दोलनले क्रान्तिकारी साहित्यिक आन्दोलनको सिर्जनामा महŒवपूर्ण योगदान पुऱ्याउन अनिवार्य ठानिन्छ भन्दै लम्सालले जनताको हरेक क्रान्तिकारी सङ्घर्ष र व्यवहारमा साथ दिने लेखकले जनताको राजनीतिलाई शिरोधार्य गरिकन जनताको भावना र दृष्टिकोणलाई क्रान्तिकारी सच्चाइको आधारमा जनतासमक्ष प्रस्तुत गर्नु नै जनवादी साहित्यको मूल उद्देश्य भएको कुरा व्यक्त गर्दछन् । लम्सालले माओ त्सेतुङको भनाइलाई अगाडि सार्दै साहित्यलाई कुनै खास समाजको तात्कालीन राजनीति र अर्थनीतिको प्रतिबिम्ब हो साथै साहित्य समाजमा विद्यमान राजनीतिक एवम् आर्थिक व्यवस्थाकै अनुरूप निर्मित हुन्छ भन्ने विचार व्यक्त गरेका छन् । जहिले पनि राजनीति प्रमुख र साहित्य गौंण रहने विचार लम्सालको रहेको छ ।

कवि, लेखक, कलाकारहरूको आफ्नो स्वतन्त्र अस्तित्व हुन्छ, राजनीतिले हस्तक्षेप गर्नु हुँदैन, लेखकत्व मर्न जान्छ, सिर्जनात्मकता रहँदैंन भन्ने भनाइप्रति तपाईंको कस्तो धारणा छ ? भन्ने प्रश्नको उत्तरमा लम्सालले जनतासँग सिक्ने भावनाको नितान्त अभावमा नै कुनै पनि कवि, कलाकार र लेखकले आफ्नो भूमिकालाई विशिष्ट कारण र अर्थसँग लगेर गाँसिने विचार व्यक्त गर्दछन् । साहित्यले राजनीतिमा हस्तक्षेप गर्नु हुँदैन, लेखकत्व मर्न जान्छ भन्नु मार्क्सवादविपरीत भएको कुरा व्यक्त गर्नुका साथै मार्क्सवादी लेखकले आफ्नो रचनाको निर्माण राजनीतिबाट अलग र तटस्थ भएर गर्न नसक्ने विचार व्यक्त गर्दछन् । सर्वहारावर्ग र किसान

121 पूर्ववत्, पृ.२२७ ।

वर्गको सयुंक्त नेतृत्वमा देशभक्त प्रगशिील र जनवादी शक्तिहरूद्वारा हुने क्रान्ति अतितको गर्भमा नभई भविष्यबाट यसले आफ्नो अन्तिम वस्तु प्राप्त गर्न सक्ने कुरालाई कार्ल मार्क्सले **लुई बोनापार्टको अठारौं ब्रुमेर**मा स्पष्ट गरेको कुरा लम्सालले व्यक्त गरेका छन् । कला, साहित्य र संस्कृतिको क्षेत्रमा जब क्रान्तिकारी अर्न्तवस्तुको विकास तीव्र रूपबाट हुन थाल्दछ, तब पुराना रूप र उत्पादन यन्त्रको अन्त्य हुन पुग्दछन्, नयाँ रूप र यन्त्रको ढलान हुन थाल्दछ । क्रान्तिकारी लेखन र लेखकको विकास, अस्तित्व र व्यक्तित्व पनि यसैसँग गाँसिएर अगाडि बढेको विचार लम्सालले व्यक्त गरेका छन् ।[122]

हाम्रो देशको वामपन्थी आन्दोलन र जनवादी लेखनबीचको सन्तुलन-असन्तुलनबारे तपाईंको अध्ययन के छ ? भन्ने प्रश्नको उत्तरमा लम्सालले विभिन्न क्षेत्रका सङ्घर्षहरूबाट प्रेरित भई प्रगतिवादी, क्रान्तिकारी रचनाहरू त निस्किए तरपनि वर्तमान शाषक वर्गद्वारा गरीब- किसान, मजदुर र अन्य सङ्घर्षशील समूहहरूप्रति जुन किसिमको अमानवीय दमन हुने गरेको छ, त्यसको विरुद्द जनवादी लेखनले प्रचुरता नपाएको कुरा व्यक्त गरेका छन् । जितपनि प्रगतिवादी लेख रचनाहरू निस्किएका छन् तिनीहरू सही-गलत छुट्टिन सकेका छैनन् । ०३२ र ०३६/३७ सम्मको जनसङ्घर्ष पछि पनि कुनै खाँदिलो सार तत्वले भरिएका रचनाहरू देखा पर्न सकेनन् ।वैज्ञानिक द्वन्द्ववादी पद्धतिको समग्र र वस्तुगत विश्लेषण हुन नसक्दा नै विभिन्न अप्ठ्याराहरू देखा पर्दछन् । त्यसो हुनाले राम्रो, खाँदिलो र उच्च स्तरको साहित्यको मागको जहाँ प्रश्न उठ्छ, त्यहाँ वर्गसङ्घर्षले व्यापक आधारभूमि कायम गर्न सके मात्र जनवादी साहित्यको उत्थान हुने कुरा लम्सालले व्यक्त गरेका छन् ।[123]

प्र.ले.क.प्रतिको आम नैरश्यता र शिथिलताका कारणहरू के हुन र प्र.ले.स.को छोटकरी जानकारी पनि दिनुहुन्थ्यो कि ? भन्ने सबालको जबाफमा लम्सालले प्र.ले.क. भित्रका प्रगतिशील कवि र लेखकहरूले जनसाहित्य भित्रको विषयवस्तु, रूप, सौन्दर्य र उन्नत स्तरलाई कायम राखी छाड्ने चिन्तालाई पूरा गर्न नसक्नुको साथै जनताको भावनाको कदर गर्न नसक्नु अनि वामपथी शब्दजालको आधारमा अमूर्त दृश्य चित्रहरू प्रस्तुत हुन थालेकाले प्र.ले.क. प्रति आम नैराश्यता छाएको कुरा लम्सालले व्यक्त गरेका छन् । प्र.ले.क.बाट जुन महत्वपूर्ण उपलब्धिहरू सङ्गठनात्मक र सामूहिक रूपमा प्राप्त हुनुपर्ने हो, पाउन सकिँदैन । थोरै सङ्ख्यामा भए पनि यसभित्र सिद्धान्तनिष्ठ र इमानदार लेखक-कलाकर्मीहरू छन्, उनीहरूले गलत दृष्टिकोण विरुद्ध सङ्घर्ष गरिरहेका छन् भन्ने धारणा लम्सालको रहेको छ ।

122 पूर्ववत्, पृ.२३० ।
123 पूर्ववत्, पृ.२३१ ।

आफ्नो जन्मकालदेखि नै प्र.ले.स. वर्गसङ्घर्ष भन्दा बढी वर्गसमन्वयतिर निर्दिष्ट र आकर्षित रहेको साथै उनीहरूमा अनुभव र ज्ञानको कमीका साथै वर्गीय दृष्टिकोण साफ रहन नसकेको कारण यसभित्र विवाद देखिन थाल्यो र अहिले पनि देखिएको कुरा लम्सालले व्यक्त गरेका छन् । व्यापकताका नाममा बुर्जुवा लेखक-समालोचकबाट आफ्नो प्रशंसा सुन्ने बुर्जुवा पत्र- पत्रिकामा नाम छपाउने, पुँजीवादी साहित्यिक सगंठनहरूभित्र पनि प्रवेश गर्ने र प्रगतिवादी फाँटमा पनि नाम कमाउने, यस्तो फेरिदै जाने प्रवृत्तिले गर्दा जनवादी आन्दोलनलाई धमिल्याउने त होइन ? भन्ने प्रश्नको उत्तरमा लम्सालले सर्वहारावर्गको लेखक हुनका निम्ति जनताको जनवादी क्रान्तिकारी, बौद्धिक सङ्घसंस्थाभित्र प्रवेश गर्नै पर्दछ र त्यसभित्रका अनुशासन र नियमको पालना गर्नुपर्दछ भन्दछन् । हिजोआज जनविरोधी निराशा र शून्यवादी कवि, लेखक,कलकर्मी र बुद्धिजीवीहरूको सख्या बढाउने पत्र-पत्रिकाहरूले प्रगतिवादी र जनपक्षीय रचनाहरूको विरुद्ध विरोधी प्रतिक्रियावादी विचार र दृष्टिकोाण बोकी आएको साहित्यलाई रङ्गी चङ्गी रङ्गहरू दिएर भ्रमको जाल फिंजाएका छन् भन्दै सामन्त र पुँजीवादीहरूले आफूले खडा गर्ने सगंठनहरू र प्रकाश नगर्ने पत्र-पत्रिकाहरूको पछाडि सम्पूर्ण रूपमा कुनियतपूर्ण र राजनैतिक उद्देश्य लुकेको हुन्छ भन्ने विचार व्यक्त गरेका छन् ।[124] हाम्रो जस्तो प्रतिक्रियावादी, पुँजीवादी र संशोधनवादी समाज व्यवस्था भएका देशहरूमा जनताका विभिन्न तहका लेखक कलाकर्मीहरूलाई पुरस्कारको सट्टा मानसिक र शारीरिक दण्ड, यातना, जेल नेल दिइन्छ भन्ने भाव लम्सालको रहेको छ । आजको वस्तुगत नियमलाई बुझेर नै हामीले सामन्ती, बुर्जुवा एवम् सशोधनवादी सङ्घ - संस्थामा प्रवेश गर्ने, रचनाहरू दिने, लोकप्रियता, सम्मान र प्रतिष्ठा कमाउने भन्ने कुराबाट आफू र आफ्नो ठूलो जमातलाई जोगाएर अघि बढ्न,, सक्नु नै आजको आवश्यकता र कर्तव्य हो । आजको हाम्रो प्रगतिशील साहित्यको वस्तुस्थिति र वास्तविकतालाई दृष्टिगत गर्दा यथार्थवादी र प्रगतिशील लेखकहरूले मार्क्सवादी लेखकहरूसँग तादात्म्य सम्बन्ध गाँसी सहयोग पुऱ्याउनुमा बढी सार्थकतादेखिने कुरा लम्सालले व्यक्त गरेका छन् ।

जनताको साहित्य सरल र सुबोध हुनुपर्दछ भनिन्छ । तर तपाईंकैरचना सरलताको अलावा पनि बढी क्लिष्ट पाइन्छ । यस सम्बन्धमा स्वयम् तपाईंको आफ्नो के धारणा छ ? भन्ने

124 पूर्ववत्, पृ.२३३ ।

प्रश्नको जबाफमा लम्सालले जनताको साहित्य सर्वसाधारणले बुझ्ने र वाचन गर्न सक्ने खालको हुनुपर्दछ भन्दै आफूमाथिको आलोचनालाई स्वीकार्दछन् । आफ्नो रचनामा दुर्बोधता आउन दिन चाहन्न भन्दै हामीले आफ्नो भाषा, व्यकरण, शैली, कलापक्ष अभिव्यक्ति,बिम्व आदिको स्तरलाई परिमार्जित तुल्याई आकर्षक पारी सरल र चिटिक्क पार्नु पर्दछ भन्ने विचार व्यक्त गर्दछन् ।[ज्ञद्दछ]

हाम्रो जस्तो सामाजिक परिपाटी भएको मुलुकमा पारिवारिक सम्बन्धको जटिलता सबैलाई थाहा नै छ। यस्तो जटिलताको स्थितिमा परिवारका धेरै सदस्यहरू सँग अर्न्तविरोधहरू चर्केको देखिन्छ ।तपाईंको जीवनमा तपाईंले आफ्नो पिता र परिवारका अन्य सदस्यहरूसँग सुरुदेखि नै सङ्घर्ष गर्दै आइरहनु भएतापनि “रचना” पत्रिकाको भैरव अर्याल अङ्कको स्मृति खण्ड पढ्दा अन्त्यमा गएर बाबुको समक्ष आत्मसमर्पण गर्नुपरेको आभाष पाइन्छ, एउटा वरिष्ठ मार्क्सवादी चिन्तक, समालोचक र पत्रकारको रूपमा तपाईंका यी कुरालाई अहिलेको परिप्रेक्ष्यमा तपाईंले कसरी हेरिरहनु भएको छ ? आफ्ना बाबुको मूल्याङ्कन तपाईं कसरी गर्नुहुन्छ ?भन्ने प्रश्नको जबाफमा लम्सालले सार्वजनिक, राजनैतिक जीवनको सुरुवात घरेलु सङ्घर्षबाट नै भएको कुरा उल्लेख गर्दै मध्यम वर्गीय परिवार भएपनि सामन्ती सोंचका कारण आफ्नो पिताको व्यवहारप्रति सधैं आन्तरिक विरोध भएपनि रगत र छोरा हुनुको नाताले अनादरको भावना छैन भन्ने कुरा व्यक्त गर्दछन् । त्रीतंत्र विद्या,ज्योतिष शास्त्र र जन्म कुण्डलीको ज्ञाता र धार्मिक पूजापाठमा क्रियाशील रहिरहने बुबासँगै सैद्धान्तिक रूपले कयौं भनाई रव्यवहारसँग सहमत नभएको कुरा लम्सालले व्यक्त गर्दछन् । कैयौं अन्तर्सङ्घर्षको अलावा पनि एक छोरा र पारिवारिक सदस्यको नाताले आफ्नो मनमा बाबु आमा र अन्य मान्यजनहरूप्रति सम्मान माया र स्नेह भएको कुरा प्रस्ट पार्दछन् । आफ्नो बाबुको मूल्याङ्कन गर्ने प्रश्नमा केही भन्नु छैन भन्दाभन्दै पनि विश्वविख्यात अमेरिकी निग्रो गायक पाल राब्सनको व्यक्तिवादिता एउटा नशा हो, जित बढाउदै गयो त्यति बढ्दै जान्छ भन्ने भनाईलाई अगाडि सारेका छन् साथै दोस्रो विश्वयुद्ध पछिको अवस्थालाई पनि यहाँ प्रस्तुत गरेका छन् ।

## २.प्रगतिशील साहित्य देशकालसापेक्ष हुन्छ

‘प्रगतिशील साहित्य देश काल सापेक्ष हुन्छ’ परिशिष्ट खण्डको दोस्रो भाग हो । यो अन्तर्वार्ता **आँखा** नामक सामयिक पत्रिकाले गरेको साहित्यसम्बन्धी भेटवार्ता हो ।

अहिले नेपाली साहित्य विशेषतः कुन धारामा बहेको छ र नेपालीहरूलाई कुन धाराको साहित्यको आवश्यकता छ होला ? भन्ने प्रश्नको उत्तरमा लम्सालले हाम्रो जस्तो

125 पूर्ववत्, पृ.२३५ ।

अर्धऔपनिवेशिक र अर्धसामन्ती अवस्था भएको देशमा खास-खास वर्गको प्रतिनिधित्व गर्ने विभिन्न साहित्यिक धाराहरू हुनु स्वाभाविक ठान्छन्, शोषक वर्गको आर्थिक - राजनैतिक प्रभुत्व रहेको समाजमा उक्त राजनीतिलाईटेवा दिने साहित्यिक धाराको बोलवाला स्वाभाविक रहेको छ। लम्सालले नेपाली समाजमा विभिन्न स्वभावका व्यक्तिहरू बस्ने हुनाले पुँजीपति वर्गलाई पुँजीवादी साहित्य, सुधारवादीहरूलाई सुधारवादी साहित्य, लाखौं लाख नेपालीहरूलाई चाहिने साहित्य नौलो जनवादी साहित्यको खाँचो भएको कुरा व्यक्त गर्दछन् ।जनविरोधी प्रवृत्तिको मान्छेले मात्र आफ्नो गल्तीलाई स्वीकार्न र सुधार्न चाहदैन भन्ने अनुभव लम्सालको रहेको छ ।

नेपाली साहित्यमा तपाईंको आफ्नै भूमिका छ, तथापि तपाईंका कृतिहरूको आलोचना गर्दा तपाईं आफूलाई कुन स्थितिमा पाउनुहुन्छ ? भन्ने प्रश्नको उत्तरमा आफू एउटा पाठक र विद्यार्थी मात्र हो अरू केही होइन भन्दै आफ्ना कृतिहरूको आलोचना गर्दा कुनै पनि सङ्कोच नहुने कुरा व्यक्त गर्दछन् । जनसाहित्यको एक पाठकको हैसियतले केही समय यतादेखि आफ्ना पहिलेका कृतिहरूलाई दोहोऱ्याएर हेर्न कतिपय रचनाहरूमा “वैचारिक” र “टेक्निकल” गल्तीहरू गर्न पुगेको अनुभव आज स्वयं लम्सालालाई नै भइरहेको कुरा व्यक्त गर्दछन् ।जनविरोधी प्रवृत्तिको मान्छेले मात्र आफ्नो गल्तीलाई स्वीकार्न र सुधार्न चाहदैन भन्ने अनुभव लम्सालको रहेको छ ।

प्रगतिशील साहित्यकारहरूको सकुंचित परिधिभित्र साहित्य फस्टाउन असम्भव छ भनेर कसै-कसैले भनेको सुनिन्छ तपाईं यस्तो भन्नेहरूप्रति कस्तो विचार राख्नुहुन्छ ? भन्ने प्रश्नको जबाफमा लम्सालले प्रगतिशीलताका विरोधीहरूले आन्तरिक र बाहय रूपबाट विभिन्न रूपमा प्रगतिशील साहित्य र साहित्यकारहरूलाई बदनाम गर्ने काम गर्दै आएका छन् । तिनका विरुद्ध दह्रो सङ्घर्ष चलाउनु आजको आवश्यकता भएको विचार व्यक्त गरेका छन् । प्रगतिशील साहित्य कुनै पनि अर्थमा सकुंचित रहदैन र रहन पनि सक्दैन ।यस्तो साहित्यको स्रोत, आधार र उद्देश्य जनता भएको हुनाले यसको क्षेत्र पनि जनता जत्तिकै विस्तृत र व्यापक भएको कुरा लम्सालले व्यक्त गरेका छन् ।

प्रगतिशील शब्दलाई नै कुनै एउटा विशेष वर्गको पेवा सम्भने प्रवृत्तिप्रति तपाईंको दृष्टिकोण? भन्ने प्रश्नको जबाफमा लम्सालले सामान्यत : प्रगतिशीलको अर्थ प्रगतिको पक्ष लिनु हो भने विस्तृत रूपमा देश, काल, परिस्थिति अनुसार फरक-फरक हुने कुरा व्यक्त गर्दछन् ।प्रगतिशील शब्द कुनै वर्गको पेवा होइन ।मजदुर किसान निम्न पुँजीपति र राष्ट्रिय पुँजीपति वर्गहरू प्रगतिशीलताको क्षेत्रभित्र पर्ने विचार लम्सालको रहेको छ ।

**३. साहित्य जीवनको अङ्ग हो**

साहित्य के हो ? यो के कस्तो हुनुपर्दछ ? यसको जीवनसँग के कस्तो सम्बन्ध हुनुपर्दछ ? आदि विविध पक्षमा **झिल्को** पत्रिकाले लिएको अन्तर्वार्ता हो ।

तपाईंको विचारमा जीवन र साहित्यको कस्तो सम्बन्ध हुनुपर्दछ ? के जीवनभन्दा बाहिर गएर सच्चा साहित्यको सिर्जना गर्न सकिन्छ ? भन्ने सबालको जबाफमा साहित्य जीवनको एउटा अङ्ग हो, तर साहित्य सम्पूर्ण जीवन होइन भन्ने धारणा लम्सालले व्यक्त गरेका छन् ।जीवनका दुई पक्ष मध्ये आर्थिक पक्ष समाजको मूल आधार हो भने वैचारिक पक्ष समाजको माथिल्लो ढाँचा हो । जीवन भन्दा बाहिर गएर कुनैपनि साहित्य सिर्जना हुन नसक्ने धारणा लम्सालको रहेको छ ।प्रतिक्रियावादी साहित्यले प्रतिक्रियावादी वर्गको स्वार्थ अनुरूप यथार्थतालाई गलत र विकृत रूपमा प्रस्तुत गर्दछ भने प्रगतिवादी वर्गका साहित्यिक प्रतिनिधिहरूले यथार्थतालाई सही रूपमा प्रस्तुत गरेर त्यसलाई फेर्ने क्रियाकलापमा सघाउ पुऱ्याउँदछन् भन्ने विचार लम्सालले व्यक्त गरेका छन् ।

वर्तमान नेपाली साहित्यमा देखा परेका प्रवृत्तिहरूको सम्बन्धमा तपाईंको के विचार छ ? के हाम्रो वर्तमान साहित्य स्वस्थ दिशातर्थ अग्रसर भएको मान्न सकिन्छ ? भन्ने सबालको जबाफमा लम्सालले नेपाली साहित्यमा विभिन्न साहित्यिक प्रवृत्ति देखा पर्नु स्वभाविक हो भन्दै प्रतिक्रियावादीहरूको विरोधलाई साम्य पार्नु, नैराश्य, अनास्था र समर्पणवादी भावना आदि फैलाउनु, जनताको सङ्घर्षलाई गलत बाटोतिर लैजान खोज्नु मुख्य उद्देश्य रहेको हुन्छ भन्ने भाव व्यक्त गर्दछन् । प्रगतिशील प्रवृत्तिलाई सच्चा जनवादी प्रवृत्ति र प्रगतिशीलको जामा लगाएर घुसेको जनविरोधी प्रवृत्ति गरेर दुई फ्याकमा हेर्न सकिने भन्दै लम्सालले प्रतिक्रियावादी साहित्यको बोलवाला रहेको आजको परिस्थितिमा साहित्य स्वस्थ दिशातिर अग्रसर हुन नसक्ने विचार व्यक्त गर्दछन् ।

साहित्यमा वैचारिक सङ्घर्षको कत्तिको महत्व छ ? के साहित्य तात्कालीन समाजमा प्रचलित समसामयिक विचारधाराबाट असंपृक्त (अलग) रहन सक्छ ? भन्ने प्रश्नको उत्तरमा लम्सालले साहित्य पनि साहित्यको एउटा मोर्चा भएकाले वैचारिक सङ्घर्षको निकै महत्व हुने कुरा व्यक्त गर्दछन् । साहित्यकार देशकाल, परिस्थितिबाट बाँधिएको हुने हुनाले साहित्य तात्कालीन समाजमा प्रचलित समसामयिक विचारधाराबाट कहिल्यैपनि अलग रहन सक्दैन भन्ने मान्यता लम्सालको रहेको छ ।

जनवादी साहित्य भनेको के हो ? जनवादी साहित्यको वर्तमान अवस्था र भविष्यको बारेमा यहाँको के विचार छ ? भन्ने सबालको जबाफमा लम्सालले जसले जनताको क्रान्तिकारी सङ्घर्षको एउटा अभिन्न अङ्ग भएर त्यसलाई बढाउनमा सघाउ पुऱ्याउँदछ, त्यस्तो साहित्यलाई जनवादी साहित्य भन्ने धारणा लम्सालको रहेको छ ।जनवादी साहित्यभित्र विभिन्न प्रवृत्तिहरू देखिनाले जनवादी साहित्यिक आन्दोलनमा एकता हुन सकेको छैन । जसको कारण आन्दोलनको विकासमा बाधा पुग्न गएको भनाई लम्सालको छ । जनवादी साहित्यिक आन्दोलनभित्र चलेको सङ्घर्षले व्यपक रूप लिदैंछ जुन यस आन्दोलनको विकासको चहकिलो चिन्ह र उज्ज्वल पक्ष हो । जनवादी साहित्यको भविष्य चाहनेहरूले कठोर सङ्घर्ष एवम् त्याग र बलिदान गर्न आवश्यक भएको कुरा व्यक्त गर्दछन् ।

देशको वर्तमान स्थितिमा लेखकहरूको के कस्तो देन हुनुपर्दछ ? के यौन साहित्यको प्रमुख विषयहरूमा एक हो ? भन्ने प्रश्नको उत्तरमा लम्सालले मानिसको जीवनमा यौनको स्थान छ , तर यौन प्रमुख विषय कदापी हुन सक्दैन भन्दै हाम्रो साहित्यभित्र फैलिएको यो प्रवृत्ति जनताको निम्ति निकै हानिकारक भएको कुरा व्यक्त गर्दछन् ।

नेपाली साहित्यमा आधुनिकता भन्नाले के ठान्नु भएको छ ? यसको परम्परासँग कस्तो सम्बन्ध छ ? भन्ने प्रश्नको उत्तरमा लम्सालले फ्रायडवादी लेखकहरू आधुनिकताको नाममा फोहर विचारहरू प्रचार-प्रसार गर्दछन् भने अस्तित्ववादीहरू लगँडो विचारको प्रचार - प्रसार गर्दछन् भन्दै आधुनिक समाजको सिर्जना गर्ने नाउँमा देशमा अर्धऔपनिवेशिक, अर्धसामन्ती व्यवस्थाको विकाास गरिदैछ, यस्तो आधुनिकता केवल धोखा मात्र भएको धारणा व्यक्त गर्दछन् ।नेपाली जनताले चाहेको आधुनिक नेपाल कदापी पराधिन, पराश्रित र पछौटे नेपाल नभई स्वतन्त्र, शक्तिशाली र आत्मनिर्भर नेपाल हो । यस्तो आधुनिकतालाई सबैको समर्थन हुनुपर्दछ भन्ने भावना लम्सालले व्यक्त गरेका छन् ।

आजको स्थितिमा देशको उदीयमान् साहित्यकारहरूको दायित्व के हो ? भन्ने सबालको जबाफमा लम्सालले आज देशमा उदीयमान् नवोदित साहित्यकारहरूको ठूलो दायित्व र जिम्मेवारी छ भन्दै “देशहरू स्वाधिनता चाहन्छन्, जातिहरू मुक्ति चाहन्छन् र जनता क्रान्ति चाहन्छन्” आजको युगको यस मूल धारालाई उनीहरूले मनन गरी त्यसै अनुसार आचरण गर्नु परेको कुरा व्यक्त गर्दछन् ।“विचारधारात्मक परिवर्तन मूलभूत कुरा हो” भन्ने कुरालाई हृदयंगम गरी सङ्घर्षमा सक्रिय भाग लिदैं गएमा आजका नवोदित साहित्यकारहरूले आफ्नो ठूलो जिम्मेवारीलाई अवश्य पूरा गर्न सक्ने विचार लम्सालले व्यक्त गरेका छन् ।

### ४.प्रलेक सङ्घलाई गतिशील बनाउनुपर्छ

आजको सन्दर्भमा 'प्रगतिशील लेखक - कलाकार सङ्घ' को गठनको आवश्यकता कत्तिको महसुस गर्नुहुन्छ र पहिले गठन भएको प्रगतिशील लेखकहरूको सङ्घ निष्क्रिय र विलीन भएर जानुमा तपाईंको अध्ययन र प्रतिक्रिया के छ ? भन्ने सबालको जबाफमा लम्सालले कुनैपनि द्वन्द्वात्मक भौतिकवादी विचारमा विश्वास राख्ने र वर्गीय सङ्घर्षमा आस्था भएको लेखक - कलाकार जो सुकै भएपनि उसको निजी कुनै अस्तित्व हुदैन, ऊ आफ्नो सङ्गठन बिना बाँच्न सक्दैन भन्ने कुरा लम्सालले व्यक्त गरेका छन् । लम्सालका विचारमा लेखकहरूकै कमजोरी र त्रुटीहरूले पहिले गठन भएको प्रलेस निष्क्रिय र विलीन भएर गयो भने आजको सन्दर्भमा प्रलेक 'प्रगतिशील लेखक - कलाकार सङ्घ' को गठनको आवश्यकता एकदमै बढी छ ।सङ्गठनको अस्तित्वलाई खत्तम पारेर आफ्नो निजी भूमिकालाई प्राथमिकता दिएका कारण 'लेखक सङ्घ' हराएर गयो, त्यसको लागि त्यसबेलाको पु.ने.क.पा.को नेतृत्व मण्डली र लेखकहरूमा सर्वश्री श्यामप्रसाद शर्मा, केदारनाथ न्यौपाने, हृदयचन्द्रसिहं प्रधान, ताना शर्मा, बालकृष्ण पोखरेल, आनन्ददेव भट्ट, भूपि शेरचन, भवानी घिमिरे, शान्त दास, रमेश विकल, भैरव अर्याल, डी.पी. अधिकारी, शैलेन्द्र कुमार उपाध्याय, मदन रेग्मी, सरिता ढकाल, कमलराज रेग्मी आदि यसका लागि जिम्मेवार छन् साथै हामी पनि कम जिम्मेवार छैनौं । अहंकारीपन र घमण्डीपनको साथै आफैंलाई आवश्यकता भन्दा बढी महत्व र अस्तित्व जमाएर अरूको धूलोपिठो उडाउने कपटीपूर्ण व्यवहारबाट वर्तमान सचेत र जागरुक प्रलेक सङ्घ र यसका पदाधिकारीहरू पनि बच्न र बचाउनु पर्दछ , अन्यथा मक्किसकेको दलीन धमिरा लाग्न सक्छ भन्ने भावना लम्सालले व्यक्त गरेका छन् ।

प्रलेक राष्ट्रिय तयारी समितिको हालसम्मको कार्य तथा गतिविधि सम्बन्धमा तपाईंको कस्तो प्रतिक्रिया र सुझाव छ ?कृपया स्पष्ट रूपमा बताइदिनु हुन्छ कि ? भन्ने प्रश्नको उत्तरमा लम्सालले हालको प्रलेक राष्ट्रिय तयारी समितिको कार्य तथा गतिविधिबाट सन्तुष्ट नभएको कुरा व्यक्त गर्दै नेपालको प्रगतिशील लेखकहरूलाई हाँक्न, नेतृत्व दिन, कार्यक्रमको ढाँचा तयार पार्न, इतिहास प्रस्तुत गर्नको लागि सशक्त प्रतिभाको आवश्यक भएको कुरा व्यक्त गरेका छन् । प्रलेक सङ्घभित्र वास्तविक लेखक-कलाकारहरूले ठाउँ पाउन सकेका छैनन्,

नेतृत्व लिन नहुने व्यक्तिले नेतृत्व लिएका छन् भन्ने धारणा लम्सालको छ । प्रलेक सङ्घको पुनर्गठन हुनुपर्‍यो, नीतिगत कुरा खुलेर आउनुपर्‍यो, यसको एउटा स्पष्ट सैद्धान्तिक - वैचारिक आधारभूमि हुनुपर्‍यो, सही लेखक - कलाकारले प्रवेश पाउनुपर्‍यो, जुनसुकै व्यक्तिलाई सदस्य बनाउनु भएन, सङ्घभित्र आफ्नै किसिमको अनुशासन र नैतिक बन्धन हुनुपर्‍यो भन्ने जस्ता सुझाव लम्सालले दिएका छन् ।

म तपाईंसँग अब एउटै कुरा सोध्न चाहन्छु -तपाईंहरू प्रलेक सङ्घलाई सकुंचित घेरामा बन्द गरेर राख्न इच्छुक हुनुहुन्छ वा यसको व्यापक परिवर्तन र सम्बर्धन चाहनुहुन्छ ? भन्ने सबालको जबाफमा लम्सालले राजनीतिक समुदायले लेखक - कलाकारहरूलाई नेतृत्व प्रदान गरेको हुन्छ । मार्क्सवादमा आस्था राख्ने, वर्गीय सङ्घर्षमा आस्था विश्वास भएका लेखक-कलाकारहरू तटस्थ र निर्विकल्प भएर रहनै सक्दैनन् भन्ने भावना लम्सालको रहेको छ । आफ्ना अमूल्य रचनाहरूद्वारा जनतालाई गोलबन्द गर्ने, संगठित तुल्याउने हुनुपर्दछ । जनताका लेखक बुद्धिजीवीहरूले 'नङ र मासु' आपसमा टाँसिए झैं र पानीभित्र माछा बसे झैं बस्न सक्नुपर्दछ भन्दै मौलिक एवम् नागरिक अधिकारको लागि सचेत समुदायले ठूलो सङ्घर्ष गर्न जरुरी भएको विचार व्यक्त गर्दछन् ।

### ४.३.२ "भियतनाम युद्धको ऐतिहासिक पृष्ठभूमि" कृतिको अध्ययन

शक्ति लम्सालले २०२० सालको दशकमा अमेरिकी साम्राज्यवादद्वारा लादिएको भियतनाम युद्धका बारेमा 'भियतनाम युद्धको ऐतिहासिक पृष्ठभूमि' शीर्षक को पुस्तक लेखेर चर्चाको शिखरमा पुगेका भनिएको पाइन्छ । तर उनको उक्त पुस्तक भित्र भएका कुराहरूको अध्ययन गर्न सकिएन र यस शोधभित्र पुस्तकको नाम मात्र रहन सक्यो, भित्री विषयवस्तु रहन सकेन ।२०२० सालको दशकमा उनले लेखेको 'भियतनाम युद्धको ऐतिहासिक पृष्ठभूमि' शीर्षक पुस्तक त्यो दशक भरिकै चर्चित पुस्तक बन्यो । साम्राज्यवादी मुलुक अमेरिकाले कम्युनिज्मतर्फ लम्किरहेको स्वतन्त्र मुलुक भियतनाम माथि गरेको आक्रमण र लाखौं भियतनामी जनताले बलिदानी गरेर आफ्नो मुलुकलाई मुक्त पारेको प्रसँग लम्सालको भियतनाम युद्धको ऐतिहासिक पृष्ठभूमिशीर्षकको पुस्तकमा उल्लेख छ ।[126]

126 अशोक सुवेदी, अन्नपूर्ण पोष्ट, पूर्ववत्, पृ.४ ।

## ४.४ विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका फुटकर लेखरचनाहरूको अध्ययन

शक्ति लम्सालले आफ्नो जीवनको सक्रिय लेखन अवधीमा थुप्रै लेख रचनाहरूको सिर्जना गरेका छन् । कतिपय लेखहरू पुस्तकमा सङ्गृहीत हुन पुगे भने कतिपय लेखहरू त्यसै छरिएर रहेका छन् । उनका छरिएर रहेका फुटकर उपलब्ध लेख रचनाहरूको तल छोटकरी चर्चा गरिएको छ ।

### ४.४.१ फुटकर कविताको अध्ययन

सर्वप्रथम त उनको एक मात्र कविता भेटिएकाले त्यसैको चर्चा गरिएको छ :

**क) म - समयले नै भन्नेछ**

लम्सालको उक्त कवितालाई छवटा तत्वहरूमा वर्णन गरिएको छ :

**अ) शीर्षक र संरचना**

'म - समयले नै भन्नेछ' कविता कविकोउपलब्ध एक मात्र कविता हो ।यसमा कविले दुई अनुच्छेदमा मात्र कविता रचना गरेका छन् । पहिलो अनुच्छेदमा आठ हरफ र दोस्रो अनुच्छेदमा सत्रवटा हरफ भएको यस कवितामा जम्मा पच्चीस हरफहरू रहेका छन् । यो कविता वि.सं. २०६२ (वेदनासाहित्यिकत्रैमासिक, वर्ष ३२, पूर्णाङ्क७१, अङ्क १, असोज) मा प्रकाशित भएको हो । यस कवितामा कविले आफ्नै जीवन भोगाइलाई कविता मार्फत व्यक्त गरेका छन् ।

**आ) विषयवस्तु**

यो कविता कविको प्रगतिवादी मान्यतामा आधारित कविता हो । आफ्नै जीन्दगी कष्टप्रद तरिकाले वितेको कुरालाई मुख्य विषयवस्तुबनाइएको छ । शीर्षक नै **म - समयले नै भन्नेछ** भएको यस कवितामा आफूलाई समयले नै चिनाउने कुरा कविले व्यक्त गरेका छन् । आजभन्दा पाँच वर्ष अगाडि जुन कठिन समयको सामना आफूले गर्न परेको थियो र दस वर्ष अगाडि पनि त्यस्तै कठिन समयसँग सामना गर्नुपरेको थियो भने पाँच-दस वर्ष अगाडि बाँचेको समय भन्दा हालको समय झन्झन् कठिन वा कष्टप्रद भएको कुरा कविले व्यक्त गरेका छन् । यस कवितामा कविले समय परिवर्तनशील छ, समयसँगै परिवर्तनकारी बन्नका लागि सबैलाई आग्रह

गरेका छन् ।समयलाई नचिन्ने मान्छेको कहिल्यै पनि प्रगति हुदैन । उसले जहिले पनि समस्या मात्र झेल्नुपर्दछ,त्यसैले अतीतमा भएका कुराहरू भुल्न सक्नु पर्दछ भन्ने धारणा कविको छ ।

### इ) भावविधान

लम्सालको यो कविता परिवर्तनका पक्षमा लेखिएको छ। यसमा कविले आफ्ना अतीतका दिनहरू भुल्न नसकेको र आज पनि ती दिनहरू सम्झदा कहाली लाग्दो हुन्छ भन्दै आफूलाई विगतदेखि आजसम्मका दिनहरूमा कति कठिन दिनहरू भोग्दै आइयो र अबका दिनहरूमा पनि झन झन कठिन दिनहरू बाँच्न बाँकी रहेको कुरा व्यक्त गर्दछन् । यस कवितामा म पात्रले भोगेका कठिन समयको चर्चा भएको छ ।

सतिसाल जस्तै उभिएर मौलाएको बाँस झैं पड्किदै कुनै पनि दाग नभएकोकठिन भन्दा कठिन समयमा पनि म पात्रले केही जीवन जीउन बाँकी नै छ। जुन वित्यो, गुजारियो र सकियो,केही कसुरहरू बाँकी थिए भनेपनि ममा नभई समय भएको कुरा म पात्रले बताएको छ ।कविले कहिल्यै पनि विगतलाई भुल्न सक्दैनन् । म पात्रले व्यतित हुदै गइराखेको समयप्रति सन्देह गर्दछन् । तर उनको आफ्नो जीवनप्रति कुनै सन्देह नभएको कुरा व्यक्त गर्दछन् । म पात्र आफ्नो जिन्दगी चट्किदै गरेको दागदार बाँस झैं जीउँदो रहेको कुरा व्यक्त गर्दै आउँदो समयमा अझ कठिनाइमा आफू चिनिने कुरा कविले व्यक्त गरेका छन् । म को हुँ भन्ने कुरा मैले भन्दा बढी समयले नै बताउनेछ भन्ने कुरा कविले व्यक्त गरेका छन् ।

### ई) लयविधान

म - समयले नै भन्नेछ कविता गद्य ढाँचामा संरचित छ । मुक्त किसिमको गद्य कवितात्मक लय प्रयोगको मुख्यतया नै यस कविताको विशिष्टता हो । शीर्षक र भावमा समानता भएका यस कवितामा प्रथम पुरुष शैलीको प्रयो भएको छ ।जस्तैः

आजभन्दा पाँच वर्ष पहिले
जो म बाँचेको थिएँ
त्यो समय धेरै कठिन थियो यो भन्दा धेरै
दस साल पहिले
जुन बाँचेको थिएँ
त्यो समय पनि धेरै कठिन थियो र
आज जुन म बाँचेको छु

यो समय झन्झन् कठिन छ ।[127]

जम्मा दुई अनुच्छेदमा संरचित यस कवितामा लामा छोटा गरी जम्मा पच्चीस हरफहरू रहेका छन् । छोटोमा तीन शब्द र लामोमा दस शब्दको पङ्क्ति योजना भएको यो कविता संगीतमय, भावमय अनुप्राशयुक्त छ ।

### उ) बिम्ब, प्रतीक र अलङ्कार

बिम्ब र प्रतीकका दृष्टिले हेर्दा यस कवितामा विभिन्न बिम्ब तथा प्रतीकहरूको प्रयोग भएको पाइन्छ । कवितामा कविले आफ्नो शरीर सतिसाल जस्तो ठिङ्ग उभिएको रूपमा लिएका छन् । आफ्नो जिन्दगीलाई मौलाएको बाँस जस्तै पड्किँदै गरेको, तर कुनै दागदार नभएको भनेका छन् । यस कवितामा प्रयोग भएका सतिसाल, मौलाएको बाँस, पड्किनु,चड्किनु आदि शब्दहरू म - समयले नै भन्नेछ कवितामा आएका बिम्ब तथा प्रतीकहरू हुन् ।यस कवितामा उपमा अलङ्कारको प्रयोग भएको छ ।

### ऊ) भाषाशैली

म - समयले नै भन्नेछ कविता सहज तथा सरल भाषामा लेखिएको छ । प्रथम पुरुष शैलीमा लेखिएको यस कवितामा नेपालीतद्भव शब्दहरूको प्रयोग भएको छ । लामा र छोटा हरफहरूको कारणले गर्दा कविता हेर्दा केही असहज जस्तो देखिए पनि आफ्नो जिन्दगीको बारेमा आएका विभिन्न बिम्ब र प्रतीक दिइएको यस कविता भाषिक वर्णयोजनामा भेटिने अनुप्राशीय माधुर्य, शैलीगत छरितोपनाको प्रयोगले यसको भाषाशैली सरल भएको छ ।

## ४.४.२ विभिन्न पत्रपत्रिकामा छरिएर रहेका फुटकर लेखहरूको अध्ययन

### क) द्वन्द्ववादको प्रतीक र बिम्ब कृष्ण सेन 'इच्छुक'

द्वन्द्ववादको प्रतीक र बिम्ब कृष्ण सेन 'इच्छुक' नामक लेख आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक', वि.सं.२०६५, साउनमा प्रकाशित भएको पाइन्छ । यस लेखमा लम्सालले कृष्ण सेन 'इच्छुक' ले राष्ट्रका निम्ति गरेका विभिन्न कार्यहरूका बारेमा लेखिएको छ । सधैँभरि वर्गसङ्घर्षको पक्षमा उभिने अनि शोषक र शासक वर्गप्रति सधैँ घृणाको भाव व्यक्त गर्ने'इच्छुक' ले साहित्यिक, राजनीतिक,सांस्कृतिक, पत्रकारिता आदि क्षेत्रमा पुऱ्याएको योगदानको बारेमा

127 शक्ति लम्साल, म - समयले नै भन्नेछ, वेदना, (पूर्णाङ्क ७१, वर्ष ३२, अङ्क १, २०६२), पृ. १४ ।

चर्चा गरेका छन् । जीवनलाई फेर्न, शोषण, दमन, अत्याचार, सामन्ती थिचोमिचो, औपनिवेशिक दासता, साम्राज्यवाद, विस्तारवाद र संशोधनवादको पर्दाबाट नेपाली जनतालाई पूरै मुक्त बनाउनु पर्दछ भन्दै सङ्घर्षमा लागेर कहिल्यै नथाक्ने 'इच्छुक' मानवतावादी जनसंस्कृतिका सिर्जनाकार साथै वर्गीय आधारका एक कसी भएको कुरा लेखकले व्यक्त गरेका छन् । जीवनको सच्चाइ र वास्तविकताद्वारा सबैको दिल र मनलाई झङ्क्रित गर्नु 'इच्छुक'को मुख्य उद्देश्य हो भन्दै लम्सालले 'इच्छुक'को साहित्यको शिल्प, कला, सौन्दर्य, भाषा, बिम्ब, प्रतीक र शैलीले नेपाली कविताको परम्पराको जग बसाल्नमा महत्वपूर्ण भूमिका खेलेको कुरा व्यक्त गरेका छन् ।आजको हाम्रो नेपाली कविताको द्वन्द्ववादको प्रतीक र बिम्ब भनेकै 'इच्छुक' हुन भन्दै लम्सालले 'इच्छुक' जनताको हृदयमा बाँचिराखेका कवि भएको कुरा व्यक्त गरेका छन् । कवि पूर्णविराम र कवि कृष्ण सेन 'इच्छुक'लाई एघार वर्षे जनयुद्ध र उन्नाइसदिने सडक आन्दोलनले जन्माएका विद्रोहका कवि हुन् भन्दै लम्साललेयी दुवैले कलमलाई बन्दुकको रूपमा परिणत गरी एउटा राजमार्ग कोर्नुका साथै निर्माण गरेका थिए भनेका छन् ।दुवैले नेपालको सांस्कृतिक सङ्घर्षमा जनवादी मान्यतालाई हुर्काएका हुन् ।

कृष्ण सेन 'इच्छुक' ले सहादत प्राप्त गरेर गएपनि नेपाली जनताको हृदयमा बसी आफ्नो कलम, मसी र कागज मार्फत जीवितै भएको कुरा व्यक्त गर्दै लम्सालले रचना संसारको यो रूपलाई सङघर्षरत तप्कासँग आत्मसात् गराउन सक्नु नै ठूलो सफलता भएको कुरा व्यक्त गरेका छन् । कृष्ण सेन 'इच्छुक' कठोर दण्डको सजायभागी भएर विभिन्न शारीरिक र मानसिक यातना तथा पीडाहरू भोग्दै सरकारी फासिष्ट खोरमा बसेर जनताका पक्षमा बोल्दै, लेख्दै र लड्दै थिए, त्यस बेला कसले के लेख्यो र के बोल्यो त्यो नै ठूलो कुरा हो भन्दै लम्सालले आधुनिक नेपाली काव्यका शिखर व्यक्तित्व कृष्ण सेन 'इच्छुक' हाम्रो यस शताब्दीको जनयुद्धका प्रतिनिधि र सर्वोच्च कवि भएको कुरा व्यक्त गरेका छन् ।

सरल तथा सहज भाषामा लेखिएको र वर्णनात्मक शैलीको प्रयोग भएको यस लेखमा नेपाली तद्भव, तत्सम र केही आगन्तुक शब्दहरूको प्रयोग भएको छ । आफ्नो देश र जनताको लागि आफ्नो शरीर नै सुम्पने कृष्ण सेन 'इच्छुक' लाई नेपालका क्रान्तिकारी पत्रकार, गणतन्त्र नेपालका महान् सेनानी, राजनीतिज्ञ, विद्वान्, लेखक, कवि, समाज सुधारक आदि विशेषताले चिन्न सकिने व्यक्तित्वको बारेमा लेखिएको यो लेख नेपाली पाठकको लागि प्रेरणादायी बनेको छ ।

**ख) राष्ट्रियता र जनतन्त्रको लडाइँ साथसाथै**

यो लेख शक्ति लम्सालको अथक् साधक शक्ति लम्साल अभिनन्दन कार्यक्रममा दिएको वक्तव्य हो ।वि.सं. २०६६ जनगणतन्त्र र राष्ट्रियताका लागि सिर्जना अभियान पुस्तकमा लम्सालको यो लेख प्रकाशित भएको छ । यस लेखमा लम्सालले आफूलाई अभिनन्दन गर्दाको खुशीको क्षणलाई व्यक्त गरेका छन् ।

यस लेखमा लम्सालले अभिनन्दन कार्यक्रमले भिन्नै खुशी र अनौठो लागेको कुरा व्यक्त गर्दै यो सम्मान आफ्नो व्यक्तिगत मात्र नभएर नेपालको कम्युनिस्ट आन्दोलन तथा प्रगतिवादी सांस्कृतिक, साहित्यिक आन्दोलनकै सम्मान ठानेको कुरा व्यक्त गरेका छन् । उनले मानिसलाई मृत्युपछि गरिने सम्मान र अभिनन्दनको कुनै मूल्य नहुने कुरा उल्लेख गर्दै भौतिक शरीर रहदै गरिएको यो सम्मान र अभिनन्दन सबैका लागि प्रेरणादायी हुने कुरा व्यक्त गरेका छन् ।

नेपालको यस सङ्क्रमणकालीन अवस्थामा सर्वहारा वर्गको मुक्तिका लागि अझ लडाइँ गर्न बाँकी नै भएको कुरा उल्लेख गर्दै नेपालमा भारतीय विस्तारवादको आधिपत्य जबसम्म रहन्छ तबसम्म नेपाल आर्थिक, सामाजिक, राजनीतिक, सास्कृतिक, भौतिक, जलस्रोत लगायतका क्षेत्रमा अघि बढ्न नसक्ने हुनाले त्यसका लागि विद्रोह गर्नुपर्ने कुरा व्यक्त गरेका छन् । यस्तो सम्मान आफूलाई मात्र नभई यस क्षेत्रका अन्य योद्धाहरूलाई पनि गनुपर्ने कुरा उल्लेख गर्दै आफ्ना निम्ति यो सम्मान अत्यन्त प्रशंसनीय, उदाहरणीय भएको विचार व्यक्त गरेका छन् ।

**ग) भुट्टोको सम्झनामा**

लामाछोटा नौ अनुच्छेद र पाँच पृष्ठ रहेको यो लेख वर्ष २, अङ्क ३, २०३५/०३६ चैत/बैशाख, **नयाँ सिर्जना**मा प्रकाशित छ । यस लेखमा लम्सालले पाकिस्तानका भूतपूर्व प्रधानमन्त्री जुल्फीकार अली भुट्टो जुन रूपमा देश र जनताका निम्ति लोकप्रिय बन्न सके, जनताको मन मुटुमा रहन सके र जनताको माया, स्नेह आफूले पनि पाउन सके त्यसरी जनतालाई माया गर्ने र जनताको माया पाउने, मन मुटुमा रहन सक्ने व्यक्तित्व त्यो देशमा कहिल्यै पाइएनन् भन्ने विषयलाई प्रस्टरूपमा व्यक्त गरेका छन् । भुट्टोकै विषयमा लेखिएको यो लेखको शीर्षक सार्थक रहेको छ ।

लम्सालले यस लेखमा भुट्टोको लगभग ५१ वर्षे जीवनमा वितेका ३१ वर्ष भित्र राजनीतिक र कूटनीतिक भऱ्याङहरू चढ्नु र ओर्लनुमा नै बिताएको कुरा व्यक्त गरेका छन् ।

भुट्टो नेपोलियन बोनापार्टले झैं अगाडि मात्र हेर्थे, कहिल्यै पछाडि फर्केर हेर्दैनथे भन्दै लम्सालले भुट्टो भऱ्याङ्ग चढ्नु र ओर्लनुको पछाडि उनको व्यक्तित्व, कृतित्व, चिन्तन र मननले सैद्धान्तिक रूपमा नभई व्यवहारिक रूपमा काम गरेको कुरालाई प्रस्टचएका छन्। भुट्टोलाई जुन दृष्टिकोणले हेरेपनि पाकिस्तानी जनता, हावा पानी, माटो, धरति, आकाश आदिका लागि भुट्टो यस्तो प्रतीक बनिसकेको छ, जोसँग पाकिस्तानीको उत्थान र पतन, उन्नती र अवनति जोडिएको थियो। स्वाबलम्बी भुट्टो आमा बाबुमाथि कहिल्यै गौरव गरेनन् भन्दै लम्सालले भुट्टोको प्रारम्भिक पारिवारिक जीवन जे जस्तो भएपनि वर्तमान पारिवारिक जीवन पूरै पश्चिमी ढङ्गको सुखी सम्पन्न र उल्लासको रहेको कुरा लम्सालले व्यक्त गरेका छन्। भुट्टोकी कान्छी श्रीमती नसरत भुट्टोले राजनीतिमा हरपल सहयोग गरेकी साथै उनले राजनीतिक भूमिका सफलता साथ पूरा गर्दै विजय पनि प्राप्त गरेको कुरा लम्सालले व्यक्त गरेका छन्।राजनीतिक चतुऱ्याइँले गर्दा नै जुल्फीकार राजनीतिमा सफल भएका हुन भन्दै लम्सालले जुल्फीकार यस्तो विश्व राजनीतिज्ञ र कुटनीतिज्ञ थिएकी जो मान्छे हेरेर मान्छेको भावना बुझेर कुरा गर्दथे भन्ने कुरा व्यक्त गरेका छन्।देशी विदेशी आफ्नै विरोधी भएपनि सबैलाई वाकपटुता, ओजस्वी र तिखो भाषण तथा लेखन कार्यद्वारा आफूतिर चुम्बकले झैं तान्ने जुल्फीकारको प्रंशसक र समर्थकहरू पाकिस्तानभित्र भन्दा बाहिर बढी सङ्ख्यामा पाइने कुरा लम्सालले व्यक्त गरेका छन्। सत्य तथ्यलाई नै स्वीकारेर अघि बढ्ने भुट्टो घरदेखि बाहिरसम्मको जितपनि समस्या देखा पर्दछन् सबैको समाधान सहजै रूपमा गरिदिन्थे।शिमला सम्झौतालाई लम्सालले एउटा उदाहरणको रूपमा लिएका छन्।

भारतसँग मित्रता र राम्रो सम्बन्ध कायम राख्नुपर्दछ भन्ने भुट्टोले पाकिस्तानी जनतालाई भारतसँग सतर्क भई कदम चाल्न चेतावनी दिने भुट्टोले भारतसँग हजारसाल लडिरहने धम्कि दिएरपनि भारतीय नेताहरूलाई पाकिस्तानसँग गहिरो र सुदृढ मित्रता बनिरहनु आवश्यक छ भन्ने बोध गराउने एक मात्र नेता देखेको कुरा लम्सालले व्यक्त गरेका छन्। दुश्मन र मित्र दुवैको घरमा जुल्फीकार अली भुट्टले त्यही सम्मान, श्रद्धा थियो, जुन उनका हितैषी र आत्मीयहरू मात्रलाई दिने गरिन्छ भन्दै लम्सालले भुट्टो जनरल जियाद्वारा दिएको फाँसीको डोरीमा झुलेर पुन : एकपटक विश्व विजयी हुन पुगेको कुरा व्यक्त गरेका छन्।

**घ) कम्पुचियाली जनताको भियतनाम विरोधी सङ्घर्ष सफल छ।**

प्रस्तुत 'कम्पुचियाली जनताको भियतनाम विरोधी सङ्घर्ष सफल छ' शीर्षकको लेख वर्ष २, अङ्क २, २०३६ (वैशाख-असार), **लहर** (त्रैमासिक) मा सङ्कलित छ। यो लेख लामाछोटा सात

अनुच्छेद र पाँच पृष्ठमा संरचित छ । यस लेखमा लम्सालले हिन्दचीनमा पात्रहरू फरक भएपनि इतिहासको दृश्य उही भएको कुरा प्रस्ट पार्दै कम्बोडिया कहिले भियतनामीहरूको र कहिले थाइल्यान्डको नियन्त्रणमा रहेको विषयलाई प्रस्तुत गर्दै देशभित्र भएका सङ्घर्ष अनि देश देशबीचमा भएका सङ्घर्षहरूका बारेमा प्रस्ट पारेका छन् । हिन्दचीनका तीनै देश (कम्बोडिया, लाओस र दक्षिणी भियतनाम) मा विदेशी हस्तक्षेपका विरुद्ध जवरजस्त सङ्घर्ष भयो । यी तीनै देशहरूमा राष्ट्रिय मुक्ति आन्दोलनहरू एक अर्काप्रति सङ्घर्षशील ऐक्यबद्धतामा आवद्ध भए । यस ऐक्यबद्धतालाई जनवादी गणतन्त्रबाट प्राप्त नैतिक, आर्थिक एवम् सामाजिक सहयोगले यी तीन देशको आन्दोलनहरूलाई विजयी तुल्याउन निर्णायक भुमिका खेल्यो भन्दै लम्सालले कम्पुचियाई, लाओसी र भियतनामी नेताहरूको बीच जुन समन्वय सद्भावना र सहयोग सुदृढ भयो त्यसले हिन्दचीनलाई अमेरिका र यसका स्थानीय कठपुतलीहरूबाट सदाको निमित्त मुक्त गरेको विचार व्यक्त गरेका छन् ।

कम्पुचियामा विभिन्न व्यक्तित्वको नेतृत्वमा शासन समालियो, यसै क्रममा छिमेकी भियतनामले मौका छोप्यो र कम्पुचियालाई नियन्त्रणमा लिने प्रयत्न गऱ्यो भन्दै लम्सालले जनवादी गणतन्त्र चीनसँग आफ्नो भ्रातृत्वपूर्ण सम्बन्ध कायम राख्न दृढ प्रतिज्ञा गरेको रकम्पुचियाई जनवादी सरकारले भियतनामको प्रभाव क्षेत्रमा पर्न नचाहेको कुरा व्यक्त गरेका छन् ।जितजित कम्पुचियाले भियतनामी दबाबको प्रतिरोध गऱ्यो त्यति चर्को रूपमा भियतनामी हस्तक्षेप बढ्न थाल्यो भन्दै लम्सालले सन् १९७८ पछि भियतनामी सेनाले बारम्बार कम्पुचियायी सिमानाको अतिक्रमण गर्न थाल्यो, यसको निम्ति कम्पुचियायी पक्ष नै जिम्मेदार भएको आरोप लगाएको धारणा व्यक्त गरेका छन् ।कम्पुचियाका विभिन्न भागमा भियतनामी सेनाले आक्रमण गर्न थाले साथै राजधानी नै कब्जा गरी हेङ्ग समारिनको नेतृत्वमा कठपुतली शासन चलाउन थाल्यो ।हेङ्ग समारिनको सत्ता केवल भियतनामी सिपाही र हतियारको बलमा टिकेको कुरा उल्लेख गर्दै लेखकले विगतमा विभिन्न राष्ट्रहरूसँग वीरतापूर्ण विद्रोह गर्दै सफलता

हात पारेको कम्पुचियाई जनतालाई आफ्नो देशमाथिको भियतनामी दासता सैह्य हुन नसकेको कुरा व्यक्त गरेका छन् ।

आज भियतनामी आक्रमणकारी फौज कम्पुचियाको दलदलमा नराम्रोसँग फसेको कुरा प्रस्ट पार्दै लम्सालले कम्पुचियाको सत्तामा वास्तविक रूपमा अगुवा भएका लाल खमेर प्रतिरोध सेनाको शक्ति दिनप्रतिदिन बढ्दै गइरहेकोले भियतनामी आक्रमणकारीहरूले आफ्नो उद्देश्य प्राप्त गर्न नसकेको विचार व्यक्त गरेका छन् । सोवियत सङ्घको ठूलो आड प्राप्त भएकाले भियतनामले कम्पुचियामा लाखौं फौज पठाएर आक्रमण गर्ने दुस्साहस देखाउन सकेको हो र सोवियत सङ्घको सहयोगका कारण आर्थिक कठिनाई पनि परेको छैन ।

तर समय बित्दै जाँदा कम्पुचियाई जनताको भियतनामी आक्रमण विरोधी सङ्घर्ष तीव्र हुँदै जान्छ, तब दक्षिणी भियतनाममा अमेरिकीहरूझैं भियतनामीहरू कम्पुचियाको दलदलमा भासिँदै जाने धारणा लम्सालको रहेको छ । दक्षिणपूर्व एसियाई राष्ट्रहरू भियतनामदेखि सतर्क रहन थालेबाट भियतनामको राजनैतिक, नैतिक र कूटनैतिक दृष्टिबाट पराजय भइरहेको रणक्षेत्रमा मात्र यो पराजित हुन बाँकी रहेको विचार लम्सालले व्यक्त गरेका छन् ।

**ङ) वामपन्थी एकताको समस्या सम्बन्धमा**

लामा छोटा सात अनुच्छेद र पाँच पृष्ठमा संरचित 'वामपन्थी एकताको समस्या सम्बन्धमा' लेख वर्ष १, अङ्क २, २३ फागुन २०३९, **जनमत पाक्षिक**मा प्रकाशित भएको छ । यस लेखमा लम्सालले नेपालको वामपन्थी आन्दोलन वैचारिक रूपमा र आफ्ना चरित्रगत विशेषताहरूमा जित खँदिलो देखिन्छ, त्यति सङ्गठनात्मक र राजनैतिक रूपमा परिपक्व र व्यापक हुन नसकेको कुरा व्यक्त गर्दै यसको खास कारण मार्क्सवादको वर्गीय चरित्र र वर्गसङ्घर्षलाई नकारेर समाज वा सर्वहारा किसान मजदुर आन्दोलनलाई समग्र रूपमा हेर्न नसक्नु भएको विचार व्यक्त गरेका छन् । एउटै पार्टीभित्र रहेर पनि फरक फरक विचारधार प्रस्तुत गर्नु र शंकास्पद वातावरण सिर्जना गर्नुले राजनैतिक व्यक्तिहरूबीचसङ्घर्ष चलिरहन्छ । एकले अर्कोलाई विश्वाश गर्ने वातावरण नहुनाले नै यो स्थिति सिर्जना भएको हो । जुन दक्षिणपन्थी भट्कावहरूले प्रवेश पाउन थालेको छ, त्यसले गर्दा सैद्धान्तिक दृढता र मार्क्सवाद - लेनिनवाद- माओ विचारधाराप्रति पूरा समर्थित भएकाहरूले वर्गसङ्घर्षको राजनीति गर्न सक्ने कुरालाई प्रस्ट पार्दै लम्सालले राजनैतिक, सैद्धान्तिक एवम् सङ्गठनात्मक पक्षहरू एउटा नीतिगत र कार्यक्रमहरूमा स्थापित भएकाले यो कुनै घेराभित्र सीमित भएजस्तो लागेपनि सत्य रूपमा सावित हुन नसकेको विचार व्यक्त गरेका छन् । नेपालको राजनीतिक क्षेत्रमा चौथो महाधिवेशन र पुरानो मालेहरूले वैचारिक प्रखरता र सङ्गठनात्मक स्वरूप र व्यक्तित्वको आकर्षणहरू खडा

गरेपनि विरोधी व्यक्तित्वहरू एकै साथ रहेकाले सङ्गठनलाई भन्दा व्यक्तित्वको आकर्षणलाई बढी महत्व दिएको धारणा लम्सालले व्यक्त गरेका छन् । एउटै पार्टीभित्रका विभिन्न समूहहरूका आ आफ्नै क्षेत्र छन्, तर तिनीहरूको कुनै त्याग, सक्रियता र राजनीतिक कार्यक्रमहरू दिएर आन्दोलन र सङ्गठनलाई परिचालन गर्ने कुनै आधार नदेखिएको कुरा लम्सालले व्यक्त गरेका छन् ।

प्रमुख र प्रभावशाली भूमिका कसले खेल्ने भन्ने विषयलाई लिएर विभिन्न मतभेदहरू देखा परेका हुनाले देशमा देखा परेका वामपन्थी समूहहरूबीच तत्काल कुनै एकता हुन नसक्ने कुरा लेखकले व्यक्त गरेका छन् । एक समूहले अर्को समूहको चरित्र हत्या गर्ने काम मात्र भएको देखिनाले सं. २०३५/०३६ को आन्दोलन र कार्यक्रमले जनतामा जुन खुल्दुली ल्यायो, आकर्षण पैदा गर्‍यो, आश्था र विश्वास जगायो त्यो हाल शिथिल हुदै गएको भनाइ लेखकको छ । केन्द्रदेखि तल्लो एकाइसम्म एकता हुनको निम्ति बढीभन्दा बढी छलफल कार्यक्रम ल्यउनु पर्छ भन्दै लम्सालले जनताको गाँस, वास, कपास प्राप्तिका लागि जनतान्त्रिक व्यवस्था स्थापना गर्नका लागि राष्ट्रियताको सुरक्षा र संवर्द्धन गर्न गाह्रो पर्ने हुनाले सबै सही वामपन्थी समूहका नेतृत्वहरूले बडो संयमित र व्यावहारिक ढङ्गले सही एकताको बुंदा र कार्यक्रमको खोजी गर्नुपर्दछ भन्ने भावना व्यक्त गरेका छन् ।

### च) अन्तर्वार्ता परिशिष्ट

यो अन्तर्वार्ता वर्ष ५, अङ्क ५, २०३८ मङ्सिर, **जनमानस** (अखिल भारत नेपाली विद्यार्थी सङ्घको मुखपत्र) मा प्रकाशित भएको छ। यसमा अन्तर्वार्तामा सोधिएका चारवटा प्रश्नउत्तरहरू सङ्गृहीत छन् ।

नेपाल र भारत दुवै देशका शासक वर्गले दुई देश बीचको मधुर सम्बन्धको राग निरन्तर अलापेता पनि हाल केही वर्ष यतादेखि नेपाली प्रबुद्ध वर्ग तथा चेतोन्मुख नेपाली जनतामा नेपाली राष्ट्रियता र जनतान्त्रिक आन्दोलनको निमित्त भारत एक प्रमुख खतराको रूपमा उभिन सक्ने आशङ्का तिव्र रूपले बृद्धि भएको देखिन्छ । तपाईंको विचारमा यो मनस्थितिका लागि के कति तथ्यहरू जिम्मेवार छन् ? भन्ने प्रश्नको उत्तरमा लम्सालले नेपाल भारत बीचको सङ्कुचित र खुम्चिएको सम्बन्ध र धमिलो सोचाइको कारण खराब प्रवृत्तिको विरुद्ध लड्न र अडान लिन एवम् त्यसको प्रतिरोध गर्न नेपाललाई हरपल गाह्रो भएको अनुभव व्यक्त गरेका छन् । भारतले जहिलेपनि नेपालको सार्वभौमिकता र स्वतन्त्रतालाई सीमित तुल्याउँदै आएको छ,

साथै नेपालको सुरक्षाको दायित्वबाट भारत कहिल्यै पनि पछि हट्न चाहँदैन । यस अन्तर्वार्तामा लम्सालले नेपाल र भारत बीचमा भएका सन् १९५०को सन्धि र पत्राचारहरूलाई आधारक्षेत्र कायम राखी नेपालभित्र भारतले सैनिक मिशन खडा गऱ्यो र नेपाली उत्तरी सिमानामा भारतीय सैनिक चेकपोष्ट स्थापना गऱ्यो । नेपालको आन्तरिक विद्रोह सङ्घर्षलाई दबाउन भारतीय सैनिकहरूले पटकपटक सक्रिय भूमिका खेल्दा नेपालीहरूको राष्ट्रिय भावनामा चोट पुगेको कुरा लम्सालले व्यक्त गरेका छन् । नेपाल र भारत बीचको विशेष सम्बन्धका बारेमा समय समयमा नेपाली जनताले विरोध गरिरहेका छन् ।राजनैतिक तथा आर्थिक जुन दृष्टिले हेरे पनि विशेष सम्बन्धको फाइदा ठूलो देशलाई नै हुने कुरा प्रस्ट पार्दै लम्सालले यो मैत्री सम्बन्धलाई स्थायी बनाउन पुराना विवादहरूलाई छलफल गरेर मिलाएमा नेपाललाई नै राम्रो हुने कुरा व्यक्त गरेका छन् । सन् १९५० को सन्धिले नेपाललाई एकतर्फी झुकाउमा झुकिराख्न बाध्य तुल्याएको कुरा स्पष्ट पार्दै यसको पूर्ण रूपमा खारेज गर्नुपर्ने कुरा लम्सालले व्यक्त गरेका छन् । आज प्रत्येक कमजोर विकासोन्मुख देश, राज्य र राष्ट्रहरूमा उपनिवेशवाद आआफ्नै देशभित्रबाट सानो तर बलिया रूपमा विदेशी समुदायको आर्थिक बौद्धिक एवम् शारीरिक नियन्त्रण आदिको आधुनिक राजनीतिक पोशाक लगाएर विभिन्न रूपमा देशभित्र प्रवेश गर्दैछन् । त्यस्तै गरी भारतले नेपालमा हस्तक्षेप गरिराखेको छ भन्ने मान्यता लम्सालको रहेको छ ।

प्रायः नेपाल भारत मैत्री सम्बन्ध युगौं- पुरानो परम्परागत धर्म, संस्कृति, जाति आदिको समानताको जगमा उभिएको तथा मौलाएको तर्क पेस गरिन्छ । मित्रताका यी आधारहरू दुई देशबीचको आजको भू-राजनीतिक परिस्थितिमा कत्तिको दिगो हुन सक्लान् ? भन्ने दोस्रो प्रश्नको जबाफमा लम्सालले भौगोलिक रूपमा नजिक भएकाले नेपाल र भारतको सम्बन्ध युगौं पुरानो छ साथै धर्म र संस्कृतिको पनि प्रभाव परेको कुरा व्यक्त गरेका छन् । परराष्ट्र मामिलामा अदृश्य छ तर आर्थिक रूपमा नेपाल भारतको खल्ति भएको कुरा प्रस्ट पार्दै लम्सालले राज्यहरूबीचको सम्बन्धको आधार भूराजनीतिक धर्मसंस्कृतिभन्दा समान आर्थिक नीति राजनीतिक सहअस्तित्व र सार्वभौमिकता पारस्परिक सम्मान भएको कुरा व्यक्त गरेका छन् । लम्सालको विचारमा नेपाल र भारत सम्बन्ध मजबुत, स्थायी र नजिक हुनुपर्दछ । तर यो भूराजनीतिक धर्मसंस्कृति जातिप्रथा आदिको आधारमा नभएर समान आर्थिक सम्बन्ध, राजनीतिक सहअस्तित्व र सार्वभौमिकताको सम्मानमा हुनुपर्दछ अनि यसैआधारमा मात्र नेपाल भारत सम्बन्ध दिगो हुन सक्दछ ।

नेपाली सार्वभौमिकता तथा क्षेत्रीय अखण्डतामा आँच पुऱ्याउने भारतद्वारा लादिएका विभिन्न खाले असमान सन्धिहरू यथावत् नै कायम रहेको अवस्थामा बहुचर्चित नेपाललाई शान्तिक्षेत्र बनाउने प्रस्तावको औचित्यबारे यहाँको के विचार छ ? भन्ने तेस्रो प्रश्नको उत्तरमा लम्सालले नेपालको शान्तिक्षेत्रको प्रस्तावको सम्बन्धमा विशेषगरी भारतीय प्रभुत्वविरोधी रूपमा हेरेको कुरा व्यक्त गरेका छन् । १९५० को नेपाल भारत असमान सन्धिलाई वैधता दिएकाले शान्तिक्षेत्र वास्तविक शान्तिक्षेत्र बन्न नसकेको धारणा लम्सालले व्यक्त गरेका छन् । लम्सालको विचारमा नेपाल शान्तिक्षेत्र हुनुपर्दछ, तर यस्तो विवादास्पद नभएर स्पष्ट र अन्तर्राष्ट्रिय कानुनद्वारा संरक्षित हुनुपर्दछ ।

शोषणको जातोमा समान रूपले पिसिएका नेपाल तथा भारतका जनताहरूको विद्यमान अवस्थालाई आफ्नो जायज अधिकार प्राप्तिको मुक्ति सङ्घर्ष परिवर्तित गर्न भारतमा अध्ययनरत नेपाली विद्यार्थीहरू तथा प्रवासी नेपालीहरूको पनि भूमिका हुन सक्दछ कि ? भन्ने चौथो वा अन्तिम प्रश्नको उत्तरमा लम्सालले संसारभरका प्रतिक्रियावादीहरू एक सूत्रमा बाँधिएका छन् । जुनसुकै देशको जनतान्त्रिक वा राष्ट्रिय आन्दोलनले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा तिनीहरूलाई असर पारेको कुरा उल्लेख गर्दै लम्सालले यस सन्दर्भमा नेपाल र भारत दुवै देशमा शासकहरूले आफ्नो वर्गीय अडान लिएका छन् भने शोषित वर्गले तिनीहरू विरुद्ध सङ्घर्ष गरिरहेका हुन्छन् भन्ने धारणा व्यक्त गरेका छन् ।दुई देशका जनताहरू नजिक हुनुको कारण तिनीहरूको सङ्घर्षको रूप एउटै हुनु हो । आर्थिक असमानताको कारणले नेपालीहरू प्रवासमा छिरेको कुरा उल्लेख गर्दै लम्सालले नेपालमा जनतन्त्र तथा सार्वभौमिकताको खतरा हुनुमा भारत दोषी भएको कुरा व्यक्त गरेका छन् । लम्सालको विचारमा नेपाल भारत समान आर्थिक, राजनीतिक,सांस्कृतिक वा अन्य सम्बन्धहरू नेपाली तथा भारतीय दुवै देशका जनताको हितमा त्यति बेला मात्र हुन सम्भव हुन्छ, जब असमान सन्धि खारेज हुन्छ, जब एकले अर्कोलाई समान सहभागीको रूपमा हेर्दछन् । यस्तो हुनको निम्ति दुवै देशका जनताको जनसङ्घर्ष आवश्यक छ

**छ) बहिनीलाई चिट्ठी**

लम्सालको 'बहिनीलाई चिट्ठी' नामक लेख **आमा**, (मासिक, वनारस) वर्ष ३, अङ्क ९,२०२१ भदौमा प्रकाशित भएको छ । यो लेख पत्रात्मक शैलीमा लेखिएको छ । यस पत्रमा लम्सालले आफ्नी बहिनीलाई यदि हामी दुईबीचको स्नेह सम्बन्ध, जीवनका उद्देश्यहरू र तिमीलाई पूरा गर्न गरिने कार्यहरूमाथि आधारित रहयो भने तिम्रो र मेरो नाता मात्र भन्दा पनि हाम्रो स्नेह सम्बन्ध झन् ठोस र शक्तिशाली रहन सक्छ भन्ने कुरा व्यक्त गरेका छन् । लम्सालले

बहिनीलाई व्यक्तिगत वा पारिवारिक सफलतामा भन्दा कयौं गुणा आनन्द र सुख समाजमा रचनात्मक कार्य गरेर समाजलाई उन्नत र राम्रो बनाउन सकेमा हुन्छ भन्ने भावना पोखेका छन् । समाजलाई उन्नत बनाउन सकेमा व्यक्ति वा परिवार सहजै सुखी रहन सक्छ भन्दै लम्सालले बहिनीलाई म सदैव तिमीलाई समाजमा कुनै रचनात्मक कार्य गर्न, सुखद क्षणको आनन्द लिन अभ्यस्त होऊ भन्न चाहन्छु भनेका छन् । यस पत्रमा आफ्ना रचनाहरूमा बहिनीको कतिसम्म साथ पाइन्छ, त्यो त भविष्यले नै बताउने कुरा व्यक्त गरेका छन् ।

लम्सालले समाजको सेवा गर्ने व्यक्तिले सर्वप्रथम त जनतालाई श्रद्धा प्रेम गर्नुपर्दछ साथै उनीहरूको कामहरूलाई आफ्नै काम सम्झनु पर्दछ भन्ने विचार गरेका छन् । आफ्नो मनमा सधैँ यस्तै विचार आउने हुनाले आफूले सधैँ सामाजिक र रचनात्मक कार्यहरूमा जोड दिदैं आएकोकुरा व्यक्त गर्दै लम्सालले सामाजिक विषयहरूलाई लिएर गाउँमा जाँदा सधैँ सहज स्थिति नहुने कुरा व्यक्त गरेका छन् । आफूले जुन लक्ष्य लिएर अघि बढ्न खोजिएको हुन्छ त्यतिबेला आफूले जस्तो परिस्थितिसँग पनि सामना गर्नुपर्ने हुन्छ भन्दै लम्सालले समय सँगसँगै कहिले सहज हुन्छ त कहिले असहज हुन्छ भनेका छन् ।आफ्ना असफलताहरूसँग सामना गर्दै हिँड्दा एकदिन त सफलता प्राप्त हुने कुरा लम्सालले व्यक्त गरेका छन् । त्यसले नै तिमीलाई कयौं गुणा आनन्द दिन्छ साथै जनतामा तिमीप्रति प्रेम र विश्वासको भावना बढ्दै जानेछ भनेर बहिनीलाई हौशला दिएका छन् ।

### ज) बुइँगलको कसिङ्गरबाट

लम्सालको 'बुइँगलको कसिङ्गरबाट' लेख वर्ष २, अङ्क २, २०२३, (कार्तिक-पुस), **गुराँस** (त्रैमासिक) मा प्रकाशित भएको छ । यस लेखमा लम्सालले यो एक प्रेमपत्र भएको कुरा उल्लेख गर्दै यस प्रेमपत्रमा व्यक्त भएका कुराहरू महात्मा, ईशा, बुद्ध, मुहम्मद, गान्धी, टाल्सटाय आदिले प्रेमका विषयमा आफ्ना धारणा व्यक्त गरिसकेको कुरालाई प्रस्ट पारेका छन् । आधुनिक प्रेम दिन प्रतिदिन साँघुरो र निरङ्कुश बन्दै गएको छ भन्दै कुनैबेला प्रेम स्वतन्त्रताको आदर्श र उपाशक थियो भन्ने विचार व्यक्त गरेका छन् । तर आज आडम्बर र कूटनीतिको जंजालमा फसेको छ, तर जर्ज बर्नाड शा र मिसेज एलेनटेरीको प्रेमले हामीलाई नयाँ बाटोको खोजीमा अग्रसर बनाउँछ । मिसेज पेत्रिक केम्पवेलले आफ्नो गुप्त प्रेमपत्रलाई प्रकाशित गर्न चाहेको तर शाले अनुमति नदिएको कुरा लम्सालले व्यक्त गरेका छन् । जसका कारण यी दुईको ऐतिहासिक प्रेमपत्रप्रकाशित हुन सकेन । शाले पेत्रिक केम्वेललाई लत्याएता पनि एलेनटेरीसँग भएको

प्रेमपत्रलाई त छाप्ने अनुमति मात्र दिएनन्, बरु त्यस पत्रमाथि मोहनी मन्त्रको जादु छरेर सानदार टिप्पणी पनि गरे । कति प्रेमपत्र लेखिन्छन् र लेखिएका छन् ती सबै प्रकाशित हुन्छन् भन्ने छैन, तर शा र एलेनटेरी बीचको प्रेमपत्र पहिलो पटक प्रकाशित हुन गएको छ । जसले शाको प्रेमी रूपलाई संसारको अगाडि दर्शाउन पुगेको छ । जुन प्रेमको रूपलाई शाले हरबखत लुकाएर हिड्ने गरिरहे भन्दै लम्सालले एलेनटेरीको दुई सय जित प्रेमको आँशुलेनिथ्रुक्क भिज्केका प्रेमपत्र र त्यसको केही कम शाको प्रेमपत्रको सकंलन वर्तमान विश्वका प्रेमी प्रेमीकाहरूका लागि महान प्रेरणाको स्रोत बन्न पुगेको कुरा व्यक्त गरेका छन् । एलेनटेरीको मनमा कुनैपनि अवस्थामा शासँग भेट हुन नसकोस भन्ने लागेको थियो र त्यो पूरा पनि भयो । शाले प्रेमको अन्तिम सम्भोगको क्रियाकलापलाई पत्रद्वारा नै एलेनटेरीसँग पूरा गर्ने चेष्टा गरे, तर एलेनको कुमारित्वलाई कहिल्यै पनि बिटुल्याउने कोसिस गरेनन् भन्दै लम्सालले यही उनको सबभन्दा ठूलो निष्ठापूर्ण ब्रह्माचार्य भएको कुरालाई प्रस्ट पारेका छन् ।

**झ) मेरो चिन्तनमा आजको रुस**

लम्सालको 'मेरो चिन्तनमा आजको रुस' नामक लेख २०२७, कार्तिक, **नौलो राँको** (सामयिक साहित्यिक सङ्कलन), राँको तेस्रो मा प्रकाशित भएको छ । यस लेखमा लम्सालले आजको सोभियत रुसलाई साम्यवादी रुसको स्थानमा पुऱ्याउनुमा नोवेम्वर क्रान्तिको निर्णायक हात रहेको कुरा व्यक्त गर्दै क्रान्तिको लगत्तै पछि यसले आधा शताब्दी कठोरतम परीक्षाहरूबाट हिड्नुपऱ्यो भने आधा शताब्दी आधा राष्ट्रहरूको विरोधलाई खेप्दै विताउनु परेको विचार व्यक्त गरेका छन् ।

लम्सालको चिन्तनलाई यसरी व्यक्त गरिएको छ : आजको सोभियत सङ्घप्रतिको चिन्तन र दृष्टिकोण वर्तमान सोभियत सत्तामा सर्वसत्तावादी तत्वहरू विद्यमान रहन पुगेको स्पष्टसँग देख्दछु । जसले गर्दा सोभियत सङ्घको आचरण र विचारको सम्बन्धमा त्यहाँको मौलिक र बौद्धिक चिन्तनमाथि अकुंशी लगाएको छ । त्यो स्थिति हालसम्म पनि विद्यमान नै छ । आजको राजनीतिक घट्नाक्रमबाट परिचित रहेका चेतनशील रुसी जनता जागरण भूमीको प्रक्रियामा क्रियाशील रहेका छन् । यस अवस्थाबाट भोलीको रुस र रुसी जनताले कुन स्थितिको सामना गर्नुपर्ने हो त्यो त भविष्यले नै बताउने छ। १९१७ को रुसी क्रान्तिले संसारभरिका मानिसहरूको विचारमा र व्यवहारमा वैज्ञानिक भौतिकवादी क्रान्ति उत्पन्न गरिदियो । रुस आज प्रतियोगितात्मक समाजवादीको बाटोलाई पकडेर अघि बढेको छ भने जनवादी गणतन्त्र चीन

१९१७ को रुसी क्रान्तिको बाटोलाई नै विकसित तुल्याउँदै र विस्तृत गर्दै लगेमा आफ्नो मार्क्सवादी दर्शन सफल भएको देख्दछ ।

**ञ) सार्थकतावादी-प्रतिवादी**

लम्सालको 'सार्थकतावादी-प्रतिवादी' नामक लेख वर्ष १, अङ्क १, २०३५, (कात्तिक र मङ्सिर), **त्रिवेणी** (द्वैमासिक) मा प्रकाशित भएको छ । यो लेख पत्रात्मक शैलीमा लेखिएको छ । लम्सालले साथी सुरेन्द्रलाई यस चिठीमा निम्न कुरा लेखेका छन् : मेरो सम्पूर्ण जीवनको आकर्षणको क्षेत्र नै राजनीति र आर्थिक क्षेत्र भएकाले म साहित्य, कला, संस्कृतिलाई पनि त्यसैमा गाँसेर हेर्ने गर्दछु । मेरो विचारमा हामी जबसम्म सही वैज्ञानिक र राजनीतिक दर्शन विचारधारासँग सम्बद्ध हुन्नौं तबसम्म आजको साहित्यको क्षेत्रमा केन्द्रित हुन सक्दैनौं । सुरेन्द्र ! आकर्षक र मीठा कार्यक्रमहरू आयोजना गरेर ठूलाठूला कुरा गरी जनतालाई आशावादी बनाएर मात्र हुँदैन । व्यवहार र सोचाइमा पनि परिवर्तन ल्याउनु आजको आवश्यकता हो । सुरेन्द्र ! म कसैलाई मेरो विचारको अनुसरण गर्नुपर्दछ भन्दिन । तर एउटै समाजमा बाँच्नुछ भने वादी - प्रतिवादीहुन्छ नै । जीवन, यो समाज र भोलीको आउने समाज पनि वादी र प्रतिवादी कै रहने छ र रहदै आएको पनि छ । सुरेन्द्र ! आजसम्म हामी बीच जे जित मनमुटाव, लुछाचुँडी, तानातान भए सकिए, अब त्यसो नगरौं एउटै धरतीमा रहेर एक अर्कोलाई होच्याएर होइन मिलेर अघि बढौं, लेखौं, जनताका आशा आकांक्षालाई बुझेर काम गरौं यसमा नै हाम्रो भलाई छ । अब फुटेर होइन जुटेर अघि बढ्नु नै उपयुक्त हुने कुरा लम्सालले व्यक्त गरेका छन् ।

## ४.५ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्तरसम्बन्ध

शक्ति लम्सालले मार्क्सवादी साहित्यको अध्ययन, लेखन र कम्युनिस्ट राजनीतिमा संलग्न रही आफ्नो करिव ७५ वर्ष लामो जीवन यात्रा पूरा गरिसकेका छन् । यस अवधिमा उनले धेरै अनुभवहरू समेटी साहित्य, समालोचना, राजनीति र पत्रकारिता जस्ता विविध क्षेत्रमा आफूलाई सक्षम र स्थापित बनाएका छन् । यिनको जीवनको आरोह-अवरोहअनुरूप नै यिनमा विभिन्न किसिमका व्यक्तित्वहरूको निर्माण भएको देखिन्छ । यस किसिमको व्यक्तित्व प्रभाव उनको लेखनमा पनि पाइन्छ ।

लम्सालको जीवन भोगाइले उनलाई समालोचक, सम्पादक, प्रकाशक, विचारक, राजनीतिज्ञ,आदिका रूपमा स्थापित हुने प्रेरणा दिएको पाइन्छ, लम्सालले आफ्नो जीवन निर्वाह गर्ने सन्दर्भमा आफू जुन जुन ठाउमा पुगेर जे जस्ता कार्यहरूमासंलग्न हुँदै गए ।तदनुरूप नै व्यक्तित्व पनि फस्टाउँदै गएको पाइन्छ । उनि जितबेलाबाट नेपालका राजनैतिक गतिविधिमा संलग्न रहे त्यतिबेलाको रचना र उनमा आएको सचेतता,मार्क्सवादी चिन्तन, प्रगतिशील दृष्टि, दार्शनिक एवम् बौद्धिक जागरण, खरो आलोचनात्मक दृष्टिकोण आदि बढेको पाइन्छ । राजनैतिक एवम् साङ्गठनिक कार्यमा संलग्न रहँदाका अनुभवबाट विभिन्न समालोचना एवम् संस्कृति सबन्धी लेखहरूमा जीवन चक्रका अनुभव र सोंचहरू अवतरित भएका देखिन्छन् । समग्रमा भन्दा लम्सालमा बौद्धिकता, विद्रोहीपन,यथास्थितिप्रतिको असन्तुष्टि, उमेरअनुरूपको प्रौढ सोंचाइ आफूले भोगेको अवस्था आदिको प्रतिबिम्ब लम्सालका कृतिमा पाइने भएकाले जीवनी, व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्तरसम्बन्ध रहेको पाइन्छ ।

## ४.६ भूमिकाहरूको अध्ययन

शक्ति लम्सालले दर्जनौं पुस्तकहरूमा भूमिका लेखेका थिए भन्नेकुरा उनका बारेमा लेखिएका पत्रपत्रिकाहरूमा भेटिन्छ र उनलाई राम्रोसँग चिन्नेहरूले पनि त्यसै भन्दछन् ।तर के-कस्ता पुस्तकहरूमा भूमिका लेखे भन्ने कुरा प्रस्ट खुल्न सकेको छैन । लम्सालले वि. सं. २०६० सालतिरबाटसाहित्यकार अशोक सुवेदीका अनेकौं रचनाहरूमा भूमिका लेखेका रहेछन्, तर उनले भूमिका लेखेका प्रतिक्रियावादी अखडाहरूमा भीषण हमला (डायरीहरूको सङ्कलन-२,२०६०), रातो युद्धले जन्माएका राता सहिदहरू(डायरीहरूको सङ्कलन-३,२०६०) र युद्धमैदानमा दुश्मनलाई घुँडा टेकाउँदा (डायरीहरूको सङ्कलन-४,२०६०) यी तीनवटा रचनाहरू प्रकाशित गर्ने क्रममा प्रेसबाट नै सेनाले जफत गरेर लगिदिएको कुरा सुवेदीले बताउँछन् । भूमिकामा पनि स्रष्टाका कृतिहरूका बारेमा देखिएका सबलता तथा दुर्बलताका बारेमा चर्चा गरिने हुँदा समालोचना खण्डकै एक पूरक खण्ड मानेर उनलेभूमिका लेखेका जे जित कृतिहरू उपलब्ध छन् तिनीहरूको सङ्क्षिप्त अध्ययन गरिएको छ ।

क) शक्ति लम्सालले अशोक सुवेदीको दुश्मनका किल्लाहरू कब्जा गर्दा (छापामारहरूको डायरीहरूको सङ्कलन-१, २०६०) मा 'जनयुद्धको आलोकमा नवीनतम उपलब्धी' शीर्षकमा भूमिका लेखेका छन् । यस भूमिकामा लम्सालले जनयुद्धका क्रममा नेकपा (माओवादी) का छापामार लालदस्ताले दुश्मनका अखडाहरूमा गरेका हमला, दुश्मनका किल्ला कब्जा गरेका

प्रसँग र विजय पराजयका संस्मरणहरू समेटिएका कुरा उल्लेख गर्दै विभिन्न पुस्तक र पत्रपत्रिकाहरूमा छरिएर रहेका प्रकाशित अप्रकाशित छापामारका डायरीहरू, पार्टी अध्यक्ष क. प्रचण्ड र अरू जिम्मेवार कमरेडहरूबाट व्यक्त विचारहरू साथै जीवनीहरू समेटिएको यो पुस्तक महान जनयुद्धको आलोकमा नवीनतम उपलब्धि हो भनेका छन् । जनयुद्धकै क्रममा दिलबहादुर रम्तेलदेखि दिलमाया बम्जनलगायतका झन्डै आठ हजार नेपाल आमाका छोराछोरीहरूको सहादतका प्रसंगहरू उल्लेख गरिएको यस पुस्तकमा वर्तमानसम्म पनि दुश्मन विरुद्ध लडाइँ लडिरहेका र सहादत प्राप्त गरिसकेकाहरूले आफैले लेखेका नयाँ र सच्चा इतिहास छन् भन्ने कुरा व्यक्त गरेका छन् । यसमा लिस्ने र गामबाट दुश्मन सेना बर्दी फुकालेर ज्यान बचाउन भागेको प्रसँगदेखि लिएर दाङ, स्याङ्जा, अर्घाखाँचीसम्म पूर्वमा बेथान, दोरम्बादेखि लाहानसम्म लालसेनाले दुश्मन क्याम्प कब्जा गरेका रोमाञ्चकारी प्रसङ्गहरू समेटिएका कुरा उल्लेख गर्दै प्रकाशक/सम्पादक सुवेदीले छरिएर रहेका सामग्रीहरूसङ्ग्रह गरेर भावी पुस्ताका निम्ति प्रेरणादायी र उत्साहपूर्ण काम गरेकोमा सुवेदीलाई बधाई दिएका छन् ।

लम्सालले यो पुस्तक प्रकाशन गर्नु नयाँ इहिासको लेखन अभियानको सुरुवात मात्र हो । एउटा व्यक्तिले मात्र गरेर केही हुन नसक्ने कुरा उल्लेख गर्दै सबैको सहयोग र सुझावको अपेक्षा गरेका छन्, जसका कारण सुवेदीलाई आफ्नै मौलिक कृति सिर्जना गर्न आत्मबल र आत्मविश्वास बढाउने कुरा व्यक्त गरेका छन् । यसरी लम्सालले सुवेदीको यस कृतिभित्रका लेखहरूको समग्र मूल्याङ्कन गर्दै उनलाई यस्तै घटनाहरूको सम्पादन गर्न, सङ्ग्रह निकाल्न अझ बढी हौसला मिलोस् भन्ने कुरा व्यक्त गरेका छन् ।

ख) शक्ति लम्सालले अशोक सुवेदीको नयाँ समयका नयाँ मान्छेहरू कवितासङ्ग्रहमा 'नेपाली साहित्यमा नयाँ आयाम'शीर्षकमा भूमिका लेखेका छन् । यस भूमिकामा उनले युवा साहित्यकार सुवेदी प्रगतिवादी कविताका साथ कथा र समालोचना पनि सँगसँगै लिएर हाम्रासामु झुल्किएको कुरा उल्लेख गर्दै यस कवितासङ्ग्रहमा लेखिएको भूमिका सुवेदीको समालोचना र कविता दुवै समेटिने गरी समसामयिक विषयमा लेखेको कुरा व्यक्त गरेका छन् । लम्सालले प्रस्तुत कवितासङ्ग्रहभित्र सङ्गृहीत २३ वटा कविताहरूको सङ्क्षिप्त मूल्याङ्कन गर्दै सुवेदीका कवितामा आमूल परिवर्तनका लागि क्रान्ति, युद्धको आकाङ्क्षा र आह्वान पाइने उल्लेख गरेका छन् । लम्सालले सुवेदीको उक्त सङ्ग्रहले वर्गीय दृष्टिकोणलाई प्रमुखता दिएको साथै वर्गीय सङ्घर्ष र वर्गीय चेतना नभएको साहित्य प्रगतिवादी साहित्य हुन नसक्ने कुरालाई यस पुस्तकले प्रस्ट सँग औंल्याइदिएको कुरा व्यक्त गरेका छन् ।सुवेदीले सबैले स्वीकार्नैपर्ने र

आत्मसाथ गर्नैपर्ने राजनीति र साहित्यमा मार्क्सवाद-लेनिनवाद-माओवाद र प्रचण्डपथका बारेमा खुलेर समर्थन गर्न सक्नु ज्यादै ठूलो र दीर्घकालीन महत्वको कुरा भएको विचार लम्सालले व्यक्त गरेका छन् । सुवेदीमा नेपाली जनताका मुक्तिका लागि भएको जनयुद्धको सफलताको विषयमा देखिएको स्पष्ट विचार र पक्षधरता नेपाली प्रगतिवादी साहित्यको इतिहासमा ठूलो प्राप्तिको रूपमा लम्सालले पाएको विचार व्यक्त गरेका छन् ।

कवि पूर्ण विरामले वि.सं. २०५२ सालदेखि सुरु भएको जनयुद्धका विषयमा जसरी कलम चलाए त्यही बाटोमा सुवेदीले पनि खरो रूपमा उत्रिएको कुरा औंल्याउँदै लम्सालले कतिपय लेखकहरू विचारमा प्रस्ट हुन सकेका देखिदैनन्, तिनीहरूलाई सुवेदीको यस पुस्तकले बेलैमा सावधान गराएको विचार व्यक्त गरेका छन् । पुराना लेखकहरू प्रगतिशील लेखक सङ्घलाई जन्म दिएर पनि प्रगतिशील मात्र भएको, प्रगतिवादी बन्न नसकेको कुरा लम्सालले व्यक्त गरेका छन् । इतिहासको मूल्याङ्कन सही रूपमा मात्र गर्नुपर्दछ, अतिशयोक्तिपूर्ण वा अतिरञ्जित ढङ्गले होइन भन्ने कुरामा युवा पुस्ताले ध्यान दिनुपर्ने कुरा लम्सालले औंल्याएका छन् । पत्रकारिता, कविता र कथालगायतका सिर्जनासंगै सुवेदीले नेपाली प्रगतिवादी समालोचनाका क्षेत्रमा जुन रूपले आफूलाई उतारेका छन्, यो प्रशंसाको विषय मात्र नभई वर्तमान समयको माग भएको र यसलाई उनले पूरा गरिदिएको कुरा लम्सालले व्यक्त गरेका छन् । यसरी लम्सालले कवि अशोक सुवेदीको कवितात्मक प्रतिभा र सकारात्मक पक्षको उच्च मूल्याङ्कन गर्दै प्रगतिवादी साहित्यिक फाँटमा महत्वपूर्ण प्रतिभाका रूपमा हेरेका छन् ।

ग)अशोक सुवेदीकै आस्था र निष्ठाका सतिसाल कृष्ण सेन ‘इच्छुक’ स्मृतिग्रन्थमा ‘अमर व्यक्तित्वमाथिको अमर कृति’ शीर्षकमा भूमिका लेखेका छन् । यस भूमिकामा उनले सुवेदीको यो पुस्तक हाम्रो युगको नायक कृष्ण सेन ‘इच्छुक’ समग्र जीवनी, कृतित्व र व्यक्तित्वलाई देखाउने एउटा बोनाफाइट किसिमको अक्षररूपी क्षेप्यास्त्र भएको कुरा उल्लेख गर्दै यो क्षेप्यास्त्र हाम्रो युगको एउटा सचेत, सशक्त, कर्मठ र राजनीतिक प्रतिबद्ध विचार, सिद्धान्त र दर्शनबाट खारिएर निस्किएको एउटा स्पात पातोकारूपमा लिएका छन् । लम्सालले कृष्ण सेन ‘इच्छुक’ स्व. कवि भूपि शेरचनपछिको र जीवित कवि पूर्णविरामपछिको एउटा राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा जाने, चिने, बुझेका अपार हस्ती भएको कुरा औंल्याउँदै नेपालको प्रगतिवादी कविता साहित्यका दिवंगत कविमा युद्धप्रसाद मिश्र, गोपालप्रसाद रिमाल, गोकुल जोशी तथा जीवितमा देवीप्रसाद किसान, घनश्याम ढकाल, गङ्गाश्रेष्ठ, अशोक सुवेदी, निभा

शाहलगायतका कविहरूको भूमिकालाई नेपाली प्रगतिवादी कविता आन्दोलन र वर्गयुद्धमा बिर्सन नसकिने विचार व्यक्त गरेका छन् ।

अशोक सुवेदीको यस स्मृतिग्रन्थमा कृष्ण सेनलाई सामिप्यमा चिन्ने र उनलाई उनको कृतित्व, व्यक्तित्व, लेखनशैलीबाट चिनाउने काम लेखकहरूले जसरी गरेका छन् त्यसबाट सेनलाई राम्ररी चिन्न र बुझ्न सकिने विचार लम्सालले व्यक्त गरेका छन् । लम्सालले समग्रतामा 'इच्छुक' लाई चिन्न र चिनाउन राजनीतिक, सैद्धान्तिक, दार्शनिक र वैचारिक दृष्टिकोणबाट नेकपा (माओवादी) का अध्यक्षप्रचण्ड, किरण, नारायण शर्मा, तक्मा केसी आदि लेखक, समालोचक तथा सांस्कृतिक कृतिहरूले कृष्ण सेन 'इच्छुक'लाई सही र इमानदार रूपमा हेर्नुका साथै उनको क्रान्तिकारी धारलाई जीवनजगत, समाज र राष्ट्रप्रति समर्पित भावनालाई बुझेर जसरी उजागर गर्ने काम गरे त्यो भावी पुस्ताका लागि पनि उर्जा दिइरहने धारणा लम्सालको रहेको छ । यस पुस्तकमा 'इच्छुक'को हत्याले शान्तिप्रेमी, प्रजातान्त्रिक भनाउँदाहरूको बाहिरी रूपमा देखाउने चरित्र र भित्री रूपमा गर्ने व्यवहार कतिको विरोधाभासपूर्ण हुँदो रहेछ भन्ने कुरा स्पष्ट रूपमा व्यक्त भएको छ भन्दै सेनको हत्याको व्यापक निन्दा र भर्त्सना भएका कुराहरूले पनि 'इच्छुक' को राष्ट्रिय व्यक्तित्वका साथै अन्तर्राष्ट्रिय व्यक्तित्वको पनि एउटा सङ्लो रेखाचित्र कोरिदिएको कुरा व्यक्त गरेका छन् । लम्सालले नेपालमा कृष्ण सेन 'इच्छुक' को साहित्यिक सहादत र बलिदान मकै पर्वका अमर सहिद कृष्णलाल अधिकारीपछिको कोसेढुङ्गा सावित हुन पुगेको विचार व्यक्त गरेका छन् । हालसम्म पनि सेनका हत्यारामाथि कुनै कारबाही नभई उल्टै पुरष्कृत गरिएकोमा दुःख प्रकट गर्दै लम्सालले 'इच्छुक' को जीवनी, कृतित्व र व्यक्तित्व झल्काउने आधिकारिक दस्तावेजको खोजी भइरहेको समयमा युवा साहित्यकार, पत्रकार तथा समालोचक सुवेदीले धेरै मेहनतका साथ गहन र महत्वपूर्ण कृति हाम्रासामु ल्याइदिएकोमा धन्यवाद प्रकट गरेका छन् ।

यसरी शक्ति लम्सालले दर्जनौं पुस्तकमा भूमिका लेखेको भनिएतापनि हाल तीनवटा कृतिमा मात्र भूमिका लेखेको भेटियो । आफ्नो कमजोर स्वास्थ्य अवस्था साथै समयको अभावका कारण पनि धेरै कृतिमा भूमिका लेख्न नसकेको कुरा उनी स्वयम्ले पनि व्यक्त गरेका छन् ।उनले भूमिका लेखेका कतिपय कृतिहरूसेनाले जफत गरेको कुरा पनि जानकारीमा आएको छ ।

### ४.७ निष्कर्ष

शक्ति लम्सालका कृतित्वको अध्ययन गर्ने क्रममा दुईवटा प्रकाशित पुस्तकाकार कृति वा मार्क्सवाद,समाज र साहित्य नामक समालोचनात्मक कृतिको मात्र विश्लेषण गरिएको छ भने भियतनाम युद्धको ऐतिहासिक पृष्ठभूमि प्राप्त हुन नसकेकोले सूचीमा मात्र राखिएको छ। मार्क्सवाद, समाज र साहित्य नामक यस कृतिलाई समग्रमा हेर्दा यसमा ५२ वटा लेख समाविष्ट छन् । खण्डको विभाजन र लेखहरुको संलग्नता र समाविष्टि हुन सकेको देखिदैन ।समालोचना सम्बन्धी लेखहरु विचार खण्डमा परेका छन् । यी निबन्धात्मक लेख -समालोचनाहरूले नेपाली साहित्य र समालोचनामा वैचारिक सङ्घर्षको इतिहासको साक्षीको काम गरेका छन् ।यिनको प्रमुख विशेषता यसलाई नै मान्न सकिन्छ ।लम्साल आफ्ना लेखमा संशोधन, अवसरवाद र सबैखाले प्रतिक्रियावादका विरुद्ध उभिएका छन्, युवा पिंढीका लागि प्रेरणाका स्रोत बनेका छन् ।यस कृतिमा २०२१/०२२ सालदेखि २०५८/०५९ सालसम्म करीब चार दशकमा लेखिएका केही रचनाहरू सङ्गृहीत छन् भने अन्य लेखहरू छरिएरै रहेका छन् । उनका लेखहरू कुन मितिमा लेखिएका हुन् भन्ने थाहा हुन सकेको छैन । उनी आँफैले मार्क्सवाद, समाज र साहित्य नामक कृतिको आफ्नो मन्तव्यमा भनेका छन्: यस सङ्कलनमा समाविष्ट लेखहरू विभिन्न समयमा राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका हुन् । तथापी मेरो कमजोर शारीरिक अवस्था र वर्गसङ्घर्षकोजटिल स्थितिका कारणसबै लेख रचनाहरूको तिथिमिति र पत्रपत्रिकाहरूको नाम समेत उल्लेख गर्न नसकेकोमा दु:खी छु ।साहित्यका विभिन्न विधामा कलम चलाएका लम्साललले आफ्ना जीवन भोगाइका क्रममा आएका विविध घटना तथा नेपाली समाजका तीतो यथार्थतालाई आफ्ना कृति तथा लेखहरूमा व्यक्त गरेका छन् ।यस पुस्तक बाहेक अन्य केही फुटकर लेखहरूको पनि माथि विश्लेषण गरिएको छ । विभिन्न पुस्तक र पत्रपत्रिकाहरूमाउनका लेखहरू भेटिन्छन्, । तर १/२ वटा लेखहरू शीर्षक मात्र फरक गराई फरक फरक ठाउँमा छापिएका भेटिन्छन् ।जस्तै :द्वन्द्ववादको प्रतीक र विम्ब कृष्ण सेन 'इच्छुक' नामक लेख आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक' नामक कृतिमा २०६४ सालमा प्रकाशित भएको थियो भने एउटै लेख महान सांस्कृतिक योद्धा कृष्ण सेन 'इच्छुक' नामकशीर्षकमा २०६५ सालमा नौलो विहानी मासिक पत्रिकामाप्रकाशित भएको देखिन्छ ।

# अध्याय- पाँच

# शक्ति लम्सालको साहित्यिक योगदान

शक्ति लम्साल नेपाली साहित्यमा प्रगतिवादी साहित्यकार एवम् समालोचकका रूपमा प्रतिष्ठित छन् ।साहित्यिक क्षेत्रमा उनको स्रष्टा व्यक्तित्व भन्दा द्रष्टाव्यक्तित्व महत्वपूर्ण रहेको छ । सिर्जनशील साहित्यका फाँटमा कविताबाट प्रवेश गरेका भए पनि कविता क्षेत्र अनुर्वर नै रह्यो ।द्रष्टा साहित्यका क्षेत्रमा मार्क्सवादी समालोचना वैचारिक लेख, भूमिका आदि प्रकाशित छन् ।सम्पादनका क्षेत्रमा पनि उनको महत्वपूर्ण योगदान रहेको छ । यसरी विभिन्न विधा एवम् क्षेत्रमा कलम चलाए पनि मार्क्सवादी सौन्दर्यशास्त्रको सैद्धान्तिक विवेचना, मार्क्सवादी समालोचना र वैचारिक लेखनमा उनको उल्लेखनीय योगदान रहेको पाइन्छ ।

## ५.१ समालोचनाका क्षेत्रमा शक्ति लम्सालको योगदान

शक्ति लम्साल प्रगतिवादी समालोचनाका क्षेत्रमा प्रतिनिधि समालोचक हुन् । विभिन्न पत्र-पत्रिकामा प्रकाशित लेखबाट नै उनको प्रशस्त समालोचकीय क्षमता उजागर भएको पाइन्छ । उनी समालोचना क्षेत्रमा मार्क्सवाद, समाज र साहित्य नामक समालोचनात्मक कृतिको प्रकाशन भएपछि नेपाली समालोचनाको फाँटमा चर्चित मार्क्सवादी समालोचकका रूपमा स्थापित भएका छन् । लेखनकार्यलाई गम्भीरता र जिम्मेवारीपूर्ण रूपमा लिने लम्साल नेपाली समालोचनाका क्षेत्रमा निकै खरो रूपमा उत्रिएका छन् ।उनले मार्क्सवादी सौन्दर्यशास्त्रको विराटअध्ययन गरी यसैका आधारमा सैद्धान्तिक समालोचना पनि लेखेका छन् । उनी लेखकका रूपमा लेखकीय प्रवृत्ति र कृतिलाई प्रगतिवादी सिद्धान्तको कसीमा राखेर समालोचना गर्दछन् ।

शक्ति लम्सालको समालोचना समाजलाई सहि दिशातर्फ अगाडि बढाउनु पर्छ भन्ने मान्यतामा आधारित रहेको छ । उनी नराम्रा प्रवृत्तिहरूको कटु आलोचना गर्दछन् । लम्साल आफ्ना व्यवहारवादी शोध पद्धतिको प्रयोग गरेर सामाजिक यथार्थका परिप्रेक्ष्यमा विचार वा मान्यताको ऐतिहासिक विकास, तिनमा पाइने अन्तर्विरोध, त्यसको कारण, तिनका सवल एवम् दुर्वल पक्ष र कृतिको वैचारिकता एवम् कलात्मकता बारेमा सिद्धान्तनिष्ठ वैज्ञानिक समिक्षा प्रस्तुत गर्दछन् । उनका समालोचनात्मक लेखहरू मार्क्सवादी आलोचनाका आदर्श मापदण्ड र अपेक्षा प्रति सचेत रहेकाले आलोचनात्मक हुँदा हुँदै पनि विचारोत्तेजक, तर्कसंगत र विश्वसनीय छन् । शक्ति लम्सालका सैद्धान्तिक समालोचनात्मक लेखहरूमा प्रगतिवादी साहित्यिक क्षेत्रमा

उठेका विभिन्न किसिमका विवादहरूको सैद्धान्तिक विवेचना गरिएका छन्। उनले मार्क्सवादी सौन्दर्यशास्त्रको आधारभूत प्रस्थापनहरूको सूक्ष्म विश्लेषण एवम् व्याख्या गरी द्वन्द्वात्मक भौतिकवादी सौन्दर्यशास्त्रका क्षेत्रमा प्रशंसनीय योगदान गरेका छन्। शक्ति लम्सालका मार्क्सवादी दर्शन सौन्दर्यशास्त्र सम्बन्धी लेखहरूमा प्रशस्त उद्धरणहरू प्रयोग भएको र त्यहाँका कलाकृति र घटनाक्रमहरूको उल्लेख भएकाले ज्ञान तथा विद्धत्ताका दृष्टिले गहन तथा सूचनात्मक भए पनि विषयवस्तु तथा भाषाका दृष्टिकोणले निकै जटिल बन्न पुगेका छन् । लम्सालले यथार्थको कलात्मक प्रतिबिम्बन सिद्धान्त र त्यसप्रतिको मार्क्सको दृष्टिकोणलाई नै प्रगतिवादको सैद्धान्तिक आधार मानेका छन् । उनी देशको जटिल शासन व्यवस्था र त्यसबाट सिर्जित कठिन परिस्थितिमा पनि कत्ति विचलित नभई प्रगतिवादी समालोचना परम्परामा उभिएर आफ्नो कलमलाई सशक्त र जनपक्षिय बनाउँदै अगाडि बढीरहेको क्रियाशील समालोचक हुन् ।

आफ्नो समालोचनामा लम्सालले ऐतिहासिक परिप्रेक्ष्यमा द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तका आधारमा साहित्यमा अभिव्यक्त असन्तुलन, असङ्गति, विद्रोह, विचलन एवम् पलायन आदिका साथै क्रान्तिकारी परिवर्तनको आकाङ्क्षा आदिको व्याख्या एवम् विश्लेषण गरेका छन् । उनी साहित्यको मूल्याङ्कन गर्दा वर्गीय समाजको अर्न्तद्वन्द्वलाई कसरी अभिव्यक्त गरेको छ, श्रमजीवी जनताको यथार्थ र उनीहरूको अवाजलाई कति प्राथमिकता दिएको छ, साहित्यिक जीवन र व्यवहारिक जीवनमा एकरूपता छ,छैन आदि केलाउने गर्दछन् । उनको समालोचना यथार्थवादी साहित्य-सिद्धान्त एवम् मार्क्सवादी सौन्दर्यशास्त्र सम्बन्धी सिद्धान्तको चर्चामा केन्द्रित देखिन्छन् । उनले आलोच्य सामाग्रीको विविध पक्षलाई केलाएर हेर्ने प्रयास गरेका छन् । समग्रमा भन्दा परम्परागत समालोचना पद्धतिभन्दा शक्ति लम्सालको समालोचना पद्धति केही भिन्न अनुभव हुन्छ । स्रष्टाको कृतिमा व्यक्त विचार वा सन्देशमा केन्द्रित भएर सामाजिक यथार्थवादी दृष्टिकोणबाट समालोचना गर्नेप्रगतिवादी समालोचना पद्धतिको विकासमा लम्सालको महत्वपूर्ण योगदान रहेको छ ।

### ५.२ चिन्तनका क्षेत्रमा शक्ति लम्सालको योगदान

शक्ति लम्साल चिन्तनका क्षेत्रमा समेत स्थापित भएका छन् ।साहित्य यात्राको सुरुवातदेखि नै उनका गहन विचारहरू व्यक्त भएका छन् । लम्सालको वैचारिक लेख, अन्तर्वार्ता विचार गोष्ठि आदि क्षेत्रमा द्वन्द्वात्मक भौतिकवादमा आधारित मार्क्सवादी चिन्तन छरिएर रहेका छन् । उनका विचारहरू राजनीति, कला, संस्कृति, धर्म, दर्शन, महिला आदि विविध

विषयवस्तुमा आधारित छन् । गैर मार्क्सवादी सिद्धान्त विचार आदिका खण्डन गरेर मार्क्सवादी दर्शनमा आधारित चिन्तनलाई अगाडि सार्नु नै लम्सालको चिन्तनको क्षेत्रको विशेषता हो ।

लम्साल मूलतः प्रगतिवादी चिन्तक हुन् । उनले समसामयिक राष्ट्रिय समस्याको चिन्तन- मननका साथै संस्कृति सम्बन्धी गहन चिन्तन अगाडि सारेका छन् । मार्क्सवादी सांस्कृतिक आन्दोलनर संस्कृति रूपान्तरणका क्षेत्रमा उनका विचारहरको भूमिका महत्वपूर्ण छ उनका थुप्रै चिन्तनमूलक लेखहरू विभिन्न पत्र पत्रिकमहरूमा प्रकाशित छन् । आफ्नो मष्तिष्कमासिर्जित विषयवस्तुलाई सकेसम्म मथेर मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादका कसीमा जाँचेर वैज्ञानिक, तार्किक विचार अभिव्यक्त गर्नु नै चिन्तनशील व्यक्तित्वको परिचय हो ।

## ५.३ भूमिका लेखनका क्षेत्रमा शक्ति लम्सालको योगदान

भूमिका लेखन समालोचनाकै एउटा पाटो हो । शक्ति लम्सालले अनेकौं पुस्तकहरुको भूमिका लेखेका छन् ।कृतिलाई गहन अध्ययन गरी मार्क्सवादी चिन्तनका आलोकमा हेर्ने प्रवृत्ति उनको भूमिका लेखनमादेखिन्छ । उनको भूमिका कविता, संस्मरण आदि कृतिहरूमा रहेका छन् । उनले प्राय : प्रगतिवादी रचनाहरूको भूमिका लेखेका छन् । मार्क्सवादी चिन्तनका कसीमा कृतिलाई मूल्याङ्कन गरी त्यही सिद्धान्तको व्यवहारिक निष्कर्षमा पुग्नु लम्सालको भूमिका लेखनको मूल उद्देश्य हुन्छ । उनी ऐतिहासिकता र सामाजिकताका सन्दर्भमा समेत कृतिलाई हेरी आलोचनात्मक दृष्टि प्रस्तुत गर्दछन् । उनका कतिपय भूमिका आयामका दृष्टिले समेत अत्यन्तै लामा छन् । रचनाकारका समाजिक, आर्थिक पृष्ठभूमि, कृतिको विषयवस्तु, यसको ऐतिहासिकता जस्ता विविध पक्षहरूलाई आफ्नो भूमिकामा समेट्दछन् । लम्सालद्वारा लेखिएका भूमिकाहरूमा समाजवादी - यथार्थवादी सिद्धान्तको गहन विश्लेषण गरिएको पाइन्छ ।उनी कृतिको संरचनात्मक पक्ष भन्दा पनि सैद्धान्तिक आधारबाट मूल्याङ्कन गर्दछन् । लम्साल भूमिकाहरूमा कुनैपनि कृतिको प्रशंसामा भन्दा कृतिमारहेका कमीकमजोरीहरूलाई औंल्याई सही बाटोमा अबलम्बन गर्न हौसला प्रदान गर्दछन् । लम्साल कृतिमा समाजमा स्थापित अन्यायपूर्ण वर्गीय अन्तराललाई भत्काई, समान, न्यायपूर्ण र सुन्दर समाजको निर्माणका निम्ति निम्न वर्गीय श्रमजीवी जनताका पक्षमा र उनीहरूलाई सचेत र उत्प्रेरित गर्ने खालका विषयवस्तुको अपेक्षा गर्दछन् ।कृतिको साङ्गोपाङ्गो अध्ययन गरी मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादका आधारमा गहन रूपमा विश्लेषण गर्नु नै लम्सालको भूमिका लेखनको वैशिष्टय हो ।

## ५.४ सम्पादनका क्षेत्रमा शक्ति लम्सालको योगदान

शक्ति लम्सालले विभिन्न पत्रपत्रिकाहरूको कुशल सम्पादनमा पनि महत्वपूर्ण योगदान गरेका छन्। उनले भैरहवाबाट प्रकाशित हुने पत्रिका दैनिक निर्णय को वि.सं. २०२१ तिर सम्पादन गरेका हुन्। आर्थिक बुलेटिनका रूपमा प्रकाशित हुने योजना साप्ताहिकको २०३० सालदेखि सम्पादन गरेका हुन्। त्यस्तै गरी मुखपत्र **मसाल**को सम्पादक, **डेली डायरी**को सम्पादक, **जनादेश** साप्ताहिकको सम्पादन गरेका लम्सालले विभिन्न पत्रपत्रिकाहरूमा विविध खालका लेखरचनाहरू प्रकाशित गरेका छन्। लम्सालले सम्पादन गरेको **जनादेश** साप्ताहिकका केही सम्पादकीयहरू यहाँ प्रस्तुत गरिएको छ :

क) वर्ष ३, अङ्क २४, २०५१ जेठ ३ गतेको सम्पादकीयको 'नेपाली कम्युनिस्ट आन्दोलनमा शिष्टताको प्रश्न' मा लम्सालले नेपाली कम्युनिस्ट आन्दोलनमा स्पष्टता, स्तरीयता र सत्यतथ्य घट्नाहरूका आधारमा एकले अर्कोलाई जाँच्ने, मतभेद र भिन्न विचार भएकै कारणले गलत चिजको थुक्का फजिहत तयार पारी हिलो छयाप्ने अनि मतभेद र अन्र्तसङ्घर्षहरूलाईशत्रुतापूर्ण रूप दिने परम्पराका विरुद्ध जर्बजस्ती आवाज उठ्दै आएको कुरा लम्सालले व्यक्त गरेका छन्।। जसको मार्गदर्शक सिद्धान्तमा स्पष्टता छैन, नीति र कार्यक्रमबारे अन्योल छ र जसलाई भ्रमको खेतीद्वारा आफ्नो धन्दा चलाउनु छ तिनीहरूले नै एकातिर क्रान्तिकारीहरू सँग शिष्टताको माग गर्दछन् भने अर्कातिर उनीहरू नै अभद्रताको आहालमा डुबेका हुन्छन्।हाम्रै देशमा पनि माओलाई सि.आई.ए.को नक्कली कम्युनिस्ट भन्नेहरू पनि छन्। २०१५ साल भन्दा पहिले मञ्चमा चढेर नेता बन्नेहरूका बीच राजनैतिक कमिकमजोरीहरू भन्दा बढी व्यक्तिगत गाली गलौज गर्नेहरू भेटिन्छन्। क्रान्तिकारी नीति र नेतृत्वका विरुद्ध संसार भरका क्रान्ति विरोधी शंसोधनवादीहरूले राजनीति, सङ्गठन र सङ्घर्षबाट जनताको ध्यान अन्यत्रै मोड्ने र आफूलाई त्यसको छहारीमा बचाउने धन्दा परम्परागत रूपले चलाउँदै आएको कुरा स्पष्ट भएको मान्यता लम्सालको छ।

सङ्गठनका सबै पहलहरूमा छलछामले काम चल्दैन, अन्तर्सङ्र्षको पनि एउटा पद्धति छ, जसलाई सबै मार्क्सवाद-लेनिनवाद-माओवादीहरूले बिनाशर्त स्वीकार गर्दछन्। शिष्टता र भद्रताको माग केवल माग मात्र होइन, यो व्यवहार पनि हो, जसलाई कार्यान्वयन गर्न जरुरी छ भन्ने मान्यता लम्सालको रहेको छ

ख) वर्ष ३, अङ्क २७, २०५१ जेष्ठ २४ गतेको सम्पादकीय 'दिउसै रात पार्ने प्रयास' शीर्षकमा लम्सालले आजभन्दा चार वर्ष अघि मात्र गठन भएको एकता केन्द्रले सु-स्पष्ट

कार्यदिशा लिएर अघि बढेको छ, त्यसलाई फुट भयो भनेर हल्ला फिजाउँनु दिउसै रात पार्ने प्रयास गर्नु मात्र भएको कुरा सम्पादकले प्रस्ट पारेका छन् । जसले पार्टीभित्रको अनुशासनको पालना गर्दैन, पार्टीभन्दा ठूलो व्यक्तित्वलाई ठान्छ तिनीहरूले नै एकता केन्द्र भङ्ग भएको र अवैध भएको प्रचार प्रसार गर्दै हिडेको सम्पादकीयको बुझाइ छ । नेपाली जनताको आस्थाको केन्द्र बनेको क्रान्तिकारी कम्युनिस्टपार्टी भनेको एकता केन्द्र नै हो । यसले देशी र विदेशी प्रतिक्रियावादीशक्तिहरूलाई निर्मूल पार्दै आमूल परिवर्तन दिलाउन सक्दछ भन्ने कुरा प्रस्ट भएको विचार व्यक्त गरेका छन् । यी विरोधीहरू आज मात्र होइन क्रान्तिकारी लाइनलाई छोड्दै त्यसको विरुद्धमा लाग्ने तत्वहरू नेपालकै कम्युनिस्ट आन्दोलनबाट कसरी किनारा लागे त्यसैबाट प्रस्ट हुने कुरा लम्सालले व्यक्त गरेका छन् ।

ग) वर्ष ३, अङ्क ३५, २०५१ साउन १८ गतेको सम्पादकीय ‘झुट्ठा मुद्धा खारेज गरियोस्’ शीर्षकमा लम्सालले प्रतिनिधी सभा विघटन र २७ कार्तिकमा मध्यावधी चुनावको लागि गरिएको शाही घोषणाको विरुद्ध घोषणा फिर्ता लिइयोस् भनि प्रतिपक्षी पार्टीहरू आन्दोलनमा उत्रे त्यसै सिलसिलामा पक्रिएका बन्दीहरूमाथि अमानवीय रूपमा शारीरिक र मानसिक यातना दिने, विना पूर्जी थुनामा राख्ने विषयलाई लिएर नेकपा (एकता केन्द्र) सजमो केन्द्रीय तदर्थ समिति, मशाल लगायत मानव अधिकार पर्यवेक्षक लगायतले गिरिजा प्रशासनको फाशिष्ट चरित्र र व्यवहारलाई प्रस्ट पारेको ठम्याइ लम्सालको रहेको छ ।

मृत्युको सामना गरिराखेका राजनीतिक नेता तथा कार्यकर्ताले प्रशासन समक्ष झुक्ने र माफी माग्ने भन्ने कुरा हुन सक्दैन भन्दै लम्सालले आफ्नो त्याग, बलिदान र इमानदारीताले ढिलो चाँडो जनता सामु तानाशाहहरू झुक्नै पर्दछ भन्ने धारणा सम्दकीयको छ । आज राज्यको चौथो अङ्ग पत्रकारितामाथि पनि सरकारले हमला गरिराखेको छ। विभिन्न पत्रपत्रिकाको सम्पादक पत्रकारहरूको जुन रूपमा गिरफ्तारी गर्ने र यातना दिने झुट्ठा मुद्धामा फसाउने काम भएको छ त्यो अति नै निन्दित र घृणित काम भएको कुरा प्रस्ट छ भन्दै लम्सालले हामी आन्दोलनका सिलसिलामा गिरफ्तार गरिएका सम्पूर्ण राजबन्दी, पत्रकार आदिको अविलम्ब रिहाईका साथैचित्र बहादुर केसी लगायतका राजबन्दीहरू माथि लगाइएका झुट्ठा मुद्धा तुरुन्त खारेज गरियोस् भन्ने माग गरेका छन् ।

घ) वर्ष ३, अङ्क ३६, २०५१ साउन २५ गतेको सम्पादकीय‘झाडापखालाको डर लाग्दो स्थिति’ शीर्षकमा लम्सालले पोखरा, वुटवल,तौलीहवा, पर्सा, मकवानपुर,झापा, काठमाडौं लगायत थुप्रै क्षेत्रबाट झाडा-वान्ता आउँ आदिको प्रकोपले गर्दा धेरैको ज्यान गएको र सयौं

सिकिस्त अवस्थामा रहेको समाचार प्रकाशमा आएको कुरा व्यक्त गरेका छन्। डाक्टर, नर्सविरामी भएको ठाउँमा पुगेको कुरा पनि प्रकाशमा आएको छ। तर त्यो त्यति सन्तोषजनक छैन। दुषित पानीका कारण यस्तो भएको प्रस्ट छ। यदि वेलैमा सफा, शुद्ध पिउने पानीको प्रवन्ध नगर्ने, पर्यापत औषधी नपुऱ्याउने हो भने युगाण्डाको झैं धरै नेपलीहरूले ज्यान गुमाउनु पर्ने हुन्छ भन्ने धारणा लम्सालको रहेको छ।

ङ) वर्ष ३, अङ्क ४७, २०५१ कात्तिक २२ गतेको सम्पादकीय 'चुनाव र महङ्गीका विरुद्ध लड्नुर्पछ' शीर्षकमा लम्सालले कार्तिक २७ मा हुने मध्यावधी चुनावको लागि अवसरवादी र प्रतिक्रियावादीहरू आ-आफ्नो पार्टीको विजय हुने घोषणा गर्दै पैसाको खोलो बगाउँदै हेलीकोप्टर चढेर प्रचार प्रसार गर्दै हिडेका छन् भन्दैजनता विहान बेलुका छाक टार्न नसक्ने अवस्थामा पुगेको कुरा व्यक्त गरेका छन् ।देश दिन प्रतिदिन हरिकङ्गाल बन्दै गएको छ। महङ्गीले आकाश छोइसक्यो। हाम्रो जस्तो देशमा करोडौं करोड रूपैंया खर्च गरेर हुन लागेको यो चुनावको मारमा फेरी पनि नेपाली जनता नै परेका छन् भन्दै लम्सालले यो चुनावको विरोध गर्दै देशव्यापी रूपमा बढिरहेको महँगीविरुद्ध सबै न्यायप्रेमी जनसमुदाय उठ्नुपर्ने बेला आएको कुरा व्यक्त गरेका छन्।

## ५.५ निष्कर्ष

यस अध्यायमा शक्ति लम्सालले साहित्यका क्षेत्रमा पुऱ्याएको योगदानका बारेमा चर्चा गरिएको छ । मार्क्सवादी समालोचकका रूपमा स्थापित भएका लम्सालले एउटै मात्र समालोचनात्मक कृति मार्क्सवाद, समाज र साहित्य लेखेर पनि नेपाली साहित्यका क्षेत्रमा ठूलो योगदान पुऱ्याएका छन् । पुस्तकमा मात्र नभई लम्सालले समालोचनात्मक लेख अन्य पत्रपत्रिकामा पनि लेखेका छन्। त्यस्तै गरी लम्सालले चिन्तनका क्षेत्रमा पनि कलम चलाएका छन्। लम्सालमा साहित्ययात्राको सुरुआतदेखि नै वैचारिक लेख, अन्तर्वार्ता, विचारगोष्ठी आदि क्षेत्रमा द्वन्द्वात्मक भौतिकवादमा आधारित मार्क्सवादी चिन्तन छरिएर रहेको पाइन्छ। उनका विचारहरू राजनीति कला, संस्कृति, धर्म, दर्शन, महिला आदि विविध विषयवस्तुमा आधारित छन्। चिन्तनका क्षेत्रमा लम्सालको महत्वपूर्ण योगदान रहेको पाइन्छ। त्यस्तै गरी लम्सालले विभिन्न पुस्तकमा भूमिका लेखेर नेपाली साहित्यमा योगदान पुऱ्याएका छन्। लम्सालले दैनिक निर्णय, योजना साप्ताहिक, मुखपत्र मसाल, डेली डायरी, जनादेश साप्ताहिकलगायत पत्रिकाहरूका सम्पादन गरी ठूलो योगदान पुऱ्याएका छन्।

# अध्याय- छ

# उपसंहार

## ६.१ सारांश

शक्ति लम्सालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विषयक प्रस्तुत शोधपत्रको सारांशलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

अध्याय एकको **शोध परिचय** मूल शीर्षकमा शोधशीर्षक, शोधकार्यको प्रयोजन, विषय परिचय, शोध समस्या, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको सङ्गठन गरी जम्मा दसवटा उपशीर्षकहरू अन्तर्गत रहेर विश्लेषण गरिएको छ ।

अध्याय दुईको **शक्ति लम्सालको जीवनी** मूल शीर्षकमा जन्म र जन्मस्थान, पारिवारिक पृष्ठभूमि, बाल्यकाल र व्रतबन्ध, शिक्षादीक्षा, औपचारिक शिक्षा, अनौपचारिक शिक्षा र स्वाध्ययन, विवाह र दाम्पत्य जीवन, सन्तान तथा पारिवारिक स्थिति, पारिवारिक आर्थिक अवस्था, कर्मक्षेत्र र आजीवीका, रुचि तथा स्वभाव, साहित्यिक गतिविधि, लेखनका लागि प्रेरणा र प्रभाव, लेखनको प्रारम्भ र प्रकाशनकोथालनी, कृति र रचनाहरू, राजनीतिक तथा सामाजिक सङ्घ सस्थामा संलग्नता, मातृपितृ वियोग, भ्रमण, सम्मान तथा पुरस्कारहरू, साहित्यिक मान्यता र जीवन दर्शन शीर्षक–उपशीर्षक रहेका छन् । यस अध्यायमा विभिन्न शीर्षक उपशीर्षकहरूमा केन्द्रित रहेर शक्ति लम्सालको जन्म कहाँ र कहिले भयो, उनको पारिवारिक पृष्ठभूमि के कस्तो थियो भन्ने बारेमा चर्चा गरिएको छ । त्यस्तै गरी लम्सालको बाल्यकाल के कसरी बित्यो र उनले शिक्षा कहाँ र कतिसम्म हासिल गरे भन्ने बारेमा प्रस्तुत गरिएको छ । यस अध्यायमा लम्सालको पारिवारि आर्थिक अवस्थाको बारेमा साथै उनले के कस्तो कर्म गरे अनी उनको दाम्पत्य जीवन र पारिवारिक अवस्था के कस्तो रह्यो भन्ने विषयमा चर्चा गरिएको छ । लम्सालले लेखनका लागि प्रेरणा र प्रभाव को र कहाँबाट प्राप्त गरे, उनका कृति र रचनाहरू कहिले प्रकाशन भए साथै लम्साल संलग्न रहेको राजनीतिक तथा सामाजिक सङ्घ सस्थार उनले प्राप्त गरेका सम्मान तथा पुरस्कारहरूको बारेमा विस्तृत रूपमा चर्चा गरिएको छ ।

अध्याय तीनमा **शक्ति लम्सालको व्यक्तित्व** अन्तर्गत व्यक्तित्वका विभिन्न पाटाहरू, निजी व्यक्तित्व, बाह्य व्यक्तित्व (शारीरिक आकारप्रकारका सम्बन्धमा), आन्तरिक व्यक्तित्व (शील, स्वभाव र आचरणका सम्बन्धमा), सार्वजनिक व्यक्तित्व, सहित्यिक व्यक्तित्व स्रष्टा व्यक्तित्व (कवि व्यक्तित्व), द्रष्टा व्यक्तित्व (समालोचक व्यक्तित्व), सम्पादक एवम् पत्रकार व्यक्तित्व, भूमिका लेखक व्यक्तित्व,राजनीतिक एवम् साङ्गठनिक व्यक्तित्व, शक्ति लम्सालको यातना र जेलजीवन,बहुभाषिक व्यक्तित्व, अभिभावक व्यक्तित्व गरी विभिन्न शीर्षक उपशीर्षकहरू रहेका छन् । यस अध्यायमा लम्सालको शारीरिक बनोटका साथै उनको शील, स्वभाव र आचरणका सम्बन्धमा चर्चा गर्नुका साथसाथै उनी समाजका विभिन्न क्षेत्रमा रही आएको कुराको उल्लेख गरिएको छ । लम्सालको व्यक्तित्व कविता, समालोचना, पत्रकारिता, भूमिका लेखन, राजनीति, आदि सबैतिर फैलिएको कुरालाई विश्लेषण गरिएको छ ।

अध्याय चारमा **शक्ति लम्सालको साहित्यिक कृतित्वको अध्ययन** अन्तर्गत शक्ति लम्सालको साहित्य यात्रा, प्रकाशित कृति र रचनाहरूको सूची, समालोचनात्मक कृतिको अध्ययन र विश्लेषण, ‘‘मार्क्सवाद, समाज र साहित्य” कृतिको अध्ययन, “भियतनाम युद्धको ऐतिहासिक पृष्ठभूमि” कृतिको अध्ययन, विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर लेखरचनाहरूको अध्ययन, भूमिकाहरूको अध्ययन, जीवनी, व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्तर्सम्बन्ध, गरी विभिन्न शीर्षक उपशीर्षकहरू रहेका छन् । यस अध्यायमा लम्सालले लेखेका उपलब्ध जे जित लेख रचनाहरू छन् ती सबैको विश्लेषण गरिएको छ । यस अध्यायमा लम्सालका प्रकाशित कृति र रचनाहरूको सूची तयार पार्नुका साथै उनको समालोचनात्मक कृति ‘‘मार्क्सवाद, समाज र साहित्य” को अध्ययन र विश्लेषण गरिएको छ । उनको एउटा मात्र कृति उपलब्ध भएको हुँदा त्यसको मात्र विश्लेषण गरी अन्य विभिन्न पत्रपत्रिकामा छरिएर रहेका फुटकर लेखहरुको विश्लेषण गरिनुका साथै उनले विभिन्न पुस्तकमा लेखेका भूमिकाहरूको अध्ययन गरी चर्चा गरिएको छ ।

अध्याय पाँचको **शक्ति लम्सालको साहित्यिक योगदान** शीर्षकअन्तर्गत समालोचनाका क्षेत्रमा शक्ति लम्सालको योगदान, भूमिका लेखनका क्षेत्रमा शक्ति लम्सालको योगदान, सम्पादनका क्षेत्रमा शक्ति लम्सालको योगदान, चिन्तनका क्षेत्रमा शक्ति लम्सालको योगदान रहेका छन् । यस अध्यायमा शक्ति लम्सालले साहित्यका क्षेत्रमा समालोचना, भूमिका लेखन, सम्पादन, चिन्तन आदिका क्षेत्रमा पुर्‍याएको योगदानको विश्लेषण गरिएको छ । अध्याय छको शोधनिष्कर्ष शीर्षक अन्तर्गत निष्कर्ष र सम्भावित शोधशीर्षक रहेका छन् ।

अध्याय छमा **उपसंहार** मूल शीर्षकमा सारांश र निष्कर्ष रहेका छन् । यस अध्यायको विषय सूचीमा आधारित रही सारांसमा छवटा अध्यायहरुको सारांसलाई राखिएको छ भने निष्कर्षमा यो शोधपत्र पूरैको निष्कर्ष समेटिएको छ ।

### ६.२ निष्कर्ष

वि.सं. १९९३ मा बुबा स्व. कृष्णप्रसाद लम्साल र आमा स्व. राधादेवी लम्सालको कोखबाट जन्मिएका शक्ति लम्सालका एउटा दाजु, एउटी दिदी र एउटी बहिनी छन् । सानै उमेरदेखि दुःखसुख दुवै कुरालाई आत्मसाथ गरेका लम्सालले औपचारिक रूपमा दस कक्षासम्म मात्र अध्ययन गरेका छन् । विविध विषयको अध्ययन गरेका लम्साल राजनीतिक-सामाजिक साहित्यिक क्षेत्र तथा पत्रकारिता आदि थुप्रै गतिविधिहरूमा सक्रिय रहेका छन् । अन्य क्षेत्रभन्दा पत्रकारिता क्षेत्रलाई आफ्नो पेसा बनाएका लम्सालको व्यक्तित्व राजनीतिक नेता हुँदै साहित्यको फाँटमा फैलिएको पाइन्छ । विद्यार्थी जीवनदेखि नै मार्क्सवादी विचारधाराबाट प्रेरित लम्सालले लेख, समीक्षा, टिप्पणीजस्ता विषयमा पनि कलम चलाएका छन् । जनादेश, योजना आदि पत्रिकाको सम्पादनसमेत गरेका लम्सालले स्कुले जीवनबाट नै साहित्ययात्रा सुरु गरेको पाइन्छ । विशेषगरी समालोचकका रूपमा स्थापित भएका लम्सालको साहित्ययात्रा विसं. २०१४/०१५ तिरबाट सुरु भएको पाइन्छ । उनी साहित्यिक क्षेत्रका साथै कम्युनिस्ट राजनीतिमा समेत क्रियाशील छन् । वि.सं. २००९ सालको असोजमा साहित्यकार रमेश विकलले नेपाल कम्युनिस्ट पार्टीको सदस्यताको फाराम भरेको र कम्युनिस्ट पार्टीको संस्थापक महासचिव पुष्पलालले सदस्यता दिनुअघि हातको बूढीऔंला काटेर रगत निकाली ल्याप्चे लगाउँदै शपथ ख्वाएको क्षण शक्ति लम्सालका लागि साह्रै खुसीको क्षण हो । लम्सालले सामन्ती प्रवृत्तिका आफ्नै बाबुसित विद्रोह गरेर मार्क्सवादी आन्दोलनमा लामबद्ध बनी जीवनभर क्रान्तिकारी आन्दोलनमा लामबद्ध भइरहे । वि.सं. २०१८ देखि २०५६ सालसम्म तौलिहवा जेलदेखि काठमाडौंको जेलसम्म पटकपटक (१०/१२ पटक) जेलमा राजनीतिक आस्थाका बन्दी जीवन बिताएका लम्साल प्रलेसको उपाध्यक्ष, पारिजात स्मृति केन्द्रका संस्थापक सदस्य, अखिल नेपाल जनसांस्कृतिक सङ्घका केन्द्रीय संयोजकसमेत भएर सांस्कृतिक एवम् साहित्यिक फाँटमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । वि. सं. १९९३ मा जन्मिएर २०३० सालमा ३७ वर्षको उमेरमा दाङ जिल्लाकी कन्या कृष्णा गौतमसँग विवाहित भएका लम्सालको दाम्पत्य जीवन सुखद रहेको कुरा उनकै श्रीमतीको अभिव्यक्तिबाट प्रस्ट हुन्छ । उनका छोरा सन्तोष र छोरी प्रज्ञा गरी दुई सन्तान छन् ।

शक्ति लम्सालको व्यक्तित्वको निचोडको रुपमा राजनीतिक एवम् साङ्गठनिक व्यक्तित्व, दार्शनिक एवम् चिन्तनशील व्यक्तित्व, सम्पादन व्यक्तित्व, पत्रकार व्यक्तित्व सिर्जनशील साहित्यिक व्यक्तित्व आदि व्यक्तित्व प्रमुख रहेका छन् । यिनमा पनि समालोचक, राजनैतिक र वैचारिक व्यक्तित्व नै प्रखर रुपमा देखा परेका छन् ।

शक्ति लम्सालका कृतिहरूका सन्दर्भमा पनि केही बुँदाहरू अगाडि सार्न सकिन्छ। भियतनाम युद्धको ऐतिहासिक पृष्ठभूमि (२०२९) पुस्तक लेखेर चर्चाको शिखरमा पुगेका शक्ति लम्सालको मार्क्सवाद, समाज र साहित्य (२०६१) सांस्कृतिक, वैचारिक एवम् समालोचना सम्बन्धी चिन्तनहरूको सँगालो हो । उनले दैनिक निर्णय, योजना साप्ताशिक, जनादेश, कलम साहित्यिक त्रैमासिक, मधुमास लगायत विभिन्न पत्रिकाको सम्पादन गरेका छन् ।यसका अतिरिक्त लम्सालका थुप्र फुटकर लेखहरू प्रकाशित छन्। उपर्युल्लिखित सबै प्रकारका कृतिहरूले लम्साललाई प्रगतिवादी फाँटमा शीर्षस्थ साहित्यकार, समालोचक एवम् चिन्तकको रूपमा उभ्याएको छ। साहित्येतर लेखनका क्षेत्रमा पनि लम्सालको स्थान उत्तिकै उच्च रहेको छ ।

निचोडमा भन्नु पर्दा शक्ति लम्साल नेपाली साहित्य समालोचना फाँटमा प्रगतिवादी समालोचकका रूपमा स्थापित भएका छन्। यस क्षेत्रमा उनले आफ्नो समालोचना, वैचारिक लेख र चिन्तनका माध्यमले उल्लेखनीय योगदान समेत पुऱ्याएका छन्। यस सन्दर्भमा उनको सिर्जनात्मक साहित्यले भन्दा समालोचनाले विशेष भूमिका खेलेको छ ।उनी प्रगतिवादी धरातलमा अविचलित रूपमा निरन्तर क्रियाशील छन्। यसरी प्रगतिवादी साहित्यतर्फ अटल अविस्मरणीय योगदान गरेबापत उनलाई सं.२०५९ सालमा रिपोर्टर्स क्लबद्वारा दोसल्ला ओढाई सम्मापत्र, २०६२ सालमा सन्ध्याद्वारा सम्मानित र नगद पुरस्कार प्रदानका साथै २०६३ सालमा प्रगतिशील लेखक सङ्घद्वारा दोसल्ला ओढाई सम्मानित गएिको छ ।यी विविध तथ्यहरूका आधारमा लम्सालको सम्पूर्ण साहित्यिक व्यक्तित्व प्रगतिवादमा आधारित रहेको प्रमाणित हुन्छ। उनको जीवनी र व्यक्तित्वले सार्वजनिक रूपमा अनुकरणीय छविलाई स्थापित गराएको छ भने उनको साहित्य एवम् समालोचना नेपाली समालोचनाका क्षेत्रमा उपलब्धिपूर्ण रहेको छ। शक्ति लम्सालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनसम्बन्धी यस शोधपत्रमा केवल समष्टिगत भएको छ। साहित्यकार व्यक्तित्वका साथसाथै एउटा कुशल पत्रकार, राजनीतिक नेता तथा बहु आयामिक व्यक्तित्वका धनि शक्ति लम्साल नेपाली साहित्यका एक स्रष्टा हुन्।

## ६.२ सम्भावित शोधशीर्षकहरू

प्रस्तुत शोधकार्यको शीर्षक **शक्ति लम्सालको जीवनी, व्यक्तित्व र कृतित्व** हो । अन्य शोधार्थीका निम्ति शक्ति लम्सालमा केन्द्रित रही निम्न शीर्षकहरू निर्धारण गरिएका छन् :

१. मार्क्सवाद, समाज र साहित्य कृतिको कृतिपरक अध्ययन

२. प्रगतिवादी समालोचनाका क्षेत्रमा शक्ति लम्सालको योगदान

३. भूमिका लेखकका रूपमा शक्ति लम्साल ।

## परिशिष्ट- १

शोधनायकको तस्बिर



व्यक्ति : शोधनायक

नाम : शक्ति लम्साल

जन्म : वि.सं. **१९९२** चैत १४ गते ।

जन्मस्थान : चारुमतीटोल, चाबहिल, काठमाडौं ।

स्थायी ठेगाना : कामपा- ४, विशालनगर, चण्डोल (वंशीधरमार्ग)

फोन नम्बर : ०१-४४३१३८२

# परिशिष्ट- २

## बहिनीलाई चिट्ठी

– श्री शक्तिप्रसाद लंसाल –

तौलिहवा, २०।६।०१९

बहिनी बिद्या,

मेरो धेरै प्यार,

मैले तिमिलाई सधै मायाको साथ संझिराखेको हुन्छु । प्रायः जब म आफ्नो कुनै काममा लागि राखेको हुन्न, त्यो वेलामा तिमीलाई धेरै नै सम्झेर नाङ्लो झै छाती फुकाई बसेकै हुन्छु । जब ज्यादा संझनाले सताउन थाल्दछ त्यो वेलामा म आफुलाई तिमीबाट ध्यान हटाउनको लागि काममा लागेर भुल्ने प्रयत्न गर्दछु । हुँदा २ तिमीप्रतिको संझना यति जोडदार रुपमा घर जमाउन थाल्दछ कि मैले तिमीलाई सँझनु भन्दा बिर्सनु राम्रो हुन जान्छ, यद्यपि त्यो कुरा आफ्नो इच्छाभित्र सिमित र नियन्त्रित हुन्न ।

म चाहन्छु, तिम्रो र मेरो बीचको स्नेह सम्वन्ध सधै अटुट रहोस् । साधारणतः तिमी बहिनी होउ म तिम्रो सहोदर दाज्यू हुँ । यति नाता पनि हाम्रो आपसको स्नेह सम्वन्धको लागि पर्याप्त छ । तर यो भन्दा राम्रो हुन्छ यदि हाम्रो आपसको स्नेह संबन्ध जीवनका उद्देश्यहरू र तिमीहरूलाई पूरा गर्न गरिने कार्यहरूमाथि आधारित रह्योभने हाम्रो स्नेह सम्वन्ध झन् ठोस र मजवुत अरु चिरवन्त रहन सक्दछ । साधारणतः निष्क्रिय खालि व्यक्तिगत नाता संबन्ध माथि आधारित हाम्रो पारस्परिक स्नेहभन्दा यस प्रकारको जीवित र सक्रिय सम्बन्धमा बढी सुख प्राप्त हुनेछ ।

त्यही कारण हो कि मैले जैले पनि तिमीलाई जीवनमा सधै नै अगाडि धकेलिदिन जोड गर्दछु । त्यसैमा मलाई आनन्द लाग्दछ पनि । प्रायः मानिसहरूले साना व्यक्तिगत वा पारिवारिक सफलताहरूमा न मुख प्राप्त गर्ने प्रयत्न गर्दछन्, तर त्यस प्रकारका सुखहरू पनि जीवनमा एक हदसम्म आवश्यक र उचित हुन्छन् । वास्तवमा जीवनान सामान्य व्यक्तिगत वा पारिवारिक सफलताहरूमा भन्दा कैयन् गुणा आनन्द र सुख सामाजिक रचनात्मक कार्यहरूले आजका सामाजिक र रचनात्मक विषयहरूमा वढी भन्दा वढी भाग लिदै र यसरी आजको समाजलाई आजको भन्दा राम्रो उन्नत बनाउने प्रयास गर्दै आफ्नो सानो व्यक्तिगत वा पारिवारिक जीवनमा मात्र होइन व्यापक जनताको जीवनलाई नै सुखी समृद्धिशाली र उन्नत बनाउने प्रयास गर्दै

तिनबाट नै सुख र आनन्द प्राप्त गर्ने अभ्यास गर्दै जानुपर्दछ । अतः त्यस किसिमले प्राप्त हुने सुख यद्यपि त्यसवाट व्यक्तिगत जीवनमा कैयन दुःखहरू मिलीरहेको भए पनि व्यक्तिगत या पारिवारिक जीवनमा हाम्रो अवस्थालाई उन्नत बनाउन नसकिरहेको भए तापनि साधारण व्यक्तिगत सफलताहरूमा मिल्ने मुखभन्दा कैयन् गुणा मीठो र आनन्दमय हुन्छ । म चाहन्छु यस प्रकारको सुख तिमी पनि अनुभव गर, त्यसका लागि तिमी अभ्यस्त बन्दै जाऊ ।

यही दृष्टिकोणले नै मैले जैले पनि तिमीलाई अगाडि धकेल्ने प्रयास गर्दै आएको छु, गर्दै जाने पनि छु र शायद एक दिन त्यो दिन पनि आउने छ जव तिमीलाई त्यसरी धकेल्नुपर्ने जरुरत नै पर्ने छैन, जति छिटो त्यो दिन आउनेछ त्यत्ति नै मलाई खुशी लाग्नेछ । मेरा यी इच्छाहरूलाई तिमीले कतिसम्म साथ दिन सक्नेछौं, या दिनेछौ त्यो त भविष्यले नै फैसला गर्नेछ ।

कुनै पनि मानिसको लागि, जसले समाजको सेवा गर्न चाहन्छ, उसमा सबैभन्दा पहिले त जनतालाई व्यापक रुपमा प्रेम गर्ने, उनका कामहरूलाई आफ्नै रचने प्रवृत्तिको विकास हुनुपर्दछ । त्यसका साथै उसमा संगठनात्मक कार्यहरूमा आनन्द लिने र पूरा गर्ने क्षमताको पनि आवश्यकता पर्दछ । त्यस कारण मैले सधै ती व्यक्तिहरूलाई श्रद्धा र प्रेमको दृष्टिकोणले हेर्दछु जसले समाजका रचनात्मक कार्यहरूमा भाग लिइरहेका हुन्छन् । जहाँसम्म मेरा व्यक्तिगत साथीहरूको प्रश्न छ त्यस प्रकारका काम गर्नेहरूमा मलाई सबै भन्दा आनन्द लाग्दछ । जव म त्यस प्रकारका कार्यहरूमा डुब्दछु, मेरो बाँकी संसारलाई भुल्न थाल्दछु । जव म विशेष अवस्थाहरूमा विशेष कार्यहरूको संघर्षहरूमा कुँद्दछु, त्यो परिस्थितिवश वाध्य भएर नै हुन्छ । त्यस प्रकारको विरोध वा संघर्षको स्थिति छिटो खतम भए हुन्थ्यो । मेरो मनमा यही मुख्य विचार हुन्छ । त्यही कारणले नै मैले प्रारम्भदेखि नै मुख्य सामाजिक र रचनात्मक कार्यहरूमा जोड दिदैं आएको छु ।

मेरो स्वयं आफ्नो अनुभव छ, सामाजिक विषयहरू लिएर त्यसरी घुम्दा सधै नै धेरै अवस्थामा आनन्द मिल्दैन । मानिसहरूको चेतना र रचनात्मक विषयहरूमा जागृतिको कमीले यस प्रकारबाट काम गर्ने सामाजिक कार्यकर्ताहरूप्रति मानिसहरूमा सामान्यतया अरुचिको भावना पाइन्छ । यस्ता विषयहरूमा उत्साहपूर्ण सफलताहरू मिल्ने स्थिति हाम्रो देशमा अझै आइसकेको छैन । धेरै स्थानहरूमा निराशा, अपमान, असफलताको सामना गर्नुपर्दछ । यो स्थितिमा मैले अन्दाजा गर्दछु, तिमीले गाउँ गाउँमा पुग्दा धेरै नै कष्ट र दुःखहरू शारीरिक र

मानसिक रुपमा सामना गर्नुपर्दछ होला । व्यक्तिगत रुपमा म तिमीले पाउने त्यस प्रकारका दु:खहरूको खयाल गरेर मनमनै केही दु:खित हुन्छ ।

तर दु:खलाई सुखमा र सुखलाई काममा बदल्न सकिन्छ । अझ जुन विषयहरूमा तिमीले अनेक प्रकारका दु:खहरूको सामना गर्नुपर्दछ । असफलताहरूको सामना गर्नपर्दछ, त्यसरी काम गर्ने गऱ्यौ भने केही दिनपछि ती सबैले सफलतालाई जमाउनेछन् । दु:ख र कष्टहरूको सामना गर्दागर्दै तिमीमा तिनलाई सामना गर्ने प्रचूर क्षमता र सहनशीलताको विकास हुँदै जाने छ । तिमी मानसिक रुपमा इस्पात बन्दै जानेछौ र साथै भविष्यमा गएर तिमीले कैयौं गुना बढी दु:खहरूलाई हाँसी-हाँसी सामना गर्न सक्नेछौ । तिम्रो काम गर्ने क्षमता अपूर्ण किसिमले विकास हुनेछ । जनतामा तिमीप्रति प्रेम र विशवासको भावना बढ्दै जानेछ, जसले गर्दा तिमी भविष्यमा अझ राम्ररी सफलताको शिखर चुम्न सक्नेछौ । त्यस्तो हुनाले आज सामना गर्नुपर्ने कामहरूलाई तिमीले वरदान ठाने । आजलाई यत्ति नै शेष कुरा तिम्रो चिट्ठीको उत्तर पाएपछि लेख्नेछु ।[१२८]

तिमीलाई सधैं माया गर्ने दाज्यू
शक्ति ।

१२८ शक्तिप्रसाद लंसाल, **आमा** (मासिक, बनारस) अगस्त १९६४ (भाद्र २०२१) वर्ष ३ अङ्क ९ पृ.७-८ ।

# सन्दर्भसामग्री सूची


उपाध्याय, केशवप्रसाद, "मोतीरामको व्यक्तित्व र योगदान", **मोतीस्मृतिग्रन्थ**, रमा शर्मा (सम्पा.), काठमाडौं : नेपाली शिक्षा परिषद्, (२०३९), पृ. १३ ।

ओभा, दशरथ, **समीक्षाशास्त्र,** (दिल्ली : राजपाल एण्ड सन्, इ. १९७५), पृ. १३ ।

चापागाईं, निनु, "मार्क्सवादी समालोचना विधि र मानदण्ड", **मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य**, अखिल नेपाल लेखक सङ्घ, केन्द्रीय समिति, काठमाडौं, (२०६७, साउन), पृ. ५९ ।

पाण्डे, सिर्जना, **"प्रेम कैदीको जीवनी, व्यक्तित्व र कृतित्व",** अप्रकाशित स्नातकोत्तर, शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, २०६७ ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.), **बृहत् नेपाली शब्दकोष**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, (२०५८) ।

लम्साल, रमेश, "जनताको मुक्तिको पक्षमा अविश्राम कलम चलाउने व्यक्ति : शक्ति लम्साल", **महिमा साप्ताहिक**, ( २०६४, फागुन), पृ. ५ ।

लम्साल, शक्ति, **मार्क्सवाद, समाज र साहित्य**, (प.सं.) जनदिशा प्रकाशन, (२०६१) ।

..................... , ..........., (दो.सं.) ऐरावती प्रकाशन, (२०६३) ।

........................,"म- समयले नै भन्नेछ", **वेदना** (साहित्यिक त्रैमासिक), पूर्णाङ्क ७१/वर्ष ३२/अङ्क १, (२०६२, असोज), पृ. १४ ।

.......................,"बहिनीलाई चिट्ठी", **आमा** (मासिक वनारस), वर्ष ३, अङ्क ९, (२०२१, भदौ), पृ.७ र ८ ।

....................,"मेरो चिन्तनमा आजको रुस", **नौलो राँको**, (सामाजिक साहित्यिक सङ्कलन), राँको तेस्रो, (२०२७, कात्तिक), पृ.२१–२३ ।

...................., "भुट्टोको सम्झनामा", **नयाँ सिर्जना**, वर्ष २, अङ्क ३, (२०३५/०३६, चैत/बैशाख), पृ.४६–५० ।

...................., "सार्थकता-वादी-प्रतिवादी", **त्रिवेणी** (द्वैमासिक), वर्ष १, अङ्क १, (२०३५, कात्तिक/मार्ग), पृ. १ र २ ।

...................,"कम्पुचियाली जनताको भियतनाम विरोधी सङ्घर्ष सफल छ", **लहर** ( त्रैमासिक), वर्ष २, अङ्क २, (२०३६, बैशाख–असार), पृ.२६–३० ।

.................., "बुइँगलको कसिङ्गरबाट", **गुराँस** (त्रैमासिक), वर्ष २, अङ्क २, (२०२३, कात्तिक पुस), पृ.३७–४५ ।

.................., "वामपन्थी एकताको समस्या सम्बन्धमा", **जनमत पाक्षिक**, वर्ष १, अङ्क २, ( २०३९, फागुन), पृ.५–९ ।

.................., "द्वन्द्ववादको प्रतीक र बिम्ब कृष्ण सेन 'इच्छुक'", **आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक'**, (सम्पा. अशोक सुवेदी), (२०६४, साउन), पृ. ३८– ४१ ।

..................,"राष्ट्रियता र जनतन्त्रको लडाइँ साथसाथै", **सिर्जना अभियान**, (२०६६), पृ.२८२ र २८३ ।

श्रेष्ठ, बालकृष्ण, "निनु चापागाईंको जीवनी, व्यक्तित्व र कृतित्व", अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, २०६३ ।

सुवेदी, अशोक, "अथक् साधक शक्ति लम्साल: वर्गसङ्घर्ष र मुक्तिबाहेक जसको कुनै सपना छैन", **दृश्यावलोकन**, वर्ष १०, (२०६६,फागुन), पृ.३१-३७ ।

................, "'शक्ति दाइ' भनेर बोलाउन पनि कोही आउँदैन हिजोआज", **जनप्रवाह साप्ताहिक**, (२०६६, असार),पृ. ४ ।

................, "सङ्घर्ष जसको जीवनको पर्याय हो", **पिपुल्स रिभोलुसन**, (२०६६, मङ्सिर), पृ.६ ।

................,"शान्त समुद्रभित्र लुकेको ज्वारभाटा: शक्ति लम्साल", **अन्नपूर्ण पोष्ट**, (२०६६, मङ्सिर), पृ.४ र ५।